# सम्पूर्ण चेलापनको प्रचार

## ४८ – पाठ्यक्रम

एन्ड्रू वॉमक अनि डोन क्रो

कपिराइट २०१२ एन्ड्रू वॉमक
प्रतिलिपिहरूलाई उद्धृत गरी चेलापनको उद्देश्यमा प्रयोग गर्ने अनुमति दिइन्छ।
एउटा शर्त छ – त्यो निःशुल्क वितरण गर्न पर्छ।

Andrew Wommack Ministries
P.O. Box 3333
Colorado Springs, CO 80934-3333
www.awmi.net

Unless otherwise noted, all biblical quotations were taken from the BSI Version, Nepali-R.V.

The Complete Discipleship Evangelism 48-Lesson Course © 2016
Andrew Wommack Ministries India
info@awmindia.net www.awmindia.net

ISBN : 978-1-910984-15-4
Item Code: NE-417

# विषयवस्तुको तालिका

## खण्ड १


१. अनन्त जीवन ६
२. अनुग्रहबाट उद्धार १०
३. अनुग्रहबाट धार्मिकता १६
४. परमेश्वरसँग सम्बन्ध १९
५. परमेश्वरको स्वभाव २४
६. पश्चताप २८
७. समर्पण ३४
८. पानीको बप्तिस्मा ३८
९. ख्रीष्टमा पहिचान - भाग १ ४२
१०. ख्रीष्टमा पहिचान - भाग २ ४७
११. जब एक ईसाईले पापहरू गर्दछन् उसको अवस्था कस्तो हुन्छ ? ५०
१२. परमेश्वरको वचनको इमान्दारिता ५४
१३. परमेश्वर दोषी हुनुहुन्न ५८
१४. आत्माले पूर्ण शक्तिशाली-जीवन ६२
१५. पवित्र आत्मालाई कसरी ग्रहण गर्नु ? ६७
१६. अन्य भाषाहरूमा बोल्दा पाइने फायदाहरू ७१


## खण्ड २


१. स्वकेन्द्रित : सबै वेदनाको श्रोत ७६
२. कसरी परमेश्वरको वचनलाई मनन गर्नु ८०
३. मनलाई नयाँ बनाउनु ८३
४. ख्रीष्टको मण्डलीको महत्व ८७
५. छुट्कारा ९४
६. विश्वासीहरूको अधिकार ९८
७. प्रायश्चितमा चंगाइ १०३
८. चंगाइमा वाधाहरू १०७
९. अरूलाई क्षमा दिनु ११२
१०. विवाह — भाग १ ११८
११. विवाह — भाग २ १२२
१२. परमेश्वरको दयालु प्रेम — भाग १ १२८
१३. परमेश्वरको दयालु प्रेम — भाग २ १३३
१४. अर्थ-व्यवस्था — भाग १ १३८
१५. अर्थ-व्यवस्था — भाग २ १४२
१६. जब तपाईंका प्रार्थनाहरू उत्तरहीन भए, तपाईं के गर्नुहुन्छ? १४५


## खण्ड ३


१. स्वर्गीय प्रवाह १५१
२. सेवकाइमा वरदानहरूको प्रयोग १५५
३. आश्चर्यकर्महरूबाट परमेश्वरको महिमा १६१
४. ईश्वरीय सम्बन्धहरूमा शक्ति १६७
५. सतावट १७०
६. राजा अनि उहाँको राज्य १७५
७. बचाउने विश्वासको उद्देश्य १८३
८. परमेश्वरको व्यवस्थाहरूलाई ठीक प्रयोग गर्नु १८७
९. व्यवस्थाको अधीनमा होइन तर अनुग्रहको अधीनमा १९३
१०. अब पापमा सचेत नहुनु १९८
११. म प्रेमिलो छु, म सुन्दर छु २०६
१२. मुक्तिका फलहरू — भाग १ २१०
१३. मुक्तिका फलहरू — भाग २ २१६
१४. चेलापनको बोलाहट २२१
१५. तपाईंको साक्षीलाई कसरी प्रयोग गर्ने? २२७
१६. प्रत्येकका वरदानहरू चेला हुनलाई प्रयोग २३४

# सम्पूर्ण चेलापनको प्रचार

# स्तर १

# स्तर – १

# पाठ – १

# अनन्त जीवन

## एन्ड्रू वॉमक

बाइबलको सबैभन्दा लोकप्रिय पदहरूमा यूहन्ना ३:१६ हो । यो पद बाल्यकालदेखि नै सबैलाई ज्ञात भएको देखिन्छ । तर मलाई विश्वास छ यसलाई वास्तवमा गलत अर्थ र गलत व्यवहार गरिएको छ । यूहन्ना ३:१६ मा छ “ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।”

येशू संसारमा आई हाम्रा पापहरूका लागि मर्नुभयो, यसैले हामी नाश हुनेछैनौ । यो हाम्रो परपंरावादी शिक्षा छ । तर यो पदको भनाइ सत्य हो कि येशू संसारमा आई हाम्रालागि मर्नुभयो, यसको साँचो उद्देश्य हामीले अनन्त जीवन पाउन सकौं । हाम्रा पापहरू, पर्खालि भएर अनन्त जीवन र हाम्रो बीचमा उभिएको थियो ।

यो सत्य हो कि येशू हाम्रा पापहरूकालागि मर्नुभयो अनि हामीले विश्वास गऱ्यौं भने हामी नाश हुनेछैनौ । यो भन्दा पनि सुसमाचारमा अझ धेरै छन् । सुसमाचारको साँचो सन्देश यो छ – परमेश्वरले तपाईंलाई अनन्त जीवन दिनुहुन्छ । अब म तपाईलाई बताउनेछु–

त्यस रात उहाँ क्रूसीकरण हुन भन्दा उहाँले प्रार्थना गर्नुभयो र भन्नुभयो “ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाई, एकमात्र सत्य परमेश्वरलाई चिनून, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून ।” यूहन्ना ३:१७ ।

यसैले यो जाहेर हुन्छ कि पिताले मात्र अनन्त जीवन जान्नुहन्छ । जो एउटै सत्य परमेश्वर हुनुहुन्छ, अनि येशू ख्रीष्टले मात्र जान्नुहुन्छ । जसलाई उहाँले पठाउनुभयो यही अनन्त जीवन विषय हो । धेरै मानिसहरूले विर्चाछन् कि अनन्त जीवनको अर्थ सदाकालसम्म जीवित रहनु हो । प्रत्येक व्यक्ति सदाकाल जीवित रहनु असल हो । अनन्त जीवन भन्नाले सदाकाल बाँचिरहनु भन्ने संझाइ चाँहि भूलधारणा हो । जब मानिस मर्छन्, उसको अस्तित्व पनि नाश हुन्छन् भन्ने संझाइ पनि भूलधारणा हो । परमेश्वर कहाँ आत्मा र प्राण फर्केर जानेछ । शरीर चिहानमा कुहेर जानेछ । यो सत्य हो कि प्रत्येक मानिस जो यस पृथ्वीमा जीवित छन् उनी पुनः आत्मिकी रूपमा जीवित रहनेछन् । यो भनिन्छ कि अनन्त जीवन भन्नाले अनन्तसम्म जीवित रहनु हो । सबैजना अनन्त कालसम्म जीवित रहनेछन् भन्ने सबै सत्य छैन । यो पदले स्पष्ट बताउँछ कि परमेश्वरसँगको अनन्त जीवन आफै सबैले प्राप्त गर्न सक्दैनन् ।

कतिपय मानिसहरूले भन्ने गर्छन् कि स्वर्गमा नभए त्यसको विपरीत नर्कमा अनन्त जीवन सदैव बाँचिरहनु हो । तर येशूले यूहन्ना १७:३ मा अनन्त जीवन बारेमा बताउनु भएको छ – परमेश्वर पिता एवं येशू ख्रीष्टलाई चिन्नु हो । यो विषय बौद्धिक ज्ञानभन्दा महान् हो । बाइबलभरि नै प्रयोग भएका चिनून शब्दले हाम्रा व्यक्तिगत परमेश्वरसंगको सम्बन्ध, नजीकपनको बारेमा वर्णन गरिएको छ ।

मुक्तिको साँचो उद्देश्य केवल स्वर्गमा अनन्तसम्म जीउनु होइन । तर मुक्तिको साँचो उद्देश्य परमेश्वरसँग नजीकपनको व्यक्तिगत सम्बन्ध हो । असंख्य मानिसहरूले परमेश्वरसँग आफ्ना पापहरूका क्षमादानको लागि प्रार्थना गरिरहेका छन् । तर परमेश्वरसँग नजीकको सम्बन्धलाई आफ्नो लक्ष्य बनाएका छैनन् ।

हामीले मुक्तिको साँचो उद्देश्यलाई बताएका छैनौ भने सुसमचारलाई हानी पुर्‍याइरहेका हुन्छौं । जब हामीले मुक्ति केवल भविष्य अनन्तकालका फाइदाका लागि हो भनी कसैलाई बताउँछौ भने हामीले अरू मानिसलाई सहयोग पुऱ्याएका हुँदैनौ । आज कतिपय मानिसहरू यहाँकै वर्णन गरिएका पृथ्वीका नर्कुण्डमा नै बाँचिरहेका छन् । आज धेरै जना उदासी गरीबी जीवन स्तर, संघर्षशील, त्यागिएका, घायल, वैवाहिक जीवन असफल भएकाहरू बाँचिरहेका छन् । उनीहरू बाँच्नलाई प्रतिदिन कोशिश गरिरहेका छन् । तिनीहरू बाँच्नलाई समस्यादेखि माथि आउनलाई आफ्नो शिर उभ्याउनलाई चेष्टा गरिरहेका छन् । मुक्ति केवल भविष्यकोलागि मात्र हो भने धेरै मानिसहरूले यस निर्णयबाट हटनेछन् । किनभने उनीहरूले आज जिउनकालागि व्यस्ततामा कोशिश गरिरहेछन् ।

यो सत्य हो – येशू केवल हाम्रो अनन्त लक्ष्यलाई प्रभावित पार्नलाई मात्र आउनु भएन ताकि नर्ककुण्डको दण्ड र सरापको साटोमा स्वर्गमा आशीषमय अनन्तसम्म बाँचुन । तर येशू हामीलाई आजका दुष्ट संसारबाट छुटकारा दिनलाई आउनुभयो ( गलाती १:४) । येशू तपाईलाई आज परमेश्वर पितासंग घनिष्ठता, व्यक्तिगत सम्बन्ध दिनलाई आउनुभयो ।

येशूले तपाईलाई फर्काएर उहांसंग व्यक्तिगत सम्बन्धमा ल्याउनु आउनुभयो । येशूले तपाईंलाई व्यक्तिगत रूपमा चिन्नु चाहनुहुन्छ । येशूले तपाईलाई गुणले भरेको जीवन दिनुचाहनुहुन्छ । जुन चाहिँ अर्को कुनै स्रोतबाट तपाईंले पाउनुसक्नुहुन्न ।

येशूले यसरी यूहन्ना १०:१० मा पेश गर्नुभएको छ “ चोर (शैतान) त चोर्नु, र मार्नु र नाश पार्न मात्र आउँछ । म त तिनीहरूले जीवन पाउन् र त्यो प्रशस्त मात्रामा पाऊन भन्ने हेतुले आए । परमेश्वरले तपाईलाई अनन्त जीवन दिन चाहनुहुन्छ । परमेश्वरले तपाईलाई प्रशस्त मात्राको जीवन दिनु हुन्छ । मलाई विश्वास छ तपाईलाई यसको खाँचो छ, तपाईं यसलाई चाहनुहुन्छ । तपाईका पापहरूलाई क्षमादिनलाई मात्र येशू मर्नु भएन । तर तपाईलाई नजीकमा ल्याउनलाई येशू मर्नु भयो । यदि तपाईले परमेश्वरलाई चिन्नु भएको छैन भने, त्यस उद्देश्यको लागि तपाईले उहाँलाई चिन्नु खाँचो छ । यदि तपाईले नयाँ जन्म ग्रहण गरिसक्नु भएको छ भने पाप क्षमाको सीमादेखि अघि गई परमेश्वरसँग अनन्त जीवनमा प्रवेश गर्न खाँचो छ ।

## अनन्त जीवनका तथ्यहरू

क/ सुसमाचारको उद्देश्य अनन्त जीवन हो । (यूहन्ना ३:१६)

ख/ अनन्त जीवननै परमेश्वरलाई चिन्नु हो । (यूहन्ना १७:३)

ग/ परमेश्वरलाई चिन्नु नै घनिष्ठताको सम्बन्ध हो (१ कोरिन्थी ६:१६–१७)

घ/ अनन्त जीवननै आज फायदा लिनु हो । (१ यूहन्ना ५:१२)

ङ/ परमेश्वरले तपाईसँग व्यक्तिगत संगति चाहनुहुन्छ (प्रकाश ३:२०)

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | यूहन्ना ३:१६ पढ्नोस् । कुन उद्देश्यले परमेश्वरले येशूलाई संसारमा पठाउनुभयो ? | यूहन्ना ३:१६ " किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् " |
| २. | बाइबलमा प्रयोग भएको शब्द 'चिनून' – को अर्थ घनिष्ठता, परमेश्वरसँग व्यक्तिगत संगति हो । ( उत्पत्ति ४:१) यी पद अनुसार अनन्त/अमर जीवन भनेको हो ? | उत्पत्ति ४:१ "आफ्नी स्वास्नीसित आदमको सहवास भयो, र तिनी गर्भवती भएर कयिनलाई जन्माइन्, र भनिन् " परमप्रभुको सहायताले एक पुरूष जन्माए ।<br>यूहन्ना १७:३ " अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं एकमात्र सत्य परमेश्वरलाई चिनून, र तपाईले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् " |
| ३. | १ यूहन्ना ५:११–१२ पढनुहोस् । यस पदानुसार अनन्त/अमर जीवन कहिले शुरू हुन्छ ? | |
| ४. | यूहन्ना १०:१० पढनुहोस् । येशू आउनु भएर हामीलाई कस्तो प्रकारको जीवन दिनुभयो ? | १ यूहन्ना ५:११–१२' गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँको पुत्रमा छ । जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन । |
| ५. | तपाईले आफ्नै शब्दहरू–मा प्रशस्त मात्राको जीवनका गुणहरूका वर्णन गर्नुहोस् । | |
| ६. | परमेश्वरले आफ्नो पुत्र येशूलाई संसारका पापहरूका लागि बलिदान हुनलाई पठाउनुभयो । उहाँमा विश्वास गर्नेहरूलाई अनन्त/ अमर जीवन दिनुहुन्छ । के तपाईले विश्वास गर्नुहुन्छ? | यूहन्ना १०:१० " चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ । म त तिनीहरूले जीवन पाऊन, र त्यो प्रशस्त मात्रामा पाऊन भन्ने हेतुले आएँ ।" |
| ७. | तपाईलाई स्पष्ट भयो कि अमर/अनन्त जीवन केवल सीमित अवधिको लागि मात्र होइन । तर गुणात्मक अनि परिमाणात्मक जीवन पनि हो ? | |

# उत्तर—व्याख्या

१. प्रश्न : यूहन्ना ३:१६ पढनुहोस् । परमेश्वरले कुन उद्देश्यले आफ्नो पुत्र येशूलाई संसारमा पठाउनुभयो ?
उत्तर : संसारलाई बचाउनलाई येशू संसारमा आउनुभयो । उहाँमाथि विश्वास गर्नेहरूलाई उनीहरूका पापको दण्डबाट छुटकारा दिई अनन्त जीवन दिनलाई परमेश्वरले आफ्ना पुत्र येशूलाई संसारमा पठाउनुभयो ।

२. प्रश्न : बाइबलीय पद ' चिनून '—को अर्थ घनिष्ठता; व्यक्तिगत संगति मानिससित हो । (उत्पति ४:१) यूहन्ना १७:३ पढनुहोस् । यस पदको अनन्त/अमर जीवन के हो ?
उत्तर : अनन्त जीवन/अमर जीवन परमेश्वर र ख्रीष्ट येशूलाई चिन्नु हो (शारीरिक होइन तर घनिष्ठता हो । )

३. प्रश्न : १ यूहन्ना ५:११—१२ पढनुहोस् । यो पदानुसार कहिले अनन्त/अमर जीवन शुरू हुन्छ ?
उत्तर : जब हामी हाम्रो जीवनमा (पुत्र) येशू ख्रीष्टलाई ग्रहण गर्छौं ।

४. प्रश्न : यूहन्ना १०:१० पढनोस् । येशू आउनुभएर कुन प्रकारको जीवन दिनुहुन्छ ?
उत्तर : प्रशस्तताको जीवन ।

५. प्रश्न : तपाईले आफ्नै शब्दहरूमा प्रशस्त मात्राका जीवनका गुणहरूको वर्णन गर्नुहोस ?
उत्तर : येशूले भन्नुभएको " चोर त चोर्न र नाश पार्नलाई आउँछ"— को विपरीत प्रशस्त मात्राको जीवन हो ।

६. प्रश्न : परमेश्वरले आफ्नो पुत्र येशूलाई संसारका पापहरूका बलिदान हुनलाई पठाउनुभयो । उहाँमा विश्वास गर्नेहरूलाई अनन्त/अमर जीवन दिनुहुन्छ ?
उत्तर : ज्यू ।

७. प्रश्न : तपाईलाई स्पष्ट भयो कि अमर/अनन्त जीवन केवल सीमित अवधिकोलागि मात्र होइन । तर गुणात्मक अनि परिमाणात्मक जीवन पनि हो?
उत्तर : ज्यू ।

# स्तर – १

# पाठ – २

# अनुग्रहबाट उद्धार

## डोन क्रो

येशूले धेरै पल्ट आत्मिक सत्यताहरू व्याख्या गर्नुहुँदा उखान, दृष्टान्त, कथाहरू प्रयोग गर्नुहुन्थ्यो । लूका १८:९–१४ मा यसरी शुरू गरिएको छ – " आफैमाथि भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसै–कसैलाई उहाँले दृष्टान्त सुनाउनुभयो । " येशू कुनै श्रोताहरूका निशाना बन्नुभएको थियो । जुनहरू आफैलाई धर्मी भनी विश्वास गर्थे । तर अरूहरूलाई अति नै नीच तथा तुच्छ दृष्टिले हेर्थे । उनीहरूलाई यो दृष्टान्त बताउनु भयो । जुनहरू आफैले गरेका कार्यमा विश्वास गर्थे । तिनीहरूलाई हामी 'स्व-धर्मी' भन्छौ । येशूले उनीहरू बारेमा बताउनुभयो । उनीहरूले अरूहरूलाई तुच्छ र नीच दृष्टिले हेर्दछ । "तँ भन्दा म श्रेष्ठ" भनी भन्दछ ।

लूका १८:१० मा येशूले भन्नुभयो, " दुइ जना मानिस प्रार्थना गर्न मन्दिरमा गए – एक जना फरिसी र अर्को चाँहि कर उठाउने । आजको आधुनिक भाषामा भन्नु हो भने तिनीहरू सेवा घरमा प्रार्थना गर्न गएका थिए । एक जना फरिसी थिए । फरिसीहरू अति नै धर्मी मानिसहरू हुन्थे । यो शब्द 'अलग गरिएको हो । जुनहरू धर्मीहरू भनिन्थे, तिनीहरू आफैलाई भन्थे– " मलाई दुषित नबनाऊ मेरो छेउमा नआऊ ।" म अरू व्यक्ति हरू जस्तो होइन । म अरूहरूभन्दा श्रेष्ठ छु ।" अर्को व्यक्तिले येशूले कर उठाउने भनी भन्नुभयो । ती कर उठाउने व्यक्तिहरू अति नै दुष्ट, पापीजन अरूहरूलाई ठग्ने धोखा दिने भनी परिचित थिए । जुनै तरिकाले तिनीहरूले कर उठाउँथे । अधिकांश करहरू आफैमा राखी केही अंशहरूमात्र रोमी सरकारलाई दिन्थे । यसैले उनीहरूलाई सम्मानीय ब्यक्तिहरूले मान्यता दिदैनथे ।

पद ११ मा यसरी कथा शुरू हुन्छ– " फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गर्‍यो " हे परमेश्वर म तपाईलाई धन्यवाद दिन्छु, म अरू मानिसहरू जस्तो धुताहा, अन्यायी, व्यभिचारी अथवा यही कर उठाउने जस्तो छैन ।' तपाईलाई सुचित गराउन चाहन्छु । उसले कसकोलागि प्रार्थना गरिरहेथ्यो ? उसले आफ्नो लागि प्रार्थना गरिरहेथ्यो । तर पनि उसले " परमेश्वर "भनी उचित शब्द प्रयोग गरिरहेथ्यो । परमेश्वरले उसको प्रार्थनालाई ग्रहण गर्नुभएन । किन यस्तो भयो ? उसको प्रार्थनालाई बिचारौ, उसले प्रार्थना यसरी गरेथ्यो " हे परमेश्वर म तपाईलाई धन्यवाद दिन्छु, म अरू मानिसहरू जस्तो होइन ।" त्यस धर्मी फरिसीले बिन्ती गर्‍यो, " म अरू मानिसहरू जस्तो धुताहा, अन्यायी, व्यभिचारी अथवा यही कर उठाउने जस्तो पनि छैन ।" यहाँ हेर्छौ उसले अरूहरूलाई घृणा तुच्छ दृष्टिले हेर्छ । उसले स्वयंलाई अरू भन्दा उत्तम भनी सम्झन्छ ।

पद १२ मा छ । फरिसीले भन्यो " म हप्तामा दुइपल्ट उपवास बस्तछु । मैले पाएको सबै थोकको दशांश म दिन्छु । " उसको भनाइ थियो– "मैले गरेकोमा ध्यान देऊ ।" उपवास बारेमा तपाईलाई थाहा छ? यसको अर्थ 'खानाविहिन' रहनु हो । उसले मण्डलीमा भेटी पनि दिन्छ । उ अरू व्यक्तिहरू समान भन्छन् – मलाई कष्ट नदेऊ । मैले असल जीवन व्यतित गरिरहेछु । म दानहरू दिन्छु । म मण्डलीमा भेटीहरू दिन्छु ।

यसरी पद १३ मा छ “ तर कर उठाउनेचाँहि टाडै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिटयो “ हे परमेश्वर म पापीमाथि दया गर्नुहोस् ।” उनको शारीरिक भाषालाई विचारौ “ टाडै उभियो । उ सेवालयको बाटोमा पनि सोझै गएन । उसले विगत दिनहरूमा गरेका कामहरूप्रति तथा आफ्नो जीवनप्रति लज्जित भएको थियो । उ टाड़ैमा उभिएको थियो । उसले आफ्ना आँखाहरू स्वर्गतिर पनि उठाएको थिएन । उ छाती पिटिरहेको थियो । जब पुरानो-करार बाइबलमा हेर्छौं—मानिसहरूले जब छाती पिटिरहेका हुन्छन्— उतिनै पल्ट उनीहरूले आफ्ना वस्त्रहरू च्यात्दछन् । यसको भनाइ हुन्छ “ परमेश्वर मैले जे गरें म दु:खी छु ।” यो पश्चताप चूर्ण हृदय अनि भग्न-आत्माको संकेत हो । जसलाई परमेश्वरले त्याग्नु हुन्न । त्यस कर उठाउने पापी मानिसले विलाप गऱ्यो, अनि परमेश्वरलाई प्रार्थना गऱ्यो, “ प्रभु ममाथि दया गर्नुहोस् । म पापी छु ।”

पद १४ मा छ “ म तिमीहरूलाई भन्दछु, यो चाहिँ मानिस त्यस अर्कोभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ ।’ फरिसीले स्वंयलाई सिद्ध, परमेश्वर समक्ष धर्मी पापको क्षमादान अनुभव गरी घर फर्के । उसले पापको क्षमादान पाए ? उ परमेश्वरको अघि ग्रहणयोग्य भई, त्यो धार्मिक-फरिसी जस्तो नभई घरमा तिनी किन फर्के ? किनकि फरिसीले स्वंयलाई उच्चमा राखेर भन्थे, “ म अरूभन्दा उत्तम व्यक्ति हुँ । अरूझैं म पापी छैन । तर तिरो उठाउनेले अनुभव गरेका थिए— म परमेश्वरको अघि उभिने योग्यको छैन । मसँग परमेश्वरलाई दिने केही छैन । पापी मानिस थिए । तर बाइबलले घोषणा गरेको छ — येशू संसारमा पापीहरूलाई बचाउनलाई आउनुभयो । धर्मीहरूलाई होइन । हामी सबैले पाप गरेका छौं । परमेश्वरका महिमाबाट टाड़ो भएका छौं । तिरो उठाउने व्यक्ति परमेश्वर समक्ष नम्र भयो, अनि उहाँबाट क्षमा र माफ पायो ।

हामीहरूले अनुग्रहबाट उद्धारका चर्चा गरिरहेका छौ । ‘अनुग्रह’ शब्द अचम्भको शब्द हो । म तपाईलाई सबैले ग्रहण गरेको परिभाषा दिइरहेछु । तर पनि यो शब्दको अर्थ अझ बढ़ी छ । जुन नयाँ नियम बाइबल ग्रीक भाषामा लेखियो, यसलाई ‘करिस’ लेखिएको छ । सबैले स्वीकार गरेको ‘अनुग्रह’ — को परिभाषा यस्तो हो कि जसको कुनै योग्यता नै थिएन, उसलाई परमेश्वरको बिनामूल्य महान-कृपा प्राप्त गर्नु हो । कर उठाउने व्यक्तिले परमेश्वरबाट केही कुराको आशा गरेको थिएन । तर उसले परमेश्वरबाट कृपा प्राप्त गऱ्यो । किनकि उसले आफैलाई दीन बनाएका थियो । यसैगरी ग्रीक भाषामा ‘ करिश्मा’ अर्को शब्द छ । यो शब्द “करिस”-शब्दमा प्रत्यय ‘मा’ प्रयोग भई बनिएको शब्द हो । यसको अर्थ परमेश्वरको अनुग्रहको विशेष प्रकटीकरण हो । यो महसुल उठाउने व्यक्तिले परमेश्वरको दान स्वरूप धार्मिकता, परमेश्वरको अघि ग्रहणयोग्यता प्राप्त गरे ।

रोमी ५:१७ मा छ “ यदि एउटै मानिसको अपराधले गर्दा त्यसमानिसद्वारा मृत्युले राज्य गऱ्यो, भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मीकताका सित्तैको वरदान पाउनेहरूले एउटा मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन् । तपाई र मलाई उहाको समक्ष ग्रहण हुनालाई दान स्वरूप दिनुभयो । यो पदानुसार महसुल उठाउनेले छुटकाराको दान पाए । येशू ख्रीष्टबाट मात्र धार्मिकताको दान आउँछ । यूहन्ना १:१७ मा छ “ किनभने व्यवस्था मोशाद्वारा दिइयो अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए । ती व्यक्तिहरूलाई मात्र अनुग्रह प्रदान गरिन्छ, जो दीन, नम्र छ । जसले अनुभव गरेको छ म परमेश्वरको समक्ष उभिएको छैन । जसले परमेश्वरलाई दयाको लागि पुकार गर्छ । ती व्यक्तिहरूले परमेश्वरबाट दया र क्षमा पाउनेछन् ।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरूमा बाइबलीय पदको प्रयोग |
|---|---|---|
| १. | लूका १८:९ पढ़नोस् । दृष्टान्त भनेको के हो ? | " आफैमा भरोसा राख्नेहरू र आफैलाई धर्मी ठानी अरूहरूलाई तुच्छ ठान्नेहरू कसैकसैलाई उहाँले यो दृष्टान्त सुनाउनुभयो । |
| २. | लूका १८:९ पढ़नुहोस् । यस दृष्टान्तमा प्रभुले कसलाई संकेत गर्नु भएको छ ? | " दुइजना मानिस प्रार्थना गर्न मन्दिरमा गए– एकजना फरिसी र अर्कोचाहिँ कर उठाउने । फरिसीले उभिएर मनमनै यसरी प्रार्थना गरयो, " हे परमेश्वर म तपाईलाई धन्यवाद दिन्छु, म अरू मानिसहरू जस्तो धुताहा, अन्यायी, व्यभिचारी अथवा यही कर उठाउने जस्तो पनि छैन । म हप्तामा दुइपल्ट उपवास बस्तछु । मैले पाएको सबै थोकको दशांश म दिन्छु ।" तर कर उठाउने चाँहि टाड़ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिटयो, " हे परमेश्वर म पापीमाथि दया गर्नुहोस् । |
| ३. | लूका १८:९ पढ़नुहोस् । ( अन्तिम खण्डको पद ) ती व्यक्तिहरू आफैलाई धर्मी ठान्नेहरूका मनोवृति अरूप्रति प्रकट हुन्छन् । लूका १८:९ अनुसार त्यो मनोवृति के हो ?<br>क. तिनीहरूले अरूलाई मन पराउँछन् ।<br>ख. तिनीहरूले अरूलाई तुच्छ संझन्छन् ।<br>ग. तिनीहरूले अरूलाई प्रेम गर्छन् । | |
| ४. | लूका १८: १० पढनुहोस् । दुइजना व्यक्तिहरू प्रार्थना गर्न गए । आजको भाषामा भन्नु परे तिनीहरू प्रार्थना गर्न कहाँ गए ? | लूका १८:९–१४ म तिमीहरूलाई भन्दछु, यो चाहिँ मानिस त्यस अर्कोभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ त्यो उच्च पारिनेछ ।' |
| ५. | लूका १८:१० पढ़नुहोस् । ती व्यक्तिहरू को थिए ? | |
| ६. | लूका १८:११ पढ़नुहोस् । फरिसीको प्रार्थना कस्तो थियो ? | |
| ७. | लूका १८: १२ पढ़नुहोस् । उपवास भनेको के हो ? | |
| ८. | लूका १८:१२ पढ़नुहोस् । दशांश दिनु भनेको के हो? | |
| ९. | लूका १८:१३ पढ़नुहोस् । कर उठाउने व्यक्ति कहाँ उभिएको थियो ? | |
| १०. | लूका १८:१३ पढ़नुहोस् । कर उठाउनेको शिर झुकेको थियो ? अनि उसले माथितिर किन हेरेको थिएन ? | |

| | | |
|---|---|---|
| ११. | लूका १८:१३ पढ़नुहोस् । कर उठाउनेको प्रार्थना कस्तो थियो ? | |
| १२. | लूका १८:१४ पढ़नुहोस् । ती व्यक्तिहरू मध्ये परमेश्वरको समक्ष कुन धर्मी गनिए ? उनी कहिले आफ्नो घर तिर लागे ? | |
| १३. | लूका १८:१३ पढ़नुहोस् । किन कर उठाउने व्यक्ति धर्मी गनिए ? तर फरिसी गनिएन ? | |
| १४. | लूका १८:१४ पढ़नुहोस् । के परमेश्वरले कर उठाउनेलाई क्षमा गर्नुभयो ? | |
| १५. | रोमी १०:१३ पढ़नोस् । यदि तपाई ठीक हुनुहुन्छ भने परमेश्वर अघि घुड़ा टेकी हृदयले परमेश्वरलाई पुकार गर्नुहोस् । " परमेश्वर म प्रति दया गर्नुहोस् । म पापी छु । के कर तिर्नेलाई झै परमेश्वरले तपाईलाई पनि व्यवहार गर्नुहुन्छ ? | लूका १८:१३–१४" तर कर उठाउनेचाहिँ टाढ़ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिटयो, " हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् । " म तिमीहरूलाई भन्दछु, ' यो चाहिँ मानिस त्यस अर्को भन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ ।'<br>रोमी १०:१३ ' किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ ।'<br>१ यूहन्ना १:९–१० " यदि हामीमा पाप छैन भनी हामी भन्छौ भनेता हामीले आफैलाई धोखा दिन्छौ, र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौ। भने उहाँलले हाम्रा पाप क्षमा गर्नुहुन्छ ।" |

# उत्तर–व्याख्या

१. प्रश्न : लूका १८:९ पढ़नोस् । दृष्टान्त भनेको के हो ?
उत्तर : बाइबलीय दृष्टान्त भनेको एउटा कथा हो, जसले आत्मिक–सत्यतालाई बुझाउँछ ।

२. प्रश्न : लूका १८:९ पढ़नुहोस । यस दृष्टान्तमा प्रभुले कसलाई संकेत गर्नु भएको छ ?
उत्तर : ती व्यक्तिहरू जसले आफैमा भरोसा राख्छन्, आफैलाई धर्मी संझन्छन् । आफैलाई धर्मी भन्छन् ।

३. प्रश्न : लूका १८:९ पढ़नुहोस् । ( अन्तिम खण्डको पद ) ती व्यक्तिहरू आफैलाई धर्मी ठान्नेहरूका मनोवृति अरूप्रति प्रकट हुन्छन् । लूका १८:९ अनुसार त्यो मनोवृति के हो ?
उत्तर : तिनीहरूले अरूलाई तुच्छ ठान्छन् । अथवा अरूलाई नीच दृष्टिले हेर्छन् ।

४. प्रश्न : लूका १८:१० पढनुहोस् । दुइजना व्यक्तिहरू प्रार्थना गर्न गए । आजको भाषामा भन्नु परे तिनीहरू प्रार्थना गर्न कहाँ गए ?
उत्तर : तिनीहरू सेवालयमा गए ।

५. प्रश्न : लूका १८:१० पढ्नुहोस् । ती व्यक्तिहरू को थिए ?
उत्तर : तिनीहरू फरिसी र तिरो उठाउने व्यक्ति थिए ।

६. प्रश्न : लूका १८:११ पढ्नुहोस् । फरिसीको प्रार्थना कस्तो थियो ?
उत्तर : फरिसीको प्रार्थना यस्तो थियो– " हे परमेश्वर म तपाईलाई धन्यवाद दिन्छु, म अरू मानिस जस्तो धुतुवा, अन्यायी, व्यभिचारी अथवा कर उठाउने जस्तो छैन ।"

७. प्रश्न : लूका १८: १२ पढ्नुहोस् । उपवास भनेको के हो ?
उत्तर : खानाविहिन रहनुलाई उपवास भनिन्छ ।

८. प्रश्न : लूका १८:१२ पढ्नुहोस् । दशांश दिनु भनेको के हो ?
उत्तर : आफ्नो कमाईको दशौं अंश दिनुलाई दशांश भनिन्छ ।

९. प्रश्न : लूका १८:१३ पढ्नुहोस् । कर उठाउने व्यक्ति कहाँ उभिएको थियो ?
उत्तर : कर उठाउने व्यक्ति टाढै उभिएको थियो ।

प्रश्न : किन ?
उत्तर : उ सेवालय/ मन्दिरमा जानलाई लजाइरहेका थियो । किनकि उ भयानक पापी थियो । यसैले उ बाहिर नै बसिरहेको थियो ।

१०. प्रश्न : लूका१८:१३पढ्नुहोस् । कर उठाउनेको शिर झुकेको थियो ?अनि उसले माथि तिर किन हेरेको थिएन ?
उत्तर : उलजाएको थियो । तपाईले कुनै मानिस प्रति गल्ती गरेर उसको मुहारतिर हेर्नु भएको छैन ?

११. प्रश्न : लूका १८:१३ पढ्नुहोस् । कर उठाउनेको प्रार्थना कस्तो थियो ?
उत्तर : म पापी छु ।

१२. प्रश्न : लूका १८:१४ पढ्नुहोस् । ती व्यक्तिहरू मध्ये परमेश्वरको समक्ष कुन धर्मी गनिए ? उनी कहिले आफ्नो घर तिर लागे ?
उत्तर : तिरो उठाउने व्यक्ति थिए ।

१३. प्रश्न : लूका १८:१३ पढ्नुहोस् । किन कर उठाउने व्यक्ति धर्मी गनिए ? तर फरिसी गनिएन ?
उत्तर : किनकि उ परमेश्वरको अघि दीन, नम्र भए । फरिसी अति नै घमण्डले पूर्ण थियो । उसले सम्झेको थिएन मलाई मुक्तिदाताको खाँचो छ ।

१४. प्रश्न : लूका १८:१४ पढ्नुहोस् । के परमेश्वरले कर उठाउनेलाई क्षमा गर्नुभयो ?
उत्तर : परमेश्वरले उनलाई क्षमादान दिनुभयो ।

१५. प्रश्न : रोमी १०:१३ पढ़नोस् । यदि तपाई ठीक हुनुहुन्छ भने परमेश्वर अघि घुड़ा टेकी हृदयले परमेश्वरलाई पुकार गर्नुहोस् । " परमेश्वर मप्रति दया गर्नुहोस् । म पापी छु । के कर तिर्नेलाई झै परमेश्वरले तपाईलाई पनि व्यवहार गर्नुहुन्छ ?

उत्तर : परमेश्वरले गर्नुहुनेछ । मेरा सबै अधर्महरूबाट शुद्ध पार्नु हुनेछ । ( १ यूहन्ना २:८—९) हेर्नुहोस् ।

# स्तर — १

# पाठ — ३

# अनुग्रहबाट धार्मिकता

## डोन क्रो

आज हामीहरू अनुग्रहबाट धार्मिकताको विषयमा हेर्नेछौ । रोमी ३:२१—२३ पदमा लेखिएको छ — " तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैले गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता, विश्वासद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नलाई चुकेका छन् ।"

यो बाइबलीय पदलाई ध्यान दिऊँ — " अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ ।" मैले एकपल्ट एकजना मानिसलाई प्रश्न गरे ' तपाईं स्वर्ग जानकोलागि के गर्नपर्छ भनी वचार गर्नु भएको छ ? ' उसले उत्तर दियो— मैले दश आज्ञालाई पालन गर्नुपर्छ । स्वास्नीप्रति ईमान्दारी, अरू कर्महरू गर्दै, नैतिक जीवन पालन गर्नुपर्छ ।' मैले उनलाई भने, ' तपाई परमेश्वरको नजीकता, उहाँको राज्यमा जानलाई तथा परमेश्वरको धार्मिकताको समानतामा पुग्नलाई के जान्नुभएको छ ? ' उसले भन्नुभयो ' तपाईसंग क्षमा माँग्नु ' उहाँले भन्नुभयो — ' परमेश्वरको धार्मिकताको समानतामा कुनै व्यक्त छैन । केवल एउटै व्यक्ति येशू ख्रीष्ट हुनुहुन्छ ।' मैले भने ' यो भनाई ठीक हो ! सत्य हो ! तर हाम्रो आफ्नोपनले वाध्य तथा आन्तरिक पूर्णरूपले व्यवस्थाहरू पालन गर्न असमर्थ छौं । हामीलाई परमेश्वरको समानताको धार्मिकताको खाँचो पर्दछ, तब हामी परमेश्वरको अघि ग्रहण हुनेछौं ।

रोमी २१—२२ पदले ठीक वर्णन गरेको छ ' तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन । त्यस प्रकारका धार्मिकता परमेश्वरले तपाईं र मलाई प्रदान गर्नुभएको छ त्यो चाहिँ " येशू ख्रीष्टमा विश्वास गर्नेहरू सबैलाई हो ।" मानिसको धार्मिकता र परमेश्वरको धार्मिकता—दुइ प्रकारका धार्मिकता हुन्छ । मानिसले गरेका अति असल कार्यहरू अति उत्तम आचरणहरू मानिसको धार्मिकता हो । यी धार्मिकता परमेश्वरको अगि ग्रहणयोग्य हुँदैन । तपाईंलाई परमेश्वरको समानताका धार्मिकताको खाँचो छ । उहाँले तपाईंलाई प्रदान गर्न चाहनुहुन्छ । यो परमेश्वरको धार्मिकता जो व्यवस्थाबिना छ । दुइ प्रकारका धार्मिकता—मानिसको धार्मिकता र परमेश्वरको धार्मिकता छ । मानिसले गरेका अति असल कार्यहरू अति उत्तम आचारणहरू मानिसको धार्मिकता हो । यी धार्मिकता परमेश्वरको अगि ग्रहणयोग्य हुँदैन । तपाईंलाई परमेश्वरको समानताको धार्मिकताको खाँचो छ । उहाँले तपाईंलाई प्रदान गर्न चाहनुहुन्छ । यो परमेश्वरको धार्मिकता जो व्यवस्थाबिना छ । दुइ प्रकारका धार्मिकता—मानिसको धार्मिकता र परमेश्वरको धार्मिकता छ । मानिसले गरेका अति उत्तम कार्य उत्तम आचरणहरू मानिसको धार्मिकता हो । तर यो परमेश्वरको अघि ग्रहणयोग्य हुँदैन । तपाईंलाई परमेश्वर समानताको धार्मिकताको आवश्यकता छ । परमेश्वरको धार्मिकता, जो व्यवस्थाहीन छ । तपाईंलाई दिन चाहनु हुन्छ ।

ग्रीक भाषामा कुनै निश्चित अनुच्छेद छैन, जसको वास्तविक अर्थ हुन्छ— परमेश्वरले उहाँको धार्मिकतालाई व्यवस्थाबिना दिनुहुन्छ । त्यो धार्मिकता जो व्यवस्थाभित्र हुन्छ । त्यो धार्मिकता गर्नु, कमाउनु अनि प्राप्त गर्नु हो । जो परमेश्वरको अघाडि ग्रहणयोग्य बनाउनु हो । आजका संसारका धर्महरूको विचार छ— तिमीले गर्नु, कमाउनु,

प्राप्त गर्नुपर्छ, जो परमेश्वरको अघाडि तिमी ग्रहणयोग्य होस् । 'सुसमाचार' को अर्थ सुन्दर समाचारहरू हो । परमेश्वरले आफ्नो धार्मिकता र मान्यता येशू ख्रीष्टमा विश्वास गर्नेहरूलाई प्रबन्ध गरिदिनुभयो । हाम्रा पापको निम्ति उहाँ क्रूशमा मर्नुभयो । हामीलाई धार्मिकता दिनुभयो । जो व्यवस्थाको समानता भयो । यो परमेश्वरको धार्मिकता हो । यो व्यवस्थाबाट अलग हो । हामीले कुनै कार्य नगरी कुनै सम्पत्ति नकमाई, अनि कुनै कुरा प्राप्त नगरी, येशू ख्रीष्टको नजीकमा विश्वासको माध्यमबाट आउन सक्छौं ।

२२ पदलाई विचारौ, " येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । परमेश्वरले सबैलाई आफ्नो धार्मिकता किन प्रदान गर्नुहुन्छ ? ' किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नलाई चुकेका छन् । तपाई र मैले पाप गरेका छौं । हामी परमेश्वरको स्तर एवं महिमामा पुग्न सकेका छैनौं । हाम्रा पापहरूका कारणले हामीलाई परमेश्वरका ग्रहणयोग्यता, असल सम्बन्ध, उहाँसँग संगति यो महान् विषयहरूको खाँचो छ । यी कुराहरू परमेश्वरले व्यवस्थाको कार्यहरूबाट होइन, तर ख्रीष्ट येशूमा विश्वासबाट प्राप्त गर्न सकिन्छ । परमेश्वरको धार्मितालाई तपाईंको कार्य, कोशिश, कमाइ, प्राप्त गर्ने उपायहरू पाइन्दैन । तर ख्रीष्ट येशूमा विश्वास, भरोसा निर्भर गर्नले प्राप्त गर्न सकिन्छ ।

अब्राहाम (यहूदीहरूका पूर्वज) कसरी बाँचे ? बाइबलले भनेको छ, " उसले परमेश्वरमा विश्वास गरे । परमेश्वरले दिनुभएको प्रतिज्ञामा विश्वास गरे । परमेश्वरले दिनुभएको प्रतिज्ञामा विश्वास गरे । तब उनी विश्वासको कारणले धर्मी गनिए । रोमी ३:२१–२२ बमोजिम – कुनै मानिस ख्रीष्ट येशूमा विश्वास गर्नाले धार्मिक गनिन्छ । बाइबलले वर्णन गरेको छ, ख्रीष्ट येशूले आफ्नो मूल्य चुकाउनु भएको छ । यसैले कुनै व्यक्तिले येशू ख्रीष्टमा विश्वास गर्नाले धार्मिकता प्राप्त गर्नेछ ।

रोमी ५:१७ मा छ, " यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गर्‍यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन् । परमेश्वरले तपाईंलाई धार्मिकता, ग्रहणयोग्यताका दानहरू दिनुहुन्छ । कुनै दानका केही मूल्य हुन्छ । तर दान पाउनेहरूको मूल्य हुँदैन । यदि तपाईंले मलाई दिनुभयो र त्यसको मूल्य माँग्नु भयो भने, त्यो दान हुँदैन । परमेश्वरले तपाईं र मलाईं उहाँको धार्मिकता दानस्वरूप दिनु भयो । त्यो धार्मिकता दोषमुक्त, परमेश्वरको समक्ष ग्रहण योग्यताको दान– जो ख्रीष्ट येशूमा विश्वास गर्नाले प्राप्त गरिन्छ ।

## प्रश्न–व्याख्या

| | चेलापनका प्रश्नहरू | प्रश्नहरूमा बाइबलीय पदको प्रयोग |
|---|---|---|
| १. | तीतस ३:५ पढ़नोस् । त्यो धार्मिकता, जो हामीलाई खाँचो छ, त्यस धार्मिकतालाई हामीले उत्पन्न गर्नसक्छौं ? | तीतस ३:५ " तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनजीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो । " |
| २. | २ कोरिन्थी ५:११ पढ़नुहोस् । हामीलाई कस्तो प्रकारको धार्मिकताको खाँचो छ ? | २कोरिन्थी ५:११ "किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नु हुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो । " |
| ३. | रोमी ३:२२ पढ़नोस् । यो धार्मिकता कसरी प्राप्त गर्न सकिन्छ ? | रोमी ३:२२" येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन । " |

| | | |
|---|---|---|
| ४. | फिलिप्पी ३:९ पढ्नोस् । व्यवस्थाभित्रको धार्मिकता के हो ? | फिलिप्पी ३:९ " र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ । व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो ।" |
| ५. | गलाती २:२१ पढ्नोस् । परमेश्वरको अनुग्रहलाई हामीले कसरी पन्साउन सक्छौ ? | |
| ६. | रोमी ५:१७ पढ्नुहोस् । परमेश्वरको धार्मिकतामा के प्राप्त गरिन्छ ? | रोमी ५:१७ " यदि एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो भनेता झन् बढ़ी प्रशस्त अनुग्रह र धार्मिकताका सित्तैको वरदान पाउनेहरूले एउटै मानिस येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन् । " |

## उत्तर – व्याख्या

१. प्रश्न : तीतस ३:५ पढ्नोस् । त्यो धार्मिकता, जो हामीलाई खाँचो छ, त्यस धार्मिकतालाई हामीले उत्पन्न गर्नसक्छौं ?
उत्तर : सक्दैनौं ।

२. प्रश्न : कोरिन्थी ५:११ पढ्नुहोस् । हामीलाई कस्तो प्रकारको धार्मिकताको खाँचो छ ?
उत्तर : परमेश्वरको धार्मिकता जुन ख्रीष्टबाट आउँछ ।

३. प्रश्न : रोमी ३:२२ पढ्नोस् । यो धार्मिकता कसरी प्राप्त गर्न सकिन्छ ?
उत्तर : येशू ख्रीष्टमा विश्वास गरे वापत् यो धार्मिकता प्राप्त गर्न सकिन्छ ।

४. प्रश्न : फिलिप्पी ३:९ पढ्नोस् । व्यवस्थाभित्रको धार्मिकता के हो ?
उत्तर : यो धार्मिकता मभित्रको धार्मिकता हो । मैले गरेका धार्मिकताका फलहरू हो ।

५. प्रश्न : गलाती २:२१ पढ्नोस् । परमेश्वरको अनुग्रहलाई हामीले कसरी पन्साउन सक्छौ ?
उत्तर : येशू ख्रीष्टले हाम्रो उद्धारको लागि बलिदान हुनुभयो भनी उहाँमाथि विश्वास नगरी आफ्नै असल कार्यहरूमा भरोसा गरे परमेश्वरको अनुग्रहलाई पन्साउनेछौं ।

६. प्रश्न : रोमी ५:१७ पढ्नुहोस् । परमेश्वरको धार्मिकतामा के प्राप्त गरिन्छ ?
उत्तर : वरदान ।

# स्तर – १

# पाठ – ४

# परमेश्वरसँग सम्बन्ध

## एन्ड्रू वॉमक

सबैभन्दा प्रथमत सम्बन्ध बारेको विषय हो—त्यो व्यक्तिलाई बुझ्न हो, जो तपाईसंग उसको सम्पर्क हुनेछ । परमेश्वर प्रतिको सम्बन्धमा पनि यही अर्थ हुन्छ । परमेश्वरसँग तपाईको स्वास्थ्य सम्पर्कको लागि तपाईले उहाँको चरित्र स्वभावलाई बुझ्न खाँचो छ । परमेश्वरको चरित्र स्वभावप्रति भूल बुझाइको कारण कतिपय मानिसहरूको प्रत्यक्षरूपमा परमेश्वरप्रति सम्पर्क हुँदैन । यस्तै घटना आदनको बगैंचामा भएको थियो । जब आदम र ईभ सर्पबाट परिक्षित भएको थियो। तिनीहरू परीक्षामा परे, परमेश्वरप्रति अनाज्ञाकारी भए । तब सारा संसारलाई पापमा डुबाए । परमेश्वरको चरित्रलाई बुझ्नु नसक्नु नै परीक्षाको एक अंश हो ।

उत्पत्ति ३:१–५ सम्मको कथा सबैले जानेका छन् " परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरू मध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, " के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ ?" स्त्रीले सर्पलाई भनिन् – " बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखका फलका विषयमा परमेश्वरले भन्नुभएको छ, " त्योचाहिँ नखानू र नछुनू नत्रता तिमीहरू मर्छौ ।" सर्पले स्त्रीलाई भन्यो " तिमीहरू मर्दैनौ ! किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वर जस्तै हुनेछौ । "

परमेश्वर असल परमेश्वर होइन भन्ने शैतानको धूर्त भनाई थियो । उसले आदम र हव्वालाई केही रोक्ने कोशिश गरिरहेको थियो । उहाँ जस्तो भएको चाँहदैनथ्यो । यही कारणले एउटा नियम उहाँले बनाएको थियो – त्यो असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू । किनकि त्यसले हानी तिनीहरूलाई पुऱ्याउनेछ । यहाँ शैतान परमेश्वरको चरित्र एवं स्वाभावको विपरीत देखियो । त्यसले परमेश्वरको निन्दा गर्दै भन्यो – परमेश्वरले तिनीहरूलाई असल भएको देख्नुहुन्न। यही कुराहरू आजका मानिसहरूलाई भनिरहेको छ । शैतानले आज तिनीहरूलाई भनिरहेको छ – यदि तिमीहरूले परमेश्वरलाई स्वीकार्छौ अनि आधुनिक विषयहरूका अनुभव गर्दैनौ भने, जो परमेश्वरको वचनको विपरीत छ तिमीहरूले जीवनमा सत्य आनन्दको अनुभव गर्दैनौ । तिम्रो जीवन विरक्त, निराश मृतसरह हुन्छ । यो विषादपूर्ण सत्य हो – आज मानिसहरूले ड्रग, मदपान, विद्रोह, यौन, स्वयंमा व्यस्तता, कार्यहरूमा सफलता तथा अरू कार्यहरूमा छन् । तर उनीहरू असफल छन् । अन्तमा जीवन, परिवार, स्वास्थ्य, नाश हुन्छन् ।

यो सत्य हो – परमेश्वर उत्तम परमेश्वर हुनुहुन्छ । उहाँको इच्छा हामीप्रति उत्तम छ । तर शैतानले जसरी अदनको बग़ैचामा आदम र हव्वालाई परीक्षामा पारे त्यही परीक्षा आज हामीलाई पनि छ । शैतानले परमेश्वर उत्तम होइन भनेर भनिरहेको छ । तर कतिपय अल्प बाइबलीय ज्ञान भएकाहरूलाई सहजै प्रभावित पारेका छन् । कतिपय बाइबलीय पदमा उदाहरण छ परमेश्वरले मानिसहरूप्रति निष्ठुर एवं कठोररूपमा व्यवहार गर्नुभयो ।

गन्तीको पुस्तक १५:३२–३६ मा छ, — एकजना मानिसले शबाद–दिनमा दाउरा बटुलिरहेको थियो । त्यसले शबाद–दिन भङ्ग गरेको भनी तिनलाई ढुङ्गाले हिर्काएर मारे । यो घटना अति नै कठोर थियो । तर यस घटनामा पनि शिक्षा थियो । बेलाबेलामा मात्र मानिसहरूले धर्मपुस्तक पढ्छन् भन्ने कुरा अस्पष्ट छैन । बाइबलको गहन अध्ययनले यो प्रकाश दिन्छ कि पुराना–करारका व्यवस्थाले हामीलाई गरेका पापहरूलाई अझ चरमसीमामा पुर्‍याउँछ । पावलले रोमी ७:१३ मा लेखेका छन् — ‘ त के जे असल छ, त्यसले मेरो निति मृत्यु ल्यायो त ? कदापि होइन । तर पापचाहिँ पापैको रूपमा देखियोस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि आज्ञाद्वारा पाप सम्पूर्णरूपमा पापमयहोस् ।’ मानिसहरूले तिनीहरूका अपराधहरू कति डरलाग्दा छन् भनी थाहै गरेनन् । तिनीहरू अरू व्यक्तिहरूसँग आफैलाई तुलना गरे । अरू मानिसहरूले के गरिरहेछन् भनी आफ्ना कामहरूलाई तुलना गरे ।

यदि कसैले पाप गर्‍यो तर मृत्युसम्म पुगेन भने पापचाहिँ त्यति खराब होइन रहेछ भनी तिनले संझन्छ । तब तिनीहरूले आफ्नो स्तरलाई घटाउँछ । तिनीहरूले असल र खराब छुटयाउने दर्शनलाई पनि हराउनेछन् । परमेश्वरले मानवजातिको असल जीवन स्तरमा ल्याउनुहुन्छ । तब तिनीहरूले शैतानको परीक्षालाई इन्कार गर्नेछन् । तिनीहरूले गल्ती चुनाइहरूको परिणाम के हुनेछ भनी थाह पाउनेछन् । तब यी गरेपछि उहाँले दिनुभएको व्यवस्थालाई बलियो बनाउनेछन् ।

तिमीहरूले यी सबै कुरोहरू नगरेसम्म, म तिमीहरूलाई ग्रहण र प्रेम गर्नेछैन’ भनी परमेश्वरले पुरानो करार दिनुभएको होस् । यो उहाँको चरित्र होइन । तर हाम्रो विवेकले ठीक र वेठीक थाहा पाउनु र हामीलाई एकजना मुक्तिदाताको खाँचो बुझाउनु हो । समस्या चाहिं परमेश्वरले हामीलाई प्रेम गर्नुभन्दा पहिले हामी सिद्ध हुनुपर्छ भनी सोचे । हाम्रो कामको आधारमा उहांले प्रेम गर्नुहुन्छ भनी ठहर गरे । सबै कुरो सठीक नगरून्जेल परमेश्वरले तिनीहरूलाई ग्रहण गर्नुहुंदैन भनी सोचे । यो बाइबलको सन्देस होइन ।

परमेश्वरको हृदय उहासँग मानिसहरूलाई मेलमिलाप गराउनु हो । मानिसलाई न्याय गर्नलाई होइन । तिनीहरूको पापको विरोधमा होइन बाइबलीय मानिसहरू तथा तपाईंप्रति पनि परमेश्वरको हृदय छ । तपाईंले परमेश्वरको हृदय जान्न खाँचो छ । “ परमेश्वर प्रेम हुनुहुन्छ । ( १ यूहन्ना ४:८ ) परमेश्वरले तपाईंको पापहरू छुटकारा दिनलाई खोजिरहनुभएको छ । तपाईंलाई परमेश्वरदेखि अलग गर्ने पाप तथा अरू कुराहरूलाई पन्साउनलाई उहाँले ख्रीष्ट येशूको माध्यमबाट यो गर्नु हुन्छ । आज तपाईंको सम्बन्धलाई ग्रहण गर्नुहुन्छ । यो तपाईंको येशू ख्रीष्टलाई विश्वास र ग्रहण गरेकोले हो । येशूले तपाईंका पापहरू बोक्नुभयो । तर तपाईंका कार्यहरूले होइन । तपाईंको असफल जीवन भएपनि आजनै तपाईंले परमेश्वरसँग सम्बन्ध बनाउनुहुनेछ । तपाईंलाई निवेदन उहाँले गर्नुभएको छ — ख्रीष्ट येशूमा विश्वास गर्नुहोस् ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | उत्पत्ति ३:१ पढ्नोस् ।<br>शैतानले हव्वालाई के प्रश्न सोधे ? | उत्पत्ति ३:१ “ परमप्रभु परमेश्वरले बनाउनुभएको वन्य पशुहरू मध्ये सर्प सबभन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, “ के परमेश्वरले तिमीहरूलाई |

| | | |
|---|---|---|
| | | बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ ?” |
| २. | उत्पत्ति २:१७, ३:३ पढ़नुहोस् ।<br>परमेश्वरले आदमलाई यथार्थमा के भन्नुभयो ? हव्वाले के शब्द/शब्दहरू जोड़ेकी थिइन्  ? | उत्पत्ति २:१७ “ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुनदिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् । ” |
| ३. | उत्पति ३:६ पढ़नुहोस् ।<br>कुनै समय हव्वाको मनमा शैतानले सहजै परमेश्वरको वचनप्रति शंकाहरू हालिदिएको थियो ? उसले यो पदमा के गरिन् ? | उत्पत्ति ३:३“ तर बगैंचाको बीचमा भएको रूखको फलको विषयमा परमेश्वरले भन्नुभएको छ, त्यो चाहिँ नखानू नछुनू, नत्रता तिमीहरू मर्छौ । ”<br><br>उत्पत्ति ३:६ “ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नु पर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाएँ ।” |
| ४. | उत्पत्ति ३:९–१० पढ़नोस् ।<br>के आदम र हव्वाले पाप गरेपछि परमेश्वरले उनीहरूसित सम्बन्ध गर्न तथा बातचीत गर्नलाई खोजिरहनु भयो ? | उत्पत्ति ३:९–१० “ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनु भयो, “ तँ कहाँ छस् ? उनले भने “ मैले तपाईंको सोर सुने र म डराएँ, किनभने म नाङ्गै थिएँ र म लुकें । ” |
| ५. | उत्पत्ति ३:२२–२४ पढ़नोस् ।<br>आदम अनि हव्वालाई अदनको बगैंचाबाट परमेश्वरले किन भगाउनुभयो ? | |
| ६. | यहाँ देख्नुहुन्छ कि परमेश्वरको दयाको कार्यभन्दा वास्तवमा दण्ड थियो ? | |
| ७. | रोमी ५:१७ पढनोस् ।<br>हामीहरूले परमेश्वरको भरपुरको अनुग्रह र धार्मिकताको दानलाई कसरी प्राप्त गर्न सक्छौं ?<br>क. किनेर<br>ख. कमाएर<br>ग. ग्रहण गरेर । | |
| ८. | हामीले पाप गरे के प्राप्त गर्नेछौ ?  ( रोमी ६:२३) | |
| ९. | अनुग्रहको साटोमा परमेश्वरले हामीलाई के दिनुहुन्छ? | |
| १०. | पढ़नोस् रोमी १०:३ ।<br>परमेश्वरको अगि हामी आफ्नै धार्मिकता स्थापित गर्न चाहन्छौ भने उहाँको अघि के गर्नलाई असफल हुन्छौं? | १ यहून्ना १:९ “ यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौ भने, उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।” |
| ११. | १ यूहन्ना १:९ अनि रोमी ४:३ पढ़नुहोस् ।<br>जब हामीले केवल विश्वास मात्र गऱ्यौ भने हाम्रा सारा पाप र अधर्महरूलाई परमेश्वरले के गर्नु हुनेछ भनी प्रतीज्ञा गर्नुभएको छ ? | रोमी ४: ३ “ किनकि पवित्र शास्त्रले के भन्छ? ‘ अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो ।” |

| | | |
|---|---|---|
| १२. | परमेश्वरको चरित्रबारेमा तपाईंले कसरी वर्णन गर्नुहुन्छ ? | |

# उत्तर–व्याख्या

१. प्रश्न : उत्पत्ति ३:१ पढ्नोस् । शैतानले हव्वालाई के प्रश्न सोधे ?
उत्तर : " के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ ? "

२. प्रश्न : उत्पत्ति २:१७ र उत्पत्ति ३:३ पढ्नोस् ।
परमेश्वरले आदमलाई यर्थाथमा के भन्नु भएको थियो ? हव्वाले के शब्द/शब्दहरू जोड़ेकी थिईन् ?
उत्तर : ' नछुनू ।'

३. प्रश्न : उत्पत्ति ३:६ पढ्नुहोस् । कुनै समय हव्वाको मनमा शैतानले सहजै परमेश्वरको वचनप्रति शंकाहरू हालिदिएको थियो ? उसले यो पदमा के गरिन् ?
उत्तर : तिनले त्यस रूखको फल टिपेर खाइन् ।

४. प्रश्न : उत्पत्ति ३:९–१० पढ्नोस् । के आदम र हव्वाले पाप गरेपछि परमेश्वरले उनीहरूसित सम्बन्ध गर्न तथा बातचीत गर्नलाई खोजिरहनु भयो ?
उत्तर : हजूर । ( उत्पति ३:२२–२४ )

५. प्रश्न : उत्पत्ति ३:२२–२४पढ्नोस् । आदम अनि हव्वालाई अदनको बगैंचाबाट परमेश्वरले किन भगाउनुभयो ?
उत्तर : किनभने तिनीहरूले जीवनदायक रूखबाट फल खाएनन् । यसैले पापमय अवस्थामा अनन्तसम्म रहन पऱ्यो ।

६. प्रश्न : यहाँ देख्नुहुन्छ कि परमेश्वरको दयाको कार्यभन्दा वास्तवमा दण्ड थियो ?
उत्तर : ज्यू ।

७. प्रश्न : रोमी ५:१७ पढनोस् । हामीहरूले परमेश्वरको भरपुरको अनुग्रह र धार्मिकताको दानलाई कसरी प्राप्त गर्न सक्छौं ?
उत्तर : ग्रहण गरेर ।

८. प्रश्न : हामीले पाप गरे के प्राप्त गर्नेछौ ? ( रोमी ६:२३)
उत्तर : मृत्यु ।

९. प्रश्न : अनुग्रहको साटोमा परमेश्वरले हामीलाई के दिनुहुन्छ ?
उत्तर : येशू ख्रीष्टमा अनन्त जीवन ।

१०. प्रश्न : पढ़नोस् रोमी १०:३ । परमेश्वरको अगि हामी आफ्नै धार्मिकता स्थापित गर्न चाहन्छौ भने उहाँको अघि के गर्नलाई असफल हुन्छौं ?

उत्तर : येशू हाम्रो धार्मिकता  भनी समर्पणता ।

११. प्रश्न : १ यूहन्ना १:९ अनि रोमी ४:३ पढ़नुहोस् । जब हामीले केवल विश्वास मात्र गऱ्यौ भने हाम्रा सारा पाप र अधर्महरूलाई परमेश्वरले के गर्नु हुनेछ भनी प्रतीज्ञा गर्नुभएको छ ?

उत्तर : सबै हटाउनुहोस् । सबै भुल्नुहोस् । सबैलाई क्षमादिनोस् ।

१२. प्रश्न : परमेश्वरको चरित्रबारेमा तपाईंले कसरी वर्णन गर्नुहुन्छ ?

उत्तर : उहाँ दयालु र प्रेमिलो हुनुहुन्छ ।

## स्तर – १

## पाठ – ५

# परमेश्वरको स्वभाव

## एन्ड्रू वॉमक

परमेश्वरको सकारात्मक सम्बन्धकोलागि हामीले उहाँको स्वभाव र वास्तविक चरित्रलाई हामीले निश्चयरूपले जान्नुपर्दछ । के हाम्रो पापहरूकालागि उहाँ रिसाउनु हुन्छ ? अथवा हाम्रा कर्महरू बिनानै हामीलाई जीवन र आशीष दिन चाहनुहुन्छ ? बाइबलले हामीलाई वास्वमा दुइप्रकारका विचारणीय विषयहरू दिएका छन्– परमेश्वर कहिल्यै पनि अपरिवर्तनशील छ अनि कुनै कुराहरू भिन्नै गर्नु हुन्न । एक समय बाइबलका परिभाषिक शब्दलाई यसरी प्रयोग गरेका थिए– मानिसहरूका विरुद्धका पापहरू परमेश्वरले लिनुभएको छ ।

यी विषयहरू बढ्दो नानीहरूसँग तुलना गर्न सकिन्छ । जब तिनीहरू बाल्यकालमा हुन्छन्, तिनीहरूमा सम्भवत: विचारशक्ति हुंदैन । तिनीहरूलाई किन असल कार्य गर्नु ? किन स्वार्थी नहुनू ? तथा तिनीहरूका भाइ बहिनीहरूबाट गुड़ियाहरू नलिनू भनी भन्नु पर्दछ । तिनीहरूलाई यस विषयमा नियमहरू सिकाउनुपर्छ । यदि यी नियमहरू उल्लंघन गरे त्यसको दण्ड पाउनेछ भनी बताउनुपर्छ । ती नियमहरूलाई प्रयोगमा ल्याउनुपर्छ चाहे तिनीहरूले परमेश्वर तथा शैतानलाई जानेको होस् । जब तिनीहरू स्वार्थी हुन्छन्, तिनीहरूले शैतानलाई मौका दिन्छन् । उनीहरूले यस धारणालाई नजानेता पनि यदि यही कार्यलाई पुन: दोहोऱ्याए तिनीहरूले दण्ड पाउनेछन् भनी थाहा गर्नेछन् ।

पुरानो नियममा परमेश्वरले कस्ता कार्यहरू गर्नु भएको थियो । मानिसहरूले नयाँ जीवन धारण नगरेको अघि उनीहरूमा आत्मिक–अनुभूति थिएन । हामी नयाँ–करारमा छौं । उहाँले व्यवस्थाहरू दिनुभयो । त्यसलाई प्रयोगमा ल्याउन बलपूर्वक दण्ड अनि उनीहरूलाई पापबाट रोक्नलाई यस्तैप्रकारले मृत्यु पनि दिनुभयो यद्धपि यसको गल्ती धारणाहरू आयो – हाम्रा पापको कारण परमेश्वरले हामीलाई यथार्थमा प्रेम गर्नुहुन्न । तर परमेश्वरको वचनले यस्तो शिक्षा दिदैन । रोमी ५:१३ मा पाइन्छ व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन । ' व्यवस्था दिन अघि जहाँ परमेश्वरले दश आज्ञा तथा अरू औपचारिक आज्ञाहरू दिनुभयो । जो यहूदी राष्टमा चालु थियो । त्यही समयदेखि संसारमा पाप थियो । तर यसको लेखा भएको थिएन । यो लेखा शब्द ' आम्दानी–खर्च बारेमा, प्रयोग गर्ने शब्द हो । यसरी उदाहरण छ –' तपाईं कुनै वस्तु किन्नलाई भण्डारमा जानुहोस र भन्नुहोस् ' यो मेरो फिता (लेव)–मा हालिदिनुहोस् । त्यो लेवको दर्ता हुन्छ, र त्यसको लेखाजोखा तपाईंको हिसाबमा आउँछ । तब तपाईं किन्न सक्नुहुन्छ । यदि लेखा–मा गल्ती छ भने, यसको दर्ता भएको छैन ।

यो पदले वर्णन गर्छ कि दश आज्ञाहरूका समयसम्म मानिसहरूमा पापको प्रभाव थिएन । यो एउटा अचम्भलाग्दो भनाइहरू छन् । उत्पत्ति ३,४ अध्यायहरूमा छन् । धेरै मानिसहरूका यी धारणा छन् – जब आदम र हव्वाले परमेश्वरको विरुद्धमा पाप गरे, किनकि उहाँ पवित्र–परमेश्वर हुनुहुन्छ, तब मानिसहरू पापी भए । उनीहरूले विर्चाछन् कि मानिसहरूलाई अदनको बगैचाबाट उहाँको उपस्थितिबाट भगाइदिए; किनकि पवित्र–परमेश्वरको अपवित्र–मानिसहरूसित केही लेनदेन छैन । अझ उनीहरू बढ़ता विर्चाछन् – कि जबसम्म असल कार्यहरूले उनीहरू पवित्र हुँदैनन्, तबसम्म उनीहरूसित परमेश्वरको केही सम्बन्ध हुँदैन । तर यो संझाइ ख्रीष्ट येशूले ल्याउनुभएको सुसमाचारको विपरीत हो । रोमी ५:४ ले भन्छ – ' तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापै छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो । येशू तपाईंको लागि मर्नुभयो । नयाँ नियमले शिक्षा दिन्छ, 'परमेश्वरको प्रेम यसैमा देखाउनुहुन्छ, जब तपाईं पापमा जीवन बिताइरहेको हुनुहुन्थ्यो,

तपाईंका कामहरूले शुद्ध हुनु भएको थिएन । यो सुसमाचारको महान् सत्यता हो । जब तपाईंले परमेश्वरको प्रेमलाई जान्नुहुनेछ, तब तपाईंको जीवन परिवर्तन हुनेछ । तपाईं झै परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुनेछ । यदि तपाईले उहाँको प्रेमलाई ग्रहण गर्नुहुन्छ भने, उहाँले तपाईंलाई अधिक मात्रामा प्रेम गर्नुहुन्छ। तब यसरी नै नरहनुहोस्। तपाईं परिवर्तित हुनेछ । तपाईं नयाँ हुनुहुनेछ, यो परमेश्वरको प्रेमबाट उत्पन्न भएकोले हो । तर केवल उहाँको प्रेम पाउनलाई मात्र होइन ।

उत्पत्ति ४ अध्यायमा हामीले पाउनसक्छौ कि परमेश्वरले अझ पनि मानिससँग सम्बन्ध गर्नुहुन्छ । आदम र हव्वाले पाप गरेता पनि परमेश्वरले उनीहरूसित बातचीत गर्नुहुन्छ । परमेश्वरलाई कयिन र हाबिलले बलिदान चढ़ाए । परमेश्वरले उनीहरूसँग सुन्नेगरी बोल्नुभयो । तिनीहरूको प्रतिक्रिया हेरौं । तिनीहरू परमेश्वरको वाणीप्रति परिचित थिए, तर तिनीहरू डराएनन् । जब कयिनले तिनको भाइलाई मारे, तब तिनी संसारको सबैभन्दा प्रथम हत्यारा भए । परमेश्वरको सुन्नुगरी वाणी आए – " तेरो भाइ कहाँ छ ? " कयिनले परमेश्वरलाई ढाँटे । तर उनले पश्चताप गरेनन् । यसरी नै मानिसहरूले परमेश्वरको आवाजलाई सुन्छन्, तर परमेश्वरसँग भय मान्दैनन् । तथापि परमेश्वरले मानिसहरूप्रति सम्बन्ध राखिरहनु हुन्छ । साधारण मानिसहरूले विश्वास गर्छन्–परमेश्वरले सम्बन्ध मानिसहरूप्रति अन्त गर्नुहुन्न । मानिसहरूका पापका मूल्यलाई उहाँले लिनुभएन । यसको अर्थ यो होइन, के उहाँले तिनीहरूका पापहरूलाई इन्कार गर्नुभयो ? के उनीहरू असल छैन ? तर यो संझाइ सत्य होइन । परमेश्वरले आज्ञाहरू दिनुभयो मानिसहरूलाई फर्काइ ल्याउनलाई मानव–जातिका स्तर कायम गर्नलाई उहाँले व्यवस्था दिनुभयो । परमेश्वरले मानिसलाई उद्धारको खाँचोको बारेमा दर्शाउनुभयो । यसैले उ स्वयं नम्र हुनुभयो । क्षमा एउटा वरदान हो । धर्मले दु:खपूर्वक छलकपट गरेर यी विषयहरूलाई छलकपट, दमन गरी भन्छन् तिमीलाई व्यवस्था प्रदान गरेको छ। यसलाई पालन गरेर परमेश्वरबाट क्षमा र ग्रहण प्राप्त गर । तर यो भनाइ होइन । पुरानो करारको व्यवस्थाको लक्ष्य छ– तपाईंको पापलाई ती स्तरसम्म बढ़ाउनेछ, अनि अंतमा तपाई हताश भई स्वंय भन्नुहुनेछ –परमेश्वर यदि तपाईंको पवित्रताको स्तर यो हो भने म गर्नसक्दैन । मलाई क्षमा गर्नुहोस् । ममाथि तपाईंको दयाहोस् । अंतमा परमेश्वरको स्वभाव प्रेम हो ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १ | रोमी ५:१३ पढ़नुहोस् ।<br>यो शब्द "लेखा" भन्नाले के बुझिन्छ ? | रोमी ५: १३ " व्यवस्था दिइन अघि पनि संसारमा पाप थियो तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन ।" |
| २. | रोमी ७:७ पढ़नुहोस् । व्यवस्थाको उद्देश्य के हो ? | रोमी ७:७ " हामीले के भन्ने त ? व्यवस्था पाप हो ? कदापि होइन । यदि व्यवस्था नभए मैले पाप थाहा पाउने थिइँन? किनकि " तैले लोभ नगर " भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउने थिइन ।" |
| ३. | गलाती ३:२४ पढ़नुहोस् । यो पदानुसार व्यवस्थाको उद्देश्य के हो ? | गलाती ३:२४ " विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थाबाट हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो ।" |
| ४. | यूहन्ना ८:१–११ पढ़नुहोस् । व्यभिचारमा पक्राउ परेकी स्त्रीसंग येशूले कसरी व्यवहार गर्नुभयो ? | यूहन्ना ८:१–११ " तर येशू जैतून डाँड़ामा जानुभयो । उहाँ ऐकाबिहानै फेरि मन्दिरमा जानुभयो र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो । शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटा स्त्रीलाई ल्याए, र त्यसलाई माझमा |

| | | |
|---|---|---|
| | | उभ्याए । तिनीहरूले उहाँलाई भने " गुरूज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी । व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्, ' तपाईं यसबारेमा के भन्नुहुन्छ ? " तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए ।<br>येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो । तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, " तिमीहरूमा जो पाप रहित छ त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस् ।" अनि फेरि निहुरेर उहाँले भूँइमा औंलाले लेख्नुभयो । तर जब तिनीहरूले यो सुने तब ठूलादेखि शुरू गरी सानासम्म एक एक गरेर गए, र येशू त्यस स्त्रीसंग एक्लै छोड़िनु भयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही ।<br>येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, ' ए नारी तिनीहरू कहाँ गए ? के कसैले तिमीलाई दण्ड दिएन ? ' त्यसले भनी " प्रभु कसैले दिएन । " येशूले भन्नुभयो ' म पनि तिमीलाई दण्ड दिन्न । जाऊ, अनि फेरि पाप नगर ।" |
| ५. | यूहन्ना ३:३४ पढ़नोस् । के येशूको वचनहरू र कार्यहरूले परमेश्वरको साँचो स्वभावलाई झल्काउँछ ? | यूहन्ना ३:३४ " किनभने जसलाई परमेश्वरले पठाउनुभयो त्यसले परमेश्वरको वाणी बोल्दछ, किनकि परमेश्वरले बिनानाप पवित्र आत्मा दिनुहुन्छ ।" |
| ६. | १ यूहन्ना ४:८ पढ़नुहोस् । ख्रीष्टले हामीलाई कहिले, कस्तो अवस्थामा प्रेम गर्नुभयो ? | १ यूहन्ना ४:८ " प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ ।" |
| ७. | रोमी ५:६ पढ़नुहोस् । ख्रीष्टले हामीलाई कहिले, कस्तो अवस्थामा प्रेम गर्नुभयो ? | रोमी ५:६ किनभने हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा भन्नुभयो । |
| ८. | रोमी ५:८ पढ़नुहोस् । परमेश्वरले हामीलाई कस्तो अवस्थामा प्रेम गर्नुभयो ? | रोमी ५:८ ' तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा लागि मर्नुभयो ।' |
| ९. | रोमी ५:१० पढ़नुहोस् । परमेश्वरले हामीलाई कस्तो अवस्थामा प्रेम गर्नुभयो ? | रोमी ५:१० " किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रा मिलाप भएको थियो भने, झन बढ़ी अब उहाँसगै मिलाप भएको हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं । |
| १०. | यदि तपाईंले येशू ख्रीष्टलाई पाप क्षमा माँग्नु भयो, उद्धारकर्ता, परमेश्वर भनी विश्वास गर्नुभयो । मेरो पापकोलागि बलिदान हुनुभयो भनी विश्वास गर्नुभयो । तब परमेश्वरले उहाँको साँचो स्वभाव दया र अनुग्रह तपाईंलाई देखाउनुहुन्छ ? | |

# उत्तर–व्याख्या

१. प्रश्न : रोमी ५:१३ पढ़नुहोस् । यो शब्द "लेखा" भन्नाले के बुझिन्छ ?
उत्तर : आफ्नो हिसाबको जिम्मावारी लिनु ।

२. प्रश्न : रोमी ७:७ पढ़नुहोस् । व्यवस्थाको उद्देश्य के हो ?
उत्तर : पापलाई जान्नु चिनाउनु नै व्यवस्थाको उद्देश्य हो ।

३. प्रश्न : गलाती ३:२४ पढ़नुहोस् । यो पदानुसार व्यवस्थाको उद्देश्य के हो ?
उत्तर : मानवजातिलाई उद्धारकर्ता तथा येशू ख्रीष्टको खाँचो बारेमा देखाउनु हो ।

४. प्रश्न : यूहन्ना ८:१–११ पढ़नुहोस् । व्यभिचारमा पक्राउ परेकी स्त्रीसंग येशूले कसरी व्यवहार गर्नुभयो ?
उत्तर : येशूले दया र अनुग्रहले व्यवहार गर्नुभयो ।

५. प्रश्न : यूहन्ना ३:३४ पढ़नोस् । के येशूका वचनहरू र कार्यहरूले परमेश्वरको साँचो स्वभावलाई झल्काउँछ ?
उत्तर : ज्यू ।

६. प्रश्न : १ यूहन्ना ४:८ पढ़नुहोस् । ख्रीष्टले हामीलाई कहिले, कस्तो अवस्थामा प्रेम गर्नुभयो ?
उत्तर : प्रेम ।

७. प्रश्न : रोमी ५:६ पढ़नुहोस् । ख्रीष्टले हामीलाई कहिले, कस्तो अवस्थामा प्रेम गर्नुभयो ?
उत्तर : हामीहरू दुर्बल, असाहय तथा ईश्वरहीन हुदाँ उहाँले प्रेम गर्नुभयो ।

८. प्रश्न : रोमी ५:८ पढ़नुहोस् । परमेश्वरले हामीलाई कस्तो अवस्थामा प्रेम गर्नुभयो ?
उत्तर : जब हामी पापीहरू थियौ ।

९. प्रश्न : रोमी ५:१० पढ़नुहोस् । परमेश्वरले हामीलाई कस्तो अवस्थामा प्रेम गर्नुभयो ?
उत्तर : जब हामी शत्रु थियौं ।

१०. प्रश्न : यदि तपाईंले येशू ख्रीष्टलाई पाप क्षमा माँग्नु भयो, उद्धारकर्ता, परमेश्वर भनी विश्वास गर्नुभयो । मेरो पापकोलागि बलिदान हुनुभयो भनी विश्वास गर्नुभयो । तब परमेश्वरले उहाँको साँचो स्वभाव दया र अनुग्रह तपाईंलाई देखाउनुहुन्छ ?
उत्तर : ज्यू ।

# स्तर – १

# पाठ – ६

# पश्चताप

## डोन क्रो

केही मानिसहरूले पश्चतापको विषयमा गल्ती अर्थ लगाएका छन् । पश्चताप भनेको पूर्णता होइन तर लक्ष्यलाई परिवर्तन गर्नु हो । हामीहरूले उडाउ पुत्र –को दृष्टान्तलाई चर्चा गरौं । यहाँ ख्रीष्ट प्रभुले, एकजना व्यक्तिले कसरी पश्चताप भनेको पूर्णता होइन तर लक्ष्यलाई परिर्वतन गर्नु हो । हामीहरूले उडाउ पुत्र – को दृष्टान्तलाई चर्चा गरौं । यहाँ ख्रीष्ट प्रभुले एकजना व्यक्तिले कसरी पश्चताप गरेको अर्थलाई बताउँछ । लूका १५:११–१२ मा प्रभुले भन्नुभयो कुनै मानिसका दुइ छोरा थिए । कान्छा चाँहिले बाबुलाई भन्यो, ‘ पिताज्यू मेरा भागमा पर्ने धन–सम्पत्तिको हिस्सा मलाई दिनुहोस् । तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई बाँड़िदिए ।’

कान्छो छोराले आफ्नो बाबुको मृत्युभन्दा अघि नै आफ्नो धनसम्पत्तिको हिस्सा चाहेको थियो । यो पूर्णरूपले अस्वाभाविक थियो । उनको पिताले छोराको निवेदनलाई स्वीकार गर्‍यो, तिनीहरूको सम्पत्ति दियो । पद १३ मा छ “ अनि थोरै दिनमा कान्छो छोराले सबै धन–सम्पत्ति बटुलेर टाढ़ा देशमा गइहाल्यो औ त्यहाँ मोज–मजाका आफ्नो सम्पत्ति उड़ायो । कान्छा छोराले आफ्ना हिस्सामा पर्ने सबै सम्पत्तिहरू लिएर टाढ़ा देशमा गयो । तिनले त्यहाँ मोज–मजामा आफ्ना सम्पत्ति उड़ायो । अर्को अनुवादमा छ, ‘ तिनले सबै धन–सम्पत्तिहरू सामाजिक–उत्सव र वेश्याहरूलाई खर्च गर्‍यो ।

पद १४–१५ मा छ, “ तर त्यसले सबै खर्च गरिसकेपछि त्यस देशभरि ठूलो अनिकाल पर्‍यो, र त्यसलाई खाँचो पर्न लाग्यो । औ त्यो गएर त्यस देशका निवासीहरूमध्ये एउटाकहाँ टाँसियो, औ उसले त्यसलाई आफ्नो खेतमा सुङ्गुर चराउन पठायो । औ सुङ्गुरहरूले खाने गरेका कोसाहरूले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, औ कसैले त्यसलाई केही दिंदैन थियो । उसले त्यस देशमा एकजना मान्छेकहाँ काम पायो । उसले त्यसलाई खेतमा सुङ्गुर चराउन पठायो । पद १६ मा छ, ‘ औ सुङ्गुंरहरूले खाने गरेका कोसाहरूले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, औ कसैले त्यसलाई केही दिंदैन थियो । यस्तै तिनले भोकाएको बेलामा तिनले भन्यो – मलाई केवल सुङ्गुरको कोसा देऊ... । तर कसैले केही पनि तिनलाई दिएन । उनले आफ्नो हिस्साहरू सबै उड़ाइसकेको थियो । पद १७ मा छ ‘ अब त्यसको होश खुलेपछि त्यसले भन्यो, ‘मेरा बाबुका कति ज्यालादारी चाकरहरूलाई खानेकुरा प्रशस्त भएर उबार्ने समेत होलान् तर मचाहिँ भोकले मरिरहेछु । म उठेर आफ्ना बाबु कहाँ जानेछु । अर्को अनुवादमा छ ‘ जब त्यसको चेत खुल्यो त्यसले भन्यो, मेरा बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ भोकले मरिरहेछु ।

उसले निर्णय गरी पश्चताप गर्‍यो । मन एवं हृदयको परिवर्तन नै पश्चताप हो । जसको कारण मानिसलाई फर्काइ अर्को दिशातिर दोहोर्‍याउँछ । पद १८–१९ मा छ, ‘ म उठेर आफ्नो बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, हे पिता, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु, अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैन । मलाई तपाईंको ज्यालादारी नोकरहरू मध्ये एउटा सरह तुल्याउनेहोस् । पिता, तपाईंको विरुद्धमा पाप गरेको छु । मैले तपाईंको धन–सम्पत्ति उजाड़ पारेको छु । मैले परमेश्वरको विरुद्धमा पाप गरेको छु । मैले परमेश्वरको विरुद्धमा पाप गरेको छु । मलाई तपाईको केवल नोकर बनाउनुहोस् । तब उ उठी आफ्नो बाबुकहाँ गयो । पश्चताप भन्नाले मानव–अवस्था, मन एवं हृदयको परिवर्तन मात्र नभएर त्यो भन्दा पनि बढ़ता हो । पश्चतापले मानिसले विश्वास गरेका विषयमा कार्य गर्न लगाउँछ । नयाँ दिशातिर फर्काएर लैजान्छ ।

हामीहरू सबै परमेश्वर पिता, हाम्रो भवन स्वर्गदेखि फर्केका थियौं । बाइबलल भन्छ " हामी सबै भेड़ा झै बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं,औ परमप्रभुले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो ।" ( यशैया ५३:६) । तर परमेश्वरको दयाले हाम्रा सबै पापहरू येशूमाथि हालिदिनुभयो ।

यो कथा पद २०–२४ मा छ,, " तर त्यो कठोर आफ्नो बाबुकहाँ गयो । एक रात मैले एकजना व्यक्तिलाई यो कथा भने । जसले यो कथालाई कहिले सुनेको थिएन । उसले त्यसबेला जान्यो, जब छोरा फर्किआयो, बाबुले उसलाई भन्यो, छोरा तिमीले के गऱ्यौ, त्यो विचार । तिमीले मेरो सबै सम्पत्ति नाश पाऱ्यौ । मैले जीवनभरि कमाएका धनहरू नष्ट गरयौं । तिमी एकजना नोकर बन । " धेरै सांसारिक बाबुहरू प्राय: रिसाउनेछन् – उनीहरूको वर्ताव यस्ता हुनेछन । तर यहाँ बाबुको वर्ताव हेर्नुहोस्, तब त्यो उठेर आफ्नो बाबुकहाँ गयो । तर त्यो अझैं टाढ़ै छँदा त्यसका बाबुले त्यसलाई देखे र तिनी दयाले भरिए औ दौडेर गई त्यसको गालामा तिनले अङ्गालो हालेर त्यसलाई चुम्मन गरे । अनि छोराले तिनलाई भन्यो, ' हे पिता मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु, म फेरि तपाईंको छोरो भनिने योग्यको छैन ।" तर बाबु चाहिँले आफ्ना दासहरूलाई भन्यो चाँडो सबैभन्दा असल ल ुगा ल्याएर यसलाई लगाइदेओ । औ त्यसको हातमा औंठी र खुट्टामा जुत्ता लगाइदेओ । " औ पालिराखेको चाहिँ बाछा ल्याएर मार, र हामी खाएर आनन्द मनाऔं, किनकि यो मेरो छोरो मरेको थियो, र फेरि बिउँत्यो, हराएको थियो र पाइयो ।, अनि तिनीहरू आनन्द मनाउन लागे । '

मैले त्यस व्यक्तिलाई एकपल्ट भने, येशूले के भन्नुभयो, ' यदि म परमेश्वर स्वर्गका पितातिर फर्केर क्षमाको लागि बिन्ती गरे पिता, मैले तपाईंको विरुद्धमा पाप गरें । म तपाईंको छोरो भनिने योग्यको छैन । उहाँले मलाई ग्रहण गर्नुहुन्छ । ' हाम्रा स्वर्गीय पिताले दया देखाउनुहुन्छ । उहाँले तपाईंलाई दास बनाउनुहुन्न । उहाँले तपाईंलाई पूर्ण छोराको रूपमा पुन: स्थापना गर्नुहुनेछ । के तपाईं फर्कनु हुन्छ ? के आज नै तपाईंका पिता परमेश्वर, आफ्नो स्वर्गको घरमा फर्कनु हुन्छ ?

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | पश्चतापको परिभाषा स्पष्ट गर्नुहोस् । | लूका १३:१–५ " त्यसै बेला कोही उहाँलाई ती गालीलीहरूका विषयमा सुनाउनलाई आए, जसका रगत पिलातसले तिनीहरूका बलिदानमा मिसाएका थिए । तब उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, ' तिनीहरूले यस्तो शासन भोगेका छन् भनेर तर गालीलीहरू अरू सबै गालीलीहरूभन्दा बढता पापी थिए भनी तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले मन फिराएनौ भने तिमीहरू त्यसै गरी नाश हुनेछौ, अथवा ती अठाह्र जना जसमाथि सिलाआमको धरहरा ढलेर तिनीहरूलाई माऱ्यो के तिमीहरू संम्झन्छौ, कि तिनीहरू सबै यरूशलेमवासीहरू मध्ये बढ़ता अपराधी थिए ? त्यसो होइन, तर म तिमीहरूलाई भन्दछु, तिमीहरूले मन फिराएनौ भने, तिमीहरू सबै त्यसैगरी नाश हुनेछौ । |
| २. | लूका १३–१–५ पढ्नुहोस् ।<br>कुनै मानिस नाश नहुनालाई उसले के गर्नुपर्छ ? | |

| | | |
|---|---|---|
| ३. | १ पत्रुस ३:९ पढ़नुहोस् ।सबै मानिसहरूप्रति परमेश्वरको इच्छा के हो ? | |
| ४. | लूका १६:१९–३१ पद पढ़नुहोस् । किन त्यस धनी मानिसले मरेकाबाट कोही एकजनालाई आफ्ना भाइहरूलाई चेताउनी दिनलाई पठाउन चाहे ? | नष्ट नहोस् तर सबैजनाले पश्चताप गरून् भन्ने इच्छा गरेर प्रभुले तिमीहरूतर्फ धीरज देखाउनु भएको छ । ( २ पत्रुस ३:९ ) |
| ५. | लूका १६:३० पद पढ्नुहोस् । ती भाइहरूले नरकको कष्टबाट बाँच्नलाई के गर्नुपर्छ ? | |

**प्रश्नहरूमा बाइबलीय पदको प्रयोग — लूका १६:१९.३१**

' एउटा धनी मानिस थियो, त्यो बैजनी रङ्को लुगा र मिहिन मलमलको वस्त्र लगाएर दिनहुँ मोजमजामा बस्तथियो । (२०) औ लाजरस नाउँको घावैघाव भएको कुनै एउटा माग्नेलाई उसको ढोकामा ल्याएर राखिदिन्थे । (२१) औ धनी मानिसको टेबलबाट झरेको टुक्रा–टुक्रीले सन्तुष्ट हुने इच्छा त्यसले गर्थ्यो । औ कुकुरहरूले पनि आएर त्यसका घाउहरू चाटता थिए । (२२) त्यो माग्ने मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई बोकेर अब्राहामको काखमा राखे, औ त्यो धनी मानिस पनि मऱ्यो, र गाड़ियो । (२३) नरलोकमा कष्टमा उसले नजर उठाएर हेऱ्यो, र टाढ़ामा अब्राहामलाई र उनको काखमा लाजरसलाई देख्यो । (२४) अनि उनले कराएर भन्यो, ' हे पिता अब्राहाम, ममाथि दया गरेर, लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा कष्ट पाइरहेछु । (२५) तर अब्राहामले भने, ' ए छोरो सम्झ, तिमीले आफ्नो जीवनकालमा असल असल कुराहरू पायो, र त्यसैगरी लाजरसले खराब कुराहरू, तर अब त्यो यहाँ आराममा छ, र तिमी चाहिँ कष्टमा छौ । (२६) औ यी सबै कुरा बाहेक यहाँबाट तिमीकहाँ पारि जान खोज्नेहरू जान नसकून र त्यहाँबाट यहाँ हामीकहाँ वारि आउन पनि नसकून भनेर हामीहरू र तिमीहरूको बीचमा एउटा ठूलो खाँद रहेको छ । (२७) अनि उसले भन्यो, यसकारण पिता, म तपाईंलाई बिन्ती गर्दछु, तपाईंले त्यसलाई मेरो बाबुको घरमा पठाइदिनोस्, (२८) किनभने मेरा पाँच भाइ छन्, औ त्यसले तिनीहरूलाई देओस्, र तिनीहरू यस कष्टको ठाउँमा, नआउन् ।' (२९) तर अब्राहामले भने, 'तिनीहरूका साथमा मोशा र अंगमवक्ताहरूका पुस्तक छन् । तिनीहरूले ती सुनून । तर उसले भन्यो, (३०) ' होइन, पिता अब्राहाम तर मरेकाबाट कोही एकजना तिनीहरू कहाँ गयो भनेता तिनीहरूले पश्चताप गर्नेछन् ।' (३१) तर उनले त्यसलाई भने ' मोशा र अगमवक्ताहरूलाई तिनीहरूले सुन्दैनन् भनेता मरेकाहरूबाट कोही उठेकोले पनि तिनीहरूलाई मनाउन सक्दैनन् ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| ६. | प्रेरित २६:१८ पढ़नुहोस् । यद्धपि विशेषत पश्चतापको बारेमा बताउँदैन । पश्चताप गर्नेहरूमाझ के घटना हुनेछन् ? | प्रेरित २६:१८ " तिनीहरूका आँखा उघार्नलाई र तिनीहरूलाई अन्धकारबाट ज्योतितर्फ र शैतानको शक्तिबाट परमेश्वरतिर फिराउनलाई कि पापमोचन र ममाथिका विश्वासद्वारा पवित्र भएका मध्येले पाउने अधिकार तिनीहरूले पनि पाऊन् ।" |
| ७. | प्रेरित २६:२० पढ़नुहोस् । यो पदको अन्तिम भाग अन्यजातिले तीनवटा कुरा अवश्यै गर्नु पर्दछ । ती तीनवटा कुराहरू के के हुन् ? | प्रेरित २६:२० " तर पहिले दमीशकमा, औ यरूशलेममा, र यहूदियामा सारा देशभरि रहनेहरूलाई र अन्यजातिहरूलाई समेत, पश्चताप गरेर |

| | | |
|---|---|---|
| | | परमेश्वरतिर फर्क, र पश्चताप योग्यको काम गर भनेर प्रचार गर । ” |
| ८. | मत्ती ७:२१–२३ पढ्नुहोस् । परमेश्वरको इच्छा विपरीत कार्यहरू गर्ने व्यक्तिहरूलाई येशूले के भन्नुभयो ? | मत्ती ७:२१–२३ “ मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा पस्न पाउनेछैन । तर त्यो जसले स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्दछ । त्यो दिन धेरैले मलाई भन्नेछन् “ हे प्रभु के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं र तपाईंको नाउँमा सामर्थ्यको काम गरेनौं र ? अनि म तिनीहरूलाई, खुल्लम खुल्ला भन्नेछु, ‘ मैले तिमीहरूलाई कहिले चिनेको छैन । ए अधम काम गर्ने हो, मबाट दूर होओ ।” |
| ९. | सत्य पश्चतापको खाँचो बनाम परमेश्वरप्रति मुखको सेवाले तपाईंलाई के देखाउँछ ? | |
| १०. | यशैया ५५:७ पढ्नुहोस्, ‘ दुष्टहरूले के गर्नु आवश्यक छ ? | यशैया ५५:७ “दुष्टहरूले आफ्नो बाटो र अधर्मीहरूले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् ।” |
| ११. | अधर्मीहरूले दुइ कुराहरू के के गर्नुपर्छ ? | |
| १२ | ती व्यक्तिहरू जसले माथिका विषयहरू पालन गर्छन् । उनीहरूलाई परमेश्वरले के गर्नु हुन्छ ? | |
| १३ | लूका १५:७ पढ्नुहोस् । जब एक पापीले पश्चताप गर्छन्, तब स्वर्गको प्रतिक्रिया कस्तो हुन्छ ? | लूका १५:७ “ म तिमीहरूलाई भन्दछु, ‘ यसरी पश्चताप गर्न नपर्ने उनान्सय धार्मिक जनप्रति भन्दा पश्चताप गर्ने एक जना पापीप्रति स्वर्गमा आनन्द हुनेछ ।’ |
| १४. | प्रेरित ३:१९ पढ्नुहोस । जब तपाई पश्चताप गरी परिवर्तन हुनुहुन्छ ? तपाईका पापहरू के हुन्छ ? | प्रेरित ३:१९ “ यसकारण पश्चताप गर्नुहोस र फर्कनुहोस् र तपाईंहरूका पाप मेटियोस् औ प्रभुका उपस्थितिबाट आरामको समय आओस् । ” |

## उत्तर–व्याख्या

१. प्रश्न : पश्चतापको परिभाषा स्पष्ट गर्नुहोस् ।

उत्तर : क. यो नयाँ समर्पणलाई लिनु ।

ख. मनको परिवर्तन हुनु ।

ग. हृदयको परिवर्तन हुनु जसको परिणाम पुरानो बाटाहरूबाट फर्की परमेश्वरको बाटाहरूतिर लाग्नु ।

घ. लक्ष्यको परिवर्तन–तर सिद्धता होइन ।

ङ. निर्णय लिनु – जसले जीवनको पूर्ण लक्ष्यको परिवर्तन ।

च. ख्रीष्ट येशूद्वारा मान्छेको परमेश्वरतिर परिवर्तन ।

२. प्रश्न : लूका १३:१–५ पढनुहोस् ।

कुनै मानिस नाश नहुनालाई उसले के गर्नुपर्छ?

उत्तर : पश्चताप ।

३. प्रश्न : १ पत्रुस ३:९ पढ़नुहोस् ।
सबै मानिसहरूप्रति परमेश्वरको इच्छा के छ ?
उत्तर : सबै मानिसहरूले पश्चताप गरून ।

४. प्रश्न : लूका १६:१९—३१ पद पढ़नुहोस् ।
किन त्यस धनी मानिसले मरेकाबाट कोही एकजनालाई आफ्ना भाइहरूलाई चेताउनी दिनलाई पठाउन चाहे ?
उत्तर : कारण तिनीहरू त्यो कष्टको ठाउँमा आउनदेखि बाँचुन ।

५. प्रश्न : लूका १६:३० पद पढनुहोस् । ती भाइहरूले नरकको कष्टबाट बाँच्नलाई के गर्नुपर्छ ?
उत्तर : तिनीहरूले पश्चताप गर्नुपर्छ ।

६. प्रश्न : प्रेरित २६:२८ पढ़नुहोस् । यद्धपि विशेषत: पश्चतापको बारेमा बताउँदैन । पश्चताप गर्नेहरूमाझ के घटना हुनेछन् ?
उत्तर : क. उनीहरूका आँखाहरू खोलिनेछन् ।
ख अन्धकारदेखि ज्योतितिर फर्कनेछन् ।
ग. शैतानको शक्तिदेखि परमेश्वरको शक्तिमा फर्कनेछन् ।
घ. पापहरूका क्षमा पाउनेछन् ।
ङ. उत्तराधिकार प्राप्त गर्नेछन् ।

७. प्रश्न : प्रेरित २६:२० पढ़नुहोस् । यो पदको अन्तिम भाग अन्यजातिले तीनवटा कुरा अवश्यै गर्नु पर्दछ । ती तीनवटा कुराहरू के के हुन् ?
उत्तर : १. पश्चताप ।
२. परमेश्वरतिर फर्कनु ।
३. तिनीहरूको कार्यहरूबाट पश्चतापको प्रमाण ।

८. प्रश्न : मत्ती ७:२१—२३ पढ़नुहोस्। परमेश्वरको इच्छा विपरीत कार्यहरू गर्ने व्यक्तिहरूलाई येशूले के भन्नुभयो ?
उत्तर : दुष्टता एवं नियमहीनता ।

९. प्रश्न : सत्य पश्चतापको खाँचो बनाम परमेश्वरप्रति मुखको सेवाले तपाईंलाई के देखाउछ ?
उत्तर : मुखको सेवाले होइन, उद्धार चाहिँ हृदयबाट हुनुपर्छ ।

१०. प्रश्न : यशैया ५५:७ पढ़नुहोस्, ‘ दुष्टहरूले के गर्नु आवश्यक छ ?
उत्तर : तिनीहरूको बाटोलाई त्याग्नुपर्छ ।

११. प्रश्न : अधर्मीहरूले दुइ कुराहरू के के गर्नुपर्छ ?
उत्तर : तिनीहरूले आफ्ना विचारहरू त्याग्नुपर्छ, अनि परमेश्वरतिर फर्कनु पर्छ ।

१२. प्रश्न : ती व्यक्तिहरू जसले माथिका विषयहरू पालन गर्छन् । उनीहरूलाई परमेश्वरले के गर्नु हुन्छ ?
उत्तर : तिनीहरूले दया र प्रशस्त मात्रामा क्षमा पाउँनेछन् ।

१३. प्रश्न : लूका १५:७ पढ़नुहोस् । जब एक पापीले पश्चताप गर्छन्, तब स्वर्गको प्रतिक्रिया कस्तो हुन्छ ?
उत्तर : स्वर्गमा आनन्द हुनेछ ।

१४. प्रश्न : प्रेरित ३:१९ पढ़नुहोस् । जब तपाईं पश्चताप गरी परिवर्तन हुनुहुन्छ ? तपाईंका पापहरू के हुन्छ ?
उत्तर : मेरा पापहरू पखालिनेछ ।

# स्तर – १
# पाठ – ७
# समर्पण
## डोन क्रो

**लूका १४:२५–२६ " अब ठूला ठूला भीड़हरू उहाँसित गइरहेका थिए, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो, कोही मकहाँ आएर आफ्ना बाबु–आमा, स्वास्नी प्राणलाई समेत अप्रिय मान्दैन भनेता त्यो मेरा चेला हुनसक्दैन ।**

" अब ठूला ठूला भीडहरू उहाँसित गइरहेका थिए, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो । ( लूका १४:२५) त्यो बेलाको समयमा येशू प्रभुको समयमा धेरै मानिसहरूले येशूलाई पछयाउँथे । अग्रेजी भाषामा यसको स्पष्ट अर्थ छैन । तर ग्रीक भाषामा यसलाई अपूर्ण भूतकालको अर्थ दिन्छ ।" त्यो बेलाको समयमा बताउँछ । ती भीड़हरूले लगातार तथा घरिघरि पछ्याइरहन्थे । सम्भवत: उहाँका अचम्भका कार्यहरूका कारण, उनीहरूलाई खानाहरू खुवाएका कारण उहाँलाई पछयाएका थिए । तर पनि उहाँलाई धेरै मानिसका भीड़हरूले पछ्याउँथे । त्यो बेलाको समयमा येशूले विचार गरेर नै कति विषयहरू भन्नुभयो, यसैले कतिजनालाई आघात परे । धेरैजना फर्की उहाँलाई पछ्याउन छोड़े ।

" कोही म कहाँ आएर ( यसको अर्थ हुन्छ – मसँग जान चाहन्छ भने, मसँग सहयोगी हुन चाहन्छ भने, मलाई पछयाउन चाहन्छ भने – यी कुराको आवश्यकता हुन्छ ।) आफ्ना बाबु–आमा, स्वास्नी, बालबच्चा, दाज्यू–भाइ, दिदी–बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत 'अप्रिय' मान्दैन भनेता, त्यो मेरा चेला हुनसक्दैन । ( लूका १४:२६) । जब म त्यो पदमा हेर्छु, म संझन्छु – यो अप्रिय भन्ने शब्दको वास्तविक अर्थ के हो? यसको संभवत: कुनै कुरालाई कम्ति प्रेम गर्नु नै अर्थ हो । मैले अध्ययन गर्न शुरू गरें । तथापि मैले 'तुच्छ' भन्ने शब्दको अर्थ पत्ता लगाएर येशू प्रभुले यो पदलाई बुझाउन दृढ़ शब्दहरू प्रयोग गर्नुभयो ।

येशूले भन्नुभयो जबसम्म तिमीले आफ्नो आमा–बाबु, बहिनी–भाइ, भाइ–दाज्यू तथा आफ्नो जीवनलाई तुच्छ ठान्दैनौ, तिमी चेला हुनसक्दैनौ । म तपाईंलाई केही प्रश्न गर्नेछु, ' तपाईंको सबैभन्दा संसारभरिमा नजीकको सम्बन्ध कोसित छ ? तपाईंका आमा–बाबु तपाईंको पति–पत्नी नानीहरू ? यदि तपाईंकी स्वास्नीले तपाईंको विरुद्धमा उठी विहे–विच्छेद गरिन् तथा तपाईंका माता–पिताको मृत्यु भए के हुनेछ ? तब तपाईंको साहारा को हुनेछ ? तपाईंका भाइ बहिनीहरू हुनेछन् । तर येशूले भन्नुभएको छ – यदि तपाईंले तिनीहरूलाई तुच्छ ठान्नुहुन्छ भने । तपाईं उहाँको चेला हुनसक्नु हुनेछैन । उहाँले यो के भन्नुभएको हो ?

आजसम्म नभएको हाम्रो उहाँसँगको नजीकको सम्बन्धलाई येशूले भन्न चाहनुहुन्छ । हामीबाट उहाँ समर्पण चाहनुहुन्छ । उहाँ शुरूमै अटल हुनुहुन्छ । उहाँ तपाईंको जीवनमा प्रथम भएको चाहनुहुन्छ । उहाँ तपाईंसँगको घनिष्ठ सम्बन्धलाई तपाईको संसारसँगको नजीकको सम्बन्धसँग तुलना गर्न चाहनुहुन्छ । संसारका सबै वस्तुहरू भन्दा मेरो घनिष्ठता नै मुख्य हो । प्रभुले यही चाहनुहुन्छ । एकजना व्यक्ति छ, जसलाई तपाईंले आफ्नी स्वास्नी, नानीहरू, आमा–बाबु दाज्यू–भाइ, बहिनीहरूभन्दा बढ़ता प्रेम गर्नुहुन्छ । तपाईं त्यो व्यक्ति चिन्नु हुन्छ ? त्यो व्यक्ति परमेश्वर हुनुहुन्न । तर तपाईं स्वंय हुनुहुन्छ । तपाईंले नजीकका घनिष्ठ व्यक्तिहरूभन्दा धेरै आफैलाई प्रेम गर्नुहुन्छ ।

विवाहहरू किन विच्छेद हुन्छ ? विवाहहरू किन टुक्रिन्छ ? कारण हो तिनीहरूले आफ्ना स्वास्नी, पतिलाई भन्दा आफैलाई धेरै प्रेम गर्छन् । मैले चाहेझै तिमीले गरेनौ । तिमीबाट म छुटकारा चाहन्छु ।

येशूले भन्नुभएको छ– तिम्रो स्वार्थी जीवनभन्दा माथि तिमीसँग घनिष्ठता चाहन्छु । यो साँचो चेलापन हो । उहाँले मूल्यहीन चेलापनको बारेमा बताउनुभएको छैन। हामीलाई उहाँलाई पछ्याउनलाई भन्नुभएको छ । उहाँ हाम्रा जीवनहरूमा प्रथम स्थान भएको चाहनुहुन्छ ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | लूका ९:५७–६२ पढ्नुहोस्<br>यो पदले ख्रीष्टलाई पछयाउनमा कुन स्तरको समर्पण सिकाउँछ ? | लूका ९:५७–६२<br>“ उहाँहरू बाटोमा जादै गर्नु हुदाँ एउटा मानिसले उहाँलाई भन्यो, ‘ हे प्रभु तपाईं जता जानुहुन्छ, म तपाईंको पछि लाग्नेछु ।’ तब येशूले त्यसलाई भन्नुभयो, ‘ स्यालहरूका दुला छन् र आकाशका चराचुरूङ्गीहरूका गुँड, तर मानिसको पुत्रको त शिर राख्ने ठाउँ पनि छैन ।”<br>उहाँले अर्कालाई भन्नुभयो, “ मेरो पछि लाग । तर त्यसले भन्यो, “ पहिले मेरो बाबुलाई गाड्न जान दिनुहोस् ।”<br>उहाँले त्यसलाई भन्नुभयो “ मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर परमेश्वरको राज्यमा सुसमाचार प्रचार गर ।”<br>अर्काले पनि भन्यो, “ प्रभु म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई विदा लिन दिनुहोस् ।<br>तर येशूले त्यसलाई भन्नुभयो, “ आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यको योग्यको हुँदैन । |
| २. | लूका ८:१३–१४ पढ्नुहोस्<br>किन कतिपय मानिसहरूले प्रभुलाई पछयाउनमा असफल भए तथा ईसाई विश्वासबाट पतित भए ? | लूका ८:१३–१४ “ ढुङ्गेनी जमीनमा पर्नेहरू चाहिँ तिनीहरू हुन्, जसले वचन सुनेर खुशीसाथ त्यो ग्रहण गर्छन् । तर तिनको जरा हुँदैन । र केही समयको लागि तिनीहरूले विश्वास गर्छन्, तर परीक्षाको बेलामा तिनीहरूको पतन हुन्छ ।<br>काँढ़ाहरूका बीचमा पर्ने चाहिँ तिनीहरू हुन जसले सुन्छन्, तर पछि यस जीवनका चिन्ता, धन, सुख–चैनमा परेर बढ्न पाउँदैनन् र तिनका फल पाक्न पाउँदैनन् । |
| ३. | इजकिएल १५:८ पढ्नुहोस् । परमेश्वरले एक विवाहको दृष्टान्तबाट आफ्ना मानिसहरूका सम्बन्ध परमेश्वरसँग देखाउनु भएको छ । कसको प्रभुत्वमा यो सम्बन्ध एक हुन्छ ? | इजकिएल १५:८ ‘त्यसपछि म तेरो छेउबाट भएर जाँदा मैले तँलाई प्रेम गर्ने अवस्थामा पुगेकी देखें। तब मैले मेरो वस्त्रको छेउ तँमाथि ओढ़ाएर तेरो नग्नता ढाकिदिएँ । मैले तँसित बाचा बाँधे र करार पनि गरे,र तँ मेरो भइस्, परमप्रभु परमेश्वर भन्नुहुन्छ।” |

| | | |
|---|---|---|
| ४. | १ कोरिन्थी ६:१९ पढ्नुहोस्। तिमीहरू कसका हौ? | १ कोरिन्थी ६:१९ "तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ । र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरू स्वयंम आफ्नै होइनौं ? " |
| ५. | १ कोरिन्थी ६:२० पढ्नुहोस् । तिम्रो शरीर र आत्मा कसको हो ? | १ कोरिन्थी ६:२० " तिमीहरू मोल तिरेर किनिएका हौं । यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर । " |
| ६. | याकूब ४:४ पढ्नुहोस् । तपाईले परमेश्वरको विरूद्धमा आत्मिक व्यभिचार गर्नुहुन्छ ? | याकूब ४:४ " व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन ? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ, त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ ।" |
| ७. | रोमी १:२५ अनुसार परमेश्वरको दृष्टिमा आत्मिक–व्यभिचार कसरी गठन हुन्छ ? | रोमी १:२५ " किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसंग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरू सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे । " |
| ८. | यूहन्ना २:२३–२५ पद अनुसार हामीहरूले समर्पण र विश्वास बारेमा के सिक्न सक्छौ ? | यूहन्ना २:२३–२५ " जब उहाँ निस्तार चाड्को भोजको बेला यरूशलेममा हुनुहुन्थ्यो तब उहाँले गर्नुभएको चिन्हहरू देखेर धेरैले उहाँको नाउँमा विश्वास गरे । तर येशूले आफैलाई तिनीहरूका भरमा छोड्नु भएन, किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो । उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसका हृदयमा के हुन्छ, सो उहाँ स्वंयम जान्नुहुन्थ्यो । " |
| ९. | लूका १४:२८–३० पद पढ्नुहोस् ।<br>ख्रीष्टलाई पछयाउँदा तपाईंले मूल्य चुकाउनु भएको छ ? के तपाईंले उहाँलाई पछयाउंन चाहनुहुन्छ ? | लूका १४:२८–३० " तिमीहरू मध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्धयाउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र ! नत्र भने त्यसले जग बसालेपछि सिद्धाउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, यस मानिसले बनाउन त थाल्यो तर सिद्धयाउन सकेन ।" |

# उत्तर–व्याख्या

१. प्रश्न : लूका ९:५७–६२ यो पदले ख्रीष्टलाई पछयाउनमा कुन स्तरको समर्पण सिकाउँछ ?
उत्तर : पूर्ण समर्पण ।

२. प्रश्न : लूका ८:१३–१४ पढ्नुहोस् । किन कतिपय मानिसहरूले प्रभुलाई पछयाउनमा असफल भए तथा ईसाई विश्वासबाट पतित भए ?

उत्तर : तिनीहरू परमेश्वरको वचनमा कहिल्यै जरा हालेनन् । जीवनका चिन्ता धन–दौलत संसारका सुख–चैनले तिनीहरूलाई अलग गराए ।

३. प्रश्न : इजकिएल १५:८ पढ्नुहोस् । परमेश्वरले एक विवाहको दृष्टान्तबाट आफ्ना मानिसहरूका सम्बन्ध परमेश्वरसँग देखाउनु भएको छ । कसको प्रभुत्वमा यो सम्बन्ध एक हुन्छ ?

उत्तर : परमेश्वरको ।

४. प्रश्न : १ कोरिन्थी ६:१९ पढ्नुहोस् । तिमीहरू कसका हौ ?

उत्तर : परमेश्वरको ।

५. प्रश्न : १ कोरिन्थी ६:२० पढ्नुहोस् । तिम्रो शरीर र आत्मा कसको हो ?

उत्तर : परमेश्वरको हो ।

६. प्रश्न : याकूब ४:४ पढ्नुहोस् । तपाईले परमेश्वरको विरूद्धमा आत्मिक व्यभिचार गर्नुहुन्छ ?

उत्तर : हजूर ।

७. प्रश्न : रोमी १:२५ अनुसार परमेश्वरको दृष्टिमा आत्मिक–व्यभिचार कसरी गठन हुन्छ ?

उत्तर : त्यो हृदय जो परमेश्वरदेखि तर्किएर मूर्तिहरूतिर लाग्छ । ( ती विषयहरू जो परमेश्वरभन्दा धेरै तपाईंले महत्त्व दिनुहुन्छ ।)

८. प्रश्न : यूहन्ना २:२३–२५ पद अनुसार हामीहरूले समर्पण र विश्वास बारेमा के सिक्न सक्छौ ?

उत्तर : येशूले हाम्रा सबै हृदयहरू चाहनुहुन्छ । (एकपूर्ण समर्पण) ।

९. प्रश्न : लूका १४:२८–३० पद पढ्नुहोस् । ख्रीष्टलाई पछयाउँदा तपाईंले मूल्य चुकाउनु भएको छ ? के तपाईंले उहाँलाई पछयाउंन चाहनुहुन्छ ?

# स्तर – १

# पाठ – ८

# पानीको बप्तिस्मा

## डोन क्रो

**प्रश्न** – " म तपाईंबाट जान्न चाहन्छु – यदि तपाईं स्वर्ग जानकालागि बप्तिस्मा चाहनुहुन्छ । म परमेश्वरलाई प्रेम गर्छु । मेरो सात वर्षको उमेर हुदाँ मैले बप्तिस्मा लिए । अहिले म अठार वर्षको छु । कतिपय अ–सम्प्रदायिक मण्डलीकाले मलाई भने, यो सानो उमेरमा उ बाँचेको हुँदैन अनि बप्तिस्मा लिन हुँदैन । उनीहरूले अझै मलाई भने तिमी स्वर्ग जानकोलागि बप्तिस्मा लिनुपर्छ । तर मेरा बेप्तिष्ट परिवारले इन्कार गरे । म केवल जान चाहन्छु । म जतिसक्दो प्रत्येक क्षण परमेश्वरकोलागि जिउँछु । म यो जान्न चाहन्छु कि मेरो यस उमेरमा फेरि बप्तिस्मा लिन चाहन्छु । मलाई, आशाप सहायता गर । परमेश्वरले आशीष देउन् – धन्यवाद ।"

**प्रतिक्रिया** – ख्रीष्ट येशूमा विश्वास गर्नाले मुक्ति र पापबाट छुटकारा नि:शुल्क पाइने एउटा वरदान हो । प्रेरित १०:४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन् कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप–क्षमा पाउँछ । ( प्रेरित १०:४३) मुक्ति विश्वासबाट आउँछ । विश्वासबाट उद्धार आउँछ, यो विश्वास परमेश्वरमा येशूमा भरोसा र आस्था राख्नु हो, येशूले तपाईंलाई उहाँको समक्ष ठीक उभिनलाई रगत बहाउनुभयो । प्रेरित १०:४४–४८ अनुसार पवित्र आत्मा विश्वासीहरूलाई ( उनीहरूका मुक्तिको पुष्टि गर्नलाई) बप्तिस्मा लिनुभन्दा अघि नै दिनुभयो ।

यद्धपि यो सत्य हो कि कतिपय समयमा बप्तिस्मा हुँदा पापका क्षमाहरू पनि हुन्छ । ( प्रेरित २:३८) । यसैकारणले बप्तिस्मा कार्य, विश्वासको प्रकटीकरण हो, जुन बेलामा त्यस व्यक्तिले पश्चताप तथा विश्वास गरी येशूमा फर्कन्छ । ' विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ । तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।' (मर्कूस १६:१६) यो पनि भनिन्छ– शुद्ध विवेकका लागि परमेश्वरको बाटोतिर जानु हो । (प्रेरित २२:१६, १ पत्रुस ३:२१) ।

यदि तपाईं सात वर्षको उमेरमा नै साँचो रूपमा येशूतिर फर्कनु भयो अनि बप्तिस्मा लिनुभयो भने, परमेश्वरले तपाईंको बाल्यपनको विश्वासलाई उहाँले ग्रहण गर्नुहुन्छ । बप्तिस्माले केही चाँहदैन, मांग्दैन । यसले पश्चताप चाहन्छ । के तपाईंको हृदय, मनको बदलाव भएको छ ? जसको परिणाममा पापबाट फर्की प्रभु र उहाँको क्षमातिर फर्किनु हो (प्रेरित २:३८,२०–२१, १७:३०) । तपाईंले येशूलाई प्रभु र मुक्तिदाता भनी विश्वासलाई प्रयोग गर्नुहुदैछ ? ( मर्कूस १६:१६, यूहन्ना ३:१६, रोमी १०:९–१०) । यदि गर्नुभएको छैन भने अहिले नै येशू प्रभुतिर फर्कनुहोस् । आफ्ना पापहरूका पश्चताप गर्नुहोस् । तपाईं उहाँको अनुग्रहतिर क्षमादानको लागि आउनुहोस् । पानीको बप्तिस्मा लिई उहाँलाई पछ्याउनेछु निर्णयलाई छाप लगाउनुहोस् ।

**येशूप्रति विश्वासको अभिव्यक्ति बप्तिस्माको कार्य हो ।** कुनै विश्वास कार्य व्यर्थ हुन्छ । मानिस जो येशूतिर फर्की उहाँलाई प्रभु र मुक्तिदाता स्वीकार गर्छ, उनीहरूले राजीखुशीले आफ्ना विश्वासलाई अभिव्यक्त गर्छ । उनीहरूले खुल्लमखुल्ला येशूलाई सबैको अगि ग्रहण गर्छ । ती व्यक्तिहरू जो येशूलाई होइन भन्छ । केही सक्रियता, केही अवधि देखाउँछ, त्यो मृत विश्वास हो । **विश्वास मुर्दातुल्य, जब मानिसहरूले अभिव्यक्त गर्न चाहँदैन ।** ( याकूब २:१८–१९) । विश्वासले मात्र बचाउँछ, तर बचाउने विश्वास एक्लो हुँदैन । यो सधैं

अभिव्यक्त गर्न चाहन्छ । बप्तिस्मा बाटो हो, त्यो विश्वासलाई अभिव्यक्त गर्दछ । **बप्तिस्माले बचाउँदैन । तर येशूले बचाउनु हुन्छ । पानीले पापहरू शुद्ध हुँदैन । तर येशूको रगतले शुद्ध हुन्छ ।** विश्वासद्वारा उहाँको रगतको प्रयोग तपाईंमा गरिन्छ । कोही समय यही विश्वास जब कुनै मानिसले बप्तिस्मा लिन्छ, त्यसबेला अभिव्यक्त हुन्छ । ( प्रेरित २२:१६) । प्रश्न यो छ — के तपाईंले पश्चताप गर्नुभएको छ ? के तपाईं उहाँमाथि (येशू) विश्वास गर्नुहुन्छ ? यदि गर्नु भएको छैन भने तपाई किन ढिलो गर्नुहुन्छ ? उठनुहोस् ! बप्तिस्मा लिनुहोस् ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | त्यो जवान मानिसले के प्रश्न गरिरहेको थियो ? | |
| २. | प्रेरित १०:४३ अनुसार हामीमा उद्धार कसरी आउँछ ? | " सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप—क्षमा पाउँछ ।" ( प्रेरित १०:४३) |
| ३. | बप्तिस्मा चाहिँ विश्वास गरेको प्रकटीकरण हो । यो उद्धारको समयमा सामान्य रूपमा देखिन्छ । प्रेरित २:३८ मा यस सत्यलाई कसरी व्यक्त गरेका छन् ? | " पत्रुसले तिनीहरूलाई भने " पश्चताप गर, र तिमीहरूका पाप—क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र—आत्माको वरदान पाउनेछौ " ( प्रेरित २:३८) |
| ४. | मर्कूस १६:१६ पदले यस सत्यलाई कसरी व्यक्त गरेका छन् ? | " विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ । तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।" ( मर्कूस १६:१६) |
| ५. | बप्तिस्मा परमेश्वरको नाउँलिने एउटा बाटो हो । प्रेरित २२:१६ ले यस सत्यलाई कसरी पुष्टि गर्छ ? | " त अब किन पर्खनुहुन्छ ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्? अनि उहाँको नाउँको पुकार गरेर आफ्नो पाप धुनुहोस् । ( प्रेरित २२:१६) |
| ६. | बप्तिस्मा परमेश्वरलाई शुद्ध विवेकको लागि पुकार गर्ने एउटा बाटो हो । १ पत्रुस ३:२१ ले यस सत्यतालाई कसरी पुष्टि गर्छ ? | १ पत्रुस ३:२१ ' यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ । यो शरीरको मैला हटाएर जस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वर तर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरूत्थानद्वारा तिमीलाई बचाउँदछ ।' ( १ पत्रुस ३:२१ ) |
| ७. | प्रेरित २:३८ अनुसारमा बप्तिस्मामा के को आवश्यकता छ ? | |
| ८. | मर्कूस १६:१६ अनुसारमा बप्तिस्मामा के को आवश्यक्ता छ ? | |
| ९. | के नानीहरूले पश्चताप गर्छन ? | |
| १०. | के नानीहरूले विश्वास गर्छन् ? | |
| ११. | प्रेरित १०:४३—४८ पढ्नुहोस् । येशूमा विश्वास गरेपछि विश्वासीहरूले अर्को कदम के उठाउनु आवश्यक छ ? | प्रेरित १०:४३—४८<br>" सबै अगमवक्ताहरूले उहाँलाई गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप—क्षमा पाउँछ । पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्रआत्मा ओर्लनुभयो । अन्यजातिहरूमाथि पनि पवित्रआत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी |

| | | |
|---|---|---|
| | | विश्वासीहरू आश्चर्य चकित भए । किनकि अन्यभाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रंशसा गरिरहेको उनीहरूले सुने । तब पत्रुसले भने हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाई गर्न सक्छ ? अनि तिनले तिनीहरूले येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिन भनी आज्ञा गरे । तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे ।' |

## उत्तर—व्याख्या

१. प्रश्न : त्यो जवान मानिसले के प्रश्न गरिरहेको थियो ?
उत्तर : यदि उ स्वर्गमा जानु छ भने बप्तिस्मा अवश्यै लिन पर्छ ।

२. प्रश्न : प्रेरित १०:४३ अनुसार हामीमा उद्धार कसरी आउँछ ?
उत्तर : यो सित्तैको वरदान हो — येशूमा जब विश्वास गर्छौं ।

३. प्रश्न : बप्तिस्मा चाहिँ विश्वास गरेको प्रकटीकरण हो । यो उद्धारको समयमा सामान्य रूपमा देखिन्छ । प्रेरित २:३८ मा यस सत्यलाई कसरी व्यक्त गरेका छन् ?
उत्तर : पत्रुसले भने— पश्चताप गर र बप्तिस्मा लेऊ ।

४. प्रश्न : मर्कूस १६:१६ पदले यस सत्यलाई कसरी व्यक्त गरेका छन् ?
उत्तर : येशूले भन्नुभएको छ — जसले विश्वासगरी बप्तिस्मा लिन्छ, उ बाँच्नेछ ।

५. प्रश्न : बप्तिस्मा परमेश्वरको नाउँलिने एउटा बाटो हो । प्रेरित २२:१६ ले यस सत्यलाई कसरी पुष्टि गर्छ ?
उत्तर : बाइबलले बताउँछ—कुनै व्यक्तिले सबै पापहरू पखालिन्छ । यो देखा पर्छ कि परमेश्वरको नाउँ मौखिक रूपमा लिइन्छ । ( लूका १८:१३) अथवा बप्तिस्माको कार्यबाट लिइन्छ । बाइबलले यसरीनै दर्शाएको छ ।

६. प्रश्न : बप्तिस्मा परमेश्वरलाई शुद्ध विवेकको लागि पुकार गर्ने एउटा बाटो हो । १ पत्रुस ३:२१ ले यस सत्यतालाई के पुष्टि गर्छ ?
उत्तर : ज्यू ।

७. प्रश्न : प्रेरित २:३८ अनुसारमा बप्तिस्मामा के को आवश्यकता छ ?
उत्तर : पश्चताप ।

८. प्रश्न : मर्कूस १६:१५ अनुसारमा बप्तिस्मामा के को आवश्यक्ता छ ?
उत्तर : व्यक्तिले अवश्यै पश्चताप गर्नुपर्छ ।

९. प्रश्न : के नानीहरूले पश्चताप गर्छन ?
   उत्तर : गर्दैन् ।

१०. प्रश्न : के नानीहरूले विश्वास गर्छन् ?
   उत्तर : गर्दैन् ।

११. प्रश्न : प्रेरित १०:४३–४८ पढ़नुहोस् । येशूमा विश्वास गरेपछि विश्वासीहरूले अर्को कदम के उठाउनु आवश्यक छ ?
   उत्तर : पानीको बप्तिस्मा लिनु आवश्यक छ ।

# स्तर – १

# पाठ – ९

# ख्रीष्टमा पहिचान – भाग १

## एन्ड्रू वॉमक

२ कोरिन्थी ५:१७ मा छ “ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिसकेको छ, हेर नयाँ आएको छ । ” “ख्रीष्टमा छ” भन्ने शब्दहरू नयाँ नियम बाइबलमा तीन सय पल्ट प्रयोग भएको छ । जसले सदैव मुख्य परमेश्वरसंगको सम्बन्धलाई बुझाउँछ । यो एकपल्ट भए तपाईं परमेश्वरमा नयाँ सृष्टि हुनुहुन्छ । कतिपय अनुवादहरूमा निश्चय नै एक नयाँ सृष्टि भनिएको छ ।

यस विषयमा कतिपय आलोचनाहरू छ । म विश्वास गर्छु कि तपाईंमा सकारात्मक रूपमा ख्रीष्टमा नयाँ एकता छ भन्ने विचार छ । यसले शारीरिक विषयलाई लिंदैन । यसले तपाईंको शारीरिक विषयको चर्चा गर्दैन । तपाईं पूर्णरूपले परिवर्तन हुनुहुनेछ, तपाईंको दृष्टि परिवर्तन हुनेछ भन्ने होइन । यदि एक व्यक्तिले नयाँ जीवन पाउनभन्दा पूर्व मोटो नै थिए भने, उसले खानेकुरोलाई नियंत्रण गरेन भने उ मोटो नै हुनेछ । मैले उसको बारेमा मानसिक र भावनात्मक चर्चा गरेको होइन । कतिपय मानिसहरूले यसलाई ठीक हो भनी स्वीकार गर्छन् । यदि तपाईं नयाँ जीवन पाउनुभन्दा अघि फुर्तिलो थिएन भने तपाईंले नयाँ जीवन पाएपछि पनि तपाई फुर्तिलो हुनेछैन । तपाईंमा असंख्य त्यही संझनाहरू, त्यही विचारहरू हुनेछन् ।

यो तेस्रो अंश हो – बाइबल बमोजिम यो घटाउने विधि हो यो हाम्रो अंश हो, जसलाई हटाउनु पर्छ–त्यो हाम्रो आत्मा-मानव हो, बाइबलले दर्शाएको छ । १ थिस्सलोनिकी ५:२३ मा पावलले थिस्सलोनिकीहरूलाई लेखेको छ, “ शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून ।” यो पदले बताउँछ कि हामीमा आत्मा, प्राण र शरीर छ । शरीरका भागहरू स्पष्ट छ । यो भागहरू हामीले देख्न सक्छौं, हाम्रा बाहिरी मान्छेहरू देखिन्छ । हाम्रो त्यो भन्दा अर्को भाग छ– हाम्रा भावनाहरू, मानसिक अंश । जसलाई बाइबलले प्राण भन्छ । हामीलाई थाह छ कि कुनै मानिसले तपाईंलाई स्पर्श गरेको छैन । तर उसले सकरात्मक तथा नकरात्मक रूपमा शब्दहरूबाट तपाईंलाई स्पर्श गर्छ । अधिकांश मानिसहरू शारीरिक तथा प्राणिक अंशमा मेल भएको हुन्छ । तर बाइबलले अर्को अंश आत्माको पनि मेल भएको बताउँछ ।

आत्मा त्यो अंश हो, मुक्ति प्राप्त गरेपछि यसको परिवर्तन हुन्छ । यो जीवनदायक अंश हो । याकूब २:२६ ले बताउँछ, ‘ जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ ।’ यसैले यो देखाउँछ कि हाम्रा शारीरिक देहमा आत्माले जीवनको स्वास फुकिदिनुभएको छ । जहाँबाट हाम्रो जीवन आएको छ । उत्पत्ति २ अध्यायमा आदमको जीवन पूर्ण थियो । तर परमेश्वरले तिनलाई जीवनको स्वास फुकिदिनुभयो । पुरानो करारमा हिब्रू भाषामा साँचो अर्थ यसको पाउँछौ, जो हामीले ‘स्वास फुकिदिनु’ भनी प्रयोग गर्छौं । कतिपय ठाउँहरूमा यसलाई ‘आत्मा’ भनी अनुवाद गरिएको छ । परमेश्वरले शारीरिक देह, अनि प्राणिक देह आदमलाई बनाउनुभयो, अनि जीवनको स्वास फुकिदिनुभयो । तब तिनी जीवित प्राणी भए । आत्मा हाम्रो अंश हो, जसले जीवन दिन्छ ।

उद्धार पाउन भन्दा पनि मान्छेले आफ्नो जीवन पूर्णरूपले परमेश्वरमा समर्पण गर्न अघि, प्रभु उनको जीवनमा आउन अगि उभित्र आत्मा मृत हुन्छ ।' एफिसी २:१ मा पाइन्छ, ' तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो । हामीले नयाँ जीवन पाउन, भन्दा अघि हामी जीवित थियौं । तर 'मृत' शब्द आत्मिकरूपमा भनिएको हो । बाइबलले बताए बमोजिम 'मृत्यु' भन्नाले सबै कुरा हराएर जानु होइन, जो कतिपय मानिसहरूले आज संझेका छन् । यसको शाब्दिक अर्थ अलग हुनु हो । जब मानिसहरू शरीरमा मर्छन्, तिनीहरू हराएर जाँदैनन । तर बाइबलले बताउँछन्, तिनीहरू झट्टै परमेश्वरको समक्ष अथवा नर्कको समक्षमा जानेछन् । आत्मा र प्राण बाँचिरहनेछन्, तर शारीरिक–देहबाट अलग हुनेछन् ।

उत्पत्ति २:१७ मा वर्णन छ " तर असल र खराबको ज्ञानदिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।" यो शारीरिक मृत्युको बारेमा होइन, तर आत्मिक मृत्युको बारेमा थियो । तब तिनीहरू परमेश्वरदेखि अलग भयो । परमेश्वर, आत्माले हामीलाई स्वास फुकिदिनुभयो जसले वास्तवमा जीवन अनि प्रेरणा दिनुभयो । उ परमेश्वरको अद्धितीय जीवन, उहाँको पवित्र र पूर्णजीवनबाट अलग भयो । बाइबलले मुख्य जीवन अथवा प्रशस्तता अथवा पूर्णता बताउँछ । तर मान्छेको पतन हुनथाल्यो । उसले अहिले पनि कार्यहरू गरिरहेको छ । तर उनका कार्यप्रणालीहरू स्वतन्त्र छ, उ परमेश्वरदेखि अलग छ । यसैकारण यसका परिणामहरू हाम्रा जीवनमा समस्याहरू, भावनात्मक दबावहरू छ ।

जब मानिस परमेश्वरतिर फर्किन्छ, उसले नयाँ आत्मा अनि उ नयाँ गरी जन्मिनेछ । यो शब्दहरू येशूले यूहन्ना ३:५ मा भन्नुभएको छ । यस्तै गरी मानिस आत्मासँग प्राण र शरीरमा जन्म लिन्छ । जब उसले नयाँ जीवन पाउँछ, उसले ख्रीष्टको आत्मालाई पाउँछ । गलाती ४:६ मा छ " तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनु भयो, जसले ' हे अब्बा, पिता ! भनेर पुकार्नुहुन्छ ।' शाब्दिक अर्थमा परमेश्वरले उहाँको आत्मा हामीभित्र हालिदिनुभएको छ, अनि हामीमा नयाँ गुणको जीवन, नयाँ एकता, अनि हाम्रो आत्माहरूमा पूर्णरूपले नयाँपनको जीवन प्राप्त गरेका छौं ।

अंतमा ईसाई जीवनमा तपाईंको आत्मा मानसिक यथार्थमा सिक्नुपर्छ, जो तपाईंको आत्मामा भएको छ । यो सत्य हो कि जब तपाईंले येशूलाई मेरो प्रभु भनी स्वीकार गर्नुभयो, तब तपाईंको एक तिहाई उद्धार समाप्त भयो । तपाईंको आत्मा पूर्णरूपले परिवर्तन भएको छ । यो त्यही आत्मा अनन्तसम्म रहिरहनेछ । यहाँ प्रेम, आनन्द, शान्ति अनि पूर्णरूपले परमेश्वरको उपस्थिति हुन्छ । तपाईंको आत्मामा कुनै पनि अयोग्यता हुँदैन । तर तपाईंले यसलाई ग्रहण गर्नुहोस् । यसैले परमेश्वरको वचनको अध्ययन गर्नु आवश्यक छ । तपाई पूर्ण रूपले नयाँ व्यक्ति हुनुभयो, तर तपाईंले ज्ञान लिनुभएन भने तपाई परिवर्तन हुनुहुन्न । जब तपाईंले परमेश्वरको वचनलाई हेर्नुहुन्न, जो आत्मा र जीवन हो, तपाईंले म को हुँ भनी हेर्नुहुन्न, अनि परमेश्वरले मलाई के गर्नुभयो ? मनन गर्नुहोस् र विश्वास गर्नुहोस् । तब तपाईंले ईसाई जीवनमा विजय पाउनुहुनेछ ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १ | २ कोरिन्थी ५:१७ मा पढ्नुहोस् । यदि कोही ख्रीष्टमा छ भने तिनीहरू के हुन्छन् ? | " यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हुन्छ । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ ।" ( २ कोरिन्थी १७) |
| २. | २ कोरिन्थी ५:१७ पढ्नुहोस् । पुराना कुराहरू के हुन्छ ? | |

| | | |
|---|---|---|
| ३. | २ कोरिन्थी ५:१७ पढ्नुहोस् । के कुराहरू नयाँ हुनेछन् ? | |
| ४. | एफिसी २:१ पढ्नुहोस् । नयाँ गरी जन्मनुभन्दा पहिला तथा जीवित हुनुभन्दा अघि तपाईंको अवस्था कस्तो थियों ? | एफिसी २:१–५ " तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नु भयो । यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिक अनुसार र अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एकपल्ट चल्दैथियो । तिनी मध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पाप–स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं । तर परमेश्वर जो कृपा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो–अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ ।" |
| ५. | एफिसी २:२ पढ्नुहोस् । एक अविश्वासी भएर तपाईं कसरी हिड्नु तथा जिउनु हुन्थ्यो ? | |
| ६. | एफिसी २:३–५ पढ्नुहोस् । परमेश्वर के मा धनी हुनुहुन्छ ? | |
| ७. | एफिसी २:४ पढ्नुहोस् । परमेश्वर किन दयालु हुनुहुन्छ ? | |
| ८. | एफिसी २:५ पढ्नुहोस् । जब पापमा हामी मरेको थियौ परमेश्वरले हामीलाई के गर्नु भयो ? | |
| ९. | एफिसी २:५ पढ्नुहोस् । परमेश्वरले हामीलाई कसरी बचाउनुभयो ? | |
| १०. | १ कोरिन्थी ६:९–१० पढ्नुहोस् । यी वर्णन गरिएका कुनै सूचीसित तपाईंको सम्बन्ध छ ? | १ कोरिन्थी ६:९–११ " अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन ? धोखा नखाओ – व्यभिचारीहरू मूर्तिपूजकहरू, जारी गर्नेहरू लुच्चाहरू, पुरूषगामीहरू चोरहरू, लोभीहरू मतवालाहरू, गाली गर्नेहरू लुटाहाहरू, परमेश्वरको राज्यमा हकदार हुनेछैन । औ तिमीहरूमा कोही काही यस्तै थिए, तर प्रभु येशू ख्रीष्टको नाउँमा, र हाम्रो परमेश्वरका आत्माले तिमीहरू पखालिएका, पवित्र भएका र धर्मी ठहरिएका छौ ।" |
| ११. | १ कोरिन्थी ६:११ पढ्नुहोस् । यहाँ प्रयोग गरिएको शब्द 'कोही यस्तै थियौ' भन्नाले भूत, वर्तमान र भविष्य कुन बताउँछ ? | |
| १२. | १ कोरिन्थी ६:११ पढ्नुहोस् । जब तपाईंले नयाँ जीवन पाउनुहुन्छ, तपाईंमा तीन कुराहरू के के हुन्छ? | |

| | | |
|---|---|---|
| १३. | १ कोरिन्थी ६:११ पढ़नुहोस् । यो भूत, वर्तमान र भविष्य कुन अवस्था हो ? | |
| १४. | १ कोरिन्थी ६ : १७ पढ़नुहोस् । ‘ तर जो प्रभुसँग एक हुन्छ – एउटै हुनेछ । | १ कोरिन्थी ६:१७ ‘ तर जो प्रभुसित मिल्छ, त्यो एकै आत्माको बन्दछ ।’ |

## उत्तर–व्याख्या

१. प्रश्न : २ कोरिन्थी ५:१७ मा पढ़नुहोस् । यदि कोही ख्रीष्टमा छ भने तिनीहरू के हुन्छन् ?
उत्तर : नयाँ सृष्टि हुन्छन् ।

२. प्रश्न : २ कोरिन्थी ५:१७ पढ़नुहोस् । पुराना कुराहरू के हुन्छ ?
उत्तर : पुराना कुराहरू बितेर जानेछन् ।

३. प्रश्न : २ कोरिन्थी ५:१७ पढ़नुहोस् । के कुराहरू नयाँ हुनेछन् ?
उत्तर : सबै कुराहरू नयाँ हुनेछन् ।

४. प्रश्न : एफिसी २:१ पढ़नुहोस् । नयाँ गरी जन्मनुभन्दा पहिला तथा जीवित हुनुभन्दा अघि तपाईंको अवस्था कस्तो थियों ?
उत्तर : म आफ्ना अपराध र पापमा मरेको थिएँ ।

५. प्रश्न : एफिसी २:२ पढ़नुहोस् । एक अविश्वासी भएर तपाईं कसरी हिड़ँनु तथा जिउनु हुन्थ्यो ?
उत्तर : मैले संसारका गोरेटोहरू पछयाउँथे । म शैतानका आज्ञा मान्थे । ( अन्धकारका शक्तिहरूका प्रधान) अनि म अनाज्ञाकारिताको आत्मामा जिउँथे ।

६. प्रश्न : एफिसी २:३–५ पढ़नुहोस् । परमेश्वर केमा धनी हुनुहुन्छ ?
उत्तर : उहाँ दयामा धनी हुनुहुन्छ ।

७. प्रश्न : एफिसी २:४ पढ़नुहोस् । परमेश्वर किन दयालु हुनुहुन्छ ?
उत्तर : किनकि हामीप्रति उहाँको महान् प्रेमले गर्दा परमेश्वर दयालु हुनुहुन्छ ।

८. प्रश्न : एफिसी २:५ पढ़नुहोस् । जब पापमा हामी मरेको थियौ परमेश्वरले हामीलाई के गर्नु भयो ?
उत्तर : हामीलाई ख्रीष्टमा सजीव पार्नुभयो ।

९. प्रश्न : एफिसी २:५ पढ़नुहोस् । परमेश्वरले हामीलाई कसरी बचाउनुभयो ?
उत्तर : उहाँको अनुग्रहले बचाउनुभयां ।

१०. प्रश्न : १ कोरिन्थी ६:९–१० पढ़नुहोस् । यी वर्णन गरिएका कुनै सूचीसित तपाईंको सम्बन्ध छ ?
उत्तर : ज्यू ।

११. प्रश्न : १ कोरिन्थी ६:११ पढ़नुहोस् । यहाँ प्रयोग गरिएको शब्द कोही यस्तै थियौ भन्नाले भूत, वर्तमान र भविष्य कुन बताउँछ ?

उत्तर : भूतकाल बताउँछ ।

१२. प्रश्न : १ कोरिन्थी ६:११ पढ़नुहोस् । जब तपाईले नयाँ जीवन पाउनुहुन्छ, तपाईमा तीन कुराहरू के के हुन्छ?

उत्तर : तपाईं पखालिएको, पवित्र गरिएको, अनि परमेश्वरको अघि ग्रहणयोग्य भएको हुनुहुन्छ ।

१३. प्रश्न : १ कोरिन्थी ६:११ पढ़नुहोस् । यो भूत, वर्तमान र भविष्य कुन अवस्था हो ?

उत्तर : वर्तमान अवस्था हो ।

१४. प्रश्न : १ कोरिन्थी ६:१७ पढ़नुहोस् । ' तर जो प्रभुसँग एक हुन्छ____________ एउटै हुनेछ

उत्तर : एउटै आत्मा हुनेछ ।

## स्तर – १

## पाठ – १०

# ख्रीष्टमा पहिचान – भाग २

### एन्ड्रू वॉमक

हाम्रो पछिल्लो पाठमा नयाँ गरी जन्मनुको अर्थ के हो, हाम्रा आत्माहरू, हृदयहरू परिवर्तन हुनेछ भनी बातचीत गरयौं । हामीले २ कोरिन्थी ५:१७ पदलाई प्रयोग गरयौं– ' यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिसकेको छ, हेर नयाँ आएको छ । ' हामीहरूले देख्न शुरू गर्छौं कि जब हामी नयाँ गरी जन्मनेछौं, हाम्रा आत्माहरूमा पूर्णरूपले परिवर्तन हुनेछ । हामी जान्दछौ कि परमेश्वरको वचनबाट हाम्रा आत्माहरूको परिवर्तन हुनेछ । यसलाई हामीले बाहिर वस्तुहरूबाट ग्रहण गर्न सक्दैनौ, किनकि यसको आत्मासँग सम्पर्क छ । तर पनि आत्मा जो हाम्रो अंश हो, यसको पूर्ण परिवर्तन हुन्छ ।

यहाँ म केही बाइबलीय पदहरू प्रयोग गर्छु– जब एक व्यक्तिले उसको जीवनमा येशूलाई ग्रहण गर्छ, तब उसको जीवनमा के हुन्छ भनी देखाउन चाहन्छु । एफिसी ४:२४ मा भन्छ, ' र नयाँ मानिसलाई धारण गर, जो परमेश्वर अनुसार धार्मिकता र सत्यको पवित्रतामा सृष्टि भएको छ ।' जब मानिसले नयाँ जीवन पाउँछ, तब उसको आत्मा धार्मिक अनि साँचो रूपमा पवित्र हुन्छ । बाइबलले यथार्थ रूपमा दुइ प्रकारका धार्मिकतालाई बताएको छ ।

हामी हाम्रो कामले र्धामिकता उत्पादन गर्छौं । यो र्धामिकता अरूसंगको सम्बन्धमा कायम राख्नुपर्छ । सहीसंग जीउनु र काम गर्नु हुन्न भने, तपाईंको हाकिमले कामबाट निकाल्दछ वा श्रीमतीले पारपाचुके गर्नेछिन् । यसोर तपाईंको आफ्नो र्धामिकता हुनुपर्छ । परमेश्वरले बाहय र्धामिकता ग्रहण गर्नुहुन्न । परमेश्वरले आफ्नो र्धामिकता तपाईंलाई दिनुभयो ।

२ कोरिन्थी ५:२१ मा लेखिएको छ ' हामी उहाँमा परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पापै थाह नपाउन हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनु भयो ।' यो धार्मिकता हाम्रो बाहिरी–धार्मिकता भन्दा असीमित हो, जो परमेश्वरले हाम्रो लागि के गर्नुभयो भन्नेमा आधारित छ । हामी शाब्दिक अर्थमा ख्रीष्ट येशूलाई विश्वास गरेवापत् परमेश्वरको धार्मिकता प्राप्त गर्न सक्छौं । हामी धार्मिकता र साँचो पवित्रताको लागि सृष्टि गरिएका हौ । हामी त्यस धार्मिकतामा बढ्ने होइनौं, किनकि हामी परमेश्वरको समक्षमा ग्रहणयोग्य भइसकेका छौं ।

ख्रीष्ट येशूमा आधारित हाम्रो जीवनमा परमेश्वर आनन्दित हुनुहुन्छ । अरू थोकहरूमा होइन । हाम्रा आत्माहरूका परिर्वतन हुन्छ । हामी पवित्रता, साँचो पवित्रता, अनि एकदमै नयाँ प्राणीमा सृष्टि गरिएको हो । एफिसी २:१० मा वर्णन छ, ' हामी ती बमोजिम चल्नलाई परमेश्वरले अघिबाटै तयार गर्नुभएको असल कामको निम्ति ख्रीष्ट येशूमा सृष्टि गरिएका हौं । हाम्रा आत्माहरूमा हामीहरू सिद्ध र पूर्ण छौं । हामीमा पाप र अधर्महरू छैनन् । एफिसी १:१३ मा छ ' जसमा तिमीहरूले पनि सत्यको वचन, अर्थात तिमीहरूको उद्धारको सुसमाचार सुनेर जसमा विश्वाससमेत गरेर प्रतिज्ञाको पवित्र आत्माले तिमीहरू छाप लगाएका छौ ।'
कतिले यो संझन्छन् – ' ठिकै छ, जब मैले प्रथमत: परमेश्वरलाई विश्वास गरे, मैले पूर्णरूपले क्षमा अनि शुद्ध भएँ । सबै कुरा उत्तम छ । तर त्यो समयदेखि मैले पाप गरें । म फेरि परमेश्वरमा असफल भए । यदि

तपाईंले गर्नुभयो भने, तपाईं आफ्ना कार्यहरूमा, मानसिक तथा भावनात्मक भागहरूमा तपाई असफल हुनुहुन्छ । तर तपाईंको आत्माले पाप गरेको हुँदैन । यो छाप लगाइएको हुन्छ – जसरी एक स्त्रीले फलहरू वर्तनमा लगाई, कुनै दुषित कुराहरू बाहिर आउन तथा हावाभित्र नपसुन भनी केही पदार्थहरू वर्तनमा लगाई ढाकिछन् । उसरीनै परमेश्वरले तपाईंलाई छाप लगाउन भएको छ जब तपाईले नयाँ जीवन पाउनु भएको छ, तपाईंले नयाँ आत्मा पाउनुभएको छ । तपाईंको आत्मामा पापले प्रवेश गर्ने छैन । तपाईंको नयाँ एकता हुनेछ । तपाईंको सम्बन्ध परमेश्वरसँग हुनेछ । तपाईंको संगति अनि प्रंशसा प्रभुमा हुनेछ । यो सबै शरीरमा होइन तर तपाई आत्मामा हुनेछ ।

ईसाई जीवनमा महान परिर्वतन एउटा सत्य हो । त्यस व्यक्तिले उसको एकता, सम्पर्कको परिर्वतन हुन्छ । तपाईंले शारीरिक तौरमा के गर्नुहुन्छ त्यसको परिवर्तन भई परमेश्वरसँगको सम्बन्ध हुनेछ । तपाईंले आफ्नो मनबाट के विचार गर्नुहुन्छ, त्यो नभई तपाई आत्मामा निर्भर भई उहाँले मलाई के गर्नुभयो भनी विचार्नु हुन्छ । यो पूर्ण कार्य हो । यो कुनै तलमाथि हुँदैन । ( अघि र पछि परिवर्तन हुँदैन ) । तपाई धर्मी र साँचो पवित्रतामा सृष्टि हुनुभएको छ । तपाईं आत्माको अंश हुनुभएको छ । तपाईंको परमेश्वर प्रति संगति भएको छ । तपाईंले उहाँलाई आत्मा र सत्यतामा आराधना गर्नुहोस् । तपाई ख्रीष्टसंगको एकतामा उभिनुहोस् ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | १ कोरिन्थी ६:१७ पढ्नुहोस् । हामी एउटै कुरा जान्दछौ कि हाम्रा आत्माहरूका पूर्ण परिवर्तन चाहिं परमेश्वरको वचनद्वारा हुन्छ । यो पद अनुसार हामीमा के हुन्छ ? | १ कोरिन्थी ६:१७ ‘ तर जो प्रभुसित मिल्छ, त्यो एकै आत्मामा बन्दछ ।’ |
| २. | एफिसी ३:१७ पढ्नुहोस् । ख्रीष्ट अहिले कहाँ बास गर्नुहुन्छ ? | एफिसी ३:१७ ‘ कि तिमीहरूका हृदयमा ख्रीष्ट विश्वासद्वारा बास गर्नु होला ।’ |
| ३. | एफिसी ३:१७ पढ्नुहोस् । यो कसरी हुनसक्छ ? | |
| ४. | १ यूहन्ना ५:१२ पढ्नुहोस् । कसको मात्र मुक्तिको अधिकार छ ? | १ यूहन्ना ५:१२ ‘ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरको पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन ।’ |
| ५. | कलस्सी १:२६–२७ पढ्नुहोस् ।<br>युगयुग र पुस्तापुस्तादेखि दबिरहेको त्यो रहस्य आज प्रकट भएको छ । त्यो के हो ? | कलस्सी १:२६–२७<br>‘ अर्थात युगयुग र पुस्ता पुस्तादेखि दबिरहेको त्यो रहस्य, तर अब उहाँको पवित्रजनमा प्रकट भएको छ । जसलाई अन्यजातिहरूमा यस रहस्यको महिमाको सम्पत्ति के हो? अर्थात जो महिमाको आशा हो ख्रीष्ट तिमीहरूमा, सो परमेश्वरले थाह गराउन इच्छा गर्नुभयो ।’ |
| ६. | एफिसी ४:२३–२४ पढ्नुहोस् । धार्मिकता अनि सत्य पवित्रतामा के सृष्टि भएको छ ? | एफिसी ४:२३–२४ ‘ र आफ्नो मनको आत्मामा नयाँ होओ, र नयाँ मानिसलाई धारण गर, जो परमेश्वर अनुसार धार्मिकता र सत्यको पवित्रतामा सृष्टि भएको छ । |
| ७. | १ कोरिन्थी ५:२१ पढ्नुहोस् । कसको धार्मिकतालाई हामीले लिएका छौं | १ कोरिन्थी ५:२१ ‘ हामी उहाँमा परमेश्वरका परमेश्वरको धार्मिकता हुन पाऔं भनेर पापै थाहा नपाउनु हुनेलाई पनि उहाँले हाम्रा निम्ति पाप तुल्याउनुभयो ।’ |

| | | |
|---|---|---|
| ८. | एफिसी १:४ पढ्नुहोस् । परमेश्वरको अघि विश्वासीहरू उभिनु के हो ? | एफिसी १:४ ' जसरी उहाँले, हामी, उहाँका सामुन्ने प्रेममा पवित्र र निष्कंलक होऔ भनेर संसारको उत्पत्ति भन्दा अघिबाटै चुन्नुभयो ।' |
| ९. | एफिसी १:६ पढ्नुहोस् । हामीहरू कसरी ग्रहण गरिन्छौ ? | एफिसी १:६ ' कि उहाँको अनुग्रहको महिमाको प्रंशसा निम्ति जो उहाँले हामीलाई उही प्रियमा सित्थैमा प्रदान गर्नुभयो । |

## उत्तर–व्याख्या

१. प्रश्न : १ कोरिन्थी ६:१७ पढ्नुहोस् । हामी एउटै कुरा जान्दछौ कि हाम्रा आत्माहरूका पूर्ण परिवर्तन चाहिं परमेश्वरको वचनद्वारा हुन्छ । यो पद अनुसार हामीमा के हुन्छ ?
उत्तर : हाम्रा आत्माहरू परमेश्वरसँग मिल्दछ ।

२. प्रश्न : एफिसी ३:१७ पढ्नुहोस् । ख्रीष्ट अहिले कहाँ बास गर्नुहुन्छ ?
उत्तर : हाम्रा हृदयहरूमा बास गर्नुहुन्छ ।

३. प्रश्न : एफिसी ३:१७ पढ्नुहोस् । यो कसरी हुनसक्छ ?
उत्तर : विश्वासबाट हुनसक्छ ।

४. प्रश्न : १ यूहन्ना ५:१२ पढ्नुहोस् । कसको मात्र मुक्तिको अधिकार छ ?
उत्तर : पुत्र (येशू ख्रीष्टको) मात्र अधिकार छ ।

५. प्रश्न : कलस्सी १:२६–२७ पढ्नुहोस् । युगयुग र पुस्तापुस्तादेखि दबिरहेको त्यो रहस्य आज प्रकट भएको छ । त्यो के हो ?
उत्तर : ख्रीष्ट हामीसँग, महिमाको आशा हो ।

६. प्रश्न : एफिसी ४:२३:२४ पढ्नुहोस् । धार्मिकता अनि सत्य पवित्रतामा के सृष्टि भएको छ ?
उत्तर : हाम्रो नयाँ मान्छे ( हाम्रो नयाँ गरी जन्मिएका आत्माहरू ) सृष्टि भएको छ ।

७. प्रश्न : २ कोरिन्थी ५:२१ पढ्नुहोस् । कसको धार्मिकतालाई हामीले लिएका छौं ?
उत्तर : ख्रीष्ट येशूमा परमेश्वरको धार्मिकतालाई लिएका छौं ।

८. प्रश्न : एफिसी १:४ पढ्नुहोस् । परमेश्वरको अघि विश्वासीहरू उभिनु के हो ?
उत्तर : पवित्र र निष्कंलक हुनु हो ।

९. प्रश्न : एफिसी १:६ पढ्नुहोस् । हामीहरू कसरी ग्रहण गरिन्छौ ?
उत्तर : प्रिय ( ख्रीष्ट येशू) मा ग्रहण गरिन्छौ ।

## स्तर – १

## पाठ – ११

# जब एक ईसाईले पापहरू गर्दछन् उसको अवस्था कस्तो हुन्छ ?

**डोन क्रो**

आज हामी त्यस पाठलाई हेर्नेछौ – जब एक ईसाईले पाप गर्छन् – उसको अवस्था कस्तो हुन्छ ? १ यूहन्ना ८–९ मा लेखिएको छ–'यदि हामीमा पाप छैन भनी हामी भन्छौ भनेता हामीले आफैलाई धोखा दिन्छौं, र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नु हुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।' हामी ईसाई भई आकस्मिक रूपले ठेस खान्छौं, अनि हामीहरूले आकस्मिक पाप गर्दछौं । हामी नयाँ जीवन नपाउँदाझैं यसमा केही भिन्नता नै रहेन । अब हामी एउटा नयाँ सृष्टि भएका छौं । पाप गर्नाले दु:खित तुल्याउँछ। हामी पाप गर्न चाहदैनौ । हामी धार्मिक जीवन व्यतित गर्न चाहन्छौ । जब हामी पाप गर्छौं, हाम्रो अवस्था कस्तो हुन्छ ? हामीलाई फेरि बाँच्नकोलागि खाँचो छ ? बाइबलले यस विषयमा के शिक्षा दिन्छ ? यस्तो अवस्थामा हाम्रो सुरक्षा हुँदैन । अर्को अवस्थामा संसारभन्दा पनि अझ नराम्रो हुनेछ । तर संसारलाई पापको विवेकले कष्ट दिँदैन । एकजना विश्वासीलाई पापले केन्द्रित गर्दैन । हिब्रू १०:२ पदानुसार येशूको बलिदानले एक विश्वासीको चेतनामा पापहरू हुँदैन । अर्को शब्दहरूमा हाम्रो जीवन पापहरू केन्द्रित हुँदैन । हाम्रो जीवनमा परमेश्वर केन्द्रित हुनपर्छ ।

रोमी ४:२ मा छ ' किनकि अब्राहाम कामहरूबाट धर्मी ठहरिएका भएता उनलाई घमण्ड गर्ने ठाउँ हुनेथियो, परमेश्वरतर्फ ता होइन ।' यदि उद्धार हाम्रो योग्यताले, हामीहरूले गरेका कामहरूबाट भएको हुँदो हो ता हामी घमण्ड गर्ने थियौं । हामी भन्ने थियौं ' ओ परमेश्वर ! म यथार्थमा तपाईंले क्रूशमा गर्नुभएको कार्यको प्रशंसा गर्नेछु । तर मैले गरेका कार्यहरूको पनि स्मरण गर्नुहोस् । यसैले अनन्तसम्म हामीहरूले ख्रीष्टलाई पछि धाप मार्छौं । हामीहरू आफैले गरेका कार्यहरूको लागि पछिल्तिर धाप मार्छौं । तर यो होइन ! परमेश्वरले उद्धारलाई यसरी रचना गर्नुभयो, मान्छेले गरेका कार्यहरूप्रति कुनै प्रशंसा होइन । तर एउटै महिमा र प्रंशसा केवल ख्रीष्ट येशूलाई मात्र हो । ( रोमी ६:२३)

रोमी ४:२ मा छ यदि अब्राहाम आफ्नै कार्यहरूले धर्मी भएको भए, उ घमण्ड गर्ने कारणहरू पनि थियो । तर यो हुन सकेन । तर मानिस कसरी बाँच्नेछ ? भनी बाइबलले के बताउँछ ? के उसको आफ्ना कामहरूले हो ? उसको आफ्नै सम्पादनले हो? उसले गरेको कार्यहरूले हो ? अब्राहाम कसरी धर्मी गनिए ? अथवा उनी कसरी धर्मी भनिए ? के उसले गरेका कामहरू तथा नगरेका कामहरूले हो ? उसले साधारण विश्वास गरेकोले हो ? अथवा भरोसा राखेकोले हो ? अनि विश्वासबाट परमेश्वरको आस्था राखेकोले हो ? तर बाइलले बताएको छ ' किनकि अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो तिनको निम्ति धार्मिकता ठहरियो ।' (रोमी ४:३) ।

मलाई यसरी नाश हुनदेखि कसैले थामिराखेको छ । यद्धपि अहिले म असफल तथा पापमा छु भने अहिले पनि समय छ । उनै येशू जसले मेरा सम्पूर्ण पापहरू बोकी क्रूशमा जानुभयो, उहाँमा विश्वास गरें । मेरा आफ्नै कामहरूमा होइन । म परमेश्वरको अघि ग्रहणयोग्य हुनेछु । ( परमेश्वरको अघि धार्मिक हुनेछु ) ।

रोमी ४:६ मा लेखिएको छ — जस्तो त्यस मानिसलाई, जसलाई परमेश्वरले कामैविना धार्मिक गन्नुभएको छ, धन्यको भनेर दाउदले पनि यसो भनेर उच्चारण गर्छन् ।' पुरानो नियमका दाउदले यसरी भनेका छन् —नयाँ करारका दिन हुनेछन् — जहाँ परमेश्वरले धार्मिकता हालिदिनेछन्, परमेश्वरको समक्ष ग्रहणयोग्य विना मानिसका कार्यहरू विना हुनेछन् । अझ उनले सात पदमा भनेका छन्, तिनीहरू धन्यको हुन्, जसका अपराध क्षमा भएको छ, र जसको पाप ढाकिएको छ । ' त्यहाँ बातचीत भएको छ, ' त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमेश्वरले लिनुहुन्न । ( रोमी ४:८) । यसको अर्थ यो होइन— उहाँले गर्नुहुन्न, कोही बेला गर्नुहुनेछ, कोही बेला गर्दैन । ' त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमेश्वरले लिनुहुन्न ।' ग्रीक शब्दमा 'प्रबल नकारात्मक बताउँछ । यसको अर्थ हुन्छ— उहाँले कहिल्यै पनि पापहरू हाम्रा लेखामा लगाउनुहुन्न । यो नयाँ करारको शुभ समाचार हो । हिब्रू १०:१६ ले बताउँछ ' तिनीहरूसँग मैले बाँध्ने करार यही हो, परमप्रभु भन्नुहुन्छ, ती दिनपछि तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, तिनीहरूका मनमा पनि म ती लेखिदिनेछु ।' यो अंशको सम्झौतामा परमेश्वरले यस पदमा यसरी भन्नुहुन्छ, ' औ तिनीहरूका पाप र तिनीहरूका अधर्म म फेरि संझनेछैन ।' (हिब्रू १०:१७) ।

तपाईंको अवस्था कस्तो छ, धार्मिकता अनि परमेश्वरको समक्षमा ? यदि तपाईंले पाप गर्नुभएको छ, तर पश्चताप गर्ने समय पाउनु भएको छैन? तपाईंको येशू ख्रीष्टप्रति विश्वास छ । उहाँको नाउँ येशू हुनुहुन्छ, उहाँले मानिसहरूलाई उनीहरूको पापहरूबाट बचाउनुहुनेछ । (मत्ती १:२१)

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | रोमी ४:५ पढ्नुहोस् । परमेश्वरले ती व्यक्तिहरूलाई सिद्ध गर्नुहुन्छ । ( धार्मिक बनाउनुहुन्छ ती व्यक्तिहरू को हुन् ? | २. रोमी ( ४:५—६) ' औ काम गर्नको ज्याला निगाहको होइन, तर ऋणको ठहरिन्छ । औ काम नगर्ने, तर अधर्मीलाई धर्मी ठहराउनेमाथि विश्वास गर्नेलाई चाहिँ, त्यसको विश्वास धार्मिकता ठहरिन्छ । |
| २. | रोमी ४:२—३ पढ्नुहोस् । परमेश्वरले अब्राहामको हिसाबमा केही दिनुभयो । ( जब उनले विश्वास गरे) पहिले उनकोमा थिएन । ती के के थिए ? | रोमी ४:२—३ ' किनकि अब्राहाम कामहरूबाट धर्मी ठहरिएका भएता उनलाई घमण्ड गर्ने ठाउँ हुनेथियो, तर परमेश्वरतर्फ ता होइन । किनकि धर्मशास्त्रले के भन्छ,' किनकि अब्राहामले परमेश्वरमाथि विश्वास गरे र त्यो तिनको निम्ति धार्मिकता ठहरियो । ' |
| ३. | रोमी ४:२२—२४ पढ्नुहोस् । यदि हामीले पनि अब्राहामलेझैं विश्वास गर्छौं, परमेश्वरले हाम्रा हिसाबमा के दिनुहुन्छ ? | रोमी ४:२२—२४ ' यसैकारणले पनि यो उनको निम्ति धार्मिकता गनियो । अब यो उनैको खातिर मात्र गनिएको हो भनी लेखिएको होइन, तर जस—जसले येशू हाम्रा प्रभुलाई मुर्दाबाट बिउँताउनुहुनेमाथि विश्वास गर्छन् । |

| | | |
|---|---|---|
| ४. | रोमी ४:६ पढ्नुहोस् । परमेश्वरले धार्मिकता ( ठीक उभिनु ) दिनुहुन्छ —<br>क. हाम्रा कामहरूबाट<br>ख. कामबाट नभएर<br>ग. तिनीहरू कति सुन्दर भएर । | |
| ५. | हिब्रू १०:१४ परमेश्वरको समक्ष विश्वासीहरू कहिलेसम्म सिद्ध हुन्छ ? | हिब्रू १०:१४ ‘ किनकि एउटै बलिदानले पवित्र भएकाहरूलाई उहाँले सधैंको निम्ति सिद्ध गराउनु भएको छ ।’ |
| ६. | रोमी ५:१७ पढ्नुहोस् । धार्मिकतालाई प्राप्त गर्न सकिन्छ ?<br>क. कमाइबाट<br>ख. यो एउटा वरदान हो ।<br>ग. यसको लागि कार्य गरेर । | रोमी ५:१७ किनकि यदि त्यस एउटैको अपराधको कारणले त्यस एउटैद्वारा मृत्युले राज्य गरयो भनेता झन् बढ्तागरी प्रशस्त अनुग्रह र धार्मिकताको वरदान पाउनेहरू एउटै, अर्थात येशू ख्रीष्टद्वारा जीवनमा राज्य गर्नेछन् । |
| ७. | ‘वरदान’ —को अर्थ के हो ? | |
| ८. | येशूलाई तपाईंको व्यक्तिगत मुक्तिदाता भनी विश्वास गर्नुभयो भने, तपाईंलाई उहाँले सबै मार्ग लैजानु हुन्छ । | |

## उत्तर—व्याख्या

१. प्रश्न : रोमी ४:५ पढ्नुहोस् । परमेश्वरले ती व्यक्तिहरूलाई सिद्ध गर्नुहुन्छ । ( धार्मिक बनाउनुहुन्छ ) ती व्यक्तिहरू को हुन् ?

उत्तर : अधर्मीहरूलाई ।

२. प्रश्न : रोमी ४:२—३ पढ्नुहोस् । परमेश्वरले अब्राहामको हिसाबमा केही दिनुभयो । ( जब उनले विश्वास गरे) पहिले उनकोमा थिएन । ती के के थिए ?

उत्तर : धार्मिकता, परमेश्वरको समक्ष ग्रहणयोग्यता थपिदिनु भयो ।

३. प्रश्न : रोमी ४:२२—२४ पढ्नुहोस् । यदि हामीले पनि अब्राहामलेझै विश्वास गर्छौं, परमेश्वरले हाम्रा हिसाबमा के दिनुहुन्छ ?

उत्तर : धार्मिकता, परमेश्वरको समक्ष ग्रहणयोग्यता थपिदिनुहुन्छ ।

४. प्रश्न : रोमी ४:६ पढ्नुहोस् । परमेश्वरले धार्मिकता ( परमेश्वरकोमा अघि ग्रहणयोग्यता ) व्यक्तिगत हिसाबमा हालिदिनुहुन्छ ।

उत्तर : उनीहरूको कामविना दिनुहुन्छ ।

५. प्रश्न : हिब्रू १०:१४ परमेश्वरको समक्ष विश्वासीहरू कहिलेसम्म सिद्ध हुन्छ ?

उत्तर : अनन्तसम्म सिद्ध हुन्छ ।

६. प्रश्न : रोमी ५:१७ पढ्नुहोस् । धार्मिकतालाई प्राप्त गर्न सकिन्छ ?

उत्तर : एउटा वरदानको रूपमा प्राप्त गर्न सकिन्छ ।

७. प्रश्न : 'वरदान' —को अर्थ के हो ?

उत्तर : कुनै वस्तु नि:शुल्क दिइन्छ । जसले प्राप्त गर्छ, उसलाई मूल्य पर्दैन ।

८. प्रश्न : येशूलाई तपाईंको व्यक्तिगत मुक्तिदाता भनी विश्वास गर्नुभयो भने, तपाईंलाई उहाँले सबै मार्ग लैजानु हुन्छ ?

उत्तर : स्वर्गसम्म ।

## स्तर – १

## पाठ – १२

# परमेश्वरको वचनको इमान्दारिता

### एन्ड्रू वॉमक

परमेश्वरको वचनको विशाल सत्यता, शक्ति, गुण, विश्वासलाई मर्कूस चार अध्यायमा पाइन्छ । त्यहाँ एकदिनमा दशवटा दृष्टान्तहरू पाइन्छ । तपाईंले मर्कूस चार अध्यायलाई मत्ती तेह्र अध्याय अनि लूका ८ अध्यायलाई तुलना गर्नुहोस् । यहाँ धेरै दृष्टान्तहरू छ, तर एउटा दृष्टान्त बिउ छर्नेको दृष्टान्त छ । मर्कूस ४:२६ मा छ ' औ उहाँले भन्नुभयो परमेश्वरको राज्य यस्तो छ, कि कोही एउटा मानिसले जमीनमा बिउ छरोस् ।' यो पदलाई याद गर्नुहोस् । पद चौधमा भनेको बिउ परमेश्वरको वचन हो । परमेश्वरले वास्तवमा तपाईंलाई कसरी कृषक हुनुपर्छ भनी सिकाउनुभएको होइन, तर उहाँले प्राकृतिक विषयहरूलाई लिएर आत्मिकी उदाहरण दिनुभएको छ । पद २७ ले भन्छ, '' औ रात दिन सुतोस् र उठोस्, र बिउ चाहिँ उम्रोस् र बढ़ोस् तर त्यो कसरी भएको हो, सो त्यसले जान्दैन । अब त्यो चाहिँ मुख्य हो भनी म विश्वास गर्छु । यो भनिन्छ कि मानिसले वास्तवमा बुझ्न सकेन । यो कसरी भयो, उसले बुझ्न सकेन ।

कति मानिसहरूले भन्छन्, ' मैले बुझ्नै सकिंन– तपाईंले भनेका कुराहरू बुझ्नै सकिन । कसरी म परमेश्वरको वचन अध्ययन गरी परमेश्वर मेरो जीवनमा जिउनुहुन्छ ? परमेश्वरले मेरो जीवन परिवर्तन गर्नुहुन्छ ! यी विषयहरू मैले बुझिन, तर यो कार्यहरू म जान्दछु । मैले यो बुझ्न सकिन – कसैले एउटा सानो बिउ जमीनमा छर्छ । जब त्यो रोपिन्छ, तब त्यो बढ़छ, अनि सय गुणा फलहरू फैलाउँछ । यो कसैले पूर्णरूपले बुझ्न सक्दैन–यो काम हुन्छ । तर यो कार्य भएको हुन्छ । परमेश्वरको वचन अध्ययन गर्दा, यसले तपाईंलाई भिजाउँछ अनि तपाईंको आचरण अनुभव तथा अनुभूतिहरू परिवर्तन हुन लाग्छ ।

पद २८ ले भन्छ, ' जमीन आफैले फल फलाउँछ, पहिला बोट, त्यसपछि बाला, तब बालामा पूरा अन्न । जमीनले बीउलाई उष्म गराउँछ, त्यसपछि उम्रन्छ अनि बोट हुन्छ । तपाईंको हृदय परमेश्वरको वचनको लागि हो । यो सत्य हो कि परमेश्वरको वचन तपाईंको हृदयमा जन्मन्छ । बाइबलमा कुनै किरा नलागोस भनेर बाइबललाई तपाईंको नजीकमा राख्नु, तपाईंको कफीको टेबलमा राखेर मात्र हुँदैन । यसले तपाईंको जीवनमा कुनै शक्ति प्रदान गर्ने छैन । तपाईंले परमेश्वरको वचनलाई बीउको रूपमा लिनुहोस्, अनि तपाईंको हृदयमा रोप्नुहोस् । जब तपाईंले यो गर्नुहुन्छ, तब तपाईंको हृदयले आफै फल फलाउँछ । तपाईंका जीवनका कार्यहरू एकाएक परिवर्तन हुनेछ । परमेश्वरको वचनमा छ ' पहिले बोट, त्यसपछि बाला, तब बालामा पूरा अन्न' यहाँ यो प्रयोग गरिन्छ कि, यसमा तीन प्रकारका अवस्थाहरू छ । कुनै बीउ उम्रनु तथा बढ़नु पाक्नुमा हुन्छ । मकहाँ मानिसहरू आउँछन् । तिनीहरू संधै आईवरी भन्छन् । उनीहरूले कुनै असल वस्तुहरूकालागि परमेश्वरलाई विश्वास गर्छन् । ईश्वरीय कुराहरूका लागि म पनि सहमत छु । तर तिनीहरूले कुनै कुराहरू गर्दैन । यदि तिनीहरूले मानिसहरूलाई परमेश्वरतिर दोहोऱ्याउँदैन भने, म चुनौती दिन्छु तिनीहरूका केही हप्ताहरू भित्रमा कुनै टेलिभिजन तथा रेडियो मिशन हुनेछैनन् ।

तपाईंले यो कामहरू कदम अनुसार गर्नुहोस् । यो कदमहरू परमेश्वरबाट पाउनुहोस् । जहाँ दृष्टान्तमा उदाहरण दिइएको छ । पहिला तपाईंले शुरू गर्नुहोस् अनि त्यसपछि आशा अनि विश्वास अनि त्यसपछि परिणामका फलहरू हुन्छ । विजयमा पनि कदम हुन्छ । कुनै पनि व्यक्तिले शून्यबाट शुरू गरेर एक घण्टामा हजारौं माईल पुग्न सक्छ । यदि उसँग ईश्वरीय इच्छाहरू होला, तर यस प्रकारले काम गर्न सक्दैन बाइबलले बताएको छ—परमेश्वरको राज्य एउटा बीउ जस्तो हो । परमेश्वरको वचन प्रथमता, तपाईंको हृदयमा छरिनु पर्छ, अनि यो बीउ उम्रनमा अवस्था हुन्छ । पहिला बोट, त्यसपछि बाला तब बालामा पूरा अन्न हुन्छ । अनि अर्को पदमा छ ' तर जब फल पाक्छ, तब तुरन्तै त्यसले हँसिया लगाउँछ, किनभने फसलको बेला आइपुगेको हुन्छ । ' त्यही अवस्थाहरू फसल र परिपक्वताको समय पनि आउनेछ ।

पद ३५ मा छ ' त्यो दिन साँझ परेपछि उहाँले तिनीहरूलाई भन्नुभयो ' आओ हामी पारिपट्टि जाऔं ।' येशूले तिनीहरूलाई दिनभरि नै परमेश्वरको वचनको शक्तिको बारेमा सिकाउनुभयो । परमेश्वरको वचन कसरी बीउ जस्तो हो, यसले कसरी परमेश्वरको जीवन तपाईंको जीवनमा सञ्चार हुन्छ भनी सिकाउनुभयो । तिनीहरूलाई प्राय: दशवटा दृष्टान्तहरू सिकाउनुभयो । तिनीहरूलाई जाँच पनि लिनुभयो । तिनीहरूलाई उहाँले भन्नुभयो, ' ठीकै छ, यहाँ परमेश्वरबाट प्राप्त वचन छ — हामीहरू समुद्रको परिपट्टि जाऔं । ' उहाँले भन्नुभएन — ' हामी डुङ्गामा चढ़ी समुद्रको माझसम्म पुगौं र डुबौं ।' तर उहाँले भन्नुभयो, ' हामी पारिपट्टि जाऔं ।' उहाँ डुङ्गामा चाढ़नुभयो र निदाउनु भयो । यो कथाले भन्छ — अनि त्यहाँ ठूलो बतासको हुरी चल्यो, र छालहरू डुङ्गामा बज्रन लागे, यहाँसम्म कि डुङ्गा पानीले भरिन लाग्यो । तपाईंलाई संझना गराउछु कि यो डुङ्गा धर्मयुद्ध अभियानका झैं थिएन, जहाँ डुङ्गा मुनि पटाइ, सुत्ने कोठा, कमरा थिए । जहाँ येशूलाई पानीले भेटने थिएन । तर येशूलाई के भइरहेको छ, थाहा थिएन । तर यो डुङ्गा खुल्ला थियो । अनि येशू सुतिरहनु भएको थियो । चारैतिर पानीको छाल र आवाजहरू आइरहेका थिए । यो विषयहरू अर्थपूर्ण छ । किनकि उहाँले जान्नुभएको थियो, यहाँ के भइरहेको छ । तर उहाँ अझ सुत्ने प्रयास गरिरहेको थियो । चेलाहरू अत्तालिएर उहाँकहाँ आई भन्न लागे, ' गुरूज्यू, हामी नष्ट हुन लाग्यौं भन्ने के तपाईंलाई वास्ता छैन ? अर्को भनाईमा तिनीहरूले भन्नलागे, ' हाम्रो लागि केही गर्नुहोस् । कुनै वर्तन ल्याई पानी बाहिर फ्याँक्नुहोस् । डुङ्गा खियाउँनुहोस् । तपाईंले आफ्नो ओजनलाई तान्नु भएको छैन ।'

आज मानिसहरूले धेरैपल्ट परमेश्वरसँग यही गरिरहेका छन् । उनीहरूले भनिरहेका छन्— परमेश्वर, तपाईंले किन कुनै काम गर्नुभएको छैन । ' परमेश्वरले केही कामहरू गर्नुभएको छ । ख्रीष्ट येशूको बलिदानबाट हाम्रा आवश्यकताहरू हामीलाई उहाँको वचन उत्पन्न गरिदिनुभएको छ । यी बीउहरू दिनुभएको छ । हाम्रा कर्त्तव्य हो यी बीउहरूलाई हाम्रा हृदयमा रोप्नुपर्छ । उहाँले हामीलाई बाइबल दिनुभएको छ । हाम्रा कर्तव्य हो बीउहरूलाई निकालेर हाम्रो हृदयमा रोप्नुपर्छ । जबसम्म रूखमा परिणत हुँदैन, तबसम्म यसलाई चिन्तन गर्नुपर्छ । तर येशूका चेलाहरूले येशूलाई उठाउन चाहे, अनि भने, ' हाम्रा लागि तपाईंले केही गर्नुहुन्न ? उहाँ उठनुभयो , उहाँले बतास र छालहरूलाई हर्कानुभयो । तब त्यहाँ शान्त भयो । उहाँ फर्केर चेलाहरूलाई भन्नुभयो, ' तिमीहरू किन डराउँछौं ? तिमीहरूमा अझ विश्वास छैन ? उनले चेलाहरू यसरी भनेनन् — ' ए केटा हो ? म दु:खी छु । म कुनै कुरा गर्न सक्थे । ' होइन, तर उनको कर्त्तव्य थियो — चेलाहरूलाई शिक्षा दिनु, वचनबाट सिकाउनु, अनि प्रतीज्ञा दिनु थियो । तब उनीहरूको कर्त्तव्य— परमेश्वरको वचनलाई ग्रहण गर्नु अनि उहाँका प्रतीज्ञाहरूलाई विश्वास गर्नु थियो । येशू ख्रीष्ट संसारमा आउनुभएर हाम्रो लागि उहाँको

माध्यमबाट सबै कुराको प्रबन्ध गरिदिनु भएको छ । हाम्रा जीवनमा परमेश्वरका वचन बीउको रूपमा दिनुभएर सबै कुराको प्रबन्ध गरिदिनु भएको छ । तपाईले परमेश्वरको वचन बीउको रूपमा लिई जीवनको सबै क्षेत्रमा लिई सफल हुनुहोस् । तपाईंले परमेश्वरको वचनलाई बीउको रूपमा लिई तपाईंको हृदयमा अध्ययन, मनन, विचार गर्दै परमेश्वरको वचनलाई लिइ तपाईंभित्र रोप्नुहोस् । जब तपाईंले यो गर्नुहुन्छ, तपाईंले आफ्नो जीवनका आँधीको सामना गर्नुहुनेछ । त्यसलाई रोक्न सक्नुहुनेछ ।

म विश्वास गर्दछु कि परमेश्वरको महानता चाहिँ ती चेलाहरूले त्यस दिन येशूले दिनुभएको शिक्षालाई स्वीकार गरे, अनि भने, ' हामी पारिपट्टि जाऔं ।' तिनीहरूले भन्नसक्थे, ' उहाँले आज सबै कुरा सिकाउनु भयो । यही प्रतीज्ञा हो । यही सृष्टिका सृष्टिकर्ता हुनुहुन्छ, जसले भन्नुभयो ' हामी पारिपट्टि जाऔं । त्यो आधा बीचतिर होइन, जहाँ डुब्नेछ । तिनीहरूले यो वचनलाई लिई विश्वासलाई मिलाप गरी बतास र छालहरूलाई हकार्न पर्थ्यो । जसरी ख्रीष्टले भन्नुभयो, तिमीहरू किन शंका गर्छौ, तिमीहरूमा अझ विश्वास छैन ?' यसको अर्थ के हो भनी जान्नुहुन्छ ? ' हामीले परमेश्वरको वचनमा विश्वास गरी कार्य गर्नुपर्छ ।'

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | मत्ती १३:१९ पढ्नुहोस् । जब हामीहरूले परमेश्वरका वचनहरू हाम्रा हृदयहरूमा छर्दैनौ, तब के हुन्छ ? | मत्ती १३:१९ ' जब कसैले राज्यको वचन सुन्छ, र बुझ्दैन, तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो, त्यो खोसेर लैजान्छ । |
| २. | यहोशूको १:८ पद पढ्नुहोस् । परमेश्वरको वचनलाई कहिले ध्यान गर्नु ? | यहोशू १:८ ' व्यवस्थाको यो पुस्तक तेरो ओंठबाट नहटोस्, तर त्यसमाथि तैले दिनरात ध्यान गर्नू, अनि त्यसमा लेखिएको सबै कुरो होशियारी साथ पालन गर्नू, र मात्र तेरा सबै मार्गमा उन्नति गर्नेछस् र सफलता पाउनेछस् । |
| ३. | यूहन्ना ६:६३ पढ्नुहोस् । यो पद अनुसार परमेश्वरको वचन ________ हो । | यूहन्ना ६:६३ ' बिउँताउने आत्मा हुन, देहले केही फायदा दिँदैन, ती कुरा जो मैले तिमीहरूसित गरेको छु, आत्मा र जीवन हुन् । |
| ४. | मत्ती ४:४ पढ्नुहोस् । मानिस भोजनले मात्र होइन तर ________ । | मत्ती ४:४ तर यस्तो लेखिएको छ, मानिस भोजनले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ । |
| ५. | एफिसी ६:१७ पढ्नुहोस् । परमेश्वरको वचन कस्तो प्रकारको हतियार हो ? | एफिसी ६:१७ ' औ मुक्तिको टोप लेओ, र आत्माको तरवार जो चाहिँ परमेश्वरको वचन हो । ' |
| ६. | के तरवारले आफ्नो शत्रुलाई नष्ट गर्छ ? | |
| ७. | रोमी ८:६ पढ्नुहोस् । जब हामीहरूले हाम्रा जीवनहरूमा परमेश्वरको वचनलाई उचित स्थान दिन्छौ, हामीहरूमा – | रोमी ८:६ ' किनभने शरीरमा मन लगाउनुचाहिँ मृत्यु हो, तर आत्मामा मन लगाउनुचाहिँ जीवन र शान्ति हो ।' |
| ८. | २ कोरिन्थी ३:१८ पढ्नुहोस् । हाम्रो ध्यान कतातिर केन्द्रित गरेका छौं ? हामी पूर्णरूपले के हुनेछौ ? हाम्रा ध्यान कतातिर हुन आवश्यक छ ? | २ कोरिन्थी ३:१८ ' तर हामी सबैजना नढाकेको मोहड़ाले मुख हेर्ने ऐनामा जस्तै प्रभुको तेजलाई देखाएर, प्रभु जो आत्मा हुनुहुन्छ, त्यही रूपमा एक तेजदेखि अर्को तेजतिर बद्लेर जान्छौं । |

## उत्तर–व्याख्या

१. प्रश्न : मत्ती १३:१९ पढ्नुहोस् । जब हामीहरूले परमेश्वरका वचनहरू हाम्रा हृदयहरूमा छर्दैनौ, तब के हुन्छ ?
उत्तर : तब दुष्ट आउँछ र त्यसको हृदयमा जे छरिएको थियो, त्यो खोसेर लैजान्छ, र हाम्रा जीवनमा पैदा हुँदैन ।

२. प्रश्न : यहोशूको १:८ पद पढ्नुहोस् । परमेश्वरको वचनलाई कहिले ध्यान गर्नु ?
उत्तर : दिन अनि रातमा ।

३. प्रश्न : यूहन्ना ६:६३ पढ्नुहोस् । यो पद अनुसार परमेश्वरको वचन__________हो ।
उत्तर : आत्मा र जीवन ।

४. प्रश्न : मत्ती ४:४ पढ्नुहोस् । मानिस भोजनले मात्र होइन तर______________
उत्तर : तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ ।

५. प्रश्न : एफिसी ६:१७ पढ्नुहोस् । परमेश्वरको वचन कस्तो प्रकारको हतियार हो ?
उत्तर : आत्माको तरवार हो ।

६. प्रश्न : के तरवारले आफ्नो शत्रुलाई नष्ट गर्छ ?
उत्तर : ज्यू ।

७. प्रश्न : रोमी ८:६ पढ्नुहोस् । जब हामीहरूले हाम्रा जीवनहरूमा परमेश्वरको वचनलाई उचित स्थान दिन्छौ, हामीहरूमा ______________
उत्तर : जीवन र शान्ति हुन्छ ।

८. प्रश्न : २ कोरिन्थी ३:१२ पढ्नुहोस् । हाम्रो ध्यान कतातिर केन्द्रित गरेका छौं ? हामी पूर्णरूपले के हुनेछौ ? हाम्रा ध्यान कतातिर हुन आवश्यक छ ?
उत्तर : परमेश्वर र उहाँको महिमातिर ।

# स्तर – १

## पाठ – १३

# परमेश्वर दोषी हुनुहुन्न

### एन्ड्रू वॉमक

आज म मेरो जीवनमा परमेश्वरले गर्नुभएको महान् कामका बारेमा बताउँछु । मानिसहरूले सहजै विश्वास गर्छन् कि मेरो जीवनमा भएका कार्यहरू परमेश्वरबाट भएका हो । उहाँले सबै थोकहरूलाई वशमा राख्नुहुन्छ । यही कारण हो कि परमेश्वरको परिभाषामा उहाँ सर्वोच्च, अनि शक्तिशाली हुनुहुन्छ । उनीहरूले यसरी नै विचार गर्छन् । उनीहरूका जीवनमा घटेका कुरालाई परमेश्वरले नियंत्रण गर्नुहुन्छ । यो प्रत्येक विश्वासीहरूले विश्वास गर्छन् । धेरै ईसाईहरूले यही सिद्धान्तलाई अघि बढ़ाउँछन् । यो कुरा उनीहरूका हृदयभित्र परिसकेका छन् । तर म विश्वास गर्दछु– तर यो सिद्धान्त बाइबलको विरोधमा छ । यो मुख्य कुरा हो – याकूब १:१३–१७ मा लेखिएको छ, " परीक्षामा पर्दा कुनै मानिसले पनि यसो नभनोस्, ' परमेश्वरबाट मेरो परीक्षा भएको छ, किनभने कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुनसक्दैन, औ उहाँ आफैले कुनै मानिसको परीक्षा गर्नहुन्न । तर हरेक मानिस आफ्नै तृष्णाबाट खिँचिई लोभिएर परीक्षामा पर्दछ । तब तृष्णा गर्भवती भएर पापलाई जन्माउँछ, र पाप पूरा बढ़ेपछि मृत्यु उत्पन्न गराउँछ । मेरा प्यारो भाइ हो, धोकामा नपर । हरेक असल दान र हरेक उत्तम वरदान माथिबाटकै हो, र ज्योतिका पिताबाट आउँछ, जसमा कहिल्यै अदल–बदल हुने र फेरिने छाया छैन ।"

यी पदहरूले बताउँछ कि परमेश्वर सबै असल थोकहरूका अधिकारी हुनुहुन्छ । यूहन्ना १०:१० मा येशूले बताउनुहुन्छ, ' चोर ता चोरूँ र माँरू र नाश पारूँ भनेर आउँछ, म ता तिनीहरूले जीवन पाऊन, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ । यदि कुनै असल छ भने, त्यो परमेश्वरको हो, यदि यो खराब छ भने शैतानको हो । यो साधारण धर्मज्ञान हो । यो विषय टिका–टिप्पणी पूर्ण छ । याकूब ४:७ मा लेखिएको छ, ' यसकारण परमेश्वरको अधीनमा बस, शैतानको विरोध गर, अनि त्यो तिमीहरूबाट भाग्नेछ ।' यसले यो बताउँछ, शैतानको विरोध गर्नुपर्छ । ' विरोध' को अर्थ सक्रिय भई त्यसको विरोध गर्नु हो ।

जब मानिसहरूले विश्वास गर्छन् कि उसको जीवनमा घटित सबैकुराहरू परमेश्वरबाट भएको हो । यसको उदाहारण– रोग, व्यापारमा असफल, नौकरी गुमाउनु, विद्रोही नानीहरू, बिहेविच्छेद हुन् । यसले नकारात्मकता ल्याउँछन् । यदि उनीहरूले परमेश्वर सबै परिस्थितिका अधिकारी हुन भनी विश्वास गर्छन् भने, तिनीहरूलाई दण्ड दिनेछन्, अथवा सबैलाई परिवर्तन गर्नेछन् । तिनीहरू उहाँको विरोधमा लड़ाई गर्नेछन्, यदि उनीहरूले रोक्न सक्नेछन् । याकूब ४:७ ले बताउँछ – शैतानको विरोध गर, त्यो तिमीहरूबाट भागेर जानेछ । तपाईंले आफैलाई परमेश्वर समक्ष समर्पण गर्नुहोस् । यसले यो दर्शाउछ केही थोकहरू परमेश्वरका हुन्, केही थोकहरू शैतानका हुन् । यो संसारमा शैतानका शक्तिहरू पनि छन् । तपाईंका जीवनमा घटित सबै थोकहरू परमेश्वरबाटका होइनन् । यदि तपाईंले यी विषयहरू सफासँग बुझ्नु भएन भने तपाईंले शैतानलाई सर्मपण गर्नुहुन्न । शैतानलाई वशमा राख्नेछन् ।

म रोमीको पदबाट निकाल्नेछु । यस पदलाई कोहीबेला गलत प्रयोग गरिन्छ । म कतिपय मृत—संस्कार सेवामा भाग लिएको छु, जहाँ मानिसहरूले परमेश्वरलाई केही जानेका छैनन् । तिनीहरू सेवालय जाँदैनन्, तिनीहरूले परमेश्वरको वचन जानेका छैनन् । तर यो पद जान्दछन् ‘ तर हामी जान्दछौ परमेश्वरलाई प्रेम गर्नेहरू र उहाँका इच्छाअनुसार बोलाहट भएकाहरूका निम्ति पनि सब कुरा मिलेर नै तिनीहरूका भलाइको निम्ति काम गर्दछन् । ( रामी ८:२८) । यो पदलाई यसरी व्याख्या गरिएको छ — तपाईंका जीवनमा घटेका जुनसुकै घटनाहरू सब कुरा मिलेर नै भलाइको निम्ति काम गर्दछन् । म त्यस मृत संस्कार सेवामा थिए, जो जवान युवा—युवतीहरू मदपान तथा ड्रग सेवन गरी चिप्लने बाटोमा वाहन हाँकिरहेका थिए । तिनीहरूले वाहन जोड़ले कुदाइरहेका थिए । एउटा घुम्तीमा तिनीहरू चिप्लिए, टेलिफोनका खाँबामा ठोकिएर र दुवैका मृत्यु भया। प्रचारकले यो वचन भनिरहेका थिए— सब कुरा मिलेर नै तिनीहरूका भलाइको निम्ति काम गर्दछन् । यो गर्नमा पनि परमेश्वरको केही उद्देश्य छ । परमेश्वरले यी तरूण युवा—युवतीहरूलाई मारेनन् । शैतानले उनीहरूलाई मारे पनि भन्न सक्दैनौं । तर युवा—युवती आफैले मारे । यो सत्य हो शैतानले तिनलाई फँसाए — तिनीहरूका माता—पिता तथा अभिभावकहरूको स्तरको शिक्षाको विरोध गरे । जो उनीहरूलाई सिकाएका थिए । अंतमा यो उनीहरूको इच्छा थियो । तिनीहरूले मदपान गरे । यसैले तिनीहरूले टेलिफोनको खाँबालाई गाड़ीले हिर्काए । यो स्वाभाविक थियो, यो सबमा परमेश्वर श्रोत थिएन ।

यसको अर्थ के हो, जहाँ भनिएको छ, “ तर हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरू र उहाँका इच्छा अनुसार बोलाहट भएकाहरूका निम्ति पनि सबै कुरा मिलेर नै तिनीहरूका भलाइको निम्ति काम गर्दछन् ।” (रोमी ८:२८) । प्रथमत: सबै कुरा परमेश्वरबाट आउँछ भनी भनिएको छैन । अनि सबै कुरा मिलेर नै भलाईका निम्ति काम गर्दछन् । तर यहाँ एउटा गुण थपिएको छ, परमेश्वरलाई प्रेम गर्नेहरूलाई । ‘परमेश्वरलाई प्रेम नगर्नेहरूका लागि काम गर्छन् भनी बाइबलमा छैन । यो स्पष्ट छ कि यो भनिरहन पर्दैन कि यो अचम्भ छ कि मानिसहरूले यसलाई कसरी प्रयोग गर्छन् । जसरी ती युवाहरूका जीवनमा प्रयोग गरियो । ती युवाहरू जसले मदपान ड्रक आदिको प्रयोग गर्थे । उनीहरू परमेश्वरको र उहाँको सिद्धान्तहरूको विरोधी भएका थिए । यसरी भन्न सकिन्छ, सबै कुरा मिलेर भलाइका निम्ति काम गर्छन् जो उहाँलाई प्रेम गर्छन् । उहाँको उद्देश्यमा बोलाइएका हुन्छन् ।

१ यूहन्ना ३:८ मा लेखिएको छ ‘ जसले पाप गर्छ त्यो शैतानको हो । किनकि शैतानले ता शुरूदेखि नै पाप गर्दै आएको छ । शैतानका कामहरू नष्ट पार्नालाई नै परमेश्वरका पुत्र प्रकट भएको छ ।’ शैतानका कामहरूनै नष्ट गर्नलाई परमेश्वर प्रकट हुनुभएको हो । यही नै उहाँको उद्देश्य हो— उहाँलाई प्रेम गर्ने र उहाँका इच्छा अनुसार बोलाहाट भएकाहरूका निम्ति सबै कुरा मिलेर नै तिनीहरूका भलाईको निम्ति काम गर्दछन् । तिनीहरू ती बोलावटमा हिड़्छन्, शैतानको विरोध गर्छन्, अनि त्यसको कार्यहरूलाई नष्ट गर्छन् । ती व्यक्तिहरू जसले शैतानलाई विरोध गर्छन्, परमेश्वरको लागि जिउँछन्, शैतानले उनीहरूका जीवनमा आक्रमण गरे तापनि परमेश्वरले त्यसलाई परिवर्तन गरी भलाई नै गर्छन् ।

हामीहरूले यस विषयमा खानतलासी गर्नुपर्दछ कि परमेश्वरले हाम्रा जीवनका सबै थोकलाई आफ्नो हातमा राख्नुहुन्न । यहाँ शत्रु छ — जसले मार्न, चोर्न, नाश गर्नलाई आउँछ । तर येशू हामीलाई जीवन दिनलाई आउनुभयो । हामीले जीवन राजीखुशीले छान्नुपर्छ । परमेश्वर दोषरहित सबै कुरामा हुनुहुन्छ — जो हाम्रा जीवनहरूमा आउनुहुन्छ ।

यदि परमेश्वर शारीरिक मानव भएको भए उहाँलाई दोष दिने थियो । कतिपय रोगहरू क्यान्सर, कुरूप, निराशा, शोक–सुर्ता आदिका कारण उहाँलाई दोष दिने थियो । म निश्चित भएर भन्छु – उहाँलाई कुनै पनि अधिकारीले समाउन कैदमा पठाउन सक्नेछैन । उहाँलाई रोक्न सक्दैन । अझ हामीले मनन गरौं – हामीले जीवनमा भेटेका, कल्पना गरेका मानिसभन्दा कति महान् दयालु हुनुहुन्छ । उहाँले अचम्भलाग्दो मानिसहरू माझ कार्य गरिरहनु भएको छ । कतिपय कार्यहरू शैतानको आक्रमण हुन्छ, कतिपय प्राकृतिक हुन्छ । तर सबै विपत्तिहरू परमेश्वरबाट भएको होइन । कतिपय विमा – कम्पनीहरूले उनीहरूको नियममा लेखेको हुन्छन् – ‘ कतिपय परमेश्वरका कामहरू–भूईँचालोहरू तथा महामारीहरूमा ।’ तर यो होइन, परमेश्वर सबै कुराहरूका अधिकारी हुनुहुन्न ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | याकूब १:१३ पढ्नुहोस् । परमेश्वरले मानिसहरूलाई शैतानको परीक्षामा पर्न दिनुहुन्छ ? | याकूब १:१३ ‘ परीक्षामा पर्दा कुनै मानिसले पनि यसो नभनोस्, ‘परमेश्वरबाट मेरो परीक्षा भएको छ, ‘ किनभने कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुनसक्तैन, औ उहाँ आफैले कुनै मानिसको परीक्षा गर्नुहुन्न ।’ |
| २. | याकूब १:१७ पढ्नुहोस् । हरेक उत्तम वरदानहरू कहाँबाट आउँछ ? | याकूब १:१७‘हरेक असल दान र हरेक उत्तम वरदान माथिबाटैकै हो, र ज्योतिका पिताबाट आउँछ, जसमा कहिल्यै अदल-बदल हुने र फेरिने छाया छैन ।’ |
| ३. | यूहन्ना १०:१० पढ्नूहोस् ।<br>चोरहरू को हुन् ? | यूहन्ना १०:१० ‘ चोर ता चोरूँ र मारूँ र नाश पारूँ भनेर मात्र आउँछ, म ता तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।’ |
| ४. | यूहन्ना १०:१० पढ्नुहोस् । यसको उद्देश्य के हो ? | |
| ५. | यूहन्ना १०:१० पढ्नुहोस् । येशू आउनुको उद्देश्य के हो ? | |
| ६. | याकूब ४:७ पढ्नुहोस् । परमेश्वरको अधीनमा बसी शैतानलाई विरोध गरेपछि यसको परिणाम के हुन्छ ? | याकूब ४:७ ‘ यसकारण परमेश्वरको अधीनमा बस, शैतानको विरोध गर, अनि त्यो तिमीहरूबाट भाग्नेछ । ’ |
| ७. | रोमी ८:२८ पढ्नुहोस् । रोमी ८:२८ अनुसार सबै थोकहरू परमेश्वरबाट भएको हो ? | रोमी ८:२८ ‘ तर हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरू र उहाँका इच्छा अनुसार बोलाहट भएकाहरूका निम्ति पनि सब कुरा मिलेरनै तिनीहरूका भलाइको निम्ति काम गर्दछन् ।’ |
| ८. | प्रेरित १०:३८ पढ्नुहोस् । के विमारीहरू परमेश्वरबाट भएको हो ? | प्रेरित १०:३८ ‘ कि कसरी परमेश्वरले नासरतका येशूलाई पवित्र–आत्मा र शक्तिले अभिषेक गर्नुभयो । उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो ।’ |
| ९. | १ यूहन्ना ३:८ पढ्नुहोस् । परमेश्वरको पुत्र प्रकट हुनुको उद्देश्य के हो ? | १ यूहन्ना ३:८ ‘ जसले पाप गर्छ, त्यो शैतानबाटको हो । किनकि शैतानले ता शुरूदखि नै पाप गर्दै आएको छ । शैतानका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट भएको छ । ’ |

# उत्तर–व्याख्या

१. प्रश्न : याकूब १:१३ पढ्नुहोस् । परमेश्वरले मानिसहरूलाई शैतानको परीक्षामा पर्न दिनुहुन्छ ?
उत्तर : दिनुहुन्न ।

२. प्रश्न : याकूब १:१७ पढ्नुहोस् । हरेक उत्तम वरदानहरू कहाँबाट आउँछ ?
उत्तर : ज्योतिका पिताबाट आउँछ ।

३. प्रश्न : यूहन्ना १०:१० पढ्नुहोस् । चोरहरू को हुन् ?
उत्तर : शैतान हुन् ।

४. प्रश्न : यूहन्ना १०:१० पढ्नुहोस् । यसको उद्देश्य के हो ?
उत्तर : चोर्नु, मार्नु र नाश गर्नु हो ।

५. प्रश्न : यूहन्ना १०:१० पढ्नुहोस् । यसको उद्देश्य के हो ?
उत्तर : हामीलाई प्रशस्त मात्राको जीवन दिनलाई हो ।

६. प्रश्न : याकूब ४:७ पढ्नुहोस् । परमेश्वरको अधीनमा बसी शैतानलाई विरोध गरेपछि यसको परिणाम के हुन्छ ?
उत्तर : मबाट त्यो भागेर जान्छ ।

७. प्रश्न : रोमी ८:२८ पढ्नुहोस् । रोमी ८:२८ अनुसार सबै थोकहरू परमेश्वरबाट भएको हो ?
उत्तर : होइन ।

८. प्रश्न : प्रेरित १०:३८ पढ्नुहोस् । के विमारीहरू परमेश्वरबाट भएको हो ?
उत्तर : होइन ।

९. प्रश्न : १ यूहन्ना ३:८ पढ्नुहोस् । परमेश्वरको पुत्र प्रकट हुनुको उद्देश्य के हो ?
उत्तर : शैतानका कामहरूलाई नष्ट पार्नालाई ।

# स्तर – १

# पाठ – १४

# आत्माले पूर्ण शक्तिशाली-जीवन

डोन क्रो

मर्कूस १६:१५–१६ मा ख्रीष्टले आफ्ना चेलाहरूलाई दिनुभएको महान् आज्ञा बारेमा ' सारा जगतमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ ।' प्रेरित ८:५ अनि पद १२ मा छ– यो आज्ञाले कसरी फिलिपले शिरोपर गरी सामरियमा प्रचार गरे, औ फिलिप चाहिँ सामरियाको एउटा शहरमा ओर्लेर तिनीहरूलाई ख्रीष्टको प्रचार गरे ।' ' तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपलाई विश्वास गरे, तब पुरूष र स्त्रीहरू दुवैले बप्तिस्मा लिए ।'

यो प्रश्न छ कि मर्कूस १६:१५-१६ बमोजिम सामरियाका मानिसहरू ईसाई भए ? उनीहरू ईसाईहरू भए । फिलिप सामरिया शहरमा गए, येशू ख्रीष्टलाई प्रचार गरे । येशू ख्रीष्टमा विश्वास गरेको कारण दुवै स्त्री–पुरूषहरूले बप्तिस्मा लिए । यो महान् आज्ञा बमोजिम तिनीहरूले उद्धार पाए । के तिनीहरूले पवित्र-आत्माको बप्तिस्मा पाए ? बाइबलले बताएको छ यूहन्नाले पानीको बप्तिस्मा दिए, तर येशू ख्रीष्टले पवित्र-आत्माको बप्तिस्मा दिनुभयो । बाइबल बमोजिम मानिसहरूले विश्वास गर्छन्, र तिनीहरूले उद्धार पाए । तर तिनीहरूले पवित्र–आत्माको बप्तिस्मा चाहिँ पाएनन् ।

प्रेरित ८:१४–१७ मा छ ' यरूशलेममा रहेका प्रेरितहरूले जब यो कुरा सुने कि सामरियाका मानिसहरूले पनि परमेश्वरको वचन ग्रहण गरे, तब तिनीहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए । उनीहरू त्यहाँ आएर तिनीहरूले पवित्र–आत्मा पाऊन भनेर तिनीहरूका निम्ति प्रार्थना गरे । किनकि त्यतिञ्जेलसम्म तिनीहरू मध्ये कुनै माथि पनि पवित्र–आत्मा आउनुभएको थिएन । प्रभु येशूको नाउँमा मात्र तिनीहरूले बप्तिस्मा लिएका थिए । तब उनीहरूले आफ्ना हात तिनीहरूमाथि राखिदिए, र तिनीहरूले पनि पवित्र-आत्मा पाए ।'

हामीहरूले बाइबलमा हेऱ्यौं कि जब एक मानिसले येशूमा विश्वास गर्छ, बप्तिस्मा लिन्छ, उद्धार पाउँछ । तर यसको अर्थ उसले पवित्र-आत्माको बप्तिस्मा पायौ भन्ने होइन । तिनीहरूको जीवनमा पवित्र–आत्मा आउनुभयो । ' यूहन्ना २०:२२ मा छ, तिनीहरूको जीवनमा पवित्र-आत्मा आउनुभयो र चेलाहरूलाई पुन:जीवन दिनुभयो । तर त्यो दिन पेन्टिकोसको दिन थियो । तिनीहरूले पवित्र-आत्माले बप्तिस्मा पाए, अनि परमेश्वरबाट शक्ति प्राप्त गरे । यहाँ पवित्र-आत्माको सचेतता, जो उद्धारमा हुन्छ, अनि पवित्र–आत्माको बप्तिस्मा बेग्लाबेग्लै हुन । जो व्यक्तिगत जीवनमा उहाँ आउनुहुन्छ । जो पवित्र-आत्माको डुबाऊ जो व्यक्तिगत जीवनमा हुन्छ, जसले उनीहरूलाई शक्ति प्रदान गर्नुहुन्छ । यदि कुनै एकजनाले उद्धार पाए भन्नाले उसले पवित्र आत्माको बप्तिस्मा पाएको होइन ।

प्रेरित १९:१–२ मा छ, ' अपोल्लस कोरिन्थमा हुँदा पावल माथिल्ला जिल्लाहरू छिचलेर एफिससमा आए, र कुनै–कुनै चेलाहरूलाई भेटाए । औ तिनले उनीहरूलाई भने, विश्वास गरेर के तिमीले पवित्र–आत्मा पायौं ? औ उनीहरूले तिनलाई भने, ' अहँ, पवित्र-आत्मा हुनुहुन्छ भन्ने ता हामीले सुनेका पनि थिएनौ ।' पावलले उनीहरूलाई भने, ' विश्वास गरेर के तिमीहरूले पवित्र–आत्मा पायौं ? ' तिनीहरूले भने, हामीले पवित्र–आत्मा बारेमा केही पनि जानेका छैनौं । पावलले भने, ' जब तिमीहरूले विश्वास गऱ्यौं, तब तिमीहरूले पवित्र–आत्माको बप्तिस्मा पाएनौं ? तब तिमीहरूले कसको बप्तिस्मा पायौं ? ' तब तिनीहरूले भने, ' हामीले यूहन्नाको बप्तिस्मा पायौ । म विश्वास गर्छु– पावलले उनीहरूलाई अतिनै सिद्धतामा व्याख्या गरिदिए कि येशू ख्रीष्ट हुनुहुन्छ । अनि ती विश्वासीहरूले पानीको बप्तिस्माद्वारा येशूलाई चिने । पद ६–७ मा छ ' औ जब पावलले तिनीहरूमाथि हात राखे तब पवित्र-आत्मा तिनीहरूमाथि आउनुभयो, र तिनीहरूले विभिन्न भाषामा बोल्न र अगमवाणी भन्नलागे । औ तिनीहरू सबै करीब बाह्र जना पुरूषहरू थिए ।'

यद्धपि तिनीहरू चेलाहरू नै थिए, उद्धारकर्ता आउनुभयो भनी विश्वास गरेका थिए । तर उनीहरू पवित्र-आत्माले बप्तिस्मा पाएका थिएनन् । एक व्यक्तिले नयाँ जीवन पाएका हुन्छन्, बप्तिस्मा पनि पाएका हुन्छन्, तर पवित्र आत्माको बप्तिस्माको बप्तिस्मा पाएका हुँदैनन् । पवित्र–आत्माको बप्तिस्माको अलग्गै स्पष्टै अनुभव परिवर्तनभन्दा हुन्छ ।

यद्धपि म मानिसलाई पानीको बप्तिस्मा दिन्छु । म तिनीहरूलाई पवित्र–आत्माको बप्तिस्मा दिन असमर्थ छु । केवल येशूले मात्र दिनुहुन्छ । यदि तपाईंले येशूलाई पवित्र–आत्माको बप्तिस्मा अहिलेसम्म माँग्नु भएको छैन भने, किन माँग्नु हुन्न ? ' तिमीहरू दुष्ट भईकन आफ्ना छोरा छोरीहरूलाई असल कुरा दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माँग्नेहरूलाई कति बढ़ता गरेर पवित्र-आत्मा दिनुहुनेछ ।' (लूका ११:१३) । तपाईंले उहाँलाई किन आज नै माँग्नु हुन्न ?

| | चेलापनका प्रश्नहरू | प्रश्नहरूमा बाइबलीय पदको प्रयोग |
|---|---|---|
| १. | मर्कूस १६:१६ पढ़नुहोस् ।<br>त्यसपछि प्रेरित ८:५,१२ पढ़नुहोस् ।<br>प्रेरित ८:१२ पद अनुसार वर्णन गरेका व्यक्तिहरू ईसाई भए ? | मर्कूस १६:१६ ' विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ ।'<br>प्रेरित ८:५ 'औ फिलिप चाहिँ सामरियाको एउटा शहरमा ओर्लेर तिनीहरूलाई ख्रीष्टको प्रचार गरे । '<br>प्रेरित–८:१२ ' जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपलाई विश्वास गरे, तब पुरूष र स्त्रीहरू दुवैले बप्तिस्मा लिए ।' |
| २. | प्रेरित ८:१४–१६ पढ़नुहोस् । ती व्यक्तिहरूले पवित्र–आत्माको बप्तिस्मा पाए ? | प्रेरित ८:१४–१६ यरूशलेममा रहेका प्रेरितहरूले जब यी कुरा सुने कि सामरियाका मानिसहरूले पनि परमेश्वरको वचन ग्रहण गरे, तब तिनीहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए । उनीहरू त्यहाँ आएर तिनीहरूले पवित्र–आत्मा पाउन भनेर तिनीहरूका निम्ति प्रार्थना गरे । किनकि |

| | | |
|---|---|---|
| | | त्यतिञ्जेलसम्म तिनीहरूमध्ये कुनै माथि पनि पवित्र–आत्मा आउनुभएको थिएन । प्रभु येशूको नाउँमा मात्र तिनीहरूले बप्तिस्मा लिएका थिए । तब उनीहरूले आफ्ना हात तिनीहरूमाथि राखिदिए, र तिनीहरूले पनि पवित्र–आत्मा पाए । |
| ३. | प्रेरित १९:१–५ पढ्नुहोस् ।<br>ती व्यक्तिहरू ईसाईहरू थिए ? | प्रेरित १९:१–५ ‘ अपोल्लस कोरिन्थमा हुदाँ पावल माथिल्ला जिल्लाहरू छिचलेर एफिससमा आए, र कुनै कुनै चेलाहरूलाई भेट्टाए । औ तिनले उनीहरूलाई भने, ‘ विश्वास गरेर के तिमीले पवित्र–आत्माको बप्तिस्मा पायौ ? औ उनीहरूले तिनलाई भने, ‘ अहँ, पवित्र–आत्मा हुनुहुन्छ भन्ने ता हामीले सुनेका पनि थिएनौं । अनि तिनले उनीहरूलाई भने, ‘ तब तिमीहरू कसमा बप्तिस्मा भयौ ता ? ’ तिनीहरूले भने यूहन्नाको बप्तिस्मा ।’ तब पावलले भने, ‘यूहन्नाले ता मानिसहरूलाई उनीपछि आउने, अर्थात येशूमा विश्वास गरून् भनेर पश्चतापको बप्तिस्मा दिन्थे ।’ जब तिनीहरूले प्रभु येशूको नाउँमा बप्तिस्मा लिए । औ जब पावलले तिनीहरूमाथि हात राखे, तब पवित्र–आत्मा तिनीहरूमाथि आउनुभयो, र तिनीहरूले विभिन्न भाषामा बोल्न र अगमवाणी भन्नलागे । औ तिनीहरू सबै करीब बाह्रजना पुरूषहरू थिए । |
| ४. | प्रेरित १९:६–७ पढ्नुहोस् । तिनीहरूले पवित्र–आत्मा पाए ? | प्रेरित १९:६–७ ‘ औ जब पावलले तिनीहरूमाथि हात राखे तब पवित्र आत्मा तिनीहरूमाथि आउनुभयो, र तिनीहरूले विभिन्न भाषामा बोल्न र अगमवाणी भन्न लागे । औ तिनीहरू सबै करीब बाह्र जना पूरूषहरू थिए ।’ |
| ५. | लूका ११:१३ पढ्नुहोस् । लूका ११:१३ पद अनुसार पवित्र–आत्मा पाउनलाई हामीले के गर्नुपर्छ ? | लूका ११:१३ ‘ तिमीहरू दुष्ट भईकन आफ्ना छोरा–छोरीहरूलाई असल कुरो दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माँग्नेहरूलाई कति बढ़ता गरेर पवित्र–आत्मा दिनुहुन्छ ।’ |
| ६. | १ कोरिन्थी १४:२ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषाहरूमा बोलिरहेको हुन्छ, उसले के गरिरहेको हुन्छ ? | १ कोरिन्थी १४:२ ‘ किनकि अन्य भाषामा बोल्नेले मानिसहरूसित होइन, तर परमेश्वरसित बोल्दछ । किनकि कसैले बुझ्दैन, तर आत्मामा रहस्य कै कुरा त्यो बोल्दछ । |
| ७. | १ कोरिन्थी १४:१४ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषाहरूमा बोलिरहेको हुन्छ, उसले के गरिरहेको हुन्छ ? | १ कोरिन्थी १४:१४ ‘ किनभने मैले अन्य भाषामा प्रार्थना गरें भने मेरो आत्माले ता प्रार्थना गर्दछ, तर मेरा समझ चाहिँ काम नलाग्ने हुन्छ ।’ |
| ८. | १ कोरिन्थी १४:१६–१७ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषाहरूमा बोलिरहेको हुन्छ, उसले के गरिरहेको हुन्छ ? | १ कोरिन्थी १४:१६–१७ ‘ आत्माले धन्यवाद चढ़ाउँदा तिमीले भनेको कुरा केही नबुझीकन बाहिरको साधारण व्यवस्थामा बस्ने मानिसले तिमीले धन्यवाद |

| | | |
|---|---|---|
| | | चढ़ाएकोमा कसरी ‘ आमिन’ भन्ला ? किनभने तिमीले चाहिँ ता राम्ररी धन्यवाद दिएका हुन्छौ, तर अर्कोको सुधार भएको हुँदैन ।’ |
| ९. | प्रेरित २:४ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषामा बोलिरहेको हुन्छ; तब पवित्र आत्मा अथवा व्यक्ति स्वयं बोलिरहेको हुन्छ ? | प्रेरित २:४ ‘ अनि तिनीहरू सबै पवित्र–आत्माले भरिए, र आत्माले गर्नदिए बमोजिम तिनीहरू अरू भाषामा बोल्न लागे ।’ |
| १०. | प्रेरित २:४ पढ्नुहोस् । कसले उच्चारण गर्न लगाउँछ ? | |

# उत्तर–व्याख्या

१. प्रश्न : मर्कूस १६:१६ पढ्नुहोस् ।
त्यसपछि प्रेरित ८:५,१२ पढ्नुहोस् । प्रेरित ८ :१२ पद अनुसार वर्णन गरेका व्यक्तिहरू ईसाई भए ?
उत्तर : ज्यू ।

२. प्रश्न : प्रेरित ८:१४–१६ पढ्नुहोस् । ती व्यक्तिहरूले पवित्र–आत्माको बप्तिस्मा पाए ?
उत्तर : ज्यू ।

३. प्रश्न : प्रेरित १९:१–५ पढ्नुहोस् । ती व्यक्तिहरू ईसाईहरू थिए ?
उत्तर : ज्यू ।

४. प्रश्न : प्रेरित १९:६–७ पढ्नुहोस् । तिनीहरूले पवित्र–आत्मा पाए ?
उत्तर : पाएनन् ।

५. प्रश्न : लूका ११:१३ पढ्नुहोस् । लूका ११:१३ पद अनुसार पवित्र–आत्मा पाउनलाई हामीले के गर्नुपर्छ ?
डत्तर : माँग्न पर्छ ।

६. प्रश्न : १ कोरिन्थी १४:२ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषाहरूमा बोलिरहेको हुन्छ, उसले के गरिरहेको हुन्छ ?
उत्तर : परमेश्वर तथा रहस्यका विषयहरू बोलिरहेका हुन्छन् ।

७. प्रश्न : १ कोरिन्थी १४:१४ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषाहरूमा बोलिरहेको हुन्छ, उसले के गरिरहेको हुन्छ ?
उत्तर : तिनीहरू आत्माले परमेश्वरलाई प्रार्थना गरिरहेको हुन्छ ।

८. प्रश्न : १ कोरिन्थी १४:१६–१७ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषाहरूमा बोलिरहेको हुन्छ, उसले के गरिरहेको हुन्छ ?

उत्तर : तिनीहरू आत्माका परमेश्वरलाई प्रशंसा अनि धन्यवाद दिइरहेको हुन्छ ।

९. प्रश्न : प्रेरित २:४ पढ्नुहोस् । जब कुनै व्यक्तिले अन्य भाषामा बोलिरहेको हुन्छ; तब पवित्र आत्मा अथवा व्यक्ति स्वयं बोलिरहेको हुन्छ ?

उत्तर : व्यक्ति बोलिरहेको हुन्छ ।

१०. प्रश्न : प्रेरित २:४ पढ्नुहोस् । कसले उच्चारण गर्न लगाउँछ ?

उत्तर : पवित्र-आत्मा ।

# स्तर – १

# पाठ – १५

# पवित्र आत्मालाई कसरी ग्रहण गर्नु ?

## डोन क्रो

पवित्र–आत्मालाई कसरी ग्रहण गर्नु विषयमा हामी यहाँ आज बातचीत गर्नेछौं । प्रेरित १०:१ मा छ, ' सिजरियामा कर्नीलियस नाउँ भएका एक जना मानिस थिए, जो इटाली नामक पल्टनका एक कप्तान थिए । यो एक पल्टनका पद थिए, हुनसक्छ एउटा रेजिमेण्टका कप्तान थिए । पद २ मा छ, 'तिनी भक्त थिए, र तिनको सारा घरानासमेत परमेश्वरको भय मान्थे, र मानिसहरूलाई दान–पुण्य गरी परमेश्वरमा सधैं प्रार्थना गर्ने गर्थे ।' उ धार्मिक थिए, परमेश्वरको भय मान्थे, असल कार्य गर्थे, खाँचोमा परेकाहरूलाई दान – पुण्य गर्थे । बाइबलले बताउँछ – उ सधैं प्रार्थना गर्थे । तर हामीले अझ हेऱ्यौ भने हामी छक्क पर्नेछौ । उ परमेश्वरको अघि सुकार्य गर्थे, उ परमेश्वरसँग भय मान्थे, उसको जीवन प्रार्थनामय थियो । ख्रीष्ट येशूको मध्यस्थबाट उसको जीवनको सम्बन्ध परमेश्वरसँग थिएन ।

पद ३–६ मा छ, ' तिनले दिनको तेस्रो पहरतिर दर्शनमा परमेश्वरको एउटा दूत आफूतिर आइरहेका र 'ए कर्नालियस' भनेको प्रष्टै सुने । तिनले उनीमाथि डिठ लगाएर हेरे, र डराएर भने, 'तिम्रा प्रार्थना र तिम्रा दान-पुण्य संझनाको निम्ति परमेश्वरको सामने पुगेको छ । अब जोप्पामा मानिसहरू पठाएर कुलनाउँ पत्रुस भएको एक जना सिमोनलाई बोलाऊ तिनी छाला बनाउने एक जना शिमोनकहाँ पाहुना भएर बसेका छन्, जसको घर समुद्रको किनारमा छ ।' यद्धपि यो परमश्वरको डर मान्ने, धर्मी, असल कार्य गर्ने, परमेश्वरको समक्ष प्रार्थनामा जीवन बिताउने थिए । उहाँ एउटा दूत तिनीकहाँ आएर भने शिमोनलाई बोलाऊ । उसले तिमीलाई के गर्नुपर्छ बताउनेछ । प्रेरित १०:४३ मा छ, पत्रुसले भने बमोजिम गरे, ' उहाँको निम्ति सबै अगमवक्ताहरूले गवाही दिएका छन्, कि उहाँको नाउँद्वारा जस जसले उहाँमाथि विश्वास गर्छन्, पापको मोचन पाउँछन् ।' यो अचम्भको कुरा होइन ?

यो व्यक्ति उनका सबै असल कार्यहरूका लागि प्रशंसाका पात्र थिए । तर ख्रीष्ट येशूको मध्यस्थताबाट परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध थिएन । परमेश्वरले तिनलाई भन्नुभयो,'तिमीहरू महान् कार्यहरू गरयौ, यी सबै आश्चर्यहरू हुन् ! यी सबै मलाई थाह छ । म तिमीलाई भनिरहेछु – म अब के गर्नेछु । म तिमीहरूकहाँ दूत पठाउनेछु । शिमोनलाई बोलाउने कुरा तिमीलाई भन्नेछन् । तब तिमीले के गर्नुपर्छ सबै कुरा उसले बताउनेछ । प्रेरित १०:४३ मा छ, ' जब पत्रुस, कर्नालियसको घर पुगे, तब उसले भने, ' जस–जसले उहाँमाथि विश्वास गर्छन्, पाप मोचन पाउँछन् ।'

अब त्यहाँ के भयो, हेरौ, ' पत्रुसले यी कुरा बोल्दा बोल्दै, वचन सुन्नेहरू सबैमाथि पवित्र–आत्मा ओर्लनुभयो । ( प्रेरित १०:४४) । कर्नालियसले येशू ख्रीष्ट बारेमा सुनी पाप-मोचनको लागि येशू ख्रीष्टमा विश्वास गरे । तब पवित्र–आत्मा उनीमाथि तथा जति जना त्यसघरमा थिए उनीहरूमाथि खन्याइए । पद ४५ मा छ, ' औ जति जना खतनाका विश्वासीहरू पत्रुसको साथमा आएका थिए, अन्यजातिहरूमाथि पनि

पवित्र–आत्माको  वरदान खन्याइएकोमा ती सबै छक्कै परे ।' पद ४६ मा छ, ' किनकि उनीहरूले विभिन्न भाषामा बोलेर परमेश्वरको ज्यादै प्रशंसा गरिरहेका सुने ।'

प्रत्येक समयमा नयाँ करारमा प्रत्येक व्यक्ति माथि पवित्र-आत्मा खन्याइन्थ्यो, तिनीहरूमा पवित्र–आत्माका वरदानहरू प्रर्दशित हुन्थ्यो । उनीहरू पवित्र–आत्माले पूर्ण भएका, पवित्र–आत्मा ग्रहण गरेका झल्काउँथे । नयाँ –करारमा तिनीहरूले साधारण रूपमा अन्यभाषाहरू बोल्थे, अगमवाणी बोल्थे ।

एक साँझ डलास (टेक्सास)–को मैदानमा घुँड़ा टेकी प्रभुलाई भने, – परमेश्वर मैले अन्य भाषा बोल्न तथा पवित्र-आत्माको बप्तिस्मा, जो मानिसहरूले भनिरहेका छन्, त्यो बुझिन । यदि कुनै निर्देशनहरू छ भने म तपाईलाई प्रशंसा गर्छु, तपाईलाई उच्चमा राख्छु, म मेरो अग्रेजी भाषाभन्दा अझ अघि जान्छु । म त्यसलाई चाहन्छु । मैले परमेश्वरलाई प्रशंसा दिन थाले । जब मैले शुरू गरे, पवित्र–आत्माले मलाई भाषा दिनुभयो– म उच्चारण गर्न लागे । यो मैले कहिल्यै जानेको वा सिकेको थिइन । बाइबल प्रेरित २:४ मा छ ' अनि तिनीहरू सबै पवित्र आत्माले भरिए र आत्माले  तिनीहरूलाई उच्चारण गर्नदिए बमोजिम, तिनीहरू अरू भाषामा बोल्न लागे ।' ' कोहरू बोल्न थाले ? तिनीहरू बाल्न थाले । कसले तिनीहरूलाई उच्चारण दिए ? उनै पवित्र–आत्माले दिनुभयो ।

" तिनीहरू दुष्ट भईकन आफ्ना छोरा–छारीहरूलाई असल कुरो दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसग माग्नेहरूलाई कति बढ़ता गरेर पवित्र–आत्मा दिनुहुनेछ ।" ' अब तपाईंहरू अहिले नै माग्नुहोस्, तपाईले पाउनुभयो भनी विश्वास गर्नुहोस् । परमेश्वरलाई समर्पण गर्नुहोस् । परमेश्वरलाई आराधना गर्नुहोस् । तपाईलाई आराधना गर्नलाई तथा प्रशंसा गर्नलाई उहाँले उच्चारण गर्ने तथा कहिल्यै पनि नसिकेका भाषा उहाँले तपाईलाई दिनुहुनेछ ।'

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | बाइबलमा प्रयोग गरिएका 'उद्धार' शब्दलाई अरू कसरी वर्णन गरेका छन् ? | यूहन्ना ३:३ ' येशूले तिनलाई भन्नुभयो, ' साँचो साँचो म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्नसक्दैन ।' |
| २. | प्रेरित ११:१५ पढ्नुहोस् । यो पदले कसरी पवित्र–आत्माको बप्तिस्माको अनुभवलाई वर्णन गरेका छन् ? | प्रेरित  ३:१९ यसकारण पश्चताप गर्नुहोस् र फर्कनुहोस्, र तपाईको पाप मेटियोस् । औ प्रभुका उपस्थितिबाट आरामको समय आओस् । |
| ३. | येशूको चेलाहरूले पवित्र–आत्माको बप्तिस्मा लिए ( यूहन्ना २०:२२) तर केही दिनहरू पछि तिनीहरूले पवित्र-आत्माको बप्तिस्मा भए(प्रेरित २:१–४)यसलाई हेरी यो सत्यतालाई तुलना गर्नुहोस् । | मर्कूस १६:१६ ' विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ ।' |
| ४. | पवित्र-आत्माको बप्तिस्माको के उद्देश्य छ ? | कलस्सी २:१३ औ तिमीहरू आफ्ना अपराध र देहको बेखतनामा मरेका भएर तिमीहरूलाई नै उहाँले हाम्रा सबै अपराध क्षमा गरेर उहाँसँगै जीवित पार्नुभयो ।' |

| | | |
|---|---|---|
| ५. | प्रेरित २:३८–३९, १ कोरिन्थी १:७ पढ़नुहोस् । हाम्रालागि आज पनि पवित्र–आत्माको बप्तिस्मा छ ? | रोमी ८:९ ' तर यदि परमेश्वरको आत्मा स्वयं तमीहरूमा बास गर्नुहुन्छ भनेता तिमीहरू शरीरमा होइन, तर आत्मामा हुन्छौं । तर कोही मानिसमा ख्रीष्टको आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदै होइन । |
| ६. | लूका ११:१३ तपाईंले आजसम्म पनि पवित्र-आत्माको बप्तिस्मा पाउनुभएको छैन भने आज तपाईंले के गर्नु पर्छ ? | मत्ती २५:४६ ' तब यिनीहरू चाँहि अनन्त दण्डमा तर धार्मिकहरू चाँहि अनन्त जीवनमा जानेछन् ।' |
| ७. | प्रेरित २:४ पढ़नुहोस् । परमेश्वरले तपाईंलाई दिनुभएको प्रार्थनामय भाषामा परमेश्वरलाई माग्नु, प्राप्त गर्नु भाषा बोल्नु, अनि परमेश्वरलाई आराधना गर्नुभएको छ ? | प्रेरित ११:१५ ' जब मैले बोल्न थाले, जब पवित्र–आत्मा तिनीहरूमाथि ओर्लनुभयो ।' |
| | | यूहन्ना २०:२२ ' अनि यति भनेर उहाँले तिनीहरूलाई फर्केर भन्नुभयो– पवित्र आत्मा लेओ ।' |
| | | प्रेरित २:१–४ ' औ जब पेन्तिकोसको दिन आइपुगेको थियो, तब तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए । अनि अचानक स्वर्गबाट ठूलो बतास बहेको जस्तो हुरूरूरू शब्द आयो, र त्यसले तिनीहरू बसेको घर जम्मै भरिदियो । औ आगोको जस्तो चिरा–चिरा परेका जिब्राहरू तिनीहरू कहाँ देखा परे, र ती तिनीहरू एक एक माथि बसे । |
| | | प्रेरित १:८ ' तर पवित्र आत्मा तिमीहरूमा आउनु भएपछि तिमीहरूमा आउनु भएपछि तिमीहरूले शक्ति पाउनेछौ, औ तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तसम्म मेरो गवाही हुनेछौ । |
| | | प्रेरित २:३८–३९ ' पत्रुसले तिनीहरूलाई भने, ' पश्चताप गर । र तिमीहरू हरेकले पाप मोचनको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ । किनकि प्रतीज्ञा तिमीहरूका निम्ति, र तिमीहरूका सन्तानका निम्ति र टाढ़ा–टाढ़ामा रहेका सबैको निम्ति हो, जस जसलाई परमप्रभु हाम्रा परमेश्वरबाट आह्वान हुन्छ ।' |
| | | १ कोरिन्थी १:७ ' यहाँसम्म कि हाम्रा प्रभु येशू ख्रीष्टको प्रकाश पर्खिरहँदा तिमीहरूमा कुनै वरदानको अभाव छैन ।' |

| | | |
|---|---|---|
| | | लूका ११:१३ ' तिमीहरू दुष्ट भईकन आफ्नो छोरा—छोरीहरूलाई असल कुरो दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ता गरेर पवित्र आत्मा दिनुहुनेछ । |
| | | प्रेरित २:४ अनि तिनीहरू सबै पवित्र आत्माले भरिए, र आत्माले तिनीहरूलाई उच्चारण गर्नदिए बमोजिम तिनीहरू अरू भाषामा बोल्नलागे । |

## उत्तर—व्याख्या

१. प्रश्न : बाइबलमा प्रयोग गरिएका उद्धार शब्दलाई अरू कसरी वर्णन गरेका छन् ?

उत्तर : नयाँ गरी जन्मनु (यूहन्ना ३:३) । परिवर्तन ( प्रेरित ३:१९) विश्वास गरी बप्तिस्मा गर्नु ( मर्कूस १६:१६) अपराध क्षमा हुनु ( कलस्सी २:१३) आत्मा पाउनु ( रोमी ८:९) अनि अनन्त जीवन पाउनु (मत्ती २५:४६) ।

२. प्रश्न : प्रेरित ११:१५ पढ़नुहोस् । यो पदले कसरी पवित्र-आत्माको बप्तिस्माको अनुभवलाई वर्णन गरेका छन् ?

उत्तर : कसैमाथि पवित्र-आत्मा आउनुभयो ।

३. प्रश्न : येशूको चेलाहरूले पवित्र—आत्माको बप्तिस्मा लिए ( यूहन्ना २०:२२) तर कुनै दिनहरू पछि तिनीहरूले पवित्र—आत्माको बप्तिस्मा भए । ( प्रेरित २:१—४) यसलाई हेरी यो सत्यतालाई तुलना गर्नुहोस् ।

उत्तर : यूहन्ना २०:२२ अनुसार चेलाहरूले पवित्र—आत्मा प्राप्त गरे । प्रेरित २:१—४ अनुसार त्यही चेलाहरू पवित्र आत्माले पूर्ण भए ( आन्तरिक एवं बाहिर डुब्नु ) । प्रेरित १:८ पढ़नुहोस् ।

४. प्रश्न : पवित्र-आत्माको बप्तिस्माको के उद्देश्य छ ?

उत्तर : सेवामा शक्ति पाउनु हो । ( गवाही) ।

५. प्रश्न : प्रेरित २:३८—३९, १ कोरिन्थी १:७ पढ़नुहोस् । हाम्रालागि आज पनि पवित्र—आत्माको बप्तिस्मा छ ?

उत्तर : ज्यू । पवित्र-आत्माका वरदानहरू प्रभुको दोस्रो आगमनमा हराउँछ । तर अहिले होइन ।

६. प्रश्न : लूका ११:१३ तपाईंले आजसम्म पनि पवित्र-आत्माको बप्तिस्मा पाउनुभएको छैन भने आज तपाईले के गर्नु पर्छ ?

उत्तर : यसकोलागि मांग्नुहोस् ।

७. प्रश्न : प्रेरित २:४ पढ़नुहोस् । परमेश्वरले तपाईलाई दिनुभएको प्रार्थनामय भाषामा परमेश्वरलाई माग्नु, प्राप्त गर्नु भाषा बोल्नु, अनि परमेश्वरलाई आराधना गर्नुभएको छ ?

उत्तर : ज्यू, म बोल्नेछु, तर पवित्र—आत्माले मलाई उच्चारण (भाषा) दिनुहुन्छ ।

# स्तर – १
# पाठ – १६
# अन्य भाषाहरूमा बोल्दा पाइने फायदाहरू
**एन्ड्रू वॉमक**

यो एउटा घटना भयो । जब पहिला मानिसहरूले पवित्र–आत्माको बप्तिस्मा पाए, त्यहाँ भएका सबै मानिसहरूले अन्य–भाषाहरू बोल्न थाले । प्रेरित २:४ मा लेखिएको छ, जब पेन्टिकोस्टको दिन आयो, तिनीहरू तिनीहरूलाई उच्चारण गर्नदिए बमोजिम तिनीहरू अरू भाषामा बोल्न लागे । प्रेरितहरूका पुस्तक अनुरूप जब मानिसहरूले पवित्र–आत्मा प्राप्त गरे, तब परमेश्वरको उपस्थिति प्रकट भयो ।

अन्य भाषाहरू बोल्न भन्दा पनि पवित्र–आत्माको महत्व अर्कै छ । तर यो चाहिँ एउटा मुख्य प्रकटीकरण हो । १ कोरिन्थी १४:१३–१४ मा छ , 'यसकारण अन्य भाषामा बोल्नेले त्यसको अर्थ खुलाउनालाई प्रार्थना गरोस् । किनभने मैले अन्य भाषामा प्रार्थना गरें भने मेरो आत्माले ता प्रार्थना गर्दछ, तर मेरो समझ चाँहि काम नलाग्ने हुन्छ ।' जब तपाईंले अन्य भाषाहरूमा प्रार्थना गर्नुहुन्छ, तपाईंको आत्माले प्रार्थना गर्दछ । जब तपाई अन्यभाषाहरूमा बोल्नुहुन्छ, यसको उल्थाकोलागि पनि प्रार्थना गर्नुहोस् । तब तपाईंको समझ अति नै फलदायक हुन्छ ।

म मेरो व्यक्तिगत साक्षी दिइरहेको छु – जब मैले पवित्र–आत्माको बप्तिस्मा पाई अन्य भाषाहरू बोल्न थाले; मेरो जीवन नाटकीय ढगंमा परिवर्तन भयो । मैले विश्वास गरे, जब मैले नयाँ जीवन पाएँ मेरो जीवनमा ख्रीष्ट आई वास गर्नु भयो । मेरो जीवनमा सबै कुरा दिनुभयो । जब पवित्र–आत्मा ममा आउनुभयो, मबाट उहाँ प्रकट हुनुभयो । यहाँ दुइवटा कुराहरू भए । पहिलो वर्षमा मैले जब अन्य भाषाहरूमा प्रार्थना गरें, मेरो समझले भन्यो–यो पागलपन हो । मैले गरेका सबै कार्यहरू व्यर्थका हुन् । मैले विश्वासपूर्वक अन्यभाषाहरूमा प्रार्थना गरें । यहूदा २० पदमा छ, ' तब हे प्रिय हो, तिमीहरू चाहिँ तिमीहरूको अति पवित्र–विश्वासमा आफ्नो उन्नति गर्दै पवित्र आत्मामा प्रार्थना गरी ।' यसले तपाईलाई प्राकृतिक विचारहरू तथा तर्कहरूबाट अलग राख्छ, अनि शक्तिशाली विश्वासमा राख्तंछ ।

अर्को मेरो अनुभव छ– जब म भाषाहरूमा प्रार्थना गर्न थाले, कतिपय मानिसहरू जो धेरै वर्षहरू बितेका थिए ती मानिसहरूको याद ममा आयो । मैले उनीहरूका लागि प्रार्थना गर्न थाले । एक दुइ दिनपछि ती मानिसहरूसँग सम्पर्क गरे । यहाँ पनि केही अचम्भका कार्यहरू भएको थियो । तिनीहरूलाई भेट गरें । मैले यी सबै कुराहरू लिएर अनुभव गरें, जब म अन्यभाषामा प्रार्थना गर्छु । यो चाहिँ मेरो मानसिक शक्तिदेखि बाहिरको कुरा थियो । मेरो आत्माले सबै कुरा थाहा पायो । ममा ख्रीष्टको मन भनेकोले ती व्यक्तिहरूकालागि प्रार्थना गरे । मैले यो शारीरिक संझाइमा गर्न असमर्थ थिए ।

एकदिन म अन्यभाषामा नै प्रार्थना गरिरहेका थिएँ । अन्यभाषामा नै प्रार्थना गर्नुमा मेरो विश्वास थियो । यस्ता विचारहरूसँग म संघर्ष गरिरहेको थिएँ– तिमीले अंग्रेजीमा नै बोल, असल हुनेछ, नबुझ्ने भाषामा नबोल । यी विचारहरूसँग सामना गरिरहेको थिएँ । म प्रार्थना नै गरिरहेको थिएँ, एकजना केटो, जसलाई मैले चारवर्षसम्म देखेको थिइन । मेरो ढोकामा आई ढकढ्कायो । उभित्र 'हल्लो' नभई आयो र बस्यो । तब उ हृदयबाटनै विलाप गर्न लाग्यो । किनकि उसको धेरै समस्याहरू थियो । म त्यहाँ बसे र संझे–मैले कसरी अन्जानमा नै त्यसलाई प्रार्थना गरूं मैले चारसालसम्म त्यसलाई देखेको छैन ! अतंमा मैले प्रार्थना गर्नुपर्छ, परमेश्वरले मलाई तयार गर्नु भयो । मैले उसकोलागि प्रार्थना मेरो संमझले गरिन भने केही गरेको हुँदिन । अचानक ममा प्रकाश आउन थाल्यो, अनि मैले उसलाई भने– म तिमीलाई भन्छु तिम्रा समस्याहरू के के हुन् ?

तपाईंलाई यो थाहा भयो कि जब म साम्प्रदायिक मण्डलीमा थिएँ । उसलाई थाहा थिएन कि ममा के भएको छ, ममा पनि निश्चित थिएन । हामी दुवैमा भय थियो । तर यो परमेश्वरको शक्ति प्रकट भएको थियो? उहाँले यो अद्भूत रूपमा प्रयोग गर्नुभएको थियो । यसको अर्थ के हो? जब तपाईंको आत्माले प्रार्थना गरिरहेको हुन्छ । तपाईंको आत्माले प्रार्थना गरिरहेको हुन्छ । तपाईंको आत्माले नयाँ जीवन पाएको हुन्छ, ख्रीष्टको मन तपाईंमा हुन्छ । तपाईंले के गर्नुपर्छ त्यो निश्चित रूपले जान्नुहुन्छ । तपाईं परमेश्वरबाट अभिषेक भएको हुन्छ, तपाईंले सबै कुराहरू जान्नुहुन्छ । तपाईंको आत्मा असीमित हुनेछ । यदि तपाईंको आत्माको शक्त र प्रकाशमा हिड्नु हुन्छ भने तपाईंको शारीरिक जीवनको पनि परिवर्तन हुनेछ । यदि यसरी गर्नुहुन्छ भने, यद्धपि एउटा मात्र बाटो छैन, तपाईंले अन्यभाषामा बोल्न शुरू गर्नुहोस् । तपाईंले विश्वास थाहा गर्नुहोस्, जब तपाईंले यो गर्नुहुन्छ– तपाईंले स्वयंलाई महान् पवित्र विश्वासमा माथि राख्नु भएको छ । जब तपाईंको आत्माले प्रार्थना गर्नुहुन्छ तब गुप्त परमेश्वरको ज्ञान, अनि साँचो परमेश्वरको प्रकाश आउनेछ । १ कारिन्थी १४:१३ बमोजिम प्रार्थना गर जसको उल्था पनि होस् । यसको अर्थ यो होइन कि तपाईंले अन्यभाषामा प्रार्थना नगरून अनि अंग्रेजीमा अनुवाद गरून । यसको अर्थ यो हो कि तपाईंको समझ शक्ति अझ फलदायक बनून ।

यदि तपाईंले मण्डली–सेवामा अन्यभाषामा प्रचार गर्नुभयो भने, यसलाई रोक्नुहोस् र अंग्रेजीमा अनुवाद गर्नुहोस् । जब तपाईं स्वयं प्रार्थना गर्नुहुन्छ, म के गर्छु भने म अन्यभाषामा प्रार्थना गर्छु भने, परमेश्वरले विश्वास गर्छु कि उहाँले मलाई त्यसको प्रकाश पनि दिनुहुन्छ । कोही बेला मेरो धारणा परिवर्तन हुन्छ । ममा कुनै शब्द नै हुँदैन । तर झट्टै मैले नयाँ स्पष्ट धेरै दर्शन देख्छु । मलाई ती दर्शनको पूरा प्रकाश पाउनलाई प्राय: एक हप्ताजति समय लाग्छ । तर मलाई अन्यभाषामा प्रार्थना गर्दा समयप्रति विश्वास लाग्छ, उसरीनै यसको उल्था पनि एक अंश हो भनी विश्वास गर्छु ।

अन्यभाषामा प्रार्थना गर्नुमा यसको धेरै कारणहरू छन् । निश्चय नै तपाईंले पवित्र-आत्मा पाउनुभएको एउटा उदाहरण हो । यो दैनिक जीवनको मुख्य अंश हो । तपाईंको हृदयको सम्पर्क सोझै परमेश्वरसँग को हो । जो विगतमा तपाईंको मप्तिस्कमा शंकाहरू अनि डरहरू थियो । यसले तपाईंको मुख्य पवित्र विश्वासलाई बनाउँछ, अनि परमेश्वरको लुकेको ज्ञान प्रदान गर्दछ । म तपाईंको लागि प्रार्थना गर्दछु, सबैजना यस बहाऊमा आउन्, तपाईंको विश्वासलाई स्वतंत्र गरून, अनि अन्य भाषाहरूमा बोल्दा पाइने फायदाहरू उठाउनुहोस् ।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरूमा बाइबलीय पदको प्रयोग |
|---|---|---|
| १. | यहूदा १:२० पढ्नुहोस् । पवित्र आत्मामा प्रार्थना गर्नाले के महान् फायदाहरू हुन्छ ? | यहूदा १:२० ' तर हे प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा आफ्नो उन्नति गर्दै, पवित्र–आत्मामा प्रार्थना गरी, । |
| २. | प्रेरित २:४ पढ्नुहोस् । कति मानिसहरू पवित्र–आत्माले भरिएका थिए ? | प्रेरित २:४ ' अनि तिनीहरू सबै पवित्र आत्माले भरिए, र आत्माले तिनीहरूलाई उच्चारण गर्नदिए बमोजिम, तिनीहरू अरू भाषामा बोल्न लागे ।' |
| ३. | प्रेरित २:४ पढ्नुहोस् । पवित्र-आत्माले भरिएको परिणाममा तिनीहरूले के गरे ? | |
| ४. | १ कोरिन्थी १४:१४ पढ्नुहोस् । जब तपाईं अन्यभाषामा प्रार्थना गर्नुहुँदा, तपाईं कुन भागमा प्रार्थना गर्नुहुन्छ ? | १ कोरिन्थी १४:१४ ' किनभने मैले अन्य भाषामा प्रार्थना गरे भने मेरो आत्माले ता प्रार्थना गर्दछ, तर मेरो समझ चाहिँ काम नलाग्ने हुन्छ । ' |
| ५. | १ कोरिन्थी १४:२ पढ्नुहोस् । जब एकजना मान्छेले अन्यभाषा बोल्छ, उ को सित बोल्छ ? | १ कोरिन्थी १४:२ ' किनकि अन्यभाषामा बोल्नेले मानिसहरूसित होइन, तर परमेश्वरतिर बोल्दछ । किनकि कसैले बुझ्दैन, तर आत्मामा रहस्यकै कुरा बोल्दछ ।' |
| ६. | १ कारिन्थी १४:२ पढ्नुहोस् । जब एक जना व्यक्तिले अन्य भाषामा प्रार्थना गर्छ, अरू मानिसहरूले उसले के भनेका कुराहरू बुझ्छ ? | |
| ७. | १ कोरिन्थी १४:२ पढ्नुहोस् । जब तपाईंले अन्यभाषामा प्रार्थना गर्नुहुन्छ, तपाईंको आत्माले के प्रार्थना गरिरहेको हुन्छ ? | |
| ८. | १ कोरिन्थी १४:१४ पढ्नुहोस् । जब तपाईले अन्यभाषामा प्रार्थना गर्नुहुन्छ, तपाईंले के गर्नुहुन्छ ? | १ कोरिन्थी १४:४ ' अन्य भाषा बोल्नेले आफ्नो सुधार गर्छ, तर अगमवाणी बोल्नेले मण्डलीको सुधार गर्छ ।' |
| ९. | १ कोरिन्थी १४:१६ पढ्नुहोस् । जब तपाईले अन्यभाषामा प्रार्थना गर्नुहुन्छ तपाईंले के गर्नुहुन्छ ? | १ कोरिन्थी १४:१६ ' आत्माले धन्यवाद चढ़ाउँदा तिमीले भनेका कुरा केही नबुझीकन बाहिरको साधारण अवस्थामा बस्ने मानिसले तिमीले धन्यवाद चढ़ाएकोमा कसरी आमेन भन्ला ? |

## उत्तर–व्याख्या

१. प्रश्न : यहूदा १:२० पढ्नुहोस् । पवित्र आत्मामा प्रार्थना गर्नाले के महान् फायदाहरू हुन्छ ?

उत्तर : जब म पवित्र–आत्मामा प्रार्थना गर्छु, आफ्नो उन्नति गर्छु ।

२. प्रश्न : प्रेरित २:४ पढ़नुहोस् । कति मानिसहरू पवित्र–आत्माले भरिएका थिए ?
उत्तर : सबै नै ।

३. प्रश्न : प्रेंरित २:४ पढ़नुहोस् । पवित्र–आत्माले भरिएको परिणाममा तिनीहरूले के गरे ?
उत्तर : तिनीहरूले अन्यभाषा बोले ।

४. प्रश्न : १ कोरिन्थी १४:१४ पढ़नुहोस् । जब तपाईं अन्यभाषामा प्रार्थना गर्नुहुँदा, तपाईं कुन भागमा प्रार्थना गर्नुहुन्छ ?
उत्तर : म आत्मामा प्रार्थना गर्छु ।

५. प्रश्न : १ कोरिन्थी १४:२ पढ़नुहोस् । जब एकजना मान्छेले अन्यभाषा बोल्छ, उ को सित बोल्छ ?
उत्तर : परमेश्वरसँग ।

६. प्रश्न : १ कोरिन्थी १४:२ पढ़नुहोस् । जब एक जना व्यक्तिले अन्य भाषामा प्रार्थना गर्छ, अरू मानिसहले उसले के भनेका कुराहरू बुझ्छ ?
उत्तर : बुझ्दैन ।

७. प्रश्न : १ कोरिन्थी १४:२ पढ़नुहोस् । जब तपाईंले अन्यभाषामा प्रार्थना गर्नुहुन्छ, तपाईंको आत्माले के प्रार्थना गरिरहेको हुन्छ ?
उत्तर : रहस्यका थोकहरू, गुप्त कुराहरू (न्यू सेनच्यूरी भर्सन ) म र परमेश्वर बीच घनिष्ठता ।

८. प्रश्न : १ कोरिन्थी १४:१४ पढ़नुहोस् । जब तपाईंले अन्यभाषामा प्रार्थना गर्नुहुन्छ, तपाईंले के गर्नुहुन्छ ?
उत्तर : म आफ्नै सुधार गर्छु ।

९. प्रश्न : १ कोरिन्थी १४:१६ पढ़नुहोस् । जब तपाईंले अन्यभाषामा प्रार्थना गर्नुहुन्छ तपाईंले के गर्नुहुन्छ ?
उत्तर : परमेश्वरलाई प्रशंसा र धन्यवाद दिनु ।

# सम्पूर्ण चेलापन

# स्तर २

# स्तर – २

# पाठ – १

# स्वकेन्द्रित : सबै वेदनाको श्रोत

## एन्ड्रू वॉमक

हामीहरूले अनुभव गरेका सबै वस्तुहरूका श्रोत नै स्वकेन्द्रित हो । हितोपदेश १३ अध्यायमा तपाईंले अवश्यै ध्यान दिनपर्छ । किनकि तपाईंले विश्वास गर्नुहुन्न, जबसम्म आफ्नै बाइबल पढ्नुहुन्न । यहाँ पद १० मा यसरी लेखिएको छ, ' अट्टेरीको घमण्डले झगड़ा उठाउँछ, सर-सल्लाह लिनेहरूका बीचमा बुद्धि पाइन्छ ।' धेरै मानिसहरूले पहिलाका अंशलाई लिई यसरी भन्छन्, ' पर्खनुहोस्, घमण्ड मात्र होइन जसले झगड़ा वा संघर्ष ल्याउँछ । हितोपदेश १७:१४ मा छ, ' झगड़ाको शुरू मूल फुटेर निस्केको बेरोक पानीजस्तै हो, यसकारण त्यो बढ़न अघिनै रीस छोड़िदेऊ ।' झगड़ा घमण्डभन्दा धेरै हो । यसले मेरो जीवनमा धेरै धेरै कुराहरू गरेका छ । कतिले भन्छन् ' मलाई तिमीले चिन्हेका छैनौं । म यस्तो स्तरका मान्छे हुँ ।' तर होइन, बाइबलले यसरी बताउँछ, घमण्डलेनै झगड़ा ल्याउँछ । यो मात्र मुख्य कारण होइन, तर यही कारण हो । कति मानिसहरूले यसरी भन्छन्– ममा धेरै समस्याहरू छन् । ती समस्याहरूमा घमण्ड मात्र होइन । यदि केही छ भने ममा यति नीच स्व-सम्मान छ, यसकारण मलाई घमण्ड विषयमा आरोप लगाउने बाटो नै छैन ।

घमण्ड के हो भन्ने परिभाषालाई फेरि हेरौं । म अरूभन्दा असल छु भन्ने विचार मात्र होइन । यो साधारण शब्द छ स्वयंलाई सबै कुराको केन्द्र संझनु । स्वकेन्द्रित नै वास्तवमा सबै घमण्डको जड हो । गन्ती १२:२ मा छ, मरियम र हारून, मोशाका भाइ-बहिनीहरू, उनका विरोध गरे, किनकि उनले कूशी स्वास्नी ल्याएका थिए । उनीहरूले भने, ' के परमप्रभु केवल मोशासँग मात्र कुरा गर्नु भएको छ ? के उहाँले हामीसित पनि कुरा गर्नुभएको छैन र ? बाइबलको ३ पद कोष्टकभित्र छ, वर्णन गरेको छ, मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र व्यक्ति थिए । तिनीहरूले भनेका कुराको विरोध गरी त्यसको साटोमा उनीहरूकालागि अर्जबिन्ती गरे ।

मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र व्यक्ति थिए भनी कहिले भनेका थिए, एकछिन बसौं र यो कुरा संम्झौ । हामी जान्दैनौ कति मानिसहरू थिए, तर करौड़ौ मानिसहरू निश्चयै थिए । ती व्यक्तिहरू मध्ये मोशा एक विनम्र व्यक्ति थिए । यो अचम्भको भनाइ छ – त्यो व्यक्ति जसले यो विषय लेखे । धेरै मानिसले यो संझन्छन् कि यदि तपाईं साँचो विनम्र हुनुहुन्छ भने, तपाईं आफैले जान्नुहुन्न । यो झूटो प्रभाव हो, ती अँहकारीहरू कस्ता हुन् ? घमण्डले अरूहरूभन्दा म असल छु मात्र संझन्दैन–तर यो स्वकेन्द्रित हो । यहाँ एउटा लाठी छ– एक छेउमा अंहकार छ, अनि अर्को छेउमा नीच–सम्मान छ । एउटै वस्तुको दुइवटा विरोधी अभिव्यक्तिहरू छन् । तर एउटै लाठीमा दुइ कुराहरू छन् । यो स्वकेन्द्रितको कारणले हो । यसको कुनै पर्वाह छैन– तपाईं अरूहरूभन्दा असल हुनुहुन्छ, अथवा अरूहरूभन्दा नीच हुनुहुन्छ । तपाईं निश्चय पनि स्वकेन्द्रित हुनुहुन्छ । यहाँ सबै कुरा मिलाइएको छ ।' कातर, शर्मालु व्यक्तिहरू अझ घमण्डी अनि स्वकेन्द्रित हुन्छन्, केवल स्वयंलाई मात्र विर्चाछन् ।

मेरो भनाइ छ, 'स्वकेन्द्रित नै सबै घमण्डहरूको जड़ हो । तपाईंले हितोपदेश १३:१० मा हेर्नुहोस्– ' अट्टेरीको घमण्डले झगड़ा उठाउँछ ।' हाम्रा आफ्नै स्वकेन्द्रितपनले हामीलाई रीस उठाउँछ । अरू मानिसहरूले होइन । यही स्व–केन्द्रितपनले गर्दा अरू मानिसहरूले गरेका कामप्रति प्रतिक्रिया हुन्छ । तपाईंले कतिपय मानिसहरूले तपाईंप्रति गरेका थिचोमिचो गल्तीहरू रोक्नु सक्नु हुन्न । यो हुनसक्दैन । विश्वासले अरू मानिसहरूलाई रोक्न असमर्थ हुन्छ । तर यसले कसरी सामना गर्नुपर्छ, तपाईंलाई सहायता दिन्छ । तपाईंको आन्तरिकतामा कसरी सामना गर्नुपर्छ, तपाईंलाई सहायता दिन्छ । तपाईंको आन्तरिकतामा कसरी सामना गर्नु पर्ने सहयोग दिन्छ । तपाईंलाई सहायता दिन्छ । तपाईंको आन्तरिकतामा कसरी सामना गर्नु पर्ने सहयोग दिन्छ । तपाईंलाई मानिसहरूले जे सुकै गरे पनि यसको पवार्ह हुँदैन ।

जब येशू क्रूशमा टाँगिनु हुँदै थियो,येशू प्रभुले ती व्यक्तिहरूतिर जसले उहाँलाई क्रूशमा टाँग्दै हुनुहुन्थ्यो, उहाँले भन्नुभयो, ' हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि तिनीहरूले के गरिरहेछन्, ती जान्दैनन् ।' उहाँले ती व्यक्तिहरूलाई नियंत्रण गरेनन्, त्यसको साटोमा आफैलाई नियंत्रण गर्नुभयो । स्वकेन्द्रितले हामीलाई रीस उठाउँछ । येशू त्यहाँ आफै आउनु भएको थिएन, उहाँले सारा संसारलाई यस्तो प्रेम गर्नुभयो; उहाँ हामीलाई प्रेम गरेकोले त्यहाँ आउनुभयो । उहाँले त्यहाँ आफ्नो आमालाई संझनुभयो । जब उहाँ क्रूशमा झुण्डाइयो । तब उहाँले आमाको सेवाको लागि उहाँले तिनीहरूलाई क्षमादिनुभयो–प्रचण्ड पिडा अन्याय उप्रति आयो । यही कारण उ स्वकेन्द्रित थिएन ।

तपाईंको आफ्नै स्वार्थपनले तपाई रिसाउनु हुन्छ । बाईबलले बताएको छ, तपाई उदाहरणकोलागि आफैमा मर्नुभएको छ । यदि मेरो अघि एउटा मुर्दा छ । म त्यसलाई घृणा गर्नु सक्छु, थुक्नु पनि सक्छु, लात पनि लगाउँछु या त्यसलाई पन्साउन पनि सक्छु । यदि यो पक्कै मुर्दा नै हो भने । यसको कुनै उत्तर नै हुँदैन । तपाईंले गर्नु भएको सबै कामहरूको कारण चाहिँ तपाईंका वाहय थोकहरूले होइन, तर तपाईंभित्र भएकोले हो । तपाईंमा यस्तो प्रबल विश्वास हुँदैन, जसले तपाईंले सबै वाधा–विघ्नहरू पन्साउनुहुन्छ, तपाईंलाई गरेका झूटा कुराहरूबाट, दमनबाट छुट्याउनुहुन्छ । तर तपाईं स्वयंले यसको सामना गर्नुपर्छ । तब त्यस ठाउँमा आउनुहोस्, जहाँ येशू प्रभुलाई तपाईंको जीवन बनाउनुहोस् । उहाँलाई प्रेम गर्नुहोस् । उहाँको राज्य, अनि आफैलाई भन्दा अरूलाई प्रेम गर्नुहोस । तपाईंले जब यो गर्नुहुन्छ, स्वयंलाई व्यवहार गर्नुहुन्छ, तब तपाईंको जीवनमा झगड़ा विरोधहरू हराउनेछ ।

तपाईंले यी कुराहरू आफ्नो जीवनमा चलाउने महान् रहस्यहरू हो– परमेश्वरले तपाईंको जीवनमा गर्नुभएको कुरालाई थाहा पाउनुपर्छ । परमेश्वरले तपाईंको स्वार्थ उद्देश्यको लागि राज्य दिनुहुन्न । उहाँले यी सबै कार्यहरू गर्नुहुन्न । ताकि तपाईंको सबै आवश्यकतामा पुऱ्याउनु हुन्छ । तपाईंले यो जान्न खाँचो छ कि तपाईंले आफूलाई इन्कार गर्नुपर्छ अनि आफ्नो जीवनलाई गुमाउनुपर्छ । ताकि साँचो रूपमा जीवनको सबै अर्थ के हो भनी प्राप्त गर्नुपर्छ । तब अरूलाई अनि परमेश्वरलाई आफूभन्दा अधिक प्रेम गर्नुपर्छ । तब तपाईंले तपाईंका रीस चोट तपाईंभित्रका सबै कुराहरूलाई विस्तारै पगाल्नुहुनेछ ।

म प्रार्थना गर्नेछु — मैले भनेका केही विषयहरू खुल्ला हृदय गरी प्रयोगमा ल्याउनुहोस् । यो थाहा होस् कि तपाईंको दु:खको कारण तपाईंको आफ्नै स्वकेन्द्रित हो । अरूलाई दोष लगाउन भन्दा तपाईंले यस उत्तरदायित्वलाई अवश्यै स्वीकार्नु पर्छ । यसलाई लिनुहोस् । मकहाँ आउनुहोस् भनी परमेश्वरलाई भन्नुहोस् । उहाँलाई नै तपाईंको

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | मर्कूस ९:३३—३४ पढ्नुहोस् ।<br>चेलाहरू कफर्नुहमको बाटोमा हिड्रिरहेका बेलामा तिनीहरू के बहस गरिरहेका थिए ? | मर्कूस ९:३३—३४ ‘ अनि उहाँहरू कर्फनहुममा आउनुभयो, र घरमा हुँदा खेरि उहाँले तिनीहरूलाई सोध्नुभयो, ‘ बाटोमा तिमीहरूले बहस, गरिरहेका थियौ हँ ? ‘ तर तिनीहरू चूप रहे, किनकि बाटोमा तिनीहरूले ‘को ठूलो हो’ भनी आफू आफूमा कुरा गरिरहेका थिए । तब बसेर उहाँले बाह्रै जनालाई बोलाउनुभयो र तिनीहरूलाई भन्नुभयो कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनेछ ।’ |
| २. | के यसले हामीहरू सबैमा भएका स्वार्थपनलाई झल्काउँदैन ? | |
| ३. | मर्कूस ९:३५ पढ्नुहोस् । यस पद अनुसार कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, उ पहिला के हुनपर्छ ? | |
| ४. | लूका २२:२४—२७ मा वर्णन गरिएको येशूको शिक्षालाई व्याख्या गर्नुहोस् । | लूका २२:२४—२७ ‘ अब तिनीहरू मध्ये को सबैभन्दा ठूलो गनिएको छ भनी तिनीहरूका बीचमा वाद—विवाद हुनलाग्यो । औ उहाँले, तिनीहरूलाई भन्नुभयो, अन्यजातिहरूका राजाहरूको तिनीहरू माथि प्रभुत्व हुन्छ, र तिनीहरूमाथि अख्तियार हुनेहरू चाहिँ उपकारी भनिन्छन् । तर तिमीहरू चाहिँ यस्तो नहुनू तर तिमीहरू मध्ये को ठूलो छ, त्यो सानो जस्तो बनियोस्, र नेतृत्व गर्ने चाहिँ सेवा गर्ने जस्तो होस् ।’ |
| ५. | हितोपदेश १३:१० पढ्नुहोस् ।<br>झगड़ाको मुख्य कारण के हो ? | हितोपदेश १३:१० ‘अट्टेरीको घमण्डले झगड़ा उठाउँछ, सर-सल्लाह लिनेहरूका बीचमा बुद्धि पाइन्छ ।’ |
| ६. | गलाती २:२० पढ्नुहोस् । हामीहरूले आफ्नो जीवन कसरी जिउन पर्छ ? | गलाती २:२० ‘ म ख्रीष्टसँग क्रूसमा टाँगिएको छु, तैपनि म जिउँछु । त्यसो भए तापनि म ता होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ, र जुन जीवनमा अहिले म शरीरमा जिउँछु परमेश्वरका पुत्रको विश्वासमा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, म मेरो निम्ति आफैलाई समर्पण गर्नुभयो ।’ |
| ७. | मत्ती ७:१२ पढ्नुहोस् । स्व—केन्द्रितपनको निवारण के हो ? | मत्ती ७:१२ यसकारण मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर । किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षा हुन् । |

# उत्तर–व्याख्या

१. प्रश्न : मर्कूस ९:३३–३४ पढ़नुहोस् । चेलाहरू कफर्नुहमको बाटोमा हिड़िरहेका बेलामा तिनीहरू के बहस गरिरहेका थिए ?

उत्तर : को ठूलो हो भनी आफू आफूमा बहस गरिरहेका थिए ।

२. प्रश्न : के यसले हामीहरू सबैमा भएका स्वार्थपनलाई झल्काउँदैन ?

उत्तर : ज्यू ।

३. प्रश्न : मर्कूस ९:३५ पढ़नुहोस्। यस पद अनुसार कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, उ पहिला के हुनपर्छ ?

उत्तर : सबैको सेवक हुनपर्छ ।

४. प्रश्न : लूका २२:२४–२७ मा वर्णन गरिएको येशूको शिक्षालाई व्याख्या गर्नुहोस् ।

उत्तर : ' अब तिनीहरू मध्ये को सबैभन्दा ठूलो गनिएको छ भनी तिनीहरूका बीचमा वाद–विवाद हुनलाग्यो । औ उहाँले, तिनीहरूलाई भन्नुभयो, अन्यजातिहरूका राजाहरूको तिनीहरू माथि प्रभुत्व हुन्छ, र तिनीहरूमाथि अख्तियार हुनेहरू चाहिँ उपकारी भनिन्छन् । तर तिमीहरू चाहिँ यस्तो नहुनू । तर तिमीहरू मध्ये जो ठूलो छ, त्यो सानो जस्तो बनियोस्, र नेतृत्व गर्ने चाहिँ सेवा गर्ने जस्तो होस् ।' किनभने कुन चाहिँ ठूलो हो ? खानामा बस्ने चाहिँ होइन ? तर म तिमीहरूका बीचमा सेवा गर्ने जस्तो छु ।

५. प्रश्न : हितोपदेश १३:१० पढ्नुहोस् । झगड़ाको मुख्य कारण के हो ?

उत्तर : घमण्ड ।

६. प्रश्न : गलाती २:२० पढ़नुहोस् । हामीहरूले आफ्नो जीवन कसरी जिउन पर्छ ?

उत्तर : येशू ख्रीष्टमाथि विश्वास गरेर ( येशूमा विश्वास गरेर ) । हामीहरूका आफ्नै शक्तिहरूमा तथा आफ्नै कमजोरीहरूमा केन्द्रित भएर होइन ।

७. प्रश्न : मत्ती ७:१२ पढ़नुहोस् । स्व–केन्द्रितपनको निवारण के हो ?

उत्तर : स्व–केन्द्रितपनको निवारण के हो ? परमेश्वरको तथा अरूहरूप्रति केन्द्रित भएर । अरूहरूले हामीहरूलाई जे जसो गरून भन्ने चाहन्छौ, हामीहरूले पनि त्यसै गर्नुपर्दछ ।

# स्तर – २

# पाठ – २

# कसरी परमेश्वरको वचनलाई मनन गर्नु

**डोन क्रो**

'मनन गर्नु' शब्दको अर्थ हुन्छ– मनन गर्नु, ध्यान गर्नु, योजना बनाउनु, उद्देश्य अथवा ध्येय हो । ग्रीक शब्दको प्रयोग भएको छ– मनमा केही कुरा परिभ्रमण गर्नु हो । कतिपय अनुवादमा कल्पना पनि छ ।

बाइबलीय ध्यानमा दुइवटा कारणहरू छन्– सत्य ज्ञानप्रति ध्यान, अरू बताइएको छ– मनलाई नयाँ बनाउनु, अनि परमेश्वरको वचनपछि सम्पर्क गर्नु– प्रार्थना, प्रशंसा अनि ध्यानको माध्यमबाट यसको अर्थ हुन्छ – मनन, ध्यान गर्नु अनि परमेश्वरलाई संझनु हो ।

विषयवस्तुलाई लिएर मनन गर्न सकिन्छ– कुनै एउटा विषयवस्तुलाई लिनुहोस्, त्यसप्रति मनन गर्नुहोस् । उदाहरण छ– बप्तिस्मा । ग्रीक, हिब्रू तथा अरू असल शब्दकोषबाट परिभाषा दिनुहोस् । यो शब्द कहाँबाट लिइएको हो हेर्नुहोस् । तब दिइएका पदहरूलाई लिई मनन गर्नुहोस् । यसरीनै अरू सम्बन्धित विषय–वस्तुहरूलाई लिनुहोस् । जस्तै –' पापमोचन ( प्रेरित २:३८) 'पश्चताप' (प्रेरित २:३८) विश्वास (मर्कूस १६:१६) विवेक (१ पत्रुस ३:२१) 'परमेश्वरमा बोलाहाट' ( प्रेरित २२:१६) ।

तपाईंमा भएका, बाइबलमा उठेका कतिपय प्रश्नहरूप्रति ध्यान वा मननको आवश्यक छ जस्तै– बप्तिस्मा लिनभन्दा अघि कतिपय शर्तहरू पूर्णभएको छ ? बप्तिस्माको उद्देश्य के हो ? यो कहिले प्रयोग गरिन्छ ? यसको समय कसरी छुट्याइएको छ ?

**व्याख्यामूलक विषयलाई लिएर मनन गर्न सकिन्छ ?**
बाइबलको एक पददेखि अर्को पदलाई अध्ययन गर्नु हो । यसको रहस्य हो –बाइबलका सबै विषय (पद/अध्याय) प्रति मनन गरी सबैलाई जान्नु हो ।

**शब्दहरूको अध्ययनबाट मनन गर्नु सकिन्छ**– कुनै विशेष शब्दहरूको अर्थ के हो ? यो अर्थलाई किन विश्वास गर्नु ? परमेश्वरको अर्थ के हो ? ' येशू' शब्दको अर्थ के हो ? ' ख्रीष्ट शब्दको अर्थ के हो ? सिद्धताको अर्थ के हो ?

बाइबलीय अध्यायहरूको माध्यमबाट मनन गर्नु–अध्याय भन्नाले लेखाइमा विचारहरूको एकाइलाई भनिन्छ । जहाँ असंख्य वाक्यहरू हुन्छन् । जब लेखकले आफ्नो विषयलाई महत्व दिन्छन्, उसले साधारणत: नयाँ अध्याय शुरू गर्छन् ।

जब बाइबललाई मनन गर्नुहुन्छ, विराम चिन्ह जस्तै प्रश्न चिन्हहरू, किन प्रश्न गरियो ? यो विषयसँग सम्बन्ध छ के ? हेर्नुपर्छ ।

बाइबलीय चिन्तन भन्नाले केवल शब्दहरूलाई मात्र हेर्नु होइन, तर शब्दको पछि परमेश्वरलाई हेर्नुपर्छ ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | 'मनन' गर्नुको अर्थ के हो ? | लूका ६:४६ ' औ जब मैले भनेका कुराहरू गर्दैनौ भने किन मलाई 'हे प्रभु, प्रभु भन्दछौ ? ' ' औ तिनले एउटा पुत्र जन्माउनेछन्, र तिमीले उसको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्नो मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्नुहुनेछ ।' ( मत्ती १:२१) |
| २. | बाइबलीय मनन/ध्यान को दुइवटा अर्थ के हो ? | |
| ३. | विषयवस्तु अध्ययन भन्नाले के बुझिन्छ ? | |
| ४. | व्याख्या मूलक बाइबल अध्ययन भन्नाले के बुझिन्छ ? | |
| ५. | लूका ६:४६ पढ्नुहोस् । तपाईंले 'प्रभु' शब्दलाई के अर्थ लाउनुहुन्छ ? | |
| ६. | मत्ती १:२१ पढ्नुहोस् । तपाईंले 'येशू' शब्दलाई के अर्थ लाउनुहुन्छ ? | |
| ७. | लूका २३:१–२ पढ्नुहोस् । तपाईंले 'ख्रीष्ट' शब्दलाई के अर्थ लाउनुहुन्छ ? | लूका २३:१–२ ' तब तिनीहरूका सारा सभा उठे, र उहाँलाई पिलातस कहाँ ल्याए । औ तिनीहरूले उहाँमाथि यसो भन्ने दोष लगाउन लागेको, र सिजरलाई कर तिर्न रोकेको र आफैलाई चाहिँ ' म राजा हुँ' भनेको हामीले फेला पार्यौं । ' |
| ८. | ' अध्याय' भन्नाले के बुझिन्छ ? | |
| ९. | बाइबल चिन्तन/मनन भन्नाले केवल शब्दहरूलाई मात्र हेर्नु होइन, तर ______________ | |

## उत्तर–व्याख्या

१. प्रश्न : 'मनन' गर्नुको अर्थ के हो ?
उत्तर : यसको अर्थ – मनन गर्नु, ध्यान गर्नु, मनमा योजना बनाउनु, उद्देश्य अथवा ध्येय हो ।

२. प्रश्न : बाइबलीय मनन/ध्यान को दुइवटा अर्थ के हो ?
उत्तर : सत्य ज्ञानको ध्यान गर्नु ( मेरो मनलाई नयाँ बनाउनु) उहाँको वचनलाई परमेश्वरसँग सम्पर्क गर्नु ।

३. प्रश्न : विषयवस्तु अध्ययन भन्नाले के बुझिन्छ ?
उत्तर : बाइबलबाट कुनै विषयवस्तुलाई लिई अध्ययन र मनन गर्नु ।

४. प्रश्न : व्याख्यामूलक बाइबल अध्ययन भन्नाले के बुझिन्छ ?
उत्तर : बाइबलका एक पदले अर्को पदको अध्ययन ।

५. प्रश्न : लूका ६:४६ पढ्नुहोस् । तपाईले 'प्रभु' शब्दलाई के अर्थ लाउनुहुन्छ ?
उत्तर : जसको हामी आज्ञापालन गर्छौं । ( मालिकझैं)

६. प्रश्न : मत्ती १:२१ पढ्नुहोस् । तपाईंले 'येशू' शब्दलाई के अर्थ लाउनुहुन्छ ?
उत्तर : एक उद्धारकर्ता, जसले उनीहरूको सबै पापहरूबाट बचाउनुहुन्छ ।

७. प्रश्न : लूका २३:१—२ पढ्नुहोस् । तपाईंले 'ख्रीष्ट' शब्दलाई के अर्थ लाउनुहुन्छ ?
उत्तर : राजाकोलागि अभिषेक गरिएको ।

८. प्रश्न : 'अध्याय' भन्नाले के बुझिन्छ ?
उत्तर : अध्याय भन्नाले लेखाइमा विचारहरूको एकाइ भनिन्छ ।

९. प्रश्न : बाइबल चिन्तन/मनन भन्नाले केवल शब्दहरूलाई मात्र हेर्नु होइन, तर ________________।
उत्तर : तर शब्दको पछि परमेश्वरसँग सम्पर्क गर्नु हो ।

# स्तर – २

# पाठ – ३

# मनलाई नयाँ बनाउनु

## डोन क्रो

आज हामी मनलाई नयाँ बनाउनु विषयमा चर्चा गर्नेछौं । म दुइवटा पदहरूबाट पढ्नेछु । पहिलो छ, फिलिप्पी ४:८ बाट हेर्नेछौ – ' अन्त्यमा ए भाइ हो, जे कुरा सच्चा छन्, जे कुरा आदरणीय छन्, जे कुरा चोखा छन्, जे कुरा असल छन्, जे कुरा मनपर्दा छन्–, तिनमा केही सदगुण र केही प्रंशसा छ भने, तिनै कुराको विचार गर । प्रेरित पावलले हामीहरूलाई स्पष्ट रूपले भनेका छन् कि कति विषयहरू छन्, तिनीहरूलाई निश्चय नै याद गर्नुपर्छ । मलाई थाह छ, हामीहरू थाह गर्छौं कि कोही बेला परेमश्वरको वचनको विपरीत हुन्छ । रोमी ७:२२–२३ मा छ ' किनकि म मेरो अन्तस्करणले परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, तर मेरो बुद्धिको व्यवस्थाको विरूद्धमा लड़ाई गर्ने, र मेरा इन्द्रियहरूमा रहेको पापको अधीनमा भएको व्यवस्थाको बन्धनमा मलाई ल्याउने, भनेर इन्द्रियहरूमा भिन्नै व्यवस्था म देख्तछु ।' पापको व्यवस्थाले हाम्रा मनहरूमा युद्ध गरी आक्रमण गर्छ । बाइबलका फिलिप्पीको पत्र बमोजिम हामी चुपचाप बसी मनमा गुँड़ बनाउनुदिनु हुँदैन । हामीले के विचार्छौं, त्यो छान्नुपर्छ । बाइबलले बताउँछ' मान्छेले हृदयमा जस्तो संझन्छ, उ त्यस्तै हुन्छ ।

रोमी १२:१–२ मा छ ' यसकारण ए भाइ हो, परमेश्वरको कृपाद्वारा म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूको यथोचित सेवाको रूपमा आफ्ना–आफ्ना शरीरलाई, पवित्र र परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदान गरी दिइहाल । औ यस संसारसित एकै चालका नहोओ, तर तिमीहरूको मनको परिवर्तनले तिमीहरू बदलियौ । तपाईंलाई थाह छ– जब एपोलो अन्तरीक्षयान अन्तरीक्षमा गयो, तिनीहरूले प्रत्येक दश मिनटमा आफ्नो गतिविधिलाई जाँच गर्‍यो । जब उत्रे, तिनीहरूले पाँचसय माईलको उत्रने सीमा बनाएका थिए । तर तिनीहरू बल्लबल्ल त्यस सीमालाई केही दूरीमा नै प्राप्त गरे । यसैले तिनीहरूको अभियान सफल भयो । हामीहरू पनि एउटा क्रम राख्नुपर्छ, तब परमेश्वरलाई सम्पूर्ण जीउँदो समर्पण गर्नुपर्छ । जिउँदो बलिदानको यो समस्या छ कि कोही बेला वेदीमा नै घस्रन चाहन्छौ । यसैले हाम्रा विचारहरूलाई परिवर्तनको खाँचो छ । हामीहरूका हृदय यस्तो हुनु आवश्यक छ – ' परमेश्वर म तपाईंलाई चाहन्छु अनि मलाई तपाईंकोबाटो चाहिन्छ ।'

हामीलाई पूर्ण समर्पणताको मात्र खाँचो छैन हामीलाई विजयी ईसाई जीवन चाहिन्छ । यसकोलागि अर्को कदम चाहिन्छ– मनको परिवर्तनले बदलिनुपर्छ । हामीहरूले संसारले संझेकाझै संझनु हुदैन । हामीलाई संसारका प्रतिफलहरूप्रति आवश्यकता छैन । फिलिप्पी ४:८ मा छ, ' अन्त्यमा ए भाइ हो, जे कुरा सच्चा छन्, जे कुरा आदरणीय छन्, जे कुरा मनपर्दा छन्, तिनमा केही सद्गुण र प्रंशसा छ भने तिनै कुराको विचार गर ।' हामीले के सोच्छौ त्यसलाई छान्नुपर्छ । जे कुरा सच्चा छन्, जे कुरा आदरणीय छन्, जे कुरा चोखा छन्, जे कुरा असल छन्, जे कुरा मनपर्दा छन्, तिनमा केही सद्गुण र केही प्रशंसा छ भने तिनै कुराको विचार गर्नुपर्छ । पुरानो करारमा परमेश्वरका वचनलाई लिएर दैलोको चौकसमा अनि वस्त्रहरूमा तिनीहरूले लगाउँथे । तिनीहरूले सधैं यसरी गर्दथे । परमेश्वरले तिनीहरूलाई परमेश्वरको वचनको दिन रात चर्चा गर्नु, तिनीहरूले तिनीहरूलाई सिकाएझैं गर्नलाई पालन

गर्नू भनी आज्ञा दिनुभएको थियो । यी सबै कुराहरू तिनीहरूका बालबच्चाहरूलाई पनि बताउनू भन्ने आज्ञा थियो । यी विषयहरू संझन्दा अति नै महत्वपूर्ण हो । यो अति नै मुख्य कुरा हो, हामीहरूले सबैको समक्ष, सबै समय यी वचनहरू पालन गर्छौं भने हामीले विजयको जीवन बिताउँछौं । यी परमेश्वरको कुराहरू तथा आत्माका कुराहरू–जे सच्चा, जे कुरा आदरणीय मनपर्दा छन् का विपरीत सोचाइ गर्नुहुँदैन । रोमी ८:६ मा छ, ६ किनभने शरीरमा मन लगाउनुचाहिँ मृत्यु हो । यही पदको दोस्रो अंशमा छ, 'तर आत्मामा मनलगाउनु जीवन र शान्ति हो ।' यो जीवन र शान्ति हो । यो परमेश्वरको आत्माको हो । यदि तपाईंले व्यभिचार, सांसारिक वस्तुहरू, रूपियाँ, लालच अनि अरूहरू, तब तपाईंले जान्नुहुन्छ, हाम्रा जीवन के हुन्छ ? मान्छेको हृदयले जे सम्झन्छ, उ त्यस्तै हुन्छ । हामीहरूले यी कार्यहरू गर्न शुरू गऱ्यौं भने, हामी त्यस कुराहरूसँग खेल्न थाल्यौं भने, यसले हाम्रो जीवनलाई नाश पार्नेछ । तपाईले जान्नुहुन्छ – विश्वासीहरू साँचो आत्मिक–युद्धहरू केवल शैतानलाई हकार्नु तथा रोक्नु मात्र होइन । यद्धपि समयमा हामीले यो पनि गर्न आवश्यक छ । तर हाम्रा आत्मिक युद्ध चाहिँ हामीहरूले के मनन गरिरहेका छौ, हामीभित्र कसले बास गरिरहेको छ – यसकोलागि मनन गर्नुछ ।

यशैया २६:३ मा छ ' जसको मन तपाईंमा अड़िएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ ।' यही समयमा हामीले आफ्ना गतिलाई परिवर्तन गर्नुपर्छ । रोमी १२ अध्यायले बताएको छ । हामीले परमेश्वरलाई भनौं ' परमेश्वर यी गल्ती विचारहरू हुन् । म फर्किन चाहन्छु । मेरो मनलाई परिवर्तन गरिदिनुहोस् । यी विचारहरू शुरू गरिदिनुहोस्– जे सच्चा, मनपर्दा अनि आदरणीय छन् ।

यदि तपाईं कुनै प्रबल शक्ति र बन्धनमा हुनुहुन्छ, यदि तपाईंले जुन कुरा नसोच्नु पर्ने थियो, त्यसैमा हुनुहुन्छ भने, तपाईंले आफैलाई समाउनुहोस् । बाइबलमा छ– यदि हामी परमेश्वरको नजीकमा जान्छौं, उहाँ हाम्रो नजीकमा आउनुहुनेछ । यदि हामीले शैतानको विरोध गर्छौं, उ हामीबाट भागेर जानेछ । मेरा जीवनमा यस्ता समयहरू थियो मेरो जीवनबाट धेरै कुराहरू चिप्लेर गएका थिए, ममा धेरै निराशाहरू आए । त्यस समयमा मलाई बाइबल लिनु, पढ़नु, अनि कोठामा बसी परमेश्वरलाई भने, प्रभु, तपाईं मसँग के बोल्नुहुन्छ, तपाईंले त्यसबेला 'म हुँ' भन्नुभएको थयो, तपाई मेरो शक्ति हुनुहुन्छ ।' तपाईंले जान्नुहुन्छ, तपाईंको विजय यही साधारण कुरामा छ ? तपाईंले अवश्य भन्नु होस् – ' म त्यसलाई अवश्यै विरोध गर्नेछु । म त्यस शत्रुको अहिले विरोध गर्नेछु । म बस्नेछु र बाइबल पढ़नेछु । म बाइबलका केही पदहरू पढ़नेछु, मेरो मन तपाईंतिर उचाल्नेछु । परमेश्वर तपाईंले मलाई के भन्नुभएको थियो । तपाईंले भन्नुभएको छ – मैले क्षमादान पाएको छु । तपाईंले भन्नुभएको छ – म शुद्ध भएको छु । प्रेमदेखि मलाई कसैले अलग गर्नेछैन । जब तपाईं बसीकन परमेश्वरले तपाईंको जीवनमा गर्नुभएको कुराहरू संझनुहोस् । केही समय संझनुहोस् । तपाईंले ती सबै कुराहरू झुल्नु हुनेछ ।

म केही उदाहरणहरू प्रयोग गर्छु । मैले एकजना मान्छेले एक समय भनेका थिए – अब म तिमीलाई चेताउनी दिन्छु–अब आउने दश मिनटमा तिमीले गुलाबी रंगको हात्तीलाई नसंझनू ।' तपाईंलाई दश मिनट पछि के भयो थाहा छ ? हामी सबैले गुलाबी हात्तीलाई संझना गऱ्यौं । तब तिनले सोध्यो, ' लाइब्रेरीको मूर्तिको कस्तो रंगको थियो ? कतिले हरियो रंगको भने । अनि उसले भन्यो, ठीकै छ । लाइब्रेरीको मूर्तिको कुन हातले समातेको छ ? ' अनि कसैले भने, दाहिने हातले । ' फेरि उसले प्रश्न गरे, ' त्यस लाइब्रेरीको मूर्तिको हातमा के छ ?' कसैले भने – 'राँको ।' तब त्यस व्यक्तिले भने ' तिम्रो गुलाबी हात्तीको बारेमा तिम्रो विचारमा के भयो ? तिनीहरू गइसकेका थिए । तपाईंले जान्नुहुन्छ, यो भन्ने विषय होइन, ' अब ती विचारहरू नसंझनुहोस् । तपाई जान्नुहुन्छ,

तपाईंले ती विचारहरू सझंनुहुनेछ । परमेश्वरको वचनले भन्दछ – तपाईंले ती विचारहरूलाई परमेश्वरको विचारमा परिणत गर्न आवश्यक छ । अनि जब ती विषयहरू हाम्रा विरोधमा आउँछन्, हामीले संझन नहुने विचारहरू आउँछन् । तब हामीले झट्टै हाम्रो मनलाई नयाँ रूप दिनुपर्छ । हामीले झट्टै परमेश्वरतिर फर्कनु, उहाँसँग सम्पर्क गर्नु आवश्यक छ केवल पृष्ठहरूका शब्दहरूमा होइन, तर ती शब्दहरूका पछिका उहाँसँग हो । परमेश्वरको वचन रोमी ८:६ मा छ, ' जब हामी केही गर्छौ, हामीले देख्छौ, हाम्रो जीवनमा परमेश्वरको शान्ति र जीवन उहाँले दिनुहुन्छ । हाम्रो जीवन उहाँमा अड़िएको हुन्छ, हाम्रो जीवनमा आत्माका कुराहरू हुन्छ । मेरा प्रियहरू यी कुराहरू संझनुहोस् – यी दिनमा छुटकारा र स्वंतत्रतामा हिड़ँनुहोस्, जो ख्रीष्टले तपाईंलाई किनिदिनु भएको छ ।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरूमा बाइबलीय पदको प्रयोग |
|---|---|---|
| १. | रोमी १२:१ पढ्नुहोस् । हामीले हाम्रा शरीरहरूलाई के गर्नुपर्छ ? | रोमी १२:१–२ 'यसकारण ए भाइ हो, परमेश्वरको कृपाद्वारा म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूको यथोचित सेवाको रूपमा आफ्ना आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदान गरिदिइहाल । औ यस संसारसँग एकै चालका नहोओ, तर तिमीहरूको मनको परिवर्तनले तिमीहरू बदलियौ । औ परमेश्वरका असल मनपर्ने र सिद्ध इच्छा के रहेछ भनी तिमीहरू जाँचेर पत्ता लगाओ ।' |
| २. | रोमी १२:२ पढ्नुहोस् । परमेश्वरको वचनले हामीलाई भन्दछ– हामी निश्चयनै बेग्लै हुनुपर्दछ । | |
| ३. | प्रेरित १७:११ पढ्नुहोस् । हामीहरूले आफ्नो समझलाई उच्च राख्नुपर्छ । | प्रेरित १७:११ ' अब यिनीहरू ता थिस्सलोनिकीहरूभन्दा उत्तम थिए । किनभने यिनीहरूले हृदयमा ज्यादै तयारी भएर धर्मशास्त्र ग्रहण गरे, र ती कुराहरू ठीक हुन् कि होइनन् भनेर दिनहुँ धर्मशास्त्रमा खोजी गर्थे ।' |
| ४. | रोमी ८:५–६ पढ्नुहोस् । आत्मामा मन लगाउनु ——। | रोमी ८:५–६ ' किनभने शरीर अनुसार चल्नेहरूले शरीरका कुरामा, तर आत्मा अनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन् । किनभने शरीरमा मन लगाउँनु चाहिँ मृत्यु हो, तर आत्मामा मन लगाउनु जीवन र शान्ति हो । ' |
| ५. | रोमी १२:१–२ पढ्नुहोस् । यो पद अनुसार हामीले दुइवटा कुराहरू गर्न आवश्यक छ । ती दुइ कुराहरू के के हुन् ? | |
| ६. | यशैया २६:३ पढ्नुहोस् । हामीहरू कसरी पूरा शान्तिमा रहन्छौ ? | यशैया २६:३–४ 'जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ । सधैं परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु परमेश्वर सनातनको चटान हुनुहुन्छ । ' |
| ७. | यशैया २६:३–४ पढ्नुहोस् । परमेश्वरतिर हाम्रा मनहरू लगाउनलाई के के उपायहरू छन् ? | |

## उत्तर–व्याख्या

१. प्रश्न : रोमी १२:१ पढ़नुहोस् । हामीले हाम्रा शरीरहरूलाई के गर्नुपर्छ ?
उत्तर : परमेश्वरलाई समर्पण, अर्पण गर्नु ।

२. प्रश्न : रोमी १२:२ पढ़नुहोस् । परमेश्वरको वचनले हामीलाई भन्दछ– हामी निश्चयनै बेग्लै हुनुपर्दछ ।
उत्तर : संसारदेखि, अन्यजातिहरूबाट, अवश्विासीहरूबाट ।

३. प्रश्न : प्रेरित १७:११ पढ़नुहोस् । हामीहरूले आफ्नो समझलाई उच्च राख्नुपर्छ ।
उत्तर : परमेश्वरको वचनद्वारा ।

४. प्रश्न : रोमी ८:५–६ पढ़नुहोस् । आत्मामा मन लगाउन ____________ ।
उत्तर : जीवन र शान्ति हो ।

५. प्रश्न : रोमी १२:१–२ पढ़नुहोस् । यो पद अनुसार हामीले दुइवटा कुराहरू गर्न आवश्यक छ । ती दुइ कुराहरू के के हुन् ?
उत्तर : आफैलाई परमेश्वर समक्ष जिउँदो बलिदान गर्नु, अनि नयाँ मन शुरू गर्नु ।

६. प्रश्न : यशैया २६:३ पढ़नुहोस् । हामीहरू कसरी पूरा शान्तिमा रहन्छौ ?
उत्तर : परमेश्वरतिर आफ्नो मनलाई सुरक्षित राख्नु ।

७. प्रश्न : यशैया २६:३–४ पढ़नुहोस् । परमेश्वरतिर हाम्रा मनहरू लगाउनलाई के के उपायहरू छन् ?
उत्तर : प्रार्थना, प्रंशसा परमेश्वरको वचनप्रति मनन, धन्यवाद दिनु हो ।

# स्तर – २

# पाठ – ४

# ख्रीष्टको मण्डलीको महत्त्व

## डोन क्रो

आज हामीहरू ख्रीष्टको मण्डलीको महत्त्व बारेमा चर्चा गर्नेछौं । म हिब्रूको पुस्तकबाट पढ्न चाहन्छु, ' हिब्रू १०:२५ ' कसै कसैको बानी भएझैं हामी एक ठाउँमा भेला हुनालाई नछाडौं । तर दिन नजीक नजीक आइपुगेको तिमीहरूले देखेकै हुनाले एउटाले अर्कोलाई झन् बढ़ता गरेर अर्ती दिँदै गरौं ।' हामीहरूले ख्रीष्टको मण्डलीको महत्वलाई हेरयौं । मेरो प्रश्न छ ' मण्डलीको महत्वलाई हेरयौं । मेरो प्रश्न छ ' मण्डली के हो ?'

कोलेरोडो अर्न्तगत कोलेरोडो इस्प्रीङको स्थानीय मण्डलीमा मैले चेलापनका प्रचारीपन कार्यक्रम राखें । कसरी प्रयोग गरिन्छ, भनी मानिसहरूलाई तालिम दिएँ । उनीहरूलाई मैदानमा पठाई प्रयोग गरियो । छ: हप्ताभित्रहरूमा स्थानीय मण्डलीमा कार्य गऱ्यौं, हामीहरूले बीसवटा बाइबल अध्ययनहरू स्थानीय मण्डलीदेखि बाहिर गऱ्यौं । हामीहरूले स्थानीय मानिसहरूसँग बाइबल अध्ययन केही महीनाहरू गरयौं । एक दिन पास्टरले मलाई स्तब्ध बनायो र भन्यो, ' तपाईं जान्नुहुन्छ, बाइबलले बताउँछ – परमेश्वरले मण्डलीलाई दिन्हौं बढ़ाउनुहुन्छ; तिनीहरूले उद्धार पाएको हुनुपर्छ । हामीहरूले हेरिरहेकाछौं कि यी बाइबल अध्ययन गर्ने व्यक्तिहरू किन हाम्रो सेवालयमा आउँदैनन् ?

जब हामीहरू कार्यक्षेत्रमा थियौं, तिनीहरूले उद्धार पाए अनि चेला भई सेवकाइमा आए । तर पास्टरको भनाई थियो, ' तिनीहरू आईतबार बिहान यस भवनमा आई एकाअर्कामा किन संगति गर्दैनन् ?' मेरो संझाइ मण्डलीप्रति बेग्लै थियो । पास्टरले भन्नुभएको कुराले मलाई दु:खित पारयो । मैले के गर्नुपर्ने, मैले जानिन । मैले विचारें, चेलापनका प्रचारीपन के वास्तवमा कार्यहरू गरिरहेको छ ! के हामीहरू मानिसहरूकहाँ पुगिरहेका छौं ? मलाई थाहा भयो, हामी धेरै मानिसहरूकहाँ पुगिरहेका छौं, तर मलाई स्तब्ध भयो, किन ती मानिसहरू आइतबारको बिहानी सेवामा आउँदैन ?

मैले 'मण्डली'–शब्दको अध्ययन गराउनलाई निर्णय गरें । कुन पाठहरूबाट लिइने हो त्यो पनि तय गरें । रोमी १६:३, १ कोरिन्थी १९:१९, कलस्सी ४:५, फिलेमोन २, प्रेरित ५:४२ अनि प्रेरित २०:२० मा अघिका नयाँ करारका कसैको घरहरूमा भएका सेवाहरूको विषयमा बाइबलमा बताउँछ । मलाई थाहा छ– त्यहाँ सबै प्रकारका मण्डलीहरू थिए । त्यहाँ घरेलु सेवालय, साना अथवा ठूला  मण्डलीहरू थिए । त्यहाँ एकदमै वृहत सेवालयहरू थिए । मेरो बाइबलमा ध्यान केन्द्रित भयो कि नयाँ करारका मण्डलीहरू कसैको घरमा सानो मण्डलीहरूको रूपमा एकसाथ भेला हुन्थे ।

' द ऐक्पोजेटरी डिक्सनेरी अफ् बाइबल वड्स, ' ( लरेन्स ओ. रिर्चड, पृ॰ १६४) मा लेखेको छ, ' कसैलाई माफी दिन सकिन्छ, किनकि सेवालय, शब्दमा धेरै अलमल्ल परेको छ । यो शब्दलाई धेरै अर्थमा प्रयोग

गरिएको छ । यसको अर्थ हुन्छ– कुनै निश्चित भवन । ( उत्तर–चौथो स्ट्रीटको भवन), कुनै साम्प्रदायिक अथवा व्यवस्थित विश्वास ( अमेरिकाको सुधारवादी मण्डली ) ( अथवा बेप्तिस्ट मण्डली ), अथवा आईतबारको सभा ( उत्तर–के तपाईं आज सेवा जानुहुन्छ ? ) यी सबै कुराहरू विशेषता बाइबलीय अर्थमा प्रयोग गरिंदैन । मैले संझन लागे, 'यसको साँचो अर्थ के हो ? 'सेवालय' – को वास्तविक अर्थ के हो ? ' म अरू विषय दोहोऱ्याउँछु धेरै मानिसहरूले यसलाई मण्डली, हृदयग्राही आराधनालाई गल्ती अर्थ लगाएका छन् । यसलाई धार्मिक–कार्यको लागि भवन संझेका छन् । ग्रीक शब्दमा 'एक्लेसिया' लिइएको छ । यसको शाब्दिक अर्थ हुन्छ– मानिसहरूको समुदाय हो, जहाँ सबै मिलीजुली, परमेश्वरतिर आराधना, प्रार्थना, प्रशंसा गर्नु नै यसको ध्यैय हो । म अरू विषयहरू यहाँ पढ्छु । यो भनिन्छ कि नयाँ करारको एक्लेसियाले जुनै संख्याका विश्वासीहरूलाई समेटेको छ । यसले साना झुण्डहरू, जहाँ घरतिर जम्घट हुन्थे ( रोमी १६:५) यसले ठूला झुण्डका विश्वासीहरू, जुनहरू ठूला शहरमा बस्थे ( प्रेरित ११:२२) तथा वृहत भौगोलिक जिल्लातिर बस्थे जस्तै एशिया अथवा गलातियातिर । अझ भनिन्छ, ' नमूनाका मण्डलीका सेवा घरमा हुन्थे । जब यस्ता मण्डलीका सेवा घरमा हुन्थे, त्यहाँ... एकसाथ भेला हुँदा, हरेकसँग भजन हुन्छ, शिक्षा हुन्छ, प्रकाश हुन्छ, बोली हुन्छ, अथवा अर्थ खोल्ने शक्ति हुन्छ । ( १ कोरिन्थी १४:२६) । प्रत्येकले अरूहरूसँग साझा गर्थे ' अरूहरूले तिनीहरूको कुरा जाँच गरून । ( १ कोरिन्थी १४:२९) । मण्डलीको अस्तित्वलाई बचाइराख्नुचाहिँ सहभागिता महत्वपूर्ण थियो– यो एउटा सामुहिक विश्वासझै थियो । प्रत्येक जनले आशा गरेझै अरूलाई सहयोग दिने कार्यहरू उनीहरूका आत्मिक दानहरूसँग गर्दथे ।

हिब्रू १०:२५ मा छ, ' कसै कसैको बानी भएझैं हामी एक ठाउँमा भेला हुनालाई नछाड़ौ । तर दिन नजीक नजीक आइपुगेको तिमीहरूले देखेकै हुनाले एउटाले अर्कोलाई झन् बढ़ता गरेर अर्ती दिँदै गरौं ।' मण्डली व्यक्तिहरूको समुह हो, जसको उद्देश्य परमेश्वरतिर हेर्दै, परमेश्वरलाई प्रशंसा चढ़ाउँदै उहाँबाट निर्देशन पाउनु हो । उहाँको निर्देशन बमोजिम अनुशरण गर्नु हो । नयाँ करारका प्रथम मण्डलीको पहिलो ध्येय सुधार थियो । तिनीहरू एकसाथ भेला भई विश्वासलाई एका अर्कामा निर्माण गर्ने उद्देश्य थियो ।

प्रथम मण्डली प्रचारी मण्डली थियो । विश्वासीहरू जताततै छरिएका थिए, ख्रीष्ट येशूप्रति भएका विश्वासलाई बाँड़थे, जब तिनीहरूले यसो गरे, परमेश्वरले मण्डलीलाई बढ़ाउनुभयो । तर भवन होइन । परमेश्वरका मानिसहरू बढाउनुभयो, जब तिनीहरूले पश्चताप र विश्वास गरे । तब उनीहरू एकसाथ आपस्तमा भेला हुन्थे, उनीहरू एकाअर्कालाई उत्साह दिन्थे । उनीहरूले आत्मिक वरदानहरू प्रयोग गर्थे, एकाअर्कालाई सेवा गर्थे । उनीहरू एकाअर्कामा संगति गर्ने समय थियो, अनि भोजनहरू साझा गरी लिन्थे । जब उनीहरू एकसाथ भेला हुन्थे, उनीहरू एकअर्काको सुधारका लागि आत्मिक वरदानहरूको प्रयोग गर्थे । तिनीहरू परमेश्वरको वचन प्रचार्न बाहिर गए यही गतिविधिहरू फेरि शुरू भयो । तिनीहरूले येशू ख्रीष्टलाई विश्वास गरे, तिनीहरू आपसमा जम्मा भए । उनीहरू कहाँ जम्मा हुन्थे, त्यसको केही सरोकार थिएन । उनीहरू कुनै भवनमा तथा कसैको घरमा भेला हनुसक्थे । यस भेलामा असंख्य मानिसहरू पनि हुनसक्थे, अथवा घरमा कम्ति मानिसहरूको भेला पनि हुनसक्थे । घरमा कम्ति मात्रामा मानिसहरू भेला भएकोमा पनि केही सरोकार थिएन । यद्धपि उनीहरू परमेश्वरको नाउँमा भेला भएका थिए । जसको उद्देश्य उनीहरूका आत्मिक वरदानहरूको प्रयोग, एकाअर्कालाई प्रोत्साहन दिनु, एकाअर्कामा संगति गर्नु, अंतमा एकाअर्कालाई सुधार्नु एकाअर्कालाई बलियो बनाउनु थियो ।

मैले थाहा पाएँ हामीहरूले स्थानीय मण्डली मार्फत चेलापनका प्रचार कार्यक्रम गरिरहेका थियौं । यसबारेमा मैले पहिला नै बताएको थिएँ । बीसवटा बाइबलीय पाठहरू लिएर शहरभरिका बीसवटा बेग्लै मण्डलीहरूमा सभा गरिरहेको थियो । हामीले आज जानेका मण्डली–मा होइन, तर हामीहरूले 'यो मण्डली' मा भेला भएका थियौं । हामीले हप्ताहमा बीसपल्ट एकाअर्कामा ख्रीष्ट प्रभुको नाउँमा भेला हुन्थ्यौं, एकाअर्कालाई येशूलाई हेर्न उत्साह दिन्थ्यौं । परमेश्वरको वचनबाट सिकाउथ्यौं, अनि आत्मिक वरदानहरू प्रयोग गर्न सिकाउँथ्यौं ।

तपाई जुनै मण्डलीमा जानुभए पनि यसको सरोकार छैन । तपाई साम्प्रदायिक मण्डली अथवा अ-साम्प्रदायिक मण्डलीमा जानुहुन्छ, तपाई ठूलो मण्डलीमा जानुहुन्छ अथवा सानो घरेलु सभामा जानुहुन्छ । बाइबलले हामीलाई बताइरहेको छ–त्यो दिन आइरहेको छ–पाप प्रशस्त मात्रामा छ, परमेश्वरको अनुग्रह अझ प्रशस्त मात्रामा छ । ती ईश्वरीय मानिसहरूका संगतिमाझमा प्रशस्त मात्रामा परमेश्वरको अनुग्रह भइरहेको छ । जहाँ प्रत्येक विश्वासी परमेश्वरको सेवकाइको भागीदारी हुन्छ, तपाईंले एकाअर्काको सेवा गर्नुपर्दछ । एकाअर्कालाई प्रेरणा दिनुपर्दछ, एकाअर्कालाई उत्साह दिनुपर्दछ । तपाईंका आत्मिक वरदानलाई प्रयोग गर्नुपर्दछ ।

यस प्रकारका विश्वासीहरूका संगतिले हामी सबैको फायदा हुनेछ । केवल दुइ वा तीन जना येशूको नाउँमा संगति गरेपनि हामी निरन्तर भेला हुन आवश्यक छ । यो अति नै असल हुन्छ, एक साथ भेला भएर आत्मिकी–वरदानहरू प्रयोग गर्नु, एकाअर्कालाई उत्साह दिनु एकाअर्कालाई प्रेरणा दिनु, एकै साथ ख्रीष्टलाई हेर्नु अनि एकाअर्कामा प्रार्थना गर्नु । हामीले मण्डलीका बारेमा धेरै बातचीत गर्छौं । हामीहरूले एल्डरहरू, निरीक्षक, पास्टरहरू अनि मण्डली–व्यवस्थाका कुराहरू गर्छौं । तर यो शिक्षाको उद्देश्य होइन । यो शिक्षाको उद्देश्य मण्डलीको ध्येय जान्नु हो । अनि हामी टापूमा भएको एकान्त मान्छे आफूमात्र भएको हुनुँहुदैन भन्ने जान्नु हो । यस प्रकारले हामी बाँच्न सक्दैनौं । जब हामीहरूले उद्धार पायौं, हामीलाई परमेश्वरले ख्रीष्टको शरीर–विश्वव्यापी विश्वासीहरूको शरीरमा राख्नु भयो । हामीहरूलाई एकाअर्काको खाँचो छ, हामीहरू परमेश्वरको मण्डलीको आवश्यकता छ– जहाँ अरूलाई उत्साह दिनु, अरूलाई सेवा गर्नु परमेश्वरले दिनुभएको आत्मिक–दानहरू प्रयोग गर्नुपर्छ । म तपाईंलाई उत्साह दिन्छु, परमेश्वरका मानिसहरूसँग आजै भेटनुहोस् ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरूमा बाइबलीय पदको प्रयोग** |
|---|---|---|
| १. | हिब्रू १०:२५ पढ़नुहोस् । हामीहरूले के छोड्नु हुँदैन ? | हिब्रू १०:२५ 'कसै कसैको बानी भएझैं, हामी एक ठाउँमा भेला हुनालाई नछोडौं । तर दिन नजीक नजीक आइपुगेको तिमीहरूले देखेकै हुनाले एउटाले अर्कोलाई झन् बढ़ता गरेर अर्ती दिँदै गरौं ।' |
| २. | प्रेरित ५:५२ पढ़नुहोस् । तिनीहरूले मन्दिरमा र घरघरमा गएर येशूनै ........... । | प्रेरित–५:४२ ' औ दिनदिनै तिनीहरूले मन्दिरमा र घरघरमा गएर शिक्षा दिन र येशू नै ख्रीष्ट हुन भन्ने सुसमाचार सुनाउन बन्द गरेनन् ।' |
| ३. | प्रेरित २:४२ पढ़नुहोस् । शुरूको मण्डलीले चारवटा के के कुराहरू गरिरहे ? | प्रेरित २:४२ – ' औ तिनीहरू प्रेरितहरूका शिक्षा, संगति, संयुक्त भोज र प्रार्थनामा लागिरहे ।' |
| ४. | प्रेरित २:४४–४५ पढ़नुहोस् । यो सत्य हो कि गलत हो– शुरू शुरूका मण्डलीले, वाहन राख्ने जगह बनाउनलाई सधैं भेटीहरू दिन्थे ? | |

| | | |
|---|---|---|
| ५. | १ कोरिन्थी १२:२८ पढ़नुहोस् । परमेश्वरले उहाँको मण्डलीलाई दिनुभएका आठवटा बेग्ला बेग्लै दानहरूका बारेमा लेख्नुहोस् । | १ कोरिन्थी १२:२८ ' औ परमेश्वरले कतिलाई मण्डलीमा नियुक्त गर्नुभएको छ – पहिला प्रेरितहरू दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू तब आश्चर्य काम गर्नेहरू अनि निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू, शासन गर्नेहरू भिन्नभिन्न भाषा बोल्नेहरू ।' |
| ६. | १ कोरिन्थी १४:२६ पढ़नुहोस् । जब परमेश्वरका जन मण्डलीमा एकसाथ भेला हुँदा त्यहाँ तिनीहरूका वरदानहरू अभिव्यक्त गर्ने स्वतन्त्रता थियो । तिनीहरू भेला हुदाँ भएका पाँचवटा कुराहरू के के हुन् ? | १ कोरिन्थी १४:२६ ' तब यो के हो त, भाइ हो ? तिमीहरू एक साथ भेला हुदाँ हरेकसँग भजनहुन्छ, शिक्षा हुन्छ, प्रकाश हुन्छ, बोली हुन्छ अथवा अर्थ खोल्ने शक्ति हुन्छ । सबै कुरा सुधारको निम्ति गरियोस् ।' |
| ७. | प्रेरित ६:१ पढ़नुहोस् । शुरूका नयाँ करारका मण्डलीले दिनुहुँको सेवामा .................... | प्रेरित ६:१ 'अब ती दिनमा चेलाहरूको संख्या बढ़दै गएको थियो, तब हिब्रूहरूका विरूद्धमा ग्रीक यहूदीहरूले गनगन गरे किनभने दिनहुँको सेवामा तिनीहरूका विधवाहरूको वास्ता राखिएको थिएन ।' |
| ८. | याकूब १:२७ पढ़नुहोस् । परमेश्वरको समक्ष एउटै शुद्ध धर्मचाहिँ .................... | याकूब १:२७ अनाथ र विधवाहरूलाई तिनीहरूका कष्टमा हेरचाह गर । आफूलाई दुनियाँबाट निष्कंलक राख्नुनै पवित्र र हाम्रा परमेश्वर र पिताको सामने शुद्ध धर्म हो । |
| ९. | १ तिमोथी ५:९–११ पढ़नुहोस् । शुरूका नयाँ करारका विधवाहरूलाई मण्डलीबाट सहयोग गर्दथे । यो सहयोग कुन मापदण्डमा गर्थे ? | १ तिमोथी ५:९–११ ' साठी उमेर मुनिकी एउटै पुरूषकी स्त्री भएकी विधवाको नाउँ फिरिस्तिमा नलेखियोस् असल कामहरूमा नाउँ चलेकी, यदि तिनले छोरा–छोरीहरू हुर्काएकी छन्, तिनले परदेशीहरूको सत्कार गरेकी छन्, पवित्र जनका खुट्टा धोएकी छन्, दु:खीहरूको उपकार गरेकी छन्, जुनसुकै पनि असल काममा ध्यान दिएकी छन् भने मात्र । तर तरूणी विधवाहरूको चाहिँ नलेख, किनकि तिनीहरू ख्रीष्टको विरूद्ध सुख–विलासमा परे भने तिनीहरूले विवाह गर्न इच्छा गर्छन् ।' |
| १० | १ कोरिन्थी ९:१४ मा पढ़नुहोस् । मण्डलीले विधवाहरू टुहुराहरू अनि गरीबहरू बाहेक सहयोग गर्थे । | १ कोरिन्थी ९:१४ ' त्यसरी नै सुसमाचार सुनाउनेहरूले पनि सुसमाचारबाटै जीविका चलाउनु भनी प्रभुले आज्ञा दिनु भएको छ ।' |
| ११ | मत्ती २५:३५–४० पढ़नुहोस् । किन मानिसहरूले विचार्छन् कि परमेश्वरलाई दिनुचाहिँ भेटीको थालमा मात्र हो ? | मत्ती २५:३५–४० ' किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौं । म परदेशी थिएँ, तिमीहरू कहाँ लग्यौ । नाङ्गो थिएँ, तिमीहरूले मलाई पहिरायौं । विरामी थिएँ, तिमीहरूले मलाई हेरचाह गरयौ । इयालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ । तब धार्मिकहरूले उनलाई यसो भन्दै जवाफ |

| | | |
|---|---|---|
| | | दिनेछन् ' हे प्रभु कहिले हामीले तपाईंलाई भोकाउनु भएको देख्यौं, र तपाईंलाई खान दियौ ? अथवा तिर्खाउनु भएको र तपाईंलाई पिउन दियौ ? औ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई हामी कहाँ ल्यायौं ? अथवा नाङ्गो, र पहिरायौं ? र कहिले हामीले तपाईंलाई बिरामी पर्नुभएको, अथवा इयालखानमा देख्यौं, र तपाईंकहाँ आयौं ? तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन् ' म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरू यी मेरा भाइहरूमध्ये सबै भन्दा सानो एउटालाई जे जति गरयौ, त्यो तिमीहरूले मलाई नै गरयौं । |
| १२ | प्रेरित ४:३२–३५, अनि हितोपदेश ३:९–१० पढ़नुहोस् । शुरूका मण्डलीका एल्डरहरू अनि पास्टरहरूले धन–सम्पत्तिहरूले के गर्थे ? | प्रेरित ४:३२–३५ ' अनि विश्वास गर्नेहरूको समूह, सबै एकै हृदय, र एकै आत्माको भएका थिए, औ तिनीहरू मध्ये एउटाले पनि आफ्नो धन–सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए । औ बड़ा शक्तिसित ती प्रेरितहरूले प्रभु येशूको पुनरूत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो । किनभने तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैन थियो, किनकि जतिजना जग्गा–जमीन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर बिक्रीको मोल ल्याउँथे र प्रेरितहरूका चरणमा राखिदिन्थे र जस–जसलाई जे जे कुराको खाँचो पर्थ्यो सो हरेकलाई बाँडिदिन्थे । '<br>हितोपदेश ३:९–१०<br>'आफ्नो सम्पत्तिले परमप्रभुको आदर गर । तब तेरा ढुकुटीहरू अन्नले भरिपूर्ण हुनेछन्, र तेरा मसक नयाँ दाखमद्यले भरिभराउ हुनेछन् । |

# उत्तर–व्याख्या

१. प्रश्न : हिब्रू १०:२५ पढ़नुहोस् । हामीहरूले के छोड़नु हुँदैन ?
उत्तर : हामी विश्वासीहरू भएर एक ठाउँमा भेला हुनालाई छोड़नु हुदैन ।

२. प्रश्न : प्रेरित ५:५२ पढ़नुहोस् । तिनीहरूले मन्दिरमा र घरघरमा गएर येशूनै __________ ।
उत्तर : ख्रीष्ट हुन भनी सिकाए र प्रचारे ।

३. प्रश्न : प्रेरित २:४२ पढ़नुहोस् । शुरूको मण्डलीले चारवटा के के कुराहरू गरिरहे ?
उत्तर : तिनीहरू प्रेरितहरूका शिक्षा, संगति संयुक्त भोज (मिलेर खाना खाने, प्रभु भोजमा संगति) अनि प्रार्थना गरिरहे ।

४. प्रश्न : प्रेरित २:४४–४५ पढ्नुहोस् । यो सत्य हो कि गलत हो– शुरू शुरूका मण्डलीले, वाहन राख्ने जगह बनाउनलाई सधैं भेटीहरू दिन्थे ?

उत्तर : गलत ।

५. प्रश्न : १ कोरिन्थी १२:२८ पढ्नुहोस् । परमेश्वरले उहाँको मण्डलीलाई दिनुभएका आठवटा बेग्ला बेग्लै दानहरूका बारेमा लेख्नुहोस् ।

उत्तर : पहिला प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, आश्चर्य कामगर्नेहरू, अनि निको पार्ने वरदान पाएकाहरू, सहायता गर्नेहरू शासन गर्नेहरू, भिन्नभिन्न भाषा बोल्नेहरू ।

६. प्रश्न : १ कोरिन्थी १४:२६ पढ्नुहोस् । जब परमेश्वरका जन मण्डलीमा एकसाथ भेला हुँदा त्यहाँ तिनीहरूका वरदानहरू अभिव्यक्त गर्ने स्वतन्त्रता थियो । तिनीहरू भेला हुदाँ भएका पाँचवटा कुराहरू के के हुन् ?

उत्तर : तिनीहरू एक साथ भेला हुँदा हरेकसँग भजन हुन्छ, शिक्षा हुन्छ, प्रकाश हुन्छ, बोली हुन्छ अथवा अर्थ खोल्ने शक्ति हुन्छ ।

७. प्रश्न : प्रेरित ६:१ पढ्नुहोस् । शुरूका नयाँ करारका मण्डलीले दिन्हुको सेवामा खानाको प्रबन्ध____ गरिन्थ्यो ।

उत्तर : विधवाहरूलाई ।

८. प्रश्न : याकूब १:२७ पढ्नुहोस् । परमेश्वरको समक्ष एउटै शुद्ध धर्मचाहिँ______________ ।

उत्तर : अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु हो ।

९. प्रश्न : १ तिमोथी ५:९–११ पढ्नुहोस् । शुरूका नयाँ करारका विधवाहरूलाई मण्डलीबाट सहयोग गर्दथे । यो सहयोग कुन मापदण्डमा गर्थे ?

उत्तर : ती विधवाहरू जसका नाम सहयोग प्राप्त हुने सूचीमा नाउँ हुनपर्थ्यो । उ, स्त्री तथा उनको उमेर साठी वर्षको हुनपर्थ्यो । अनि आफ्ना श्रीमानको विश्वास योग्य हुनपर्थ्यो । उनले गरेका असल कार्यहरूबाट, चारैतिरबाट सत्कार पाएको हुनपर्थ्यो । यदि तिनले छोरा–छोरीहरू हुर्काएकी छन्, परदेशीहरूको सत्कार गरेकी छन्, पवित्रजनका खुट्टा धोएकी छन्, दुःखीहरूको उपकार गरेकी छन्, जुन सुकै पनि असल काममा ध्यान दिएकी छन् भने मात्र । तर तरूणी विधवाहरूको चाहिँ नलेख ।'

१०. प्रश्न : १कोरिन्थी ९:१४ मा पढ्नुहोस् । मण्डलीले विधवाहरू, टुहुराहरू अनि गरीबहरू बाहेक__ सहयोग गर्थे ।

उत्तर : परमेश्वरको वचनको सेवकाइ गर्नेलाई ।

११. प्रश्न : मत्ती २५:३५–४० पढ्नुहोस् । किन मानिसहरूले विचार्छन् कि परमेश्वरलाई दिनुचाहिँ भेटीको थालमा मात्र हो ?

उत्तर : किनकि उनीहरूलाई त्यही प्रकारले शिक्षा पाएकोले हो ।

१२. प्रश्न : प्रेरित ४:३२–३५, अनि हितोपदेश ३:९–१० पढ़नुहोस् । शुरूका मण्डलीका एल्डरहरू अनि पास्टरहरूले धन–सम्पत्तिहरूले के गर्थे ?

उत्तर : खाँचोमा परेकाहरूलाई दिन्थे, दिएर परमेश्वरलाई आदरमान गर्थे ।

# स्तर – २
# पाठ – ५
# छुटकारा
## डोन क्रो

आज हामी शैतानिकवादलाई चर्चा गर्नेछौं। येशू प्रभुले आफ्ना सेवकाइहरू संसारमा यसरी गरी बिताउनुभयो – भूतात्माहरू निकाल्नुभयो, विरामीहरूलाई चँगाइ गर्नु भयो, मरेकाहरूलाई जीवित पार्नुभयो, अनि अरू आचर्श्यकर्महरू गर्नुभयो। उहाँले आफ्ना सेवकाइका एक चौथाइ भाग मानिसहरूबाट दुष्ट आत्माहरू निकाली बिताउनुभयो। प्रेरित १०:३८ मा छ ''कि कसरी परमेश्वरले नासरतका येशूलाई पवित्र–आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो। अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी गवाही छौं।'' यसरी नै १ यूहन्ना ३:८ मा छ, जसले पाप गर्छ, त्यो शैतानबाटको हो। किनकि शैतानले ता शुरूदेखि नै पाप गर्दै आएको छ। शैतानका कामहरू नष्ट पार्नलाई नै परमेश्वरको पुत्र प्रकट हुनु भएको छ। म शैतानिकवादलाई बेग्लाबेग्लै दृष्टिकोणमा प्रयोग गर्छु – त्यो शैतान अशुद्ध आत्माहरू, दुष्ट आत्माहरू, भूतप्रेतहरू..। तपाईं जुनैलाई पनि भेट्नु सक्नु हुन्छ। केवल भारतमा मात्र देखा पर्छ, तथा तेस्रो विश्वका राष्ट्रहरूमा मानिसहरूले साँचो अनि जीवित परमेश्वरलाई आराधना गर्दैन, तिनीहरूले मूर्तिहरूलाई  सेवा गर्छन्। म गल्ती थिएँ।

म तपाईंलाई एउटा अनुभव बताइरहेछु केही वर्ष अघि, एक सेवालय, डलास, टेक्सासमा सबै मानिसहरू स्तुति गाइरहेका थिए, एक्कासि एक केटी पटाइमा लड्नि कसैले उनीमाथि आक्रमण गरेको झैं देखाह परे। त्यहाँ एउटा स्वास्थ्य डाक्टर डा. राइस थिए। कतिपय सेवालयमा मानिसहरूले सुझाव गरे कि उनलाई जाँचबुझ गर्न सेवालयदेखि घरमा लैजानलाई। जब हामी तिनलाई उसका घरमा लगे, त्यो केटी जंगली बिरालोझैं भई। उसका आँखा ठूला–ठूला भए। उसका आवाजहरू सानो बालिकाको थिइन, तर पुरूषका झैं बोलीमा बोल्न लागिन्।  उ केवल एकसय पाउण्ड कम थिइन। उसले मलाई बोलीहरूबाट आक्रमण गर्न लागिन्, ''तँ नरकमा जानेछस्'' मैले भने, '' म जानेछैन।'' म तर्से। मैले यस प्रकारका विगतमा देखेको थिइन। ''ज्यू, तिमी नरकमा जानेछौं'' 'मैले भने, ''होइन, म होइन, म नरकमा जानेछैन, ममाथि अधिकार गर्ने उसको शक्ति देखियो; अनि त्यस सानी केटीलाई कसरी काबुलाई राख्नु? मैले जानिन ।

मेरा प्रिय साथीहरू सबै तर्से, तब तिनीहरू तर्के। म मात्र थिएँ। मैले विचार गरे संसारमा के छ? म गर्न सकूँ, त्यो केटीको अचम्मको शक्ति थियो। त्यो केटी जर्मन जस्तो भाषामा बोलिन्, जो कहिल्यै सिकेकी थिइन। उसकोमा शैतान आएपछि असभ्य प्रदर्शन गर्थिन। उसकोमा शैतान पसेको थियो। मैले सम्झे – अब के गर्न पर्ने? मलाई विश्वास थियो – बाइबलमा शक्ति छ। यो यस्तो थियो – जब सानोमा डरलाग्दो भयानक चलचित्र ड्राकूला हेर्नु भएको थियो। मान्छेमा जब रगत चुस्ने भूत आउँथ्यो, यसरी अचानक आउँदा त्यस व्यक्तिले क्रूस उठाउँथ्यो, तब ... ''अरअर....'' भन्दै त्यस रगत चुस्ने भूत भागेर जान्थे। यही प्रकारले मैले बाइबललाई सम्झे– यसमा श्शक्ति छ। तर मैले जानेको थिइन – बाइबलको यो शक्तिलाई कसरी निकाल्नु? परमेश्वरको अनुग्रह महान् छ। किनभने मैले विगतमा यस्ता प्रकारका अनुभव गरेको थिइन। मैले बाइबल खोले, अनि नयाँ करारको फिलिप्पीको पुस्तकबाट अध्ययन गर्न लागे। मैले फिलिप्पीको २ अध्याय ८:११ पद पढ्न शुरू गरें – औ रूपमा मानिस जस्तो भएर मृत्युसम्मै आफूलाई होच्याउनु भयो।  त्यसैकारणले पनि परमेश्वरले उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा पृथ्वीमाथि र पृथ्वीमुनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, र हरेक

जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु हो भनी स्वीकार गर्नुपर्छ। शैतानले भन्छ, '' यो कुरा नभन! म यो शब्दमा उभिन सक्दिन। यो नभन।'' मैले सम्झे, कस्तो प्रतिक्रिया। मैले भने, उहाँलाई त्यो नाउँ प्रदान गर्नु भयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा पृथ्वीमाथि र पृथ्वीमनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नु पर्छ।''

''यो शब्द नभन । यो शब्दहरूमा म उभिन सक्दिन।'' त्यो चिच्याई। मैले सम्झे, त्यो भित्र शैतान पागल झैं भएको छ। मैले परमेश्वरको वचनलाई पढ़न थाले। मैले पढ़न थाले। तर आफूलाई रित्याई कमाराको रूप लिएर मानिसहरूको समानतामा हुनुभयो। औ रूपमा मानिसजस्तै भएर मृत्युसम्मै आज्ञाकारी हुनुभयो, क्रूसको मृत्युसम्मै आफूलाई होच्याउनुभयो। त्यसैकारणले पनि परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा पृथ्वीमाथि, र पृथ्वीमनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ। फेरि त्यही प्रतिक्रिया भयो – ''यो नभन, म यसमा उभिन सक्दिन।'' त्यसपछि शैतानले त्यो केटीको कानमा समातिन। तब त्यसले भनी, ''यो नभन।'' शैतानले त्यो केटीलाई मेरो अघि फ्याँकिदिए। तब त्यो केटीले येशूको नाउँमा घुँड़ा टेक्न शुरू गरिन्। मैले भने, ''येशूको नाउँमा हरेक प्राणीले स्वर्गमा, पृथ्वीमाथि, पृथ्वीमनि भएकाले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ।''

केही क्षणअघि दुष्टत्माको अधिकार र शक्ति ममाथि थियो। मैले सम्झे, मलाई त्यसले चाबुक लाउनेछ, हिर्काउनेछ, यहाँबाट मलाई फ्याँक्नेछ। मैले अरू बुझिन। मैले यही कुरा जानेको थिए बाइबलमा शक्ति छ। मैले बाइबल खोलेर पढ़न लागे। एफिसी ६:१७ ले बताउँछ, ''औ मुक्तिको टोप लेओ, र आत्माको तरवार जो चाहिँ परमेश्वरको वचन हो।'' तपाईंले हेर्नुहोस्, यहाँ सुरक्षित हतियार छ, जो तरवार झैं छ, जसले शत्रुलाई चोट दिन्छ तथा काट्छ। यो चाहिँ आत्माको तरवार हो। यो परमेश्वरको वचन हो। तपाईंले जान्नु हुन्छ – जब येशू परीक्षमा पर्नुभयो। शैतान उहाँकहाँ आए र भने, दृष्टात्माले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर जगतका सबै राज्य र तिनको गौरव उहाँलाई देखायो। र उहाँलाई भन्यो, ''तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।'' तब येशूले त्यसलाई भन्नुभयो, 'ए शैतान, हटी जा! किनभने यस्तो लेखिएको छ, तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, औ उहाँको मात्र सेवा गर्नू।'' मत्ती ४:१०। फेरि दुष्टत्माले उहाँलाई परीक्षा गर्नुभयो, अनि फेरि परीक्षा गर्नुभयो। येशूले फेरि भन्नुभयो, ''यो लेखिएको छ – दुष्टत्मा यो लेखिएको छ ....। उहाँले परमेश्वरको वचनलाई लिनुभयो। उहाँले आत्माको तरवारलाई लिनु भयो। उहाँले आत्माको तरवारलाई लिनुभयो, अनि बाइबलले भनेको छ – तब दुष्टात्माले उहाँलाई छोड़्यो।

हामीले शैतानलाई हराउनुको लागि एउटै हतियार छ – त्यो हो आत्माको तरवार, जो परमेश्वरको वचन हो। तपाईंले जान्नुहुन्छ, यसबाट मैले के सिकें? मैले यी सिकें – प्रत्येक समय म परमेश्वरको वचन पढ़छु। म परमेश्वरको वचनप्रति कति तृषित थिए। म केही खानको लागि खोज्दथे यी सबै कुराहरू म त्यसदिनमा गर्दिन थिए। त्यस चेलापनको कक्षहरूमा उनीहरू किन आउन सकेनन् भन्ने बहानाहरू थिए। मैले थाहा पाएँ। मैले किन तिनीहरू आएनन् भनेर जाने। बाइबलमा केही विषयहरू छ – परमेश्वरले हामीलाई जानको चाहनुहुन्छ। तर शैतानले हामीलाई जानेको चाहँदैन। तपाई प्रत्येक समय परमेश्वरको वचन वा चेलापनको कक्षमा आउनुहोस। तपाईंको शत्रुले यो चाहँदैन। चेलापनको कक्षमा आउनुहोस्। परमेश्वरको वचनमा केही थोकहरू छ, तर शैतानले यो जानेको चाहँदैन। यही वचनको पछि परमेश्वर हुनुहुन्छ।

यहाँ अन्धकारको राज्य, अनि परमेश्वरको प्रिय पुत्रको राज्य छ। कलस्सी १:१३ मा, जसले हामीलाई अन्धकारको शक्तिदेखि छुटाउनु र आफ्नो प्रेमी पुत्रको राज्यभित्र परिवर्तन गराउनुभयो, जसमा हाम्रो उद्धार? अर्थात् हाम्रो पापको क्षमा छ। तपाई कुन राज्यमा हुनहुन्छ? त्यो राज्य जहाँ एक व्यक्तिले शासन तथा अधिकार गर्नु हुन्छ। येशू ख्रीष्ट राजा हुनुहुन्छ। तपाईंले अहिलेसम्म आफ्नो जीवन उहाँलाई समर्पण गर्नुभएको छ। के तपाईंले आज

उहाँलाई पछयाउनु भएको छ? अथवा तपाईंले कसैलाई आफ्नो जीवनमा प्राथमिकता दिनु भएको छ? येशूले लूका ६:४६ मा भन्नु भएको छ, ‘‘औ जब मैले भनेका कुरा गर्दैनौं भने, किन मलाई हे प्रभु, प्रभु भन्दछौं?’’ उहाँले तपाईको जीवनमा प्रथमत एक नम्बर चाहनुहुन्छ। यहाँ अन्धकारका राज्यले उहाँलाई तपाईको जीवनमा प्रथमत हुनेदेखि टाड़ो गर्न कोशिश गरिरहेको छ। तपाईको जीवनमा प्रथमत स्थान हुनदेखि टाड़ो गर्न कोशिश गरिरहेको छ। तपाई आजनै ख्रीष्ट येशूतिर फर्कनुहोस, अनि तपाईले थाहा गर्नुहोस– एउटा शत्रु छ। जसको नाम शैतान हो, त्यसमा दुष्टात्माको शक्ति छ। तर बाइबलले बताएको छ– त्यसमाथि विजय हुने हाम्रो अधिकार छ।

येशूले मत्ती १०:२ मा भन्नुभएको छ ‘‘ बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जगाऔ, कोरीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। सित्थैमा पायौ, सित्थैमा देओ।’’ राज्यको सुसमाचार प्रचार गर। शत्रुमाथि अधिकार लिएर जाऊ। परमेश्वरले तपाईंको जीवनमा गर्नुभएका विषय बाहेक शैतानले तपाईंसँग कुनै चर्चा नगरोस्। येशूलाई प्रथम तपाईंको जीवनमा प्रभु बनाउनुहोस्। तब तपाईं कहिले पनि पछितो गर्नुहुन्न।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १ | एफिसी ६:१२ पढ़नुहोस्। यो पदले हाम्रा आत्मिकयुद्धलाई कसरी दुष्टाइसँगको लड़न्तसँग वर्णन गरेका छन्? | एफिसी ६:१२किनकि हाम्रो यो लड़न्त मानिसहरूका विरूद्धमा होइन, त प्रधानहरू, अधिकारहरू यस अन्धकारका सांसारिक शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टाइका आत्मिक सेनाहरूका विरूद्धमा हो। |
| २ | मर्कूस १६:१७ पढ़नुहोस्। यो पदले विश्वासीहरूको अधिकारलाई कसरी वर्णन गरेका छन्? | मर्कूस १६:१७ औ विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन् – मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन् र नयाँ भाषाहरू तिनीहरूले बोल्नेछन्।’’ |
| ३ | याकूब ४:८ पढ़नुहोस् एक व्यक्तिले शैतानबाट छुटकारा पाउनलाई उसले के गर्न आवश्यक छ? | याकूब ४:७ ‘‘यसकारण परमेश्वरको अधीनमा बस, शैतानको विरोध गर, अनि त्यो तिमीहरूबाट भाग्नेछ।’’ |
| ४ | याकूब १:१४ पढ़नुहोस्। शैतानले हामीहरूलाई दुष्ट कुराहरूको आकर्षित बनाइ कसरी छल्न खोज्छ? | याकूब १:१४ ‘‘तर हरेक मानिस अनि तृष्णाबाट खिँचिइ लोभिएर परीक्षामा पर्दछ।’’ |
| ५ | रोमी ६:१३ पढ़नुहोस्। | रोमी ६:१३ |
| | यदि कुनै एक व्यक्तिले आफ्नो जीवनलाई ख्रीष्टका कुराहरूले भर्न चाहन्छ भने, शैतानलाई कष्ट हुन्छ। त्यो आफ्नै कहाँ जान्छ। यो पदले हामीले के गर्न पर्छ भनी बताउँछ? | आफ्ना इन्द्रियहरू अधार्मिकताका हतियार बनाएर पापलाई समर्पण नगर। तर तिमीहरू आफैलाई मरेकोबाट जिउँदो जस्तै गरी परमेश्वरमा चढ़ाएर आफ्ना इन्द्रियहरू चाहिँ धार्मिकताका हतियार जस्तै गरी परमेश्वरलाई समर्पण गर।’’ |
| ६ | रोमी १३:१४ पढ़नुहोस्। शरीरका कामहरूबाट शैतानले भोजन पाउँछ। यसैले त्यसलाई भोकै राख्नलाई परमेश्वरको प्रेम र शुद्धताको बाटोमा हिँड़नुपर्छ। हामीले शरीरको......... पूरा गर्नलाई अघिबाटै तयारी नगर। | रोमी १३:१४<br>‘‘तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र शरीरको अभिलाषा पूरा गर्नलाई अघिबाटै तयारी नगर। |

| | | |
|---|---|---|
| ७ | लूका १०:१७–१९ पढ्नुहोस्। येशूले हामीहरूलाई भूतहरू धपाउनकालागि उहाँलाई प्रार्थना गर्नु भन्नु भएको छैन। तर यो पदले हामीलाई बताएको छ कि हामीहरूमा त्यो शक्ति र अधिकार ………… दिएको छ | लूका १०:१७–१९<br>''तब ती सत्तरी जना आनन्दसाथ फर्केर यसो भने, ''हे प्रभु, तपाईंको नाउँले भूतहरू पनि हाम्रा वशमा आए।'' उहाँले तिनीहरूलाई भन्नु भयो, मैले शैतानलाई स्वर्गबाट बिजुलीझैं खसिरहेको देखें। हेर, मैले तिमीहरूलाई साँपहरू र बिच्छीहरूलाई कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएकोछु, औ तिमीहरूलाई कुनै रीतिले हानि गर्नेछैन।'' |

## उत्तर–व्याख्या

१. प्रश्न : एफिसी ६:१२ पढ्नुहोस्।
यो पदले हाम्रा आत्मिक युद्धलाई कसरी दुष्टाइसँगको लड़ाइसँग वर्णन गरेका छन्?
उत्तर : यसलाई कुश्ती भनी बताइएको छ ।

२. प्रश्न : मर्कूस १६:१७ पढ्नुहोस्।
यो पदले विश्वासीहरूको अधिकारलाई कसरी वर्णन गरेका छन्?
उत्तर : येशूको नाउँमा दुष्टत्माहरू निकाल्ने अधिकार हामीहरूलाई दिएका छन्।

३. प्रश्न : याकूब ४:८ पढ्नुहोस्।
एक व्यक्तिले शैतानबाट छुटकारा पाउनलाई उसले के गर्न आवश्यक छ?
उत्तर : आफैलाई परमेश्वरमा समर्पण हुनु र शैतानलाई विरोध गर्नुपर्छ।

४. प्रश्न : याकूब १:१४ पढ्नुहोस्।
शैतानले हामीहरूलाई दुष्ट कुराहरूको आकर्षित बनाई कसरी छल्न खोज्छ?
उत्तर : त्यसले हाम्रा अभिलाषाहरूमा काम गर्छ। दुष्ट कुराहरूलाई आकर्षित बनाउँछ।

५. प्रश्न : रोमी ६:१३ पढ्नुहोस्।
यदि कुनै एक व्यक्तिले आफ्नो जीवनलाई ख्रीष्टका कुराहरूले भर्न चाहन्छ भने शैतानलाई कष्ट हुन्छ। त्यो आफ्नै कहाँ जान्छ।यो पदले हामीले के गर्न पर्छ भनी बताउँछ?
उत्तर : हामीहरूले आफैलाई परमेश्वरमा समर्पण गर्नुपर्छ। आफ्ना इन्द्रियहरू चाहिँ धार्मिकताका हतियार जस्तै गरी परमेश्वरलाई समर्पणगर्नु पर्छ।

६. प्रश्न : रोमी १३:१४ पढ्नुहोस्।
शरीरका कार्यहरूबाट शैतानले भोजन पाउँछ। यसैले त्यसलाई भोकै राख्नलजाई परमेश्वरको प्रेम र शुद्धताको बाटोमा हिँड्नु पर्छ। हामीले शरीरको — पूरा गर्नलाई अघिबाटै तयारी नगर।
उत्तर : तयारी ।

७. प्रश्न : लूका १०:१७–१९ पढ्नुहोस्।
येशूको हामीहरूलाई भूतहरू धपाउनका लागि उहाँलाई प्रार्थना गर्नु भएको छैन। तर यो पदले हामीलाई बताएको छ कि हामीहरूमा त्यो शक्ति र अधिकार — दिएको छ।
उत्तर : शैतानको सबै शक्तिहरूमाथि।

# स्तर – २
# पाठ – ६
# विश्वासीहरूको अधिकार
## एन्ड्रू वॉमक

परमेश्वरले हामी विश्वासीहरू भएकोले अधिकार दिनुभएको छ। यो विषयहरू राख्छु कि शैतानमाथि व्यवहार गर्नु मात्र होइन, तर शैतानमाथि हाम्रो अधिकार पनि छ। उसले सम्बन्धको नाता पनि तोड़ेको छ। ईसाईहरूले विश्वास गर्नुपर्छ कि हामीहरूले ती श्शक्तिहरूसँग संघर्ष गरिरहेछौ कि हाम्रा शक्तिभन्दा प्रबल छ। हामीहरू केवल त्यस शक्तिलाई सामना गर्न सक्छौं। तर यो बाइबलीय शिक्षा बमोजिम होइन। तर बाइबलले भन्दछ, ''किनकि हाम्रो यो लड़न्त मानिसहरूका विरूद्धमा होइन, तर प्रधानताहरू, अधिकारहरू, यस अन्धकारका सांसारिक शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टयाँइका आत्मिक सेनाहरूका विरूद्धमा हो।'' ( एफिसी ६:११) शैतान यथार्थ होइन, त्यसको अस्तित्व छैन। त्यो प्रधानता तथा अधिकारहरूका पुजारी हो। जसको सामना हामी गर्छौं। यो भन्दा अघि पदमा छ – हामी त्यस शैतानका छलहरूको विरूद्धमा उभिनु पर्छ। शैतानको वास्तविक शक्ति हामीमाथि चाहिँ छल हो। हामीमाथि प्रभुत्व गर्ने त्यसको कुनै शक्ति छैन।

उत्पति तीन अध्यायमा हामी हेर्छौं, जब पहिलो परीक्षा आदम अनि हव्वामा आयो, शैतान कुनै प्रबल शक्ति लिएर आएन। उदाहरण छ – त्यहाँ रहेको विशाल जन्तु तथा हात्ती, जसले आफ्नो खुट्टा आदमको टाउकोमा राखी आतंकित गर्दै भनिरहेको छ – मलाई सेवा गर, नत्र.. । उ त्यहाँको साँपमा देखियो, परमेश्वरले बनाउनु भएको अति नै धूर्त प्राणी थियो। 'धूर्त' शब्दको अर्थ हुन्छ चतुर, ठग, तथा कपटी। शैतान साँपको माध्यमबाट किन आयो? यसको कारणहरू छ – किनभने आदम र हव्वालाई केही गर्न लगाउने उसकोमा शक्ति थिएन त्यसले केवल अरूलाई छल मात्र गर्थ्यो। उ प्रकृति तथा परमेश्वरको विरोधमा गयो। तब उसले परमेश्वरलाई खिसी गर्न लागे। त्यसले भन्नलागे, ''परमेश्वरले तिमीलाई साँचो रूपमा प्रेम गर्दैन। तिम्रो पछि उसले केही अधिकार लिइरहेको छ।'' त्यसले छलको प्रयोग गरी आदम र हव्वालाई परमेश्वरको विरूद्धमा पाप गर्नलाई परीक्षा गर्‍यो। तिनीहरूमा एउटै थियो, जसकोमा अधिकार थियो, यसैकारण शैतानले यस्तो गर्‍यो। किनभने त्यसको परमेश्वरको नजीकमा आउने शक्ति नै छैन।

अझ यसबारेमा धेरै छ, तर मसँग समय छैन। तर मुख्य विषय बारेमा विश्वासीहरूको अधिकार बारेमा छ। तपाईंले जान्नुपर्छ – शैतानको शून्य शक्ति र अधिकार तपाईंमाथि छ। किनकि त्यो हरूवा शत्रु हो। त्यसको एउटै शक्ति छल र कपट लिई तपाईंको विरोधमा आउँछ। यदि तपाईंको जीवन नाश हुनलागेको छ भने तपाईंले भन्नु सक्नु हुन्छ, ''शैतान, त्यो हो, जसले मलाई यही गोलीहरूले  हानेको छ। तर तपाईं नै हुनुहुन्छ, जसलाई हात–हतियार दिनु भएको छ। तपाईं मात्र हुनुहुन्छ त्यसको छल र चलाकीपनको उत्तर दिनुहुन्छ। यदि तपाईंले शैतान अघि झुक्नु भएन भने, तपाईंको विरोधमा त्यसको कुनै शक्ति हुँदैन। २ को. १० ३:५ मा छ, ''किनभने हामी शरीर अनुसार चल्छौं तापनि शरीर अनुसार लड़ाइँ ता गर्दैनौं। (किनभने हाम्रो युद्धका हतियार शारीरिक होइनन्, तर किल्लाहरू भत्काउन सक्ने झैं छन्, ती परमेश्वरका सामने शक्तिमान छन्। परमेश्वरको ज्ञानको विरूद्धमा खड़ा हुने कल्पना र हरेक उच्च कुरालाई हामी खण्डन गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञा मान्नलाई अधीनमा पार्छौं। यी बाइबलीय पदहरूले तपाईंका युद्धका हतियारहरूका बारेमा संकेत गरेको छ। प्रत्येक हतियार तपाईंको मनलाई बताएको छ, जुन विचारहरूसँग सम्बन्ध छ। तपाईंको विरूद्धमा उठ्ने शैतानको केही पनि शक्ति छैन – केवल छल मात्र छ।

म झट्टै केही विषयहरूलाई अन्त गर्न लागेको छु। परमेश्वरको शुरूमा सबै शक्तिहरू थियो। सबै शक्ति र अधिकारहरू परमेश्वरबाट नै निस्कन्थ्यो। किनकि उहाँ मात्र हुनुहुन्थ्यो, उहाँमा नै शक्ति थियो। उहाँबाट नै सबै थोकको प्रतिनिधित्व हुन्थ्यो। जब उहाँले स्वर्ग र पृथ्वी सृजना गर्नु भयो, उहाँमा सबै शक्ति र अधिकार थियो। उत्पति १:२६ बमोजिम परमेश्वरले आदम र हव्वालाई सृष्टि गर्नुभयो। उहाँले भन्नुभयो, ''सबैमाथि अधिकार गरून।'' भजनसंग्रह ११५:१६ लाई पनि मिलाऊँ, ''स्वर्ग ता परमप्रभुकै हो। तर पृथ्वीचाहिँ उहाँले मानिस जातिलाई दिनुभएको छ।'' परमेश्वर वास्तविक सृष्टिकर्ता हुनु भएकोले उहाँ सबै सृष्टिका स्वामी हुनुहुन्छ। उहाँले संसारमा मानव जीवनहरूलाई अधिकार दिनुभएको छ। शैतानलाई संसार चलाउनलाई कुनै प्रकारका अख्तियार दिइएको छैन। त्यसले मानिसहरूलाई छल गरेर पापमा फसाउँछ। मानव जातिलाई परमेश्वरले शक्ति दिनु भएको छ। जब मानिस पतन भयो, परमेश्वरले प्रदान गर्नु भएको शक्ति र अधिकार शैतानलाई दिए। परमेश्वरले शैतानलाई मानवलाई दबाउनु तथा संसारलाई राज्य गर्नु भनी अधिकार दिनु भएको छैन।

बाइबलले बताएको छ, शैतान यो संसारको ईश्वर हो। तर यो संसारको प्रभु भनेर परमेश्वरले शैतानलाई बनाउनु भएको होइन। परमेश्वरले शैतानलाई मानवमाथि अधिकार गर्नलाई दिनुभएको छैन। शैतानले मानिसहरूलाई ताड़ना अधिपत्य अनि कतिपय समस्याहरू ल्याउन कतिपय कारणहरू छ। परमेश्वरले दिनुभएको शक्तिहरूलाई त्यसलाई दिन्छ। यो समस्याहरू परमेश्वरलाई हुन्छ। किनकि परमेश्वर आत्मा हुनुहुन्छ। संसारमा यो अधिकार मानव शारीरिक जीवित व्यक्तिहरूलाई मात्र संसारमा राज्य गर्न, अनि संसारमा आफ्नो प्रभाव पार्नलाई अधिकार र शक्ति दिनुभएको छ। शैतान आईवरी हामीबाट अधिकार लिन खोज्छ। यही कारणले यो शरीरमा बस्न चाहन्छ। बाइबलले बताउँछ कि शैतान शरीरमा बास गर्न चाहन्छ। किनकि शैतानले शारीरिक मानव जीवनबाट आफ्नो काम गर्न चाहन्छ। किनकि परमेश्वर आत्मा हुनुहुन्छ। यही विचारमा उहाँले शारीरिक मानव जीवनलाई अधिकार दिनुभएको छ। उहाँले उसको हात बाँध्नु भएको छ। यसको अर्थ यो होइन कि परमेश्वरको शक्ति र अधिकार छैन। तर उनको पवित्रताले गर्दा हो। उहाँले शारीरिक मानव जीवनलाई अधिकार दिनु भएको छ अनि उहाँको वचनप्रति साँचो इमान्दारी हुन पर्छ। उहाँले फेरि पछि गएर यसो भन्नुहुन्छ, मैले चाहे जस्तै यो होइन, समय सकियो, बन्द गर। हामीले गर्नेछौ। होइन, परमेश्वर आफ्नो वचनमा कटिवद्ध हुनुहुन्छ। विश्वव्यापी इतिहासमा छ — उहाँले कसैलाई नियाल्नु हुन्छ। उहाँबाट केही गर्न चाहनु हुन्छ। तर समस्या यो छ — सारा संसारका मानिसहरू भ्रष्ट भएको छ। अनि आफैलाई शैतानमा समर्पण गरेको छ। तब उहाँले के गर्न सक्नुहुन्छ?

परमेश्वरले अन्तमा के गर्नु भयो? उहाँ आफै मानव रूप धारण गरी संसारमा आउनु भयो। यो एउटा अचम्भ हो, जब तपाईले बुझ्नु हुन्छ। किनकि अब शैतानलाई ठूलो दु:ख भएको छ। त्यसले मानिसहरूका शक्तिलाई प्रयोग गरिरहेको छ। अनि यी सबै समस्याहरू समाधान गर्नलाई परमेश्वरले प्रत्यक्ष रूपमा कार्यवाही गर्नुभएको छैन। किनभने मानव जातिले इच्छा पूर्वक ऐन मुताबिक परमेश्वरले प्रदान गर्नु भएको अधिकारलाई शैतानलाई दिएको छ। शैतानले के गरे, त्यो गलत छ। परमेश्वरले दिनु भएको अधिकार र शक्तिलाई शैतानलाई प्रदान गरेको छ। तर अब परमेश्वर आउनु भयो, अब उहाँ आत्मामा मात्र हुनुभएन, तर शारीरिक रूपमा हुनुभयो। यसैले शैतानलाई संकट परिस्थितिमा पायो। किनकि स्वर्गमा मात्र परमेश्वरको अधिकार होइन, उहाँ मानव रूपमा आउनुभयो, तब मानवजातिलाई संसारमा अधिकार दिनु भयो। येशू प्रभुले भन्नुभयो, ''किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवन हुनालाई दिनुभएको छ, औ उसलाई इन्साफको फैसला गर्ने अधिकार दिनु भएको छ, किनकि उ मानिसको पुत्र हो।'' (यूहन्ना ५:२६,२७) उहाँले यहाँ आफ्नो शारीरिक रूपलाई बताउनु हुँदैछ।

येशू संसारमा आई परमेश्वरले दिनुभएको अधिकारलाई प्रयोग गर्नुभयो। शशैतानले उहाँलाई परीक्षा गरे। तर यो त्यसको अघि कहिल्यै पनि झुकेन। येशूले हाम्रा पापहरू बोक्नुभयो अनि तिनीहरूका लागि मर्नुभयो, नरकमा जानुभयो, तर फेरि पुनरूत्थान हुनुभयो। मत्ती २८:१८ मा लेखिएको छ — ''स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई

दिइएको छ।'' उहाँले मानव जातिलाई दिनुभएको त्यस अध्किारलाई फेरि ल्याउनुभयो। जो मानिसले बेठीक मात्रामा प्रयोग गरेको थियो। परमेश्वर शरीरमा आउनुभयो। अब येशू प्रभुमा स्वर्ग र पृथ्वीका सबै अध्किाार छ। अर्को पदमा छ — अब तिमी जाऊ, अनि यी सबै गर।'' उनले यसरी भन्नुभएको थियो, अब मेरोमा स्वर्ग र पृथ्वीका सबै अधिकार छ, अनि म तिमीहरूसंग बाँड़न चाहन्छु। तर पनि यस समयमा प्रभुले विश्वासीहरूलाई दिनुभएको अधिकारमा बेग्लै भिन्नता पाइन्छ। येशू ख्रीष्ट अनि हामीहरूमाझ संयुक्त अधिकार हामीलाई दिइएको छैन। तिनीहरूलाई दिइएको अधिकार गुमाए, शैतानले तिनीहरूलाई थिचोमिचो गरे। साधरणत आशाहीन भए। तर आज हाम्रो अधिकार ख्रीष्ट येशूसंग छ, अनि उहाँको अधिकार मण्डलीसंग साझा छ।

यद्यपि हामी असफल हुनसक्छौं, तर परमेश्वरले यो अधिकारलाई शैतानसंग कहिल्यै पनि सम्झौता गर्नुहुन्न। शैतानपूर्ण रूपले शक्तिहीन छ। तपाईंको जीवनमा त्यसले केही गर्ने प्रतिभा छैन, केवल तपाईंलाई त्यसले छल गर्छ, जब तपाईंले स्वच्छाले त्यस अघि झुक्छ। तपाईंले त्यसलाई जीवनको अधिकार दिनुहुन्छ भने व्यक्तिगत रूपमा तपाईंले कष्ट पाउनुहुन्छ। तर परमेश्वरले दिनुभएको मानवजातिलाई अधिकार शैतानकहाँ फेरि विवरण गर्नु हुँदैन। यो अब तपाई र परमेश्वर माझमा बाँड़चुँड़ गर्नुपर्छ। उहाँ विश्वासयोग्य रहनुहुनेछ। तपाईंले स्वंयलाई चिन्नुपर्छ कि तपाई एक हुनुहुन्छ — अब तपाईंमा अधिकार र शक्ति छ। शैतानले तपाईंसंग विचारहरूमा झगड़ा गर्छन्। तपाईंको हतियार यो हो कि ती बन्धनमुक्त विचारहरूलाई त्याग्नुहोस्। तपाईंलाई थाहा होस् कि शैतानले तपाईंको शरीरलाई ताड़ना दिन्छ भन्ने धारणा गलत हो। परमेश्वरको वचनले चंगाइको विषयमा के वर्णन गरेका छन् '' औ तिमीहरूले सत्य के हो, सो जान्नेछौं, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।'' (यूहन्ना ८:३२) तपाईंहरू एक हुनुहुन्छ जसकोमा शक्ति र अधिकार छ। जुन परमेश्वरले तपाईंलाई दिनुभएको छ, एउटा कुरा यो हो कि यसलाई अभ्यास गरी राखिछोड़नु होस्। परमेश्वरले यो तपाईंलाई दिनु भएको छ। तपाईंले परतन्त्रका विचारहरू नराख्नुहोस्। तपाईंले नयाँ हुनका लागि आत्मिक हतियारहरू प्रयोग गर्नुभएको छैन होला। आफैलाई जाँच्नुहोस्। म को हुँ भनी जान्नुहोस्। यसले तपाईंलाई उत्साह दिन्छ, तपाई एक हुनुहुन्छ — जसकोमा अधिकार र शक्ति छ।

म तपाईंलाई प्रार्थना गर्छु, यी कुराहरू लिनुहोस्, मनन गर्नुहोस्। परमेश्वरले तपाईंलाई प्रकाश दिनुहुन्छ — तपाई एक हुनुहुन्छ शैतान डराउँछ। तपाईं शैतानको अघि काम्नु पर्दैन। तपाईं त्यो हुनुहुन्छ— जसलाई परमेश्वरले शक्ति र अधिकार दिनुभएको छ। यदि तपाईंले शैतानलाई विरोध गर्नुहुन्छ, त्यो भागेर जानेछ (याकूब ४:७)।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | उत्पत्ति ३:१ पढ़नुहोस्।<br>शैतानको अस्तित्व छ। तर त्यसको वास्तविक शक्तिको अस्तित्व चाहिँ हामीलाई छल गर्नमा क्षमता छ। कसरी सर्प शैतानले हव्वालाई प्रश्नहरू गर्न कोशिश गरे? | उत्पत्ति ३:१ परमप्रभुले बनाउनु भएका वन–पशुहरूमध्ये साँप धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, ''के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै रूखको फल नखानू भनी भन्नु भएको छ?'' |
| २. | उत्पत्ति ३:१ पढ़नुहोस्।<br>शैतानले धूर्तता प्रयोग गऱ्यो भनी तपाईंले किन सम्झनु हुन्छ? | उत्पत्ति १:२६ ''फेरि परमेश्वरले भन्नुभयो, ''मानिसलाई आफ्नै स्वरूपमा हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पाल्तु पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।'' |

| | | |
|---|---|---|
| ३. | उत्पत्ति १:२६–२८ पढ़नुहोस्।<br>कसले मानिसलाई उहाँको शक्ति प्रदान गऱ्यो? | उत्पत्ति १:२८ ''औ परमेश्वरले तिनीहरूलाई आशिष दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, ''फल्दै फुल्दै वृद्धि हुँदै पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दै जाओ। औ समुद्रका माछाहरू, आकाशका पक्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।'' |
| ४. | भजनसंग्रह ८:४–८ पढ़नुहोस्।<br>कसरी परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो? | भजनसंग्रह ८:४–८<br>''मानिस के हो र तपाई त्यसको सम्झना गर्नुहुन्छ? र मानिसको सन्तान जसको तपाई चासो लिनु हुन्छ?<br>किनकि तपाईले त्यसलाई दूतहरूभन्दा केही मात्रा कम गरेर बनाउनु भएको छ, र त्यसलाई गौरव र आदरको मुकुट लगाउनु भएको छ। तपाईंका बाहुलीका कार्यहरू सबैमाथि तपाईले त्यसलाई प्रभुत्व दिनु भएको छ, तपाईले सबै कुरा त्यसको चरणमुनि राख्नु भएको छ। भेड़ा र गोरूहरू सबै वनका जानवरहरू पनि। आकाशका चराहरू र समुद्रका माछाहरू र समुद्रमा बस्ने सबै जन्तुहरू।'' |
| ५. | २ कोरिन्थी ४:४ पढ़नुहोस्।<br>यो पदले के घटना घटेको दर्शाउँछ? | २ कोरिन्थी ४:४ '' जसमा ख्रीष्ट जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूमाथि नचम्कोस् भनेर यस संसारको देवले अविश्वासीहरूको समझ शक्तिलाई अन्धा तुल्याइदिएको छ।'' |
| ६. | मत्ती ४:८–९ पढ़नुहोस्।<br>यी पदहरूले यो विषयलाई सहयोग पुऱ्याउँछ? | मत्ती ४:८–९ ''फेरि दुष्टत्माले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर जगत्का सबै राज्य र तिनको गौरव उहाँलाई देखायो। र उहाँलाई भन्यो, ''तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।'' |
| ७.<br><br><br><br>८. | मत्ती २८:१८ पढ़नुहोस्।<br>ख्रीष्ट येशूको मृत्यु र बौरिउठाइपछि यस संसार र स्वर्गमा कसको सबै अधिकार छ?<br>मत्ती २८:१८–१९ पढ़नुहोस्<br>यो पद अनुसार कसलाई प्रसन्नताको अधिकार दिइएको छ? | मत्ती २८:१८–१९ ''अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसित यसो भन्दै बोल्नुभयो, ''स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण गएर सबै देशका जातिहरूलाई चेला बनाओ, र पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ।'' |
| ९. | एफिसी १:१९ पढ़नुहोस्।<br>परमेश्वरको बलको सामर्थ कसको लागि हो? | एफिसी १:१९<br>''औ उहाँको बलको सामर्थको कार्य अनुसार हामी विश्वास गर्नेहरूतर्फ उहाँको शक्तिको अत्यन्त महानता के हो।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : उत्पति ३:१ पढ्नुहोस्।
शैतानको अस्तित्व छ। तर त्यसको वास्तविक शक्तिको अस्तित्व चाहिँ हामीलाई छल गर्नमा क्षमता छ। कसरी सर्प (शैतान) ले हव्वालाई प्रश्नहरू गर्न कोशिश गरे?
उत्तर : परमेश्वरको वचनबाट (के परमेश्वरले ... भन्नुभएको छ?

२. प्रश्न : उत्पति ३:१ पढ्नुहोस्। शैतानले धूर्तता प्रयोग गऱ्यो भनी तपाईंले किन सम्झनु हुन्छ?
उत्तर : त्यसले शक्तिपूर्वक तिनीहरूलाई अनाज्ञाकारिता गराउने असमर्थ थियो। तिनीहरूको शक्तिलाई पन्साएर तिनले छल गऱ्यो।

३. प्रश्न : उत्पति १:२६,२८ पढ्नुहोस्। मानिसलाई उहाँको शक्ति कसले प्रदान गऱ्यो?
उत्तर : परमेश्वरले।

४. प्रश्न : भजनसंग्रह ८:४–८ पढ्नुहोस्।
परमेश्वरले मानिसलाई कसरी सृष्टि गर्नुभयो?
उत्तर : उहाँका (परमेश्वर) हातले सृष्टि गर्नु भएकाहरूलाई अधिकार गर्नू।

५. प्रश्न : २ कोरिन्थी ४:४ पढ्नुहोस्।
यो पदले के घटना घटेको दर्शाउँछ?
उत्तर : श्शैतानले मानिसको अधिकारलाई खोसे, यस संसार (यो व्यवस्था, युग) का ईश्वर भए।

६. प्रश्न : मत्ती ४:८–९ पढ्नुहोस्।
यी पदहरूले यो विषयलाई सहयोग पुऱ्याउँछ?
उत्तर : ज्यू।

७. प्रश्न : मत्ती २८:१८ पढ्नुहोस्।
ख्रीष्ट येशूको मृत्यु र बौरीउठाइपछि यस संसार र स्वर्गमा कसको सबै अधिकार छ?
उत्तर : येशूको।

८. प्रश्न : मत्ती २८:१८–१९ पढ्नुहोस्।
यो पद अनुसार कसलाई प्रसन्नताको अधिकार दिइएको छ?
उत्तर : विश्वासीहरूलाई।

९. प्रश्न : एफिसी १:१९ पढ्नुहोस्।
परमेश्वरको बलको सामर्थ कसको लागि हो?
उत्तर : हामीहरू, जसले विश्वास गर्छौं।

# स्तर – २
# पाठ – ७
# प्रायश्चितमा चंगाइ
## एन्ड्रू वॉमक

येशूले हाम्रो लागि चंगाइ किनिसक्नु भएको छ। मर्कूस दोस्रो अध्याय अनि लूका पाँच अध्यायमा येशूले भीड़हरूलाई वचन सुनाउनु भयो, अनि एक पक्षपातीलाई उनका साथीहरूले छाना उघारेर त्यो पक्षपातीलाई तल ओह्राले। येशूले अचम्भ रूपले त्यसलाई जाति पार्नुभयो। अनि मत्ती ८:१४–१६ मा वर्णन छ – येशूले मानिसहरूलाई चंगाइ दिनुभयो। ''पत्रुसको घरमा आएपछि येशूले तिनकी सासूलाई ज्वरोले थलिएर पस्रिएकी देख्नु भयो। औ उहाँले तिनको हात छुनुभयो, र ज्वरोले तिनलाई छोड़्यो। अनि तिनी उठिन र उहाँको सुसार गरिन्। जब साँझ परयो, तब तिनीहरूले उहाँका भूत लागेका धेरैजनालाई ल्याए। र उहाँले वचनैले भूतहरूलाई धपाउनुभयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो। पद १७ मा यी भएका कारणहरू बताएको छ, '' उहाँ आफैले हामीहरूका कमजोरी लिनुभयो; र रोगहरू बोक्नु भयो। ''यो घटना अनुसार, येशूले धेरै मानिसहरूलाई जाति पार्नुभयो। यशैयामा वर्णन गरिएको उद्धारण हेरौं।'' यशैया ५३:३५ मा वर्णन छ, ''उ मानिसहरूबाट घृणित भयो, र हामीले उसलाई कुनै मोलको गनेनौं। निश्चय उसले हाम्रा कष्टहरू सहयो, र हाम्रा दु:ख भोग्यो। तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काएको, पिटिएको र दु:खमा परेको ठान्यौं। तर उ ता हाम्रा अपराधको निम्ति चोट पायो। हाम्रै शान्तिको निम्ति दण्ड उसमाथि परयो, र उसले पाएको कोर्राको चोटले हामी निको भयौं।''

यी पदहरू बाइबलका प्रबल पदहरू हुन्। कति मानिसहरूले यो लिन्छन् र भन्छन् ''केही क्षण पर्खनुहोस्। यो केवल आत्मिक ढंगमा भनिएका हुन्। त्यो मण्डली जहाँ म बढ़ेको थिएँ – उनीहरूले शारीरिक चँगाइमा विश्वास गर्दैनन्। तिनीहरूले बाइबललाई आत्मिक ढंगमा लिन्छन्। तिनीहरूले भन्छन् – ''हामीलाई भावनात्मक चोट परेका छौं। जब हामीले आफ्नो जीवन प्रभुलाई दिन्छौ, उहाँले हामीलाई जाति पार्नुहुन्छ।'' जब हामीहरूले यो पदलाई पहिला शुरू गरेका पदसँग मिलाउँछौं, तब यी प्रयोग गरेका विषयहरू अन्त हुनेछ। यो सत्य हो कि येशूले हाम्रा भावनाहरूलाई चँगाइदिनुहुन्छ, तर यी बाइबलीय पदहरूले शरीरको लागि शारीरिक चँगाइ पनि दिनुहुन्छ। तपाईंले मत्ती ८:१७ मा हेर्नुहोस्, यो पदमा यशैयाले भनेका अगमवाणी पूर्ण भएको हो। केवल यो पद मात्र हेरौं – ''उसले पाएको कोर्राको चोटले हामी निकौ भयौं।'' यो सबै पूरा भएको हो, उहाँले हाम्रा सबै अधर्महरू बोक्नुभयो, रोगहरू बोक्नुभयो। यसले हाम्रा शारीरिक रोगहरू, पीड़ाहरू, चोटहरू बताउँछ। येशूले मानिसहरूलाई शरीरमा जाति पार्नुभयो, किनकि वचन पूरा हुनुलाई हो – हामी उहाँका चोटबाट निको भयौं।

बाइबलले १ पत्रुस २:२४ मा ''हामी पापको लेखि मरेर धार्मिकताको लेखि बाँचौ भनी उहाँले आफ्नै शरीरमा हाम्रा पाप काठमाथि बोक्नुभयो।'' यो भूतकाल हो। येशू प्रभु किन आउनुभयो – हाम्रा शरीरलाई चंगाइ दिनलाई आउनुभयो। यो सत्यलाई म मेटाउदिन, उहाँ हाम्रा पापहरू निको पार्नलाई पनि आउनुभयो। यो आवश्यक छ कि पापको क्षमा त्यो बाटोको ढोका हो, भित्र प्रवेश सबै हो। उहाँ हाम्रा पाप क्षमाको लागि मात्र आउनु भएन, उहाँ हाम्रा शरीरलाई चंगाइ दिनका लागि पनि आउनु भयो। मुक्ति शब्द ग्रीक भाषामा नयाँ करारमा 'सोजो' भनी प्रयोग गरिएको छ। यसको व्यावपकता छ – यसलाई विभिन्न विषयहरूमा प्रयोग गरिन्छ। यसलाई तपाईंले नियालेर हेर्नु होस्। यसलाई अनुवाद 'चंगाइ' पनि प्रयोग गरिएको छ। याकूब ५:१४ मा छ ''के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीको धर्मगुरूहरूलाई बोलाओस्, र तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेल घसेर, त्यसको विषयमा प्रार्थना गरून्।'' 'मुक्ति दिनु' शब्द ग्रीक भाषामा 'सोजो' हो, जो बिरामीहरू शरीरमा चंगा हुँदछ। यही शब्दलाई पापहरूबाट क्षमा – नयाँ करारमा सयौंपल्ट अनुवाद गरिएको छ – यसलाई चंगाइ भयो भनी उल्था भएको छ।

जब मत्ती १० अध्यायमा येशू प्रभुले चेलाहरू पठाउनु भयो र भन्नुभयो – ''बिरामीहरूलाई जाति पार, कोरीहरूलाई शुद्ध पार, दुष्टात्माहरूलाई धपाऊ। अनि सुसमाचार प्रचार गर।'' फेरि उहाँले तिनीहरूलाई भन्नुभयो, ''सुसमाचार प्रचार गर। तिनीहरूलाई भन्नुभयो, बिरामीहरूलाई चंगाइ गर, कोरीहरूलाई शुद्ध गर, भूतहरू धपाऊ।'' चंगाइ त्यो अंश हो, जब येशू तपाईंको जीवनमा आई पूर्ण गर्नुहुन्छ जसरी पापहरूको क्षमा हुन्छ।

यही रीतिले परमेश्वरले मलाई पाप गर्न लगाउनुहुनेछ, जसबाट तपाईंको पापबाट केही सिक्नुहुनेछ, भनी तपाईले यसरी कहिले पनि सम्झनु हुनेछैन। तपाई कहिल्यै पनि बिरामी भई जिउनु भएको उहाँले चाहनुहुन्न। ईश्वर तपाईंको जीवनको बिरामीको प्रवर्तक हुनुहुन्न। कोही बेला मानिसहरूले यसरी भन्ने गर्छन्, ''ठीकै छ! यो बिरामी मेरो लागि परमेश्वरको आशीष हो। किनकि यसले मलाई उहाँतिर फर्कायो।'' यो सत्य हो, कतिपय संकटमय परिस्थितिमा मानिसहरू परमेश्वरतिर फर्किन्छन्।'' तर तपाईंलाई सिकाउनलाई उहाँले रोगहरू पठाउनुहुन्न। यो उहाँले गर्नुहुन्न। तपाईमाथि उहाँले पाप बोकाउनु हुन्न। के तपाई पापमा जीवन बिताउँदा केही सिक्नु हुन्छ? यदि तपाई व्यभिचार तथा समलिङ्गी जीवन बिताइरहनु भएको छ, अनि तपाईंले केही बिरामी पाउनुभएको छ, मेरो जीवन पद्धतिमा गल्ती रहेछ भनी सिक्नुहुन्छ? निश्चय नै तपाईंले पापबाट सिक्नुहुन्छ। तपाईंले पर्खालमा आफ्नो शिर नठोकाई पनि सिक्नु हुनेछ। यसरी जोड़ले शिर नठोकाई पनि केही सिक्नुहुनेछ। तपाईंलाई नम्र बनाउन तथा केही सिकाउनका लागि तपाईंलाई परमेश्वरले रोगहरू पठाउनुहुन्न। येशू तपाईंका पापहरू क्षमा दिनलाई मर्नुभयो; अनि तपाईंका रोगहरूलाई चंगाइ गर्नलाई मर्नुभयो। तपाईंका सबै पापहरू उहाँले आफ्नै शरीरमा लिनुभयो। अनि उहाँका चोटहरूले तपाई निको हुनुभयो।

परमेश्वरको महान दैविक चंगाइ हामी सबैले प्राप्त गर्न सक्छौं, अनि यो प्रायश्चितको अंश, जो येशू क्रूसमा मर्नुभयो। यदि तपाईंले तपाईंको चंगाइलाई प्राप्त गर्नुभएको छैन भने, परमेश्वर तपाईंसँग नाराज हुनुहुन्न। तपाई, परमेश्वरलाई प्रेम गर्नको लागि तपाई चंगाइ हुनुपर्दैन। तपाईंले पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्नुहोस्, चंगाइलाई मात्र विश्वास नगर्नुहोस्। स्वर्ग जानलाई मात्र विश्वास नगर्नुहोस्। साँचोमा तपाईंले झट्टै पाउनु हुनेछ किनकि तपाईंले स्वास्थ्यपनमा कसरी हिँड्नु पर्ने, त्यो तपाईंले जान्नु भएको छैन। तर तपाईंले के जान्नु भएको छ – त्यो तपाईंले प्राप्त गर्नु हुनेछ। येशू निर्माण गर्नुलाई मर्नुभयो। तपाई आरोग्य भएको परमेश्वर चाहनु हुन्छ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | मत्ती ८:१६–१७ पढ्नुहोस्।<br>येशूले कति मानिसहरूलाई निको पार्नुभयो? | मत्ती ८:१६–१७<br>''जब साँझ पर्‍यो, तब तिनीहरूले उहाँकहाँ भूत लागेका धेरैजनालाई ल्याए। र उहाँले वचनैले भूतहरूलाई धपाउनु भयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो। औ यशैया अगमवक्ताले बोलेका कुरा पूरा भयो, ''उहाँ आफैले हामीहरूको कमजोरी लिनुभयो, र रोगहरू बोक्नुभयो।'' |
| २. | यशैया ५३:३–५ पढ्नुहोस्।<br>यी पदहरूले कस्तो प्रकारको चंगाइलाई बताउँछ? | यशैया ५३:३–५ ''उ मानिसहरूबाट घृणित भयो, र हामीले उसलाई कुनै मोलको गनेनौ। निश्चय उसले हाम्रै कष्टहरू सहयो र हाम्रा दु:ख भोग्यो। तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, पिटिएको र दु:खमा परेको ठान्यौं। तर उ ता हाम्रा अधर्मको निम्ति घायल भयो। उसले हाम्रा अधर्मका निम्ति चोट पायो। हाम्रै शान्तिको निम्ति दण्ड उसमाथि पर्‍यो, र उसले पाएको कोर्राको चोटले हामी निको भयौं।'' |
| ३. | मत्ती ८:१७ पढ्नुहोस्।<br>हाम्रा रोग र कमजोरीहरू के भयो? | |

| | | |
|---|---|---|
| ४. | १पुत्रस २:२४ पढ़नुहोस्। यो पद अनुसार येशूले हाम्रा लागि दुइ कुराहरू के गर्नु भएको छ? | १ पत्रुस २:२४ ''हाम्रो पापको लेखि मरेर धार्मिकताको लेखि बाँचौ भनी उहाँले आफ्नो शरीरमा हाम्रो पाप काठमाथि बोक्नु भयो।'' |
| ५. | याकूब ५:१४–१५ पढ़नुहोस्। पद १५ मा 'बचाउँछ।' शब्द ग्रीक याब्दमा 'सोजो' हो।यसको अनुवाद 'छुटकारा', सुरक्षा, चंगाइ, र संरक्षण, सम्पूर्णता, हो। बाइबलमा यही शब्दलाई 'मुक्ति' प्रयोग गरिएको छ। यही पदहरू तथा ग्रीक शब्दको 'मुक्ति' को परिभाषामा के थपिएको छ? | याकूब ५:१४–१५ ''के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीको धर्म – गुरूहरूलाई बोलाओस्, र तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेल घसेर त्यसको विषयमा प्रार्थना गरून्। औ विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई उठाउनुहुनेछ, र यदि त्यसले पापै गरेको भए पनि त्यसलाई क्षमा हुनेछ।'' |
| ६. | मत्ती १०:७ पढ़नुहोस् येशूले आफ्ना चेलाहरूलाई कहिले पठाउनु भयो? उनीहरूलाई के बोल्न भनी उहाँले भन्नुभयो? | मत्ती १०:७–८ ''स्वर्गको राज्य नजीकै आइपुगेको छ'' भन्दै प्रचार गर। बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जगाओ, कोरीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल। सित्तैमा पायौं, सित्थैमा देओ।'' |
| ७. | मत्ती १०:८ पढ़नुहोस्। येशूले तिनीहरूलाई के गर्न भनी सिकाउनुभयो? | |
| ८. | मर्कूस १६:१५ पढ़नुहोस्। येशूले उहाँका चेलाहरूलाई के गर्न सिकाउनुभयो? | मर्कूस १६: १५–१८ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, ''सारा जगतमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर अविश्वास गर्ने दोषी ठहरिनेछ। औ विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन् – मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउने छन्, र नयाँ भाषाहरू तिनीहरूले बोल्नेछन्। तिनीहरूले सर्पहरू समात्नेछन्, र कुनै विषालु कुरो पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूलाई हानि गर्नेछैन, तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्, र तिनीहरू निको भइजानेछन्। |
| ९. | मर्कूस १६:१६ पढ़नुहोस्। ती सुसमाचार ग्रहण गर्नेहरूलाई के गर्न सिकाउनुभयो? | |
| १०. | मर्कूस १६:१७ पढ़नुहोस् विश्वासीहरू कस्ता चिन्हहरू हुनेछन्? | |
| ११. | मर्कूस १६:१८ पढ़नुहोस्। विश्वासीहरूमाझ अरू चिन्हहरू के के हुनेछन्? | |

## उत्तर–व्याख्या

१. प्रश्न : मत्ती ८:१६–१८ पढ़नुहोस्।
येशूले कति मानिसहरूलाई निको पार्नु भयो?
उत्तर : उहाँमा आउने सबैलाई निको पार्नुभयो।

२. प्रश्न : यशैया ५३:३–५ पढ्नुहोस्।
यी पदहरूले कस्तो प्रकारको चंगाइलाई बताउँछ?
उत्तर : सबै प्रकारको चंगाइलाई (शारीरिक चंगाइ पनि)।

३. प्रश्न : मत्ती ८:१७ पढ्नुहोस्।
हाम्रा रोग र कमजोरीहरू के भयो?
उत्तर : प्रभुले सबै बोक्नु भयो।

४. प्रश्न : १ पत्रुस २:२४ पढ्नुहोस्।
यो पद अनुसार येशूले हाम्रा लागि दुइ कुराहरू के गर्नुभएको छ?
उत्तर : उहाँले आफ्ना शरीरमा हाम्रा सबै पापहरू बोक्नु भयो अनि उहाँको चोटहरूमा हामी निको भयौं।

५. प्रश्न : याकूब ५:१४–१५ पढ्नुहोस्।
पद १५ मा 'बचाउँछ' शब्द ग्रीक शब्दमा 'सोजो' हो। यसको अनुवाद 'छुटकारा' सुरक्षा, चंगाइ, संरक्षण, सम्पूर्णता हो। बाइबलमा यही शब्दलाई 'मुक्ति' प्रयोग गरिएको छ। यही पदहरू तथा ग्रीक शब्दको 'मुक्ति' को परिभाषामा के थपिएको छ?
उत्तर : चंगाइ।

६. प्रश्न : मत्ती १०:७ पढ्नुहोस्।
येशूले आफ्ना चेलाहरूलाई कसरी पठाउनुभयो? उनीहरूलाई के बोल्न भनी उहाँले भन्नुभयो?
उत्तर : परमेश्वरको राज्य नजीक आएको छ।

७. प्रश्न : मत्ती १०:८ पढ्नुहोस्।
येशूले तिनीहरूलाई के गर्न भनी सिकाउनु भयो?
उत्तर : बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जगाउ, कोरीहरूलाई शुद्ध पार,भूतहरूलाई निकाल।

८. प्रश्न : मर्कूस १६:१५ पढ्नुहोस्।
येशूले उहाँका चेलाहरूलाई के गर्न सिकाउनु भयो?
उत्तर : सारा जगत्मा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर।

९. प्रश्न : मर्कूस १६:१७ पढ्नुहोस्।
ती सुसमाचार ग्रहण गर्नेहरूलाई के गर्न सिकाउनु भयो?
उत्तर : विश्वास गर्नेहरूलाई बप्तिस्मा देऊ।

१०. प्रश्न : मर्कूस १६:१७ पढ्नुहोस्।
विश्वासीहरूमाझ कस्तो चिन्हहरू हुनेछन्?
उत्तर : तिनीहरूले भूतहरू धपाउनेछन् र नयाँ भाषाहरू तिनीहरूले बोल्नेछन्।

११. प्रश्न : मर्कूस १६:१८ पढ्नुहोस्।
विश्वासीहरूमाझ अरू चिन्हहरू के के हुनेछन्?
उत्तर : तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्, र तिनीहरू निको भइजानेछन्।

# स्तर – २
# पाठ – ८
# चंगाइमा वाधाहरू
## एन्ड्रू वॉमक

परमेश्वरको इच्छा चंगाइ गर्ने सत्यतालाई लिएर बताएको थिए। यो चंगाइ चाहिँ प्रायश्चितको एउटा अंश हो। धेरै भन्न सकिन्छ कि यदि तपाईंले स्वीकार गर्नु भयो, अनि वचनलाई हेर्नुभयो भने, धेरै प्रश्नहरू उठाउन सकिन्छ। जस्तै – ''यदि चंगाइ गर्ने परमेश्वरको इच्छा छ भने किन सबैभन्दा चंगाइ हुँदैनन्? यहाँ धेरै कारणहरू छन्। मैले जानेजति यी विषयहरू खोजिरहेको छु। यो बारेमा धेरै सूचनाहरू छ। तर मैले यहाँ पाउन सकेको छुइँन। यदि परमेश्वरको इच्छा चंगाइमा छ भने, म यस विषयमा बताउन चाहन्छु कि मानिसहरूले किन चंगाइ पाउन सक्तैनन्? यसको एउटा कारण अज्ञानताले हो। तपाईंले जुन कुरा जान्नु हुन्न तथा बुझ्नुहुन्न त्यस विषयलाई तपाईंले काम गर्न सक्नुहुन्न। यो कुरा अवश्यै नै मेरो जीवनमा पूर्ण भएको छ।

मैले परमेश्वरको इच्छालाई विश्वास गर्ने आफै तालिम पाएको थिए, जब ममा केही अधिकार, शक्ति तथा अरूहरू थिएन। मेरो अज्ञानताको कारण धेरै घटनाहरू घटे। म बाह्र वर्षको हुँदा मैले पितालाई गुमाएँ। त्यही समयमा, मेरो उपस्थितिमा दुइ अथवा तीनवटा व्यक्तिहरूको मृत्यु भयो। मैले तिनीहरूले चंगाइ पाउन भनी प्रार्थना गरें। मैले चंगाइको प्रकटीकरण देखिन। परमेश्वरको इच्छालाई पनि देखिन। यो मेरो पक्षको अज्ञानताले थियो। यो के भएको कारण चाहिँ अज्ञानताले थियो। तर यो बहाना होइन। यो गुरूत्वाकर्षणको नियम झैं हो। एउटा मान्छेले भन्छन् – ''ठीकै छ, मैले दश तल्ला भएको भवनमा हिँड़दा, मलाई मार्नेछ, भन्ने कुनै कुराको विचार आएन।'' तपाईंले कुनै प्रकारको अनुभव नै गर्नु भएन त्यो नियम तपाईंको विपरीत काम गरिरहेको छ। परमेश्वरको कतिपय व्यवस्था प्रति मानिसहरू अन्जान छन्। परमेश्वरको चंगाइका व्यवस्थाहरू कसरी काम गरिरहेका छन् – उनीहरू जान्दैनन्। यो अज्ञानताले धेरै मानिसहरू मर्छन्।

चंगाइ पाउनुको अर्को वाधा चाहिँ पाप हो। यसले मानिसहरूलाई विचलित बनाउँछ। जब तपाईंले भन्नुहुन्छ – कतिपय बिरामीहरू पापका परिणामले हुन्छ, उनीहरूले अर्थ लगाउँछन्। तर यो सत्य होइन। मैले भनेको चाहिँ यो होइन। यूहन्ना ९ अध्यायमा वर्णन छ – जब येशू मन्दिरबाट आउनु हुँदै थियो, उहाँका चेलाहरूले एक जन्मजात अन्धालाई संकेत गर्दै भन्दैथियो, ''उहाँका चेलाहरूले उहाँलाई सोधे, हे गुरू, कसले पाप गरयो, यसले कि यसका आमा–बाबुले, र यो अन्धा जन्म्यो?'' अर्को शब्दमा भन्नु हो भने, उनीहरूले प्रत्यक्ष रूपमा त्यसको पापको कारण अन्धा भएको हो, अथवा उनका तथा माता–पिताको पापको कारणले गर्दा तिनी अन्धा भएका हुन्। येशूले तिनीहरूलाई जवाफ दिनुभयो, उसको पापको कारण अन्धा भएका होइनन्। तिनी तथा तिनका माता–पिताले पाप कहिल्यै गरेका छैनन् भन्ने होइन। तर प्रत्यक्ष रूपमा पापको कारण तिनी अन्धा भएका होइनन्। यो भनाइ असत्य हो कि सबै बिरामीहरू पापसँग सम्बन्ध हुन्छ। तर यो भनाइ पनि असत्य हुन्छ, कि पाप चाहिँ एउटा प्रतिनिधि होइन।

यूहन्ना ५ अध्यायमा वर्णन गरिएको छ। जब येशू बेथस्दाको दहमा थियो, उहाँले एक व्यक्तिलाई अनौठो रूपमा चंगाइ दिनु भयो। त्यहाँ लाखौं मानिसहरू थिए, तर उहाँले एउटै व्यक्तिलाई चंगाइ दिनुभयो। ती अध्यायमा बताएको छ, मलाई कसले चंगाइ दिनुभयो उसलाई थाहा भएन। जब यहूदीहरूले तिनलाई प्रश्न गरे। पद यूहन्ना ५:१२ मा छ तिनीहरूले त्यसलाई सोधे, ''तिमीलाई ओछयान बोकेर हिँड़ भन्ने मानिस को हो?'' पद १३–१४ मा छ ''तर निको भएको मानिसले उहाँ को हुनु हुन्छ भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा

भीड़ भएको हुनाले येशू एकातिर लागिसक्नु भएको थियो। त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, ''हेर, तिमी निको भएका छौ, फेरि पाप नगर, र झन खराब दशा तिमीमाथि नहोस्।'' येशूले यहाँ सत्य भन्नुभयो, पापले अझ त्यो कुँजो पनभन्दा अझ बढ़ी हानी गर्नेछ। उहाँले बिरामीको परिणामलाई पापसँग बाँध्नु भयो। उहाँले यूहन्ना ९ अध्यायमा भन्नुभयो, कसैको पापको कारण तिनी अन्धा भएको होइन।

कोही बेला स्वाभाविक रूपमा बिरामी, रोगहरू तथा समस्याहरू आउँछ — त्यो प्रत्यक्ष रूपमा पापको परिणाम हो। यस्तो अवस्थामा कतिपय कारणहरू हुन्छ — यो परमेश्वरले हामीप्रति गर्नुभएको होइन। एउटा उदाहरण हेरौं — एक व्यक्ति समलिङ्गी जीवन बिताइरहेको छ, जो प्रकृतिलाई दुरूपयोग गरिरहेको छ। त्यस प्रकारले मानव जीवन बिताउनु हुन्छ। यौन संक्रामक रोगहरू त्यस प्रकारका जीवन शैलीबाट उत्पन्न हुन्छ। परमेश्वर यस्ता रोगहरूका प्रवर्तक हुनुहुन्न। यो प्रकृतिको विरोध हो, यस प्रकारले कहिल्यै पनि जीवन बिताउनु हुँदैन। एउटा उदाहरण लिउँ — यदि तपाई बाहिर गई गल्ती खानाहरू खानुहुन्छ, तपाईंको शरीरमा असल पर्छ। यो तपाईंलाई परमेश्वरले गर्नुभएको होइन। कतिपय प्राकृतिक नियमहरू छ, प्राकृतिक साधनहरू पनि छ। यो सत्य हो कि पापको कारणले मात्र मानिसले चंगाइ पाउँदैन।

यदि तपाईंका जीवनमा जानेका पापहरू छन् भने, अनि तपाईंले परमेश्वरले चंगाइ दिनुहुन्छ भनी विश्वास गर्नुहुन्छ, तब तपाईंले त्यस पापलाई निश्चय नै रोक्नु होस्। किनकि तपाईंले शैतानले सोझै मौका दिनुहुँदैछ — परमेश्वरले तपाईंको जीवनमा दिनु भएका कुरालाई वाधा दिँदैछ। रामी ६:१६ मा छ, ''के तिमीहरूलाई थाह छैन, जसको आज्ञाकारिताको निम्ति दास जस्तै भई तिमीहरू हौ, जसको आज्ञा पालन गर्दछौ? चाहे मृत्युको निम्ति पापको, अथवा धर्मको निम्ति आज्ञा पालनको। यो होइन कि शैतान तपाईंको जीवनको मालिक बन्नेछ, तपाईंले मुक्तिलाई गुमाउनु हुनेछ। अनि तपाईं नर्कमा जानु हुनेछ। यसको अर्थ यो हो कि तपाईं ईसाई हुनुहुन्छ अथवा हुनुहुन्न, यदि तपाई पापमा जीवन बिताइरहनु भएको छ भने, तपाईंले आफ्नो जीवनमा शैतानलाई निम्त्याइरहनु भएको छ। यूहन्ना १०:१० मा छ, — चोर ता चोरू र मारूँ र नाश पाँरू भनेर मात्र आउँछ, म ता तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ। तपाईंले येशूलाई पाउनु भएको छ, येशूले तपाईंलाई जीवन र स्वस्थ्य दिनु चाहनु हुन्छ। तर शैतानले तपाईंलाई रोग दिन चाहनु हुन्छ। यदि तपाईं पापको कारण शैतानलाई समर्पण गर्नु हुन्छ। तपाईंले उहाँलाई वंशमा गरी, तपाईंको जीवनमा मौका दिनुहोस्। तपाईंले प्रार्थना गर्नुहोस्, चंगाइको लागि गर्नुहोस्। तर तपाईंको कार्यले शैतानलाई मौका दिनु भए यसले बिरामी ल्याउनेछ। यदि तपाईं पापमय जीवन बिताइरहनु भएको छ भने, यसलाई अवश्यै रोक्नु होस्।

म यहाँ केही तपाईंको लागि थप्न चाहन्छु कि तपाईंले आफैलाई नियाल्नु होस् र भन्नुहोस् — 'ठीकै छ,''म जे हुनु थियो, त्योभन्दा सानो छु।'' अनि त्यस ठाउँलाई लिनुहोस्, यदि तपाईं परमेश्वरमा विश्वास गर्नुहुन्छ, परमेश्वरले मलाई चंगाइ दिनुहुन्छ, तपाईंले विश्वास गर्नुहोस्। यदि गर्नुहुन्न भने तपाईंले आशा राख्नु भएको छैन। उहाँले कसैसँग उहाँप्रति गरेका कार्यहरूप्रति चाह राख्नुहुन्न। तपाईंको कार्य तथा पवित्रतामा होइन। यी कार्यहरू मात्र परमेश्वरलाई तपाईंको जीवनमा मान्यता दिने होइन। यो आवश्यक्ता छ — परमेश्वरले तपाईंको जीवनमा के कार्य गर्नुभयो? उहाँप्रति तपाईंको विश्वास के कस्तो छ मा आधारित छ। यसैबेला तपाईंले आफ्ना कार्यहरूप्रति पनि अन्जान नरहनुहोस् — शैतानलाई जीवन समर्पण गर्नाले तपाईंलाई हानी पुर्‍याउँछ। तपाईंले देख्नु हुन्छ चंगाइ अति नै सरल छ, यो अति नै तपाईंको जीवनमा लाभदायक छ — जब तपाईंले पश्चताप गर्नुहुन्छ, जुन कार्यहरूले तपाईंको जीवनमा शैतानले आई कार्य गर्नेछ — त्यसलाई छोड़िदिनोस्।

अर्को विषयहरू छ कि साधारण मान्छेहरूले चंगाइ बारेमा नकरात्मक तथा अविश्वास गरेकोले यसको प्रभाव तपाईंलाई हुन्छ। यसको उत्कृष्ट उदाहरण मर्कूस ६ अध्यायमा पाइन्छ। येशू आफ्नै शहरमा हुनुहुन्थ्यो। मानिसहरूले उनलाई आदर मान गरेनन्। किनकि उहाँलाई सानैदेखि जानेकाले उनलाई आदर गरेनन्। उनीहरूले प्रभुका

आमा–बाबु भाइ–बहिनीहरू सबैलाई जान्दथे। कतिपय मानिसहरूले गरेझैं उहाँलाई आदर गरेनन्। उनीहरू प्रभुको विरोधमा थिए, उहाँलाई टिकाटिप्पणी गरे। मर्कूस ६:४–६ मा लेखिएको छ ''तब येशूले तिनीहरूलाई भन्नुभयो, ''अगमवक्तालाई आफ्नो देश, र आफ्नो नातेदारहरूको बीचमा, र आफ्नै घरमा बाहेक अन्त कहीं अनादर हुँदैन। औ उहाँले त्यहाँ कुनै कुनै रोगीहरूमाथि आफ्ना हात राखेर तिनीहरूलाई निको पार्न बाहेक अरू केही शक्तिको काम गर्नु सक्नु भएन । औ तिनीहरूको अविश्वासले गर्दा उहाँ छक्क पर्नुभयो, र उहाँ गाउँहुँदो सिकाउँदै डुल्नु भयो। यसको अर्थ प्रभुले महान् कार्य गर्नु हुने छैन होइन, तर उहाँले गर्नु भएन। यहाँ येशू, परमेश्वरको पुत्र, जो संसारमा आउनुभयो; मानव रूपमा आउनु भयो। उहाँमा विश्वासको कमि थिएन। यो निश्चय छ कि उहाँको जीवनमा कुनै पापले प्रवेश गरेको थिएन। तर ती व्यक्तिहरूमाझमा उहाँले गर्न पर्ने कार्य सिमित गर्नु भयो, किनभने तिनीहरूको अविश्वासको कारणले भएको थियो। मत्ती १३:५८ लाई पनि सँगै मिलान गरौं – ''औ तिनीहरूको अविश्वासले गर्दा उहाँले त्यहाँ शक्तिको धेरै काम गर्नुभएन।'' हामीले हेर्छौं – उहाँ स्वंय असीमित हुनुहुन्छ। उहाँमा निश्चयनै पापरहित हुनुहुन्छ, शैतानको कुनै प्रभाव छैन। जसले उहाँलाई सीमित राख्छ। उहाँले मानिसहरूमाझमा कार्यहरू गर्नुहुन्छ।

यो वास्तविक कुरालाई बुझ्नुपर्छ। परमेश्वरको इच्छा छ – सबै मानिसहरूले सबै समयमा चंगाइ पाउन। तपाईंले यो विश्वास गर्नुभयो भने, तपाईंले स्वस्थ्य केन्द्र, ज्ञान, खर्च गर्न गल्ती गर्नु पर्दैन। किनकि परमेश्वरले चंगाइ गर्नु हुन्छ भन्ने उहाँको इच्छालाई बुझ्नुपर्छ। तिनीहरूलाई परमेश्वरले चंगाइ गर्नु हुन्छ भन्ने उहाँको इच्छा छ। उनीहरूको आफ्नै इच्छामा परमेश्वरले कार्य गर्नुहुन्न। परमेश्वरले बिरामीमा पनि तिनीहरूको अधिकारलाई जोगाउनु हुन्छ। तिनीहरूले चंगाइ पाउन भनी जबरदस्ती गर्नु हुँदैन। अरूहरूको विश्वासले पनि चंगाइ पाइँदैन। जब उनीहरू कठिनाइमा छन् अरूहरूका प्रार्थनाले सहयोग पुऱ्याउँछन्।  तिनीहरूका लागि अरूले केही गर्न सक्तैन। गाड़ी जब तटस्थ बसिरहेको छ भने त्यसलाई ठेल्न सकिन्छ। तर यानस्थानमा गाड़ीलाई ठेल्न तथा उल्टा गर्न सकिंदैन। कुनै मानिसले चंगाइको विपरीत छ भने तपाईले जित्नु सक्नुहुन्न। कारण यही छ कि तपाईंले अस्पताललाई शून्य बनाउनु सक्नु हुन्न, अथवा सेवालयमा गई सबै व्यक्तिले चंगाइ प्राप्त गरेको उनीहरूको सहयोग बिना देख्न सक्नु हुन्न। यसबारेमा अझ धेरै भन्न सकिन्छ। जब येशूले धेरै मानिसहरूलाई चंगाइ दिनुभयो, यहाँसम्म कि मृत व्यक्तिलाई जीवन दिनु भयो। उहाँ गईवरी कसैलाई भन्नुभयो ''नरोऊ।'' उहाँले एउटी आमालाई भन्नुभयो, 'नरोऊ' अनि उहाँले उनका मरेका छोरालाई जीवित पार्नुभयो। कसैको विश्वास कुनै ठाउँमा प्रयोग भयो। हाम्रो पक्षमा विश्वासको खाँचो छ, अनि धेरै धेरै कार्यहरू चंगाइमा परिणत हुन्छ। म यहाँ सानो विषयको चर्चा गर्छु। म आशा गर्छु, यसले तपाईंलाई सहायता पुऱ्याउनेछ। तपाईंलाई मुख्य चाहिने वस्तु प्राप्त गर्नु हो भने – परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँको इच्छा तपाईंप्रति छ – त्यो हो चंगाइ प्राप्त गर्नु। तर तपाईंसँग उहाँसँग कसरी सहभागी हुनुहुन्छ त्यो सिक्नु पर्छ। उहाँले तपाईंको लागि गर्नुहुन्न। उहाँले तपाई मार्फत गर्नुहुन्छ। यो तपाईंको अर्न्तमनदेखि आउनेछ।

यी सबै विषयहरूले तपाईंलाई समर्पण शुरू गर्नमा तपाईंमा परमेश्वरको शक्ति बग्नमा अति अद्वितीय स्वास्थ्यमा हिंड़नलाई सहयोग गर्नेछन्।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | मत्ती ८:१७ पढ़नुहोस्।<br>हामीहरूले चंगाइ प्राप्त गर्नलाई खीष्टले के गर्नुभयो? | मत्ती ८:१७<br>''औ यशैया अगमवक्ताले बोलेका कुरा पूरा भयो, ''उहाँ आफैले हामीहरूका कमजोरी लिनुभयो, र रोगहरू बोक्नु भयो।'' |

| | | |
|---|---|---|
| २. | होशे ४:६ पढ्नुहोस्।<br>केही मानिसहरूले चंगाइ प्राप्त गर्न सक्दैनन्, किन? | होशे ४:६<br>"मेरो प्रजा ज्ञानको कमीले गर्दा नष्ट भयो, किनभने तिनीहरूले ज्ञानलाई अस्वीकार गरयौ। म पनि तिमीहरूलाई मेरो पूजाहारी हुनदेखि अस्वीकार गर्नेछु। किनभने तिमीहरूले आफ्ना परमेश्वरको व्यवस्थालाई बिर्सेका छौ। यसकारण म पनि तिमीहरूका सन्तानलाई बिर्सनेछु। |
| ३. | यूहन्ना ९:१—३ पढ्नुहोस्।<br>त्यो व्यक्ति अन्धा भएको कारण चेलाहरूले के सम्झेका थिए?<br><br>के तिनीहरूको सोचाइ ठीक थियो? | यूहन्ना ९:१—३ 'अनि जाँदा जाँदै उहाँले एउटा जन्मेको अन्धालाई देख्नुभयो। उहाँका चेलाहरूले उहाँलाई सोधे, "हे गुरू, कसले पाप गऱ्यो, यसले कि यसका आमा बाबुले र यो अन्धा जन्म्यो?"<br>येशूले जवाफ दिनुभयो, "नता यसले पाप गऱ्यो, न यसका आमा—बाबुले, तर यस हेतुले कि परमेश्वरका कामहरू यसमा प्रकट होऊन्। |
| ४. | यूहन्ना ५:१४ पढ्नुहोस्।<br>पापले बिरामीको ढोका खोलिदिन्छ, तर सधैंभरि होइन। मान्छेमा बिरामी बाहेक पापले के जन्माउँछ? | यूहन्ना ५:१४<br>"त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ, फेरि पाप नगर र झन् खराब दशा तिमीमाथि नहोस्।" |
| ५. | रोमी ५:१२—१४<br>(लिभिंग बाइबलमा) पढ्नुहोस्।<br>यदि पापहरू बाहेक बिरामीको अरू कारण छैन भने, अरू सम्भव कारणहरू के हुन्? | रोमी ५:१२—१४<br>यसैकारण जसरी एउटै मानिसद्वारा पाप संसारमा प्रवेश भयो, र पापबाट मृत्यु, त्यसरी नै मृत्यु सबै मानिसमा व्याप्त भयो। किनकि सबैले पाप गरेका छन् किनभने व्यवस्था अघि पनि पाप संसारमा थियो, तर व्यवस्था नभए पापको लेखा रहँदैन। तापनि आदमको अपराध जस्तै गरी पाप नगरेकाहरूमाथि मोशासम्मै राज्य गऱ्यो, जो आउन लागेको मानिसको एउटा नमूना हो। |
| ६. | प्रेरित १०:३८ पढ्नुहोस्।<br>यस पद अनुसार रोगका कारणहरू के हुन्? | प्रेरित १०:३८<br>"कि कसरी परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।" |
| ७. | मत्ती १३:५८ पढ्नुहोस्।<br>चंगाइलाई के ले वाधा दिन्छ? | मत्ती १३:५८<br>"औ तिनीहरूको अविश्वासले गर्दा उहाँले त्यहाँ शक्तिको धेरै काम गर्नु भएन।" |
| ८. | याकूब ५:१५ पढ्नुहोस्।<br>बिरामीहरूलाई कसले बचाउँछ? | याकूब ५:१५<br>"औ विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई उठाउनुहुनेछ, र यदि त्यसले पापै गरेको भए पनि त्यसलाई क्षमा हुनेछ।" |

## उत्तर—व्याख्या

१. प्रश्न : मत्ती ८:१७ पढ्नुहोस्।

हामीहरूले चंगाइ प्राप्त गर्नलाई खीष्टले के गर्नुभयो?

उत्तर : उहाँ आफैले हामीहरूका कमजोरी लिनु भयो, र रोगहरू बोक्नुभयो।

२. प्रश्न : होशे ४:६ पढ्नुहोस्।
केही मानिसहरूले चंगाइ प्राप्त गर्न सक्दैनन्, किन?
उत्तर : अज्ञानताले (ज्ञानको कमिले)।

३. प्रश्न : यूहन्ना ९:१–३ पढ्नुहोस्।
त्यो व्यक्ति अन्धा भएको कारण चेलाहरूले के सम्झेका थिए?
उत्तर : पाप।
के तिनीहरूको सोचाइ ठीक थियो?
उत्तर : होइन।

४. प्रश्न : यूहन्ना ५:१४ पढ्नुहोस्।
पापले बिरामीको ढोका खोलिदिन्छ। तर सधैंभरि होइन। मान्छेमा बिरामी बाहेक पापले के जन्माउँछ?
उत्तर : बिरामीभन्दा साह्रै नराम्रो अवस्था जन्माउँछ (मृत्यु पनि ल्याउँछ)।

५. प्रश्न : रोमी ५:१२–१४ पढ्नुहोस्
(लिभिंग बाइबलमा) यदि पाप बाहेक बिरामीको अरू कारण छैन भने, अरू सम्भव कारणहरू के हुन्?
उत्तर : पतन (उत्प. ३)। आदमको अपराधको कारण मानव जातिमा पाप र रोगहरू शुरू भयो।

६. प्रश्न : प्रेरित १०:३८ पढ्नुहोस्। यदि यस पद अनुसार रोगका कारणहरू के हुन्?
उत्तर : शैतानको उत्पीड़नले।

७. प्रश्न : मत्ती १३:५८ पढ्नुहोस्।
चंगाइलाई केले वाधा दिन्छ?
उत्तर : अविश्वासले।

८. प्रश्न : याकूब ५:१५ पढ्नुहोस्।
बिरामीलाई कसले बचाउँछ?
उत्तर : विश्वासको प्रार्थनाले।

# स्तर – २
# पाठ – ९
# अरूलाई क्षमा दिनु
## डोन क्रो

मत्ती १८:२१–२२ मा छ, तब पत्रुसले उहाँकहाँ आएर भने, 'हे प्रभु, मेरो भाइले मेरो विरूद्धमा कति पल्टसम्म पाप गरे म त्यसलाई क्षमा गरूँ? के सातपल्टसम्म? '' येशूले तिनलाई भन्नुभयो, 'म तिमीलाई सातपल्टसम्म भन्दिनँ, तर सात गुणा सत्तरीपल्टसम्म।'' पत्रुस आफैलाई उदारशील देखाई उसको विरोधमा पाप गर्नेहरूलाई क्षमादिनु पर्ने बारेमा प्रश्न गरे। एकदिनमा सातपल्ट के तपाईंले सम्झनुहुन्छ? येशूले भन्नुभयो, ''पत्रुस सातपल्ट मात्र होइन, तर सात गुणा सत्तरीपल्टसम्म।'' यसको हुन्छ ४९० पल्ट। यसको अर्थ यो होइन कि तपाईंले ४९० पल्टसम्म क्षमा नगर्नु । यसको अर्थ येशूले भन्नुभएको हो – कुनै एक व्यक्तिको जीवनमा एकदिनमा असम्भव संख्याहरूमा अपराधहरू हुँदछ। उहाँले भन्नुभयो, ''अनि येशूले भन्नुभयो, हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि तिनीहरूले के गरिरहेछन् ती जान्दैनन्। अनि प्रेरित ७:६० मा स्तिफनस जो शहीद भएका थिए, यसरी प्रेरित ७:६० मा वर्णन छ, ''औ तिनले घुँडा टेकेर ठूलो सोरले कराएर भने, ''हे प्रभु, यो पाप यिनीहरूलाई नलागोस्।'' सबै मानिसहरूमा क्षमाशीलता पाइंदैन। तर ईसाई हृदयमा यो आचरण सदैव हुनुपर्दछ।

येशूले क्षमादानको बारेमा दृष्टान्त बताउनु भयो। मत्ती १८:२३ मा भन्नुभयो, ''यसैकारण स्वर्गको राज्य एउटा राजा जस्तो हो, जसले आफ्ना नोकरहरूसित हिसाब लिने इच्छा गरे। जब तिनले हिसाब लिन लागे, तब दश हजार टालेन्टको ऋणी तिनीकहाँ ल्याइयो। (लिभिंग बाइबलमा दश मिलियन डलर छ)। तर त्यससँग त्यो ऋण चुकाउनलाई केही नहुँदा त्यसका मालिकले त्यो त्यसकी स्वास्नी र छोरा–छोरीहरू औ त्यससँग भएका यावत थोक बेची ऋण चुकाउनलाई आज्ञा दिए। तब त्यस नोकरले घोप्टेर तिनलाई दण्डवत् गरी भन्यो, ''हे मालिक, ममाथि धीरज धर्नुहोस्, र म तपाईंको जम्मै ऋण तिरिदिनेछु।'' अब परिस्थिति यस्तो छ। त्यस ऋणीले मालिकलाई दश मिलियन डलर चुक्ता गर्नुछ। उसले चुक्ता गर्नु कुनै उपाय छैन। उसले जान्दछ उ असमर्थ छ। मालिकले पनि जान्दछ ऋणी असमर्थ छ। उ आफैलाई दिवालिया घोषणा गर्न पनि सक्तैन। जब संयुक्त राष्ट्रमा गर्न सकिन्छ। जहाँ तिनीहरूले आफैलाई, आफ्नी स्वास्नी, नानीहरू, अनि आफूमा भएका सबै बेची दासत्वमा जान्छन्। जबसम्म सबै चुक्ता गर्नु सकिंदैन, उ कैदमा जानेछ। जबसम्म सबै चुकाउन सकिंदैन तपाईं जीवनभर कैदमा जानुहुन्छ। त्यो मान्छेले अब जानेका जति गरे। तब तिनले घोप्टेर तिनलाई दण्डवत् गरी दयाको लागि भन्यो, हे मालिक ममाथि धीरज धर्नुहोस्, र म तपाईंको जम्मै तिरिदिनेछु। पद २७ मा हेर्नुहोस् – के भयो? ''औ त्यस दासका मालिकले टिठाएर त्यसलाई छोड़िदिए, र त्यसको ऋण माफी गरिदिए।

हामीहरूमा पनि ऋण छ, त्यो तिर्न सक्तैनौं। बाइबलले बताउँछ – पापको ज्याला मृत्यु हो। (रोमी ६:२३)। अनन्तसम्मको लागि परमेश्वरदेखि अलग। संसारका सुन–चाँदीले हामीलाई छुटकारा दिंदैन। परमेश्वरको दया र कृपाले उहाँले आफ्नो पुत्रलाई हाम्रो ऋण जो हामीले चुक्ता गर्न असमर्थ थियौं, यो चुकाउनलाई उहाँले पठाइदिनुभयो। परमेश्वरको कृपा र दयापूर्ण दृष्टिले हामीहरूलाई हेरी भन्नुभयो, 'म त्यस ऋणलाई माफी गरिदिएँ।

त्यो व्यक्ति जसलाई मालिकले दश मिलियन डलरको ऋण माफ गरिदिएका थिए, त्यसले पनि आफ्नो मित्रलाई दश मिलियन ढलरका ऋण दिएका थिए। उसले त्यससाथीलाई भेटाई भन्यो, ''मैले भर्खरै दश मिलियन डलरको ऋणबाट माफी पाएँ। मेरो लागि बीस डलर के हो र!'' म तँलाई छुटकारा दिन चाहन्छु। ठीकै छ। म तँलाई दश

मिलियन डलर माफी दिन्छु। यस्तो हुनपर्ने थियो। तर यो भएन। वास्तवमा के भयो, त्यो पद २८–३१ मा पढ्नुहोस् – ''तर त्यस दासले निस्केर आफ्ना साथी नोकरहरूमध्ये एकजनालाई भेट्टायो, जो एक सय पेन्सको ऋणी थियो, त्यसलाई पक्रेर घोक्रो अँठयाएर भन्यो, 'तेरो ऋण तिरिहाल्।'' तर त्यसको साथी नोकरले घोप्टो परेर त्यसलाई यसो भन्दै बिन्ती गरयो, 'ममाथि धैर्य धर्नुहोस्, म तपाईंलाई तिरिदिनेछु।' तर त्यसले मञ्जूर गरेन तर गएर ऋण नचुकाउञ्जेल झ्यालखानमा हालिदिए। यसैले त्यहाँ जे जे भएका थिए, त्यसका साथी–नोकरहरू सो देखेर अति दु:खित भए, र गएर भएका सबै घटना तिनीहरूले आफ्नो मालिकलाई सुनाइदिए। तब त्यस व्यक्तिलाई बीस डलरको लागि झ्यालखानमा हालिदिए। तर उसले चाहिँ दश मिलियन डलरको माफी पाएका थिए। के यो तपाईंले कल्पना गर्न सक्नु हुन्छ?

पद ३२–३४ मा छ, ''तब त्यसका मालिकले त्यसलाई आफूकहाँ डाकेर भने, ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरेको हुनाले मैले तँलाई तेरो त्यो सब ऋण माफी गरिदिएँ। जस्तो मैले तँमाथि दया गरें, तैंले पनि तेरो साथीमाथि दया गर्नु पर्ने थिएन? तब त्यसका मालिकले रिसाएर त्यसलाई त्यसको सबै ऋण नतिरूञ्जेल झ्यालखानका हाकिमको हातमा जिम्मा लगाइदिए। त्यस व्यक्तिलाई झ्यालखानमा हालियो, किनकि उसले आफ्नो साथीलाई जसरी व्यवहार गरेको थियो। उसका वास्तविक क्षमादान पनि जफत गरियो। येशूले पद ३५ मा भन्नुभएको छ, ''मेरा स्वर्गको पिताले पनि तिमीहरू हरेकले आफ्नो भाइलाई आफ्नो हृदयले माफी दिएनौ भने, तिमीहरूलाई त्यसै गर्नुहुनेछ।'' हाम्रा सबै पापहरू क्षमा पाउनु मूर्खता होइन। जसको ज्याला परमेश्वरले अलग अनि मृत्यु हो। क्षमादान पाउनुलाई इन्कार गर्नु? हामीले परमेश्वरलाई बिन्ती गर्नुपर्छ,'' ख्रीष्ट येशूको मध्यस्थताबाट मलाई दया गर्नुहोस्, क्षमा गर्नुहोस्।'' क्षमादान प्राप्त गर्नुहोस्, अनि फर्कनु होस्। हामीले अरूप्रति क्षमाशील हुन सकेनौं, यसलाई हामीले साना कुरा सम्झन्छौ, तर यो ठूलो कुरा हो। हामीले गरेका सबै विषयहरूमा क्षमादान पायौं। तर परमेश्वरले यसलाई दुष्टाइँ भन्नुहुन्छ। केही समय अघि म एक सेवालयमा सेवक थिएँ। मण्डलीहरूमा एक तरूणी थिइन्, जसले भविष्यका विषयहरू देख्थिन्। उनी एकदिन म कहाँ आईन र भनिन् ''के पवित्र–आत्माले मलाई आउने दिनहरू देखाइरहेका छन्?'' मलाई थाहा छ जब मानिसहरू मर्न लागेका छन्, अथवा कसैको वाहन दुर्घटना हुन लागेका छन्, यस्तै कुराहरू हुन्।''

मैले तिनलाई भने, ''तिमीले मेरा उत्तरहरूलाई मन पराउँदिनौं। तर त्यो पवित्र–आत्मा हो भनी विश्वास गर्दिन। मलाई लाग्छ यो अगमवाणीको आत्मा हो। प्रे. १६ बमोजिम यही आत्माले पावललाई अगुवाइ गरेका थिए। उसले त्यसलाई हकारी त्यस केटीबाट निस्केर जाने आदेश दियो। तब त्यस केटीबाट त्यो भाग्य बताउने शक्ति गयो।'' म तिमीलाई भन्छु – तिमी येशू कहाँ गई उहाँलाई भन्, ''परमेश्वर, तपाईंले मसँग के बोल्नु हुन्छ अथवा सन्देश दिनुहुन्छ। म बचाइनुभन्दा पनि पहिले के यो तपाईंको पवित्र–आत्माबाट हो। कि अरू कसैबाट?'' उ एकदिन मकहाँ आईन र भनिन्, ''मैले यस बारेमा प्रभुसँग बातचीत गरे अनि मैले विचारे यो सबै ठीकै रहेछ।'' मैले भने, परमेश्वरले जे जति बोल्नुहुन्छ त्यो सबै ठीकै हो – म महान् गोठाला होइन।''

यो प्राय: १९८६ को अघि हो, तपाईंले जान्नु हुन्छ? १९८६ मा के भयो? हामीहरूमा बन्ध-यान थियो, जसको नाम 'चेलेन्जर' थियो। यसमा आठ व्यक्तिहरू सवार थिए। ती व्यक्तिहरू एकजना विद्यालयकी शिक्षिका पनि थिईन। त्यस जवान युवतीले टेलिभिजन हेरिरहेकी थिईन्। उसले एकजना स्त्रीलाई भनिरहेकी देखिन्, ''भोलि म त्यस चेलेञ्जरमा जानेछु।'' त्यसको बारेमा बताइरहेकी थिईन। आत्माले उसलाई यसरी भने, ''उ मर्नेछ, उ मर्नेछ। जब त्यो चेलेञ्जर पठाइयो, त्यो विष्फोट भयो। सारा संसारले त्यसलाई दर्शन गरे। अनि सबै चालकहरू नाश भए। त्यो तरूणी केटी मकहाँ आएर भनिन्, ''दाज्यू, डोन, यो मसँग कुरा गरिरहेको अनि सन्देश दिइरहेको संभवत पवित्र–आत्मा होइन। मेरो लागि प्रार्थना गरिदिनु हुन्छ? ''त्यस रातको सेवामा जब सबैजना विदा भए, मैले उसलाई हातमा समाई भने, ''तँ अशुद्ध तथा भविष्यवाणी गर्ने आत्मा! त्यसबाट निस्की आईज!'' येशूको चेलाहरूले एक जवान मानिसबाट अशुद्ध आत्मा निकाल्ने कोशिश गरे, तर असफल भए। येशूले तिनीहरूलाई बताउनुभयो, ''त्यो

केटोलाई मकहाँ ल्याऊ।'' यसरी नै मैले भने, ''परमेश्वर, म जान्दछु – यहाँ के भइरहेको छ। तर पनि त्यस केटीलाई तपाईकहाँ ल्याउँछु। हामीलाई बताउनुहोस्। यहाँ के भइरहेको छ।'' मेरी पत्नीले हाम्रा लागि प्रार्थना गरिरहेकी थिईन। परमेश्वरले तिनलाई ज्ञानको वचन दिनुभयो। उसले भनी, ''उनकी आमासँग केही गर्नु पर्छ।'' मैले त्यस स्त्रीलाई भने, ''के तिमीले आमालाई क्षमा दियौ?'' मैले जब भने, त्यसले चिच्याउँदै भनी, ''होइन, उसले मलाई अलग दिएकी छ..।'' तब मैले भने, ''म, तँ दुष्ट आत्मालाई बाँध्छु।'' मैले त्यस स्त्रीलाई फेरि प्रश्न गरे ''के उसले आमालाई क्षमादान दिईन?'' जब उसले आमालाई क्षमा तथा छुटकारा दिइन् अनि परमेश्वरको सहयोग र अनुग्रहबाट जान दिइन्। तब उसले क्षमादानको निर्णय लिएर जान दिइन्। तब उसले छुटकारा र स्वतंन्त्रता प्राप्त गरिन्।

खीष्टले मत्ती १८ मा भन्नुभएको छ, यदि हामीले परमेश्वरबाट महान ऋणबाट चुक्ता पाएर पनि हृदयबाट नै क्षमा गरेनौ भने हामी पनि कष्टदायकको हातमा पर्नेछौं। कष्टदायकहरू के के हुन्? तिनीहरू सबै प्रकारका थोकहरू हुन् – दुष्टत्माका शक्तिहरू, अत्याचार, बिरामीहरू निराशापन, रोगहरू अनि अरूहरू हुन्। यसको जड़ चाहिँ क्षमा नदिनु हो। जब हामीले क्षमा प्राप्त गरेका छौं, तर क्षमा नदिनु चाहिँ तपाईको जीवनमा शैतानलाई फुटबल खेलाउनु हो। बाइबलले बताउँछ – क्षमादानको निर्णय गर्नुहोस्। प्रभुको प्रार्थनामा छ, ''(मत्ती:९–११) – येशूले भन्नुभएको छ – तिमीले क्षमा गर, र तिमीलाई क्षमा गरिनेछ।''

मर्कूस ११:२५–२६ मा छ, जब हामी प्रार्थना गर्छौ, तब कसैको विरूद्धमा तिमीहरूको केही छ भने क्षमा गर, हामीलाई क्षमा गरिनेछ। यसको अर्थ के हो? हाम्रा हृदयमा अक्षमाशील कतिसमयसम्म रहने? जबसम्म हामी प्रभुकहाँ जाँदैनौ अनि प्रार्थना गर्दैनौ। यदि हामीहरूमा सानो अंश जति अरू प्रति क्षमाहीनता छ भने, हामीले त्यसलाई निश्चय नै टुटयाउन पर्छ, र भन्न पर्छ, ''प्रभु, म तिनीहरूलाई जान दिंदैछु, तिनीहरूलाई क्षमा दिंदैछु। म त्यसलाई चुनिरहेकोछु, तपाईले त्यस महान ऋणबाट मलाई क्षमा दिनु भयो।''

*''परमेश्वर पिता म ती व्यक्तिहरूको लागि प्रार्थना गरिरहेछु – जसले यो पाठ पढ़िरहेको छन्। जसले आफ्नो जीवनमा क्षमादान पाएका छन्। तिनीहरूले अहिलै नै ठीक निर्णय गरून् – ती मृत अथवा जीवित व्यक्तिहरूलाई क्षमा गरूनँ। तिनीहरूको लागि प्रार्थना गर्दछु, तिनीहरू अघि बढून्, आज नै तपाईंको शक्ति र अनुग्रहले चोटहरू निको होऊन्। प्रभु म धन्यवाद येशूको नाउँमा दिंदछु।! आमेन।''*

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| १. | मत्ती १८:२१ पढ़नुहोस्।<br>पत्रुसले क्षमालाई कतिपल्ट सम्म निवेदन गरयो?<br><br>२. मत्ती १८:२२ पढ़नुहोस्।<br>येशूले कतिपल्ट सम्म हामीले क्षमा गर्नुपर्छ भन्नुभयो?<br><br>३. मत्ती १८:२३–२४ पढ़नुहोस्।त्यस नोक, मालिकप्रति कति ऋणी थियो? | मत्ती १८:२१–२७<br>तब पत्रुसले उहाँकहाँ आएर भने, 'हे प्रभु, मेरो भाइले मेरो विरूद्धमा कति पल्टसम्म पाप गरे म त्यसलाई क्षमा गरूँ? के सातपल्ट सम्म? येशूले तिनलाई भन्नुभयो, 'म तिमीलाई सातपल्ट भन्दिनँ, तर सात गुणा सत्तरीपल्ट सम्म।' यसैकारण स्वर्गको राज्य एउटा राजा जस्तो हो, जसले आफ्ना नोकरहरूसित हिसाब लिने इच्छा गरे। औ जब तिनले हिसाबलिन लागे, तब दश हजार टालेन्टको ऋणी तिनीकहाँ ल्याइयो। तर त्यससँग त्यो ऋण चुकाउनलाई केही नहुँदा त्यसका मालिकले त्यो त्यसकी स्वास्नी र छोराछोरीहरू, औ त्यसकहाँ भएका यावत थोक बेची ऋण चुकाउनालाई आज्ञा दिए। तब त्यस नोकरले घोप्टेर तिनलाई |

| | | |
|---|---|---|
| ४. | मत्ती १८:२५ पढ्नुहोस्<br>त्यस नोकरले आफैलाई कंगाली भनी पेश गरेन। त्यसपछि के भयो? | दण्डवत् गरी भन्यो, हे मालिक 'ममाथि धीरज धर्नुहोस्, र म तपाईको जम्मै तिरिदिनेछु।'' औ त्यस दासका मालिकले टिठाएर त्यसलाई छोड़िदिए र त्यसको ऋण माफी गरिदिए।<br>तर त्यस दासले निस्केर आफ्ना साथी नोकरहरूमध्ये एकजनालाई भेट्टायो, जो त्यसको एकसय दिनारको ऋणी थियो, त्यसलाई पक्रेर घोक्रो अँठ्याएर भन्यो, 'तेरो ऋण तिरिहाल। |
| ५. | मत्ती १८:२६ पढ्नुहोस्।<br>नोकरले के भनी बिन्ती गऱ्यो? के उसले ऋणहरू चुक्ता गर्न सक्यो? | |
| ६. | मत्ती १८:२७ पढ्नुहोस्।<br>मालिकले त्यस नोकरप्रति कस्तो आचरण देखायो?<br>परमेश्वरले हामीप्रति अनि हाम्रा ऋण (पाप) प्रति कस्तो आचरण देखाउनु भएको छ? | |
| ७. | मत्ती १८:२८ पढ्नुहोस्।<br>त्यस दास जसलाई क्षमादान दिइयो, उसले मित्र दासलाई कति ऋण दिइएको थियो? | |
| ८. | मत्ती १८:२८ पढ्नुहोस्।<br>त्यस दासको मित्र दासप्रति कस्तो आचरण थियो? | मत्ती १८:२८—३५<br>''तर त्यस दासले निस्केर आफ्ना साथी नोकरहरूमध्ये एकजनाले भेटायो जो त्यसको एक सय दिनारको ऋणी थियो, त्यसलाई पक्रेर घोक्रो अँट्याएर भन्यो, 'तेरो ऋण तिरिहाल। तर त्यसको साथी नोकरले घोप्टो परेर त्यसलाई यसो भन्दै बिन्ती गऱ्यो, ''ममाथि धैर्य धर्नुहोस्, म तपाईलाई तिरिदिनेछु।'' तर त्यसले मञ्जूर गरेन, तर गएर ऋण नचुकाउञ्जेल झ्यालखानमा हालिदियो। यसैले त्यहाँ जे जे भएका थिए, त्यसका साथी नोकरहरू सो देखेर अति दु:खित भए, र गएर भएका सबै घटना तिनीहरूले आफ्ना मालिकलाई सुनाइदिए। तब त्रूसका मालिकले त्यसलाई आफू कहाँ डाकेर भने, 'ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरेको हुनाले मैले तँलाई तेरो सब ऋण माफी गरिदिएँ। जस्तो मैले तँमाथि दया गरे तैंले पनि तेरो साथीमाथि दया गर्नुपर्ने थिएन? ''तब त्यसका मालिकले रिसाएर त्यसलाई त्यसको सबै ऋण नतिरूञ्जेल झ्यालखानमा हाकिमको हातमा जिम्मा लगाइदिए। मेरो स्वर्गको पिताले पनि तिमीहरू हरेकले आफ्नो भाइलाई आफ्नो हृदयले माफी दिएनौ भने, तिमीहरूलाई त्यसै गर्नुहुनेछ।'' |
| ९. | मत्ती १८:२९—३० पढ्नुहोस्।<br>त्यस दासले आफ्नो मित्र दासप्रति के गऱ्यो? | |
| १०. | मत्ती १८:३१—३३ पढ्नुहोस्।<br>त्यस क्षमाहीन दासलाई मालिकले बोलाएर के भन्यो? | |
| ११. | मत्ती १८:३३ पढ्नुहोस्<br>मालिकले आफ्नो दासलाई त्यसले के गर्नु खाँचो छ भनी भन्यो? | |
| १२. | मत्ती १८:३४ पढ्नुहोस्।<br>जब मालिकले सबै घटनाहरू थाह पाए, तब उसका भावहरूमा कस्तो प्रभाव पऱ्यो? | |

| | | |
|---|---|---|
| १३. | मत्ती १८:३४ पढ़नुहोस्।<br>त्यस क्षमाहीन दासका कार्यहरू (निर्णय) ले उसले वास्तविक रूपमा प्राप्त सबै क्षमादानहरू गुमाए? | |
| १४. | मत्ती १८:३५ पढ़नुहोस्।<br>यो दृष्टान्तको मुख्य केन्द्र के हो? | |

## उत्तर-व्याख्या

१. प्रश्न : मत्ती १२:२१ पढ़नुहोस्।
पत्रुसले क्षमालाई कतिपल्ट सम्म निवेदन गऱ्यो?
उत्तर : सातपल्टसम्म।

२. प्रश्न : मत्ती १८:२२ पढ़नुहोस्।
येशूले कतिपल्टसम्म हामीले क्षमा गर्नुपर्छ भन्नुभयो?
उत्तर : चारसय नब्बेपल्टसम्म (सीमाहीन, लगातार) ।

३. प्रश्न : मत्ती १८:२३—२४ पढ़नुहोस्।
त्यस मालिकप्रति कति ऋणी थियो?
उत्तर : दश हजार टेलेन्ट अथवा दश मिलियन डलर। संभवत यी राशीहरू चुक्ता गर्न असमर्थ।

४. प्रश्न : मत्ती १८:२५ पढ़नुहोस्।
त्यस नोकरले आफैलाई कंगाली भनी पेश गरेन। त्यसपछि के भयो?
उत्तर : उसले आफ्नी स्वास्नी, छोरा छोरीहरू, औ त्यसकहाँ भएका यावत थोक बेची ऋण चुकाउनलाई दास—बजारमा गए।

५. प्रश्न : मत्ती १८:२६ पढ़नुहोस्। नोकरले के भनी बिन्ती गऱ्यो?
उत्तर : ‘‘हे मालिक, ममाथि धीरज धर्नुहोस्, र म तपाईको जम्मै तिरिदिनेछु।
प्रश्न : के उसले ऋणहरू चुक्ता गर्न सक्यो?
उत्तर : संभवत सकेन।

६. प्रश्न : मत्ती १८:२७ पढ़नुहोस्।
मालिकले त्यस नोकरप्रति कस्तो आचरण देखायो?
उत्तर : सहानुभूति अनि क्षमाशीलता।

७. प्रश्न : मत्ती १८:२८ पढ़नुहोस्।
त्यस दास जसलाई क्षमादान दिइयो, उसले मित्र दासलाई कति ऋण दिइएको थियो?
उत्तर : एक सय पेन्स (एक दिनको ज्याला)

८. प्रश्न : मत्ती १८:२८ पढ़नुहोस्।
त्यस दासको मित्र दासप्रति कस्तो आचरण थियो?
उत्तर : अधर्म, हिंसात्मक अनि क्षमाहीनता।

९. प्रश्न : मत्ती १८:२९–३० पढ़नुहोस्। त्यस दासले आफ्नो मित्र दासप्रति के गऱ्यो?
उत्तर : उसले ऋण नचुकाउञ्जेल झ्यालखानमा हालिदियो।

१०. प्रश्न : मत्ती १८:३१–३३ पढ़नुहोस्।
त्यस क्षमाहीन दासलाई मालिकले बोलाएर के भन्यो?
उत्तर : ''एः दुष्ट नोकर!''

११. प्रश्न : मत्ती १८:३३ पढ़नुहोस्।
मालिकले आफ्नो दासलाई त्यसले के गर्नु खाँचो छ भनी भन्यो?
उत्तर : जस्तो तलाई मालिकले दया गरे, तैले पनि मित्र दासलाई दया गर्नु पर्छ। उसलाई पनि छुटकारा क्षमादान दिनुपर्छ।

१२. प्रश्न : मत्ती १८:३४ पढ़नुहोस्।
जब मालिकले सबै घटनाहरू थाह पाए, तब उसका भावहरूमा कस्तो प्रभाव पऱ्यो?
उत्तर : उ रिसाए।

१३. प्रश्न : मत्ती १८:३४ पढ़नुहोस्।
त्यस क्षमाहीन दासका कार्यहरू (निर्णय) ले उसले वास्तविक रूपमा प्राप्त सबै क्षमादानहरू गुमाए?
उत्तर : ज्यू।

१४. प्रश्न : मत्ती १८:३५ पढ़नुहोस्।
यो दृष्टान्तको मुख्य केन्द्र के हो?
उत्तर : ''मेरो स्वर्गको पिताले पनि तिमीहरू हरेकले आफ्नो भाइलाई आफ्नो हृदयले माफी दिएनौ भने, तिमीहरूलाई त्यसै गर्नुहुनेछ।'' (मत्ती १८:३५ सन्देश)

# स्तर – २
# पाठ – १०
# विवाह – भाग १
## डोन क्रो

आज हामी विवाह सम्बन्धमा चर्चा गर्नेछौ। म प्रथमत: केही तथ्यतालिका दिइरहेछु। ७५ प्रतिशत परिवारहरूलाई केही विवाह सम्बन्धी परामर्श दिन आवश्यक छ। दुइवटा विवाहमा एक विवाह छुटानाममा अन्त भएको छ। पचास प्रतिशत विवाहमा पाँच वर्षको अन्तरालमा लोग्ने अविश्वासी भएको छ। यद्यपि ईसाई माझमा पनि तीस प्रतिशत सेवकहरू माझमा पनि तिनीहरूको अस्वाभाविक सम्बन्ध मण्डलीका कुनै सँग रहेको छ। यो देखिन्छ कि हामीहरूले विवाहको सिद्धान्तलाई असल रूपमा बुझेका छैनौं। यदि हामीले यी तथ्य तालिकालाई समाप्त गर्‍यौं भने हामीले विवाहको विषयलाई हेर्न लागेकाछौं। परमेश्वरले हामीहरूसँग के कुरा बोल्न चाहनु हुन्छ? तपाईंले आफ्नो वैवाहिक सम्बन्धलाई कसरी बलियो बनाउनु हुन्छ।

विवाह परमेश्वरको विचार हो। परमेश्वरले नै रचना गर्नुभएको हो। उत्पत्ति २:१८ मा पाइन्छ, ''फेरि परमप्रभु परमेश्वरले, भन्नुभयो, ''मानिस एक्लो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।'' उसरी नै उत्पत्ति १:३१ मा छ, ''औ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। औ हेर, त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो – छैटौं दिन। तपाईंले विचार्नु होस् यो सिद्ध सृष्टि थियो। परमेश्वर आउनुभयो, र मानिसहरूसँग संगति गर्नुभयो। मानिसहरूसँग उहाँको सम्बन्ध अचम्भलाग्दो थियो। उहाँ साँझको शीतलतामा आउनुहुन्थ्यो अनि आदमसँग संगति गर्नु हुन्थ्यो। कोही बेला हामी सम्झन्छौ कि यदि हामीमा परमेश्वरसँगको सिद्ध संगति भएको भए, हामीहरूलाई अरू विषयहरूको आवश्यक्ता नै पर्ने थिएन। तर यो सत्य होइन। परमेश्वरले सृष्टि बारेमा यसरी भन्नुभयो। उत्पत्ति १:३१ ''औ हेर, त्यो साह्रै राम्रो थियो।'' प्रथमत: परमेश्वरले कुनै कुरा नराम्रो भन्नुभएन। उत्पत्ति २:१८ मा छ, ''फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, ''मानिस एक्लो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।'' विवाह एउटा परमेश्वरको विचार हो, जब मानिसहरूलाई जीवनमा समस्याहरू आउँछन्, एक्लो अनुभव हुन्छ, ती विषयहरूलाई सहयोग पुर्‍याउनु आवश्यक्ताहरू पूर्ण गर्नु हो। यदि हामी विवाहको नियमावली तथा परमेश्वरले इच्छा गरे बमोजिम गर्छौं, यसले दु:ख होइन तर आनन्द ल्याउँछ।

उत्पति २:२४ मा बाइबलले पहिलो पल्ट वास्तविक विवाह बारेमा धेरै कुराहरू बताउँछ। यसले भन्दछ, ''यसकारण मानिसले आफ्ना आमा–बाबुलाई छोड्छ, र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, औ तिनीहरू एउटै जीउ हुन्छन्।'' विवाहले अरू सम्बन्धलाई छोडी एकाअर्काको व्यक्तिगत सम्बन्धमा आधारित हुन्छ। परमेश्वरले यस्तै नमूनामा बनाउनुभयो। यो त्रि–सम्बन्ध हो। विवाहको सम्बन्धमा जब परमेश्वरले आदम र हव्वालाई एकसाथ बनाउनुभयो, आदमको मात्र सम्बन्ध परमेश्वरसँग थिएन। आदम र हव्वा एक अंशमा अति एकतामा तथा परमेश्वरको सम्बन्धमा थियो। बाइबलले बताएको छ, ''हे पति हो, त्यसै गरी जीवनको अनुग्रहको सजिया हकदार समेत भएको निर्बल पात्रलाई जस्तो स्त्री जातिलाई आदर दिई बुद्धिमानीसाथ तिम्रा पत्नीसित बस, र तिमीहरूका प्रार्थना नरोकियोस्'' (१पत्रुस ३:७)। उत्पति ५:१–२ मा बाइबलका ठूला अध्याय छ, ''आदमको वंश विवरणको पुस्तक यही हो – परमेश्वरले मानिसलाई सृष्टि गर्नु हुँदा उहाँले तिनलाई आफ्नै स्वरूपमा बनाउनुभयो। उहाँले तिनीहरूलाई नर र नारी सृष्टि गर्नुभयो। उनीहरूको सृष्टि भएको दिन उहाँले उनीहरूलाई आशिष दिनुभयो र मानिस नाउँ दिनुभयो।'' यो थाह गर्नु होस् – आदमकी स्वास्नीको नाउँ हव्वा राखियो। परमेश्वरले आदम र हव्वालाई एकतामा राख्नुभयो, आदमलाई पतिको रूपमा राख्नुभयो। यसरी वैवाहिक सम्बन्धमा र स्त्री होइन। मलाई अनि मेरी

स्त्री एक हो। यो जीवनको अनुग्रहले उत्तराधिकारी भएको हो। यसको उद्देश्य परमेश्वरलाई महिमा दिनु अनि एकता र संगतिमा हिँड़नु हो।

उत्पति २:२४ यो जब हामी अध्ययन गर्छौं, मान्छेले आफ्ना बाबु–आमालाई त्यागी तब आफ्नी स्वास्नीसँग मिलिरहन्छ, अनि दुइजना एकै शरीर हुनेछन्। यो मिलिरहन्छ शब्दको अर्थ हुन्छ – जोड़नु अथवा लिप्त हुनु, एउटै हुनु, अनि एउटै उद्देश्य हुनु। यदि आज तपाईंको वैवाहिक जीवनमा समस्याहरू छ भने, म तपाईंलाई केही प्रश्नहरू गर्न चाहन्छु। तपाईंले गरिरहनुभएको विषयहरूमा, तपाईंका लोग्ने स्वास्नीप्रति गरिरहनुभएको कामहरू तथा तिनीहरूलाई बोलेका बोलीहरूबाट एकाअर्कामा नजीकमा आउनलाई वाधा पुऱ्याइरहेको छ? अथवा प्वाल तथा अलग गरिरहेको छ? बाइबलमा विवाहको आज्ञा छ – मिलिरहनु तथा जोड़िरहनु छ। के तपाईले आफ्नो सम्बन्धलाई च्यातिरहनुभएको छ? तपाईले अरू विषयहरू पनि नियाल्न खाँचो छ।

मानिसहरूले सम्झन्छन् प्रेम केवल संवेग, भावनात्मक हो। ''म तिमीलाई प्रेम गर्थे, तर म प्रेममा असफल भए। म अब तिमीलाई प्रेम गर्दिन।'' एउटा उदाहरण लिऊँ – तपाईं एक असामान्य परिवारबाट आउनुभएको छ, तपाईं कुनै सेवक वा वकीलको अघि विवाहको लागि जानु हुन्छ, तपाईंले म उसको लागि मृत्यु पर्यन्त त्यस व्यक्तिलाई जीवन अर्पण गर्नेछु र उसको लागि काम गर्नेछु। कारण तपाईं असामान्य परिवारका हुनुहुन्छ, तपाईंको माता–पिताले तपाईसँग कहिले पनि प्रेमिलो व्यवहार गर्नु भएको छैन। तर तपाईको सहयोगी एक प्रेमिलो परिवारबाट आउनु भएको छ। तर तपाईंले कसरी व्यवहार गर्नु पर्ने तपाईंले जान्नुहुन्न। तपाईंले त्यस व्यक्तिलाई आफूलाई समर्पण गरी प्रेम गर्नु चाहनु हुन्छ। तपाईले प्रेमको व्यवहार पहिले कहिले पनि देखेको हुनुहुन्न। तपाईं स्वंय असफल हुनुहुन्छ। केही वर्षहरूभित्र केही मौका छ। तपाईं परामर्श लिन जानु होस् र भन्नुहोस् – ''हामीहरू प्राय: भेटेका छैनौं। हामीहरू एकाअर्कामा प्रेम गरेका छैनौं। तपाईंलाई आज खुशीको खबर छ यदि तपाईंको विवाह सम्बन्धमा केही समस्याहरू छ भने, केही कुराहरूको सुधार गर्नुपर्छ।

जब तपाईंले नयाँ रिफ्रेजेरेटर किनेर त्यसमा केही समस्याहरू छ भने, तपाईं पुस्तिकामा जानुहुनेछ। तब पुस्तिकाले बताउनेछ कि त्यसमा के गल्ती भएको छ। तपाईले कारिन्दालाई बोलाउनुहुनेछ। तपाईको विवाहलाई पुस्तिकाले बनाउनेछ। यो निश्चित गर्नुहोस्। जसलाई परमेश्वरको वचन हो। बाइबलले हामीलाई यसरी बताउँछ, ''कि तिनीहरूले तरूणीहरूलाई आफ्ना–आफ्ना पतिलाई स्नेह गर्न आफ्ना बाल–बच्चाहरूलाई माया गर्न सिकाऊन।'' (तितस २:४)। प्रेम सिकाउन, केही सिक्नु पर्छ। यदि तपाईं असामान्य परिवारबाट आउनु भएको छ भने, अनि तपाईंले आफ्ना सहयोगीलाई कसरी प्रेम गर्न जान्नु भएको छैन भने, तपाईंको विवाह असफल हुनेछ। तर यहाँ खुशीको खबर छ – १ यूहन्ना ५:३ मा जब हामी परमेश्वरलाई प्रेम गर्छौं, र उहाँको आज्ञा पालन गर्छौं, तब यसैबाट हामी थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं।'' र उहाँका आज्ञाहरू कड़ा छैनन्। येशू ख्रीष्टको आज्ञाबाट जसले कसरी प्रेम गर्नु, कसरी दया र उदारता, कसरी तपाईंको विवाह सम्बन्धमा अरूको भलाइ खोज्नु देखाउँछ। तपाईंको परिस्थितिलाई परमेश्वरले परिवर्तन गरिदिनुहुनेछ।

यो केवल विवाहको विषयको परिचय मात्र हो। तपाईंको यो पाठलाई निरन्तर पढ़नुहोस्। परमेश्वरले आशिष दिनुहुन्छ। म विश्वास गर्छु, परमेश्वरले यो पाठबाट तपाईंलाई ज्ञान र बुद्धि दिनुहुन्छ।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| १. | एफिसी ५:३१–३२; ५:३१ पढ्नुहोस्। यो पदहरू उ० २:२४ बाट लिइएको छ। एफिसी ५:३२ पद अनुसार परमेश्वर वास्तवमा के बोल्नु भएको छ भनी तपाईं सम्झनु हुन्छ? | एफिसी ५:३१–३२ ''यसैकारण मानिसले आफ्नो बाबु–आमालाई छोड़ेर आफ्नी पत्नीसित मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।'' |
| २. | याकूब ४:४–५ पद पढ्नुहोस्। यी पदहरूले के शिक्षा दिन्छ? | याकूब ४:४–५ हे व्यभिचारी हो, संसारसँगको मित्रता परमेश्वरसँगको दुश्मनी हो भन्ने कुरा के तिमीहरूलाई थाह छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ, त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ। के तिमीहरू यो सम्झन्छौं कि धर्मशास्त्रले व्यर्थमा भन्दछ 'जुन आत्मा उहाँले हामीमा राख्नु भयो; त्यसले डाह गर्ने इच्छा गर्दछ?'' |
| ३. | १ पत्रुस ३:७ पढ्नुहोस्। तपाईंले किन कता र प्रेमपूर्वक आफ्ना पति पत्नीसँग बस्नुपर्छ? | १ पत्रुस ३:७ ''हे पति हो, त्यसैगरी जीवनको अनुग्रहको सजिया हकदार समेत भएकोले निर्बल पात्रलाई जस्तो स्त्री जातिलाई आदर दिई बुद्धिमानीसाथ तिम्रा पतनीसँग बस, र तिमीहरूमा प्रार्थना नरोकियोस् |
| ४. | यूहन्ना ५:१५ मा पढ्नुहोस्। येशू प्रभु तपाईंको जीवनमा प्रभु हुनु हुन्न भने के तपाईंको वैवाहिक जीवन सफल हुन्छ? | यूहन्ना १५:५ दाखको बोट मै हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ। जो ममा रहन्छ, र म त्यसमा त्यसैले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्तैनौं। |
| ५. | तीतस २:४ पढ्नुहोस्। प्रेम केवल भावना मात्र होइन। बाइबल बमोजिम प्रेम चाहिँ....................। | तीतस २:४ ''कि तिनीहरूले तरूणीहरूलाई आफ्ना–आफ्ना पतिलाई स्नेह गर्न, आफ्ना बाल–बच्चाहरूलाई माया गर्न सिकाऊन।'' |
| ६. | १ यूहन्ना ५:३ पढ्नुहोस्। कहिले हामी परमेश्वरको आज्ञामा हिँड्नुपर्छ। हामी हिँड्छौं .....................। | १ यूहन्ना ५:३ ''किनकि हामीले उहाँका आज्ञा पालन गर्नुनै परमेश्वरप्रति प्रेम हो, र उहाँका आज्ञाहरू कड़ा छैनन्। |
| ७. | मत्ती ७:१२ पढ्नुहोस्। यदि हामीमाझ वैवाहिक समस्याहरू छ भने, यसको कारण कुनै ...........हिँड़ेका छैनौं। | मत्ती ७:१२ यसकारण मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षा हुन्।'' |
| ८. | १ कोरिन्थी १३:४ पढ्नुहोस्। प्रेम चाहिँ....क) भावनात्मक ख) न्यानो स्पर्श, ग) दयालु हुन्छ। | १ कोरिन्थी १३:४ ''प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले डाह गर्दैन। प्रेमले आफै सेखी गर्दैन र घमण्डले फुल्दैन।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : एफिसी ५:३१–३२, ५:३१ पढ्नुहोस्।
यी पदहरू उ. २:२४ बाट लिइएको हो। एफिसी ५:३२ पद अनुसार परमेश्वर वास्तवमा के बोल्नु भएको छ  भनी तपाईं सम्झनु हुन्छ?
उत्तर : ख्रीष्ट र उहाँको मण्डलीको सम्बन्ध (विवाह अनुरूप)।

२. प्रश्न : याकूब ४:४–५ पद पढ्नुहोस्।
यी पदहरूले के शिक्षा दिन्छ?
उत्तर : परमेश्वर हामीप्रति डाही हुनुहुन्छ। हामी उहाँ प्रति इमान्दारी भएको उहाँ चाहनुहुन्छ।

३. प्रश्न : १ पत्रुस ३:७ पढ्नुहोस्।
तपाईंले किन एकता र प्रेमपूर्वक आफ्ना पति/पत्निसँग बस्नुपर्छ?
उत्तर : किनकि मेरा प्रार्थनाहरू नरोकियोस्।

४. प्रश्न : ५:१५ पढ्नुहोस्।
येशू प्रभु तपाईंको जीवनमा प्रभु हुनुहुन्न भने के तपाईंको वैवाहिक जीवन सफल हुन्छ?
उत्तर : हुँदैन।

५. प्रश्न : तीतस २:४ पढ्नुहोस्।
प्रेम केवल भावना मात्र होइन, बाइबल बमोजिम प्रेम चाहिँ – – –।
उत्तर : सिकाउनु।

६. प्रश्न : १ यू. ५:३ पढ्नुहोस्।
कहिले हामी परमेश्वरको आज्ञामा हिँड्नुपर्छ। हामी हिँड्छौं – –।
उत्तर : प्रेममा।

७. प्रश्न : मत्ती ७:१२ पढ्नुहोस्।
यदि हामीमाझ वैवाहिक समस्याहरू छ भने यसको कारण कुनै …… हिँड्का छैनौं।
उत्तर : प्रेममा।

८. प्रश्न : १ को. १३:४ पढ्नुहोस्।
प्रेम चाहिँ …
उत्तर : दयालु हुन्छ।

# स्तर – २
# पाठ – ११
# विवाह – भाग २
## डोन क्रो

आज हामी फेरि पनि विवाहको विषयलाई हेर्नेछौं र प्रश्न छ – ''विवाह के हो?'' के तपाईले यस बारेमा केही सम्झनु भएको छ? बाइबल बमोजिम यो परमेश्वरको सोच हो, उहाँले पनि बनाउनु भएको हो। विवाह एकाअर्कामा जोड़िनु अनि एक हुनु हो। उत्पत्ति २:२४ मा छ ''यसैकारण मानिसले आफ्ना आमा–बाबुलाई छोड़छ, र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, औ तिनीहरू एउटै जीउ हुन्छन्।'' यसैले एकाअर्कामा जोड़िन्छन् र तिनीहरू एउटै जीउ हुन्छन्। एउटा उदाहरण छ – १ कोरिन्थी ६:१५–१६ ले बताउँछ 'तिमीहरूका शरीर ख्रीष्टका अङ्ग हुन भन्ने तिमीहरूलाई थाह छैन? त के म ख्रीष्टको अङ्ग लिएर तिनलाई वेश्याका अङ्ग तुल्याऊँ? त्यसो नहोस्। म त्यससँग एउटै शरीर हुनेछु। तब उत्पत्ति २:२४ पद मा विवाह बारेमा विचार गर्नुहोस्। वेश्याहरूसँग मेरो मिलनले सजिलैसँग मेरी पत्नीसँग विवाह विच्छेद हुँदैन। अथवा मेरा विवाह वेश्यासँग पनि हुँदैन। किनभने म उसँग यौन सम्बन्ध गरे। तब विवाह चाहिँ के हो? यदि विवाह एकाअर्कामा एकता हो भने, मिलाप हो भने, एउटै जीउ हो भने, तब वेश्यातर्फ जानुमा के भिन्नता छ? यदि तपाईं वेश्यातर्फ जानुहुन्छ भने तपाईं त्योसँग एउटै जीउ हुनुहुनेछ।

बाइबलले विवाहलाई एकता, एकाअर्कामा मिलाप, जोड़िन, भनेको छैन, तर यीभन्दा पनि धेरै भनेको छ। दुइजनालाई प्रतिज्ञा ले बाँधिएको छ। 'प्रतिज्ञा' वा 'करार' शब्द हिब्रू शब्द 'विरीत्स' शब्दबाट लिएको हो। यसको अर्थ ''दुइजनालाई बाँध्नु हो। यो अन्तिम समर्पण मृत्युसम्म को हो। यदि म वेश्याकोमा गएँ भने, मैले शैतानिक पाप गर्छु, तिनीप्रति मेरो केही समर्पण हुँदैन। विवाहको पहिलो आवश्यक्ता चाहिँ – सबैलाई त्याग्नु हो। बाइबलले बताएको छ – तपाईंले आमा–बाबुलाई त्याग्नु हुनेछ र आफ्ना पत्नीसँग मिलिरहनु हुनेछ। इजकिएलले भनेको छ, ' तिमी मेरो भयौ।' उसको लागि सबै त्यागिएको छ, उसको लागि समर्पण गरिएको छ। तपाईं प्रत्यक्ष रूपमा अनैतिकतामा हुनुहुन्छ। तपाईं जब वैवाहिक भएर पनि अर्को व्यक्तिकोमा जानुहुन्छ, तपाईंले विवाहको करारद्वारा प्राप्त एकता संगति समर्पणता सबैप्रति विरोध गर्नु हुन्छ। इजकिएल १६:८ मा विवाहको करारप्रति वर्णन छ। एफिसी ५ मा हामीले अध्ययन गर्छौं कि पतिले आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ, जसरी ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो। यो प्रेमको करार हो। यही कारणले प्रेमको करारले विवाहमा पनि प्रेमको करारले चलेको हुनुपर्छ। यी सबै कुराहरूमध्ये प्रेम नै विवाहलाई चलाउने सिद्धान्त हुनुपर्छ।

विवाह एकताको करार हो। १ पत्रुस ३:७ मा वर्णन गरिएको छ, यदि मैले मेरी पत्नीलाई आदर र प्रशेसा गर्दिन भने तथा निर्बल पात्र तथा जीवनको अनुग्रहको सजिया हकदार समेत भएको थाह गर्दैनौ भने हाम्रा प्रार्थनाहरूमा बाधा आउँछ। यो सम्झनुहोस् हाम्रा आत्मिक जीवनहरू बाधा हुनेछ जब हामी एकता र मिलापमा हिँड़दैनौ जो परमेश्वरले वैवाहिक सम्बन्धमा बनाउनु भयो। हितोपदेश २:१६ –१७ मा यसरी लेखिएको छ ''त्यसले तँलाई व्यभिचारी स्त्रीबाट लोभ्याउने कुराहरू भएको दुष्टबाट जोगाउनेछ। त्यसले आफ्नो बाल्यवस्थाको शिक्षालाई त्यागेकी छ, र आफ्ना परमेश्वरको करारलाई भुलेकी छ।'' वैवाहिक सम्बन्ध उप्रति परमेश्वरको करार हो। यो अति नै डरलाग्दो विषय हो। यो करार व्यक्तिगत रूपमा हो, तर यो करार परमेश्वरको अघि गरिएको हो। जबसम्म म मानिसहरूका सेवकाइलाई प्रेम गर्छु, परमेश्वर मेरो जीवनको प्राथमिकता हो। यसले मेरो विवाहलाई केन्द्रित गर्छ। विवाह वास्तविक रूपमा मेरो जीवनलाई केन्द्रित गर्दै अरू व्यक्तिलाई पनि दर्शाउँछ। मैले भनेको छु अधिकार गर्ने मुख्य सिद्धान्त चाहिँ प्रेम हो।

मत्ती ७:१२ ले भन्छ, ''यसकारण मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षा हुन्। यही वास्तविक सिद्धान्त विवाहमा पनि लागु हुन्छ। यो केवल स्वार्थी विषय होइन, केवल आफ्नो लागि मात्र होइन। नकि मान्छेले तपाईंलाई केही दिन्छ।  बाइबल १ कोरिन्थी १३:४ मा छ प्रेम दयालु हुन्छ। यसको अर्थ हुन्छ – अरूको भलाइ खोज्नु। अति नै दयालु कृपालु हुनु अनि अरूको असल वस्तुलाई खोज्नु। यही कारणले विवाह स्थापित गर्नुभयो। यो एउटा उदाहरण, नमूना परमेश्वरले के चाहनु हुन्छ – को उदाहरण हो। यसरी वास्तविक रूपमा उदाहरण दिनु भएको छ। उहाँले कस्तो एक महान् असल विवाहको उदाहरण दिनु भएको छ।

उहाँले एक वास्तविक अनन्तको उहाँसँगको प्रेमको एक उदाहरण चाहनुहुन्छ। विवाह क्षणिक मात्र होइन, तर मृत्युसम्मको सम्बन्ध हो। परमेश्वरले एक असल विवाहको विषयमा बुझेको परमेश्वरले चाहनु हुन्छ। बाइबलले बताउँछ बौरी उठाइमा त्यहाँ विवाह अनि विवाहको कुनै अनुमति हुन्छ। परमेश्वरले असल विवाह बारेमा बुझेको चाहनु हुन्छ। प्रेमको सिद्धान्त, निस्वार्थभावलाई अरूलाई दिने सिद्धान्त चाहनुहुन्छ। परमेश्वरले भन्नु हुन्छ, म तिमीबाट के चाहन्छु भने वास्तविक रूपमा विवाहमा तिमीसँगको सम्बन्ध जो क्षणिक सम्बन्ध होइन, केवल केही वर्षसम्मको लागि होइन, जो केही बेरमा हराउँछ। तर अनन्तकालसम्मको सम्बन्ध, जहाँ सम्पूर्ण मेरो प्रेम तिमीमा अनन्त अनन्तसम्म प्रकट भइरहोस्।'' अब तपाईंलाई विवाह सम्बन्धमा केही सिद्धान्तहरू दिन चाहन्छु। विवाह एउटा मिलाप हो। यो केवल भागीदारपन होइन। बाइबलले उत्पति ४ अध्यायमा अनि १ पत्रुस ३:७ मा जीवनको अनुग्रहको सजिया हकदार हो। विवाह एउटा करार हो, यसको अर्थ बन्धन हो।  यहाँ समर्पण रहेको छ। पाप प्रथमत: मण्डलीमा प्रवेश गरेन। यो पहिला विवाहमा प्रवेश गर्‍यो। यसो र हामीलाई निर्देशिका चाहिएको छ। अनि हाम्रो जीवनमा प्रेमको सिद्धान्त लागु भएको आवश्यक छ। हामीले प्रश्न गर्नु पर्छ। ''प्रेम के हो?'' प्रेमको परिभाषा चाहिँ साँचो अर्थमा नि:स्वार्थता हो। यशैया ५३:६ ''हामी सबै भेड़ा झैं बरालिएकाछौं। हामी हरेक आफ्नै बाटोतिर लागेकाछौं, औ परमप्रभुले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो।'' तर विवाहमा अरू व्यक्तिप्रति हामी केन्द्रित तथा उनीहरूको भलाइ र उपकारप्रति हुन्छ।

बाइबलले एफिसीमा बताउँछ – तिमीले आफ्नो शरीरलाई प्रेम गरे झैं तिम्री पत्नीलाई पनि प्रेम गर। परमेश्वरले हामीलाई दिनु भएको पत्नीलाई प्रेम, उत्साह र आदर गर। यसको अर्थ उनलाई कदर गर। आफ्नो शरीरलाई प्रेम गर्नुको अर्थ, तपाईं वरिपरि बस्नु अनि हात आफैमा समाती आफैलाई धाप मारी ''म तिमीलाई प्रेम गर्छु।'' भन्नु होइन। यो सबै होइन। आफैलाई प्रेम गर्नुको अर्थ – आफैलाई सुरक्षा गर्नु, आफैलाई खुवाउनु, आफैलाई नियाल्नु हो। हामी स्वास्नीहरूलाई कहिल्यै अधिकार लिनु उनको कमजोरीपन सार्वजनिकमा दर्शाउनु, उनको खिसी टयूरी गर्नु अनि उनलाई चोट पुर्‍याउने कार्य गर्दैनौं। किनभने हामीले आफैलाई जस्तो प्रेम गर्छौं, उस्तै उनलाई पनि प्रेम गर्छौं।

परमेश्वरलाई प्रार्थनामा उचालौं। प्रथमत: उहाँले हामीलाई प्रेम गर्नुभएकोले हामी उहाँलाई धन्यवाद चढ़ाऔं। तपाईलाई प्रदान गर्नु भएको आफ्नो सहयोगीप्रति परमेश्वरलाई धन्यवाद दिनुहोस्। समस्यामा उनी साथमा हुनेछन्। तपाईंले आफ्नो सहयोगीलाई प्रशेसा दिनुभएको छैन भने, तपाईंले उनलाई तल तथा माथि राख्नु भएको छ भने, साधारणत: बाइबलले स्वार्थ अथवा पाप भनेको छ। एफिसी पाँच अध्यायमा भनेको छ – येशूले मण्डलीलाई वचनद्वारा पानीले धोएर शुद्ध पारी चोख्याउनु भयो। उहाँले आफ्नो वचनद्वारा मण्डलीमा बोल्नु भयो। जब तपाईंले आफ्ना सहयोगीसँग बोल्नुहुन्छ, तपाईले बोल्नु भएको वचनको स्तरमा उनी आउनेछन्। यदि तपाईंले यसरी बोल्नुभयो, ''तिमी राम्रो छैनौं, कुरूप छौ, तिमी ओजनदार छौ।'' तपाईंले तपाईको विवाहलाई दबाउनु हुनेछ, अनि यसले एकता ल्याउनेछैन। तर तपाईंले दयालुपनका शब्दहरू जस्तै ''होनी, म तिमीलाई प्रशंसा गर्नेछु – तिमीले गरेका सबै कामहरूप्रति म प्रशंसा गर्छु। म तिमीलाई प्रेम गर्छु।'' तिम्रो कार्यलाई उचाल्छु। यी वचनहरूले तिम्रो सहयोगी माथि उठ्नेछन्।

के तपाईंले जान्नुहुन्छ, तपाईंको विवाहमा सम्बन्धमा धेरै समस्याहरू आएका चाहिँ तपाईंले बोल्नु भएको वचनले होइन र। के तपाईंले आफ्ना सहयोगीलाई माथि उचाल्नेको साटोमा तब खसाल्नु हुन्छ। आज नै तपाईंले आफ्नो सहयोगीलाई असल वचनहरू बोल्नु होस् भनी म तपाईंलाई उत्साह दिन्छु। प्रेम भावना मात्र होइन, तर यसले अरूको भलाइ, उपकार खोज्दछ, तपाईंलाई कस्तो अनुभव हुन्छको वास्तै हुँदैन। तपाईंले दयालु कार्यहरूबाट शुरू गर्नुहोस्। जसरी एउटा काठका टुक्रामा धेरैपल्ट पालिश गरिन्छ। प्रेम कसरी निर्माण हुन्छ? दयाको सानो कार्यहरूबाट हुन्छ। आदर, श्रद्धा, गुण, तथा तपाईंका सहयोगीसँग प्रेमपूर्वक वचनद्वारा शुरू गर्नुहोस्। तपाईंले एउटा भिन्नता पाउनु हुनेछ। तपाईंले यी सिद्धान्तहरू प्रयोग गर्नाले परमेश्वरले आशिष दिनुहुनेछ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | हितोपदेश १८:२२ पढ्नुहोस्।<br>विवाह चाहिँ ........................। | हितोपदेश १८:२२<br>''पत्नी पाउनेले असल कुरा पाउँछ, यसरी तिमीले परमप्रभुको निगाह प्राप्त गर्छौ।'' |
| २. | हिब्रू १३:४ पढ्नुहोस्।<br>विवाहमा यौन चाहिँ (विवाहको ओछयान) ........ । | हिब्रू १३:४ ''सबै विवाह चाहिँ आदरणीय होस्। ओछयान नबिटुलियोस्, किनकि व्यभिचारीहरू र जारी गर्नेहरूलाई परमेश्वरले इन्साफ गर्नुहुनेछ।'' |
| ३. | उपदेशक ९:९ पढ्नुहोस्।<br>सत्य वा असत्य हो ईश्वरीय विवाह चाहिँ परमेश्वरको इनाम वा कोसेली तपाईको जीवनमा हो। | उपदेशक ९:९<br>''संसारमा तेरो जीवन व्यर्थ भए तापनि आफूले प्रेम गरेकी स्त्रीसित जीवनको सुख–भोग गर। किनभने संसारमा तँ बस्ता र परिश्रम गर्दा तेरो सहभागिनी त्यही नै हुन्छ।'' |
| ४. | १ यूहन्ना ३:१८ पढ्नुहोस्।<br>न्यायधीश फिलिप ग्राहामले भनेका छन् –<br>तिनले २८००० जना तरूण अपराधीहरूलाई अपराध न्यायालयमा न्याय गरे। उनले ती अपराधीहरूको अपराधकोठूलो कारण बाबु आमाकोबीचको स्नेहको अभावले थियो।<br>(टुगेदर फर एभर पृ. १५२)<br>हामीहरूले कसरी प्रेमलाई प्रदर्शन गर्नु? | १यूहन्ना ३:१८<br>''हे मेरा साना केटाकेटी हो, वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं।'' |
| ५. | एफिसी ५:२८ पढ्नुहोस्।<br>सत्य असत्य हो – मेरो शरीरलाई झैं म मेरी स्वास्नीलाई कुनै पनि हालतमा हेला गर्दिन। | एफिसी ५:२८<br>''त्यसरी नै पतिहरूले पनि आफ्ना–आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ।'' |
| ६. | १ यूहन्ना ३:१६ पढ्नुहोस्।<br>सत्य/असत्य हो – यो शब्द म प्रेम गर्छु, अति नै सुन्दर शब्द हुन्छ – जब कार्यहरूलाई समर्थन गर्छौं। येशूले आफ्ना वचनहरूद्वारा हामीलाई जीवन दिई समर्थन गर्नु भयो हामीले पनि जतिसक्दो व्यवहारिक रूपमा अरूहरूप्रति आफ्नो जीवन समर्पण गर्नुपर्छ। | १यूहन्ना ३:१६<br>''यसैमा हामीले प्रेम थाह पाउँछौं, किनभने उहाँले हाम्रा निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो, र हामीले पनि हाम्रो भाइको निम्ति आफ्नो प्राण अर्पण गर्नुपर्छ।'' |

| | | |
|---|---|---|
| ७. | एफिसी ५:२५–२६ पढ़नुहोस्।<br>सत्य/असत्य मेरी पत्नीले मैले भनेका वचनहरू बमोजिम जीवन व्यतित गर्न थालिन्। मैले उनलाई भने बमोजिम उनका प्रतिभाहरू प्रदर्शित भइन्। | एफिसी ५:२५–२६<br>''ए पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, र उहाँले त्यसलाई वचनद्वारा पानीले धोएर शुद्धपारी चोख्याउनुभयो।'' |
| ८. | रोमी ८:३८–३९ अनि १ यूहन्ना ४:१९ पढ़नुहोस्।<br>सत्य/असत्य हो<br>हामीहरूलाई घनिष्ठताको प्रेमिलो वचनहरू, जो कार्यमा आधारित छ, बोलिएको छ। परमेश्वरले हामीप्रति घनिष्ठताका वचनहरू जो उहाँको प्रेम पत्रहरूमा बोल्नुभएको छ। जुन बाइबलमा आधारित छ। | रोमी ८:३८–३९<br>''किनकि म यो निश्चय जान्दछु, कि नता मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताहरूले, न बर्तमानका कुराहरूले, न पछि हुने कुराहरूले, न शक्तिहरूले, न उँचाइले, न गहिराइले, न अरू कुनै सृष्टिले हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्नसक्नेछ।<br>१ यूहन्ना ४:१९ ''यसैमा परमेश्वरको प्रेम हामीमा प्रकट भएको छ, कि हामी उहाँद्वारा जिऔं भन्ने हेतुले परमेश्वरले आफ्ना एकले पुत्रलाई यस संसारमा पठाउनुभयो।'' |
| ९. | १ यूहन्ना ५:३ २ यूहन्ना १: ६ मा पढ़नुहोस्।<br>सत्य/असत्य – परमेश्वरको प्रेम कसरी प्रकट भएको तथा उहाँको आज्ञाहरूबाट थाह गर्न सक्छौं। हामीले प्रेमको सिद्धान्तलाई परमेश्वरको वचनद्वारा सिक्नसक्छौं। | १ यूहन्ना ५:३<br>''किनभने हामीले उहाँका आज्ञा पालन गर्नु नै परमेश्वरप्रति प्रेम हो, र उहाँका आज्ञाहरू कड़ा छैनन्।''<br>२ यूहन्ना १:६<br>''औ उहाँका आज्ञा बमोजिम चल्नु नै प्रेम हो। तिमीले शुरूदेखिनै सुनेका आज्ञा यही हो कि तिमीहरू यसैमा चल्नुपर्छ।'' |
| १०. | यूहन्ना १४:१५ पढ़नुहोस्।<br>प्रेम तपाईंको भावनाहरू मात्र होइन। तर यो तपाईंको इच्छा हो। प्रत्येक बाइबलका करारहरू मानिसको इच्छामा प्रदान गरिएको छ। तर उसका भवनाहरूमा होइन। परमेश्वरले तपाईंलाई कस्तो अनुभव गर्नु भयो भनी भन्नुहुन्न? त्यसको साटोमा तपाईंलाई कसरी कार्य गर्नु हुन्छ भनी भन्नुहुन्छ। | यूहन्ना १४:१५<br>''यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने, मेरा आज्ञाहरू पालन गर्नेछौं।'' |
| ११. | गलाती ५:२२–२३ पढ़नुहोस्।<br>प्रेम प्राकृतिक होइन। यो सिक्नपर्छ, अनि मानवजातिमा पवित्र आत्माद्वारा जन्माउनुपर्छ। प्रेम – फल हो। | गलाती ५:२२–२३<br>''तर आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई, विश्वस्तता, नम्रता, संयम हुन्, यस्ताका विरूद्धमा कुनै व्यवस्था छैन। |
| १२. | एफिसी ५:३१–३२ पढ़नुहोस्।<br>असल विवाह चाहिँ सानो रूपमा के को नमूना हो? | एफिसी ५:३१–३२<br>''यसैकारण मानिसले आफ्ना बाबु–आमालाई छोड़ेर आफ्नी पत्नीसित मिलिरहन्छ, र ती दुइ एउटै शरीर हुनेछन्।'' यो रहस्य ता ठूलो छ, तर म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु। |

# उत्तर–व्याख्या

१. प्रश्न : हितोपदेश १८:२२ पढ्नुहोस्।
विवाह चाहिँ
उत्तर : क) असल कुरा ख) प्रभुलाई खुशी बनाउनु हो।

२. प्रश्न : हिब्रू १३:४ पढ्नुहोस्।
विवाहमा यौन चाहिँ (विवाहको ओछयान)
उत्तर : नबिटुलियोस्।

३. प्रश्न : उपदेशक ९:९ पढ्नुहोस्।
सत्य वा असत्य हो – ईश्वरीय विवाह चाहिँ परमेश्वरको इनाम वा कोसेली तपाईको जीवनमा हो।
उत्तर : सत्य।

४. प्रश्न : १ यूहन्ना ३:१८ पढ्नुहोस्।
न्यायधीश फिलिप ग्राहामले भनेका छन् – तिनले २८००० जना तरूण अपराधीहरूलाई अपराध –न्यायलयमा न्याय गरे। उनले ती अपराधीहरूको अपराधको ठूलो कारण बाबु–आमाको बीचको स्नेहको अभावले थियो (टुगेदर फर एभर/पृ. १५२) हामीहरूले कसरी प्रेमलाई प्रदर्शन गर्नु?
उत्तर : कार्यहरू तथा साँचो वास्ताले।

५. प्रश्न : एफिसी ५:२८ पढ्नुहोस्। सत्य वा असत्य हो?
मेरो शरीरलाई झैं म मेरी स्वास्नीलाई कुनै पनि हालतमा हेला गर्दिन।
उत्तर : सत्य।

६. प्रश्न : १ यूहन्ना ३:१६ पढ्नुहोस्। सत्य/असत्य हो
यो शब्द 'म प्रेम गर्छु' अति नै सुन्दर शब्द हुन्छ – जब कार्यहरूलाई समर्थन गर्छौ। येशूले आफ्ना वचनहरूद्वारा हामीलाई जीवन दिई समर्थन गर्नुभयो। हामीले पनि जतिसक्दो व्यवहारिक रूपमा अरूहरूप्रति आफ्नो जीवन–समर्पण गर्नुपर्छ।
उत्तर : सत्य।

७. प्रश्न : एफिसी ५:२५–२६ पढ्नुहोस्।
सत्य वा असत्य – मेरी पत्नीले मैले भनेका वचनहरू बमोजिम जीवन व्यतित गर्न लागिन्। मैले उनलाई भने बमोजिम उनका प्रतिभाहरू प्रदर्शित भइन्।
उत्तर : सत्य/ एफिसी ५:२६ बमोजिम ग्रीक शब्द 'रेमा' हो। यसको अर्थ 'बोलिएको वचन' हो।

८. प्रश्न : रोमी ८:३८–३९ अनि १ यू. ४:१९ पढ्नुहोस्। सत्य वा असत्य –। हामीहरूलाई घनिष्ठताको प्रेमिलो वचनहरू जो कार्यमा आधारित छ। परमेश्वरले हामीप्रति घनिष्ठताका वचनहरू जो उहाँको प्रेम पत्रहरूमा बोल्नु भएको छ। जुन बाइबलमा आधारित छ।
उत्तर : साँचो परमेश्वरका वचनहरू पूर्णरूपले हामीप्रति प्रेमिलो छ।

९. प्रश्न : १ यूहन्ना ५:३, २ यू. ६ मा पढ्नुहोस्।
सत्य/ असत्य ...। परमेश्वरको प्रेम कसरी प्रकट भएको तथा उहाँका आज्ञाहरूबाट थाह गर्न सक्छौं। हामीले प्रेमको सिद्धान्तलाई परमेश्वरको वचनद्वारा सिक्न सक्छौं।
उत्तर : सत्य।

१०. प्रश्न : यूहन्ना १४:१५ पढ्नुहोस्।
प्रेम तपाईंको भावनाहरू मात्र होइन। तर यो तपाईंको इच्छा हो। प्रत्येक बाइबलका करारहरू मानिसको इच्छामा प्रदान गरिएको छ। तर उसका भावनाहरूमा होइन। परमेश्वरले तपाईंलाई कस्तो अनुभव गर्नुभयो भनी भन्नुहुन्न। त्यसको साटोमा तपाईंलाई कसरी कार्य गर्नु हुन्छ भनी भन्नुहुन्छ।
उत्तर : सत्य।

११. प्रश्न : गलाती ५:२२–२३ पढ्नुहोस्।
प्रेम प्राकृतिक होइन। यो सिक्नुपर्छ, अनि मानिसजातिमा पवित्र–आत्माद्वारा जन्माउनुपर्छ। प्रेम – फल हो।
उत्तर : परमेश्वरको आत्मा।

१२. प्रश्न : एफिसी ५:३१–३२ पढ्नुहोस्। असल विवाह चाहिँ सानो रूपमा के को नमूना हो?
उत्तर : ख्रीष्ट अनि उहाँको मण्डली।

# स्तर – २
# पाठ – १२
# परमेश्वरको दयालु प्रेम – भाग १
### डोन क्रो

१ कोरिन्थी १३:१३ मा छ ''तर विश्वास, आशा प्रेम यी तीनै रहन्छन्, र यिनमा सर्वोत्तम चाहिँ प्रेम हो।'' उसरी नै १ कोरिन्थी १४:१ मा छ, ''प्रेमको पछि लाग, तापनि आत्मिक वरदानहरूका निम्ति उत्कट इच्छा गर, तर खास गरी अगमवाणी बोल्नलाई।'' बाइबलले बताएको छ, प्रेमको पछि लाग, यसलाई पछयाऊ अनि तपाईंले यसलाई उत्तम धैर्य राख। कतिपय अनुवाहरूमा यसलाई तपाईंले उच्चमा खोजी गर। हामीले जीवनमा एउटै विषयलाई लिनु छ – त्यो हो अनन्तता। हामीले हाम्रा गाड़ीहरू भवनहरू, हाम्रा रूपियाँहरू लानेछैनौं, तर परमेश्वर खीष्टको प्रेमलाई लानेछौं। जो हाम्रो जीवनमा पवित्र आत्माद्वारा प्रदान गरिन्छ। प्रेम मात्र त्यो वस्तु हो – जसको अनन्त गुण र निष्कर्ष छ।

प्रेमको वास्तविक अर्थ के हो? म भन्छु म मेरी पत्नीलाई प्रेम गर्छु, म आइस क्रीमलाई प्रेम गर्छु, आइफल लगाएको खानेकुरालाई प्रेम गर्छु।'' प्रेम बारेलाई व्याख्या गर्नलाई अंग्रेजीमा एउटै शब्द छ। जब म भन्नेछु – बिरालोलाई प्रेम गर्नेछु। के मेरी स्वास्नीलाई प्रभाव पर्छे? प्रभाव पर्दैन। तपाईंले देख्नु हुन्छ मैले के भनिरहेको छु? जब म प्रेम शब्दलाई प्रयोग गर्छौं, कति मानिसहरूले यौन बारेमा सम्झन्छन्। यसको अर्थ अति नै प्रबल न्यानो भावना हो। मानिसहरूले प्रेम सम्बन्धमा धेरै परिभाषा भन्छन्। ग्रीक भाषामा प्रेम बारेमा चार मुख्य शब्दहरू छन्। एउटा हो–'इरोस', जो प्राय: बाइबलमा प्रयोग गरिंदैन। यसको परिभाषा चाहिँ – यौन आकर्षण अथवा यौन प्रेम हो। परमेश्वरले यस प्रकारका प्रेमलाई स्थापित गर्नुभयो, जब उहाँले भन्नुभयो – मानिसले आफ्ना आमा–बाबुलाई त्यागी उसकी स्वास्नीसँग मिलिरहन्छ। तब तिनीहरू एउटै शरीर हुनेछन्। बाइबलमा सुलेमानको 'श्रेष्ठगीत' मा यौन प्रेमको बारेमा छ, जहाँ परमेश्वरले वैवाहिक सम्बन्धमा नियंत्रण गर्नुभएको छ। अरू प्रकारका प्रेममा, परमेश्वरले सबै मानवजातिमा प्रयोग गर्ने आज्ञा दिनुभएको छ। तर 'इरोस' प्रेमलाई वैवाहिक सम्बन्धमा नियंत्रण गर्नुभएको छ।

अर्को प्रकारको प्रेमलाई भनिन्छ 'स्टोज' जो चाहिँ पारिवारिक सम्बन्धमा प्राकृतिक स्नेहमा हुन्छन्। अर्को 'फेलियो' प्रेम जसको मूल शब्द 'फिलिया' बाट आएको हो। यो शब्दलाई बाइबलमा ७२ पल्ट प्रयोग गरिएको छ। नयाँ नियममा यसको वर्णन छ – यो अतिनै झरिलो स्नेहको भावना हुन्छ यो आउँछ अति तीब्र रूपमा जान्छ। कति मानिसहरूले प्रेम बारेमा चर्चा गर्छन्, अनि विचार्छन् कि प्रेम साँचोमा चाहिँ – म प्रेममा परें अनि म प्रेमबाट छुटकारा पाएँ। यदि तपाईंको विवाह यस प्रकारका प्रेममा निर्माण गर्नु भएको छ भने, अहिले पनि समय छ, तपाईं माथि हुनुहुन्छ भने तल आउनुहोस्। तपाईं प्रेममा फस्नु भएको छ यो प्रेमको आधार नभएर प्रेमदेखि बाहिरको हो।

बाइबलले बताउँछ हामी एकाअर्कालाई प्रेम गर्नु पर्छ। जुन प्रेम खीष्टको दयालु प्रेम हो – जो 'अगापे' प्रेम हो। अगापे प्रेम के हो? यहाँ धेरै भागहरू छन्। १ कोरिन्थी १३ अध्यायमा प्रेम आधारित सम्पूर्ण परिभाषा दिइएको छ। १ यूहन्ना ५:३ मा पनि छ ''किनभने हामीले उहाँको आज्ञाहरू पालन गर्नु नै परमेश्वरप्रति प्रेम हो।'' येशूको आज्ञाहरूमा प्रेमको प्रकटीकरण भएको छ। यदि म यी विषयहरूलाई छोट्याउन चाहन्छु भने म यी पदहरू प्रयोग गर्छु। मत्ती ७:१२ मा छ ''यसकारण मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौं; तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षा हुन्।'' ती सेवालयका व्यक्तिहरू जसले मलाई प्रेम गर्दैनन्, मेरो वास्ता गर्दैनन्, तथा अरूहरू, यसबारेमा मलाई पर्वाह छैन। तर बाइबलले सिकाउँछ,

तिमीले अरूबाट जे जस्तो गरून् भन्ने चाहन्छौ, तिमीले पहिला उनीहरूलाई गर। यही प्रेम हो। यो हाम्रो शरीरको विरोधमा हुन्छ, हाम्रो प्राकृतिक प्राप्तिको विरोधमा हुन्छ – जब  हामी आफैलाई भन्दा अरूको भलाई उपकारहरू खोज्दछौं। यो परमेश्वरबाट हो।  तपाईले नसोच्नुहोस् – म परमेश्वरविहिन यो प्रकटीकरण होस् भनी रहेको छु। बाइबलले बताउँछ – आत्माको फल प्रेम हो। परमेश्वर प्रेम हुनुहुन्छ। परमेश्वर नै प्रेमको मुहान हुनुहुन्छ। अनि उहाँको आज्ञा बमोजिम कसरी प्रेम गर्नु पर्ने देखाउँछ। उहाँ नै एक हुनुहुन्छ जसले हाम्रा शारीरिकपनमा ज्योति दिनुहुन्छ, जसको माध्यमबाट ठीक निर्णय, ठीक छनाइ अनि ठीक सिद्धान्तमा कार्य गर्न सिकाउँछ।

एकदिन म प्रार्थना गर्न जान चाहे। मैले सबै कामहरू सकी जान लागें। म पार्कमा थिएँ र मैले प्रभुलाई भने, ''प्रभु म वास्तवमा कसैलाई सेवकाइ गर्न चाहन्छु। त्यस समय घमाइलो दिन थियो। मैले एक साना केटा र केटी पीङमा बसिरहेको देखें। त्यहाँ पीङ खुला थियो। म त्यहाँ गएँ अनि पीङमा बसे। म सानी केटीतिर फर्केर भने, आज राम्रो दिन छ, होइन र? उसले भनिन्, ''म अंग्रेजी बोल्न सक्दिन।'' मैले तिनलाई भने, ''तिमी कहाँ की हौ?'' उसले भनी, ''उ रोमानियाबाट आएकी हुन्।'' मलाई थाहा थियो – यो भागमा रोमानियाकाहरू छन्। मैले देखें – ती व्यक्तिहरूले मलाई हेरिरहेका थिए। तिनीहरू अचम्भित थिए – तिनीहरूका नानीहरूसित बातचीत गरिरहेका देखेर। म त्यहाँ गएँ र भने, म तिमीलाई सहायता गर्न चाहन्छु। तिनीहरूले भने, ''के तपाईंले हामीहरूलाई सहायता गर्न चाहनु हुन्छ?'' किन तपाईंले हामीलाई सहायता गर्न चाहनु हुन्छ?'' मैले भने, ''किनभने परमेश्वरले तपाईंलाई सहायता गरेको चाहनु हुन्छ।'' मैले १ यूहन्ना ३:१८ को प्रेमको सिद्धान्तको विषयमा मनन गरिरहेकी थिए। ''वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं। हामीहरू वचन र मुखले मात्र प्रेम नगरौं, तर हाम्रा कार्यहरूले प्रेम गरौं। यद्यपि त्यसदिन मैले केही पैसा बोकेको थिइन। तर मसँग कम्ति पैसा थियो। म उनीहरूको छेउमा गएँ र भने, ''यो तिम्रो लागि हो।'' मैले रूपियाँ दिएँ। त्यसदिन मैले उपवास बसें। मसँग केही खाना थियो। तब मैले तिनलाई भने, ''तिम्रो परिवारका लागि केही खाना छ।'' तिनीहरू स्तब्ध भए र मलाई  सोधे –''तपाईं को हुनुहुन्छ?'' मैले तिनीहरूलाई भने, ''परमेश्वरले आज हामीहरूलाई यो स्वार्गीय भेटघाट दिनुभयो। म गइरहेको छु, फेरि हामी भेट्नेछौं।''

म घर गएँ र रोमानियनहरूसँग भेटघाट भएका वर्णन गरें। मैले फ्रिजबाट भुटुवा निकाले र पकाउन थाले। मैले भोलिपल्ट बट्टाभरि खानाहरू दोकानबाट किनेर मेरी पत्नीसँग पार्कतिर लागे। ती रोमानियन र नानीहरू त्यहाँ थिए। अनि मैले तिनीहरूलाई भने, ''मैले तिमीहरूलाई उपहार लिएर आएको छु।'' तिनीहरू निर्धाहरू थिए। म तिमीहरूलाई गाड़ीमा लिएर जानेछु – यदि तिमीहरू कहाँ बस्छौ? भनी देखाऊ। हामी एक सानो ओछ्यानसहित कोठामा पुग्यौ। मैले बट्टा तथा चाँदीका वर्तनहरू; तथा वर्तनमा भएका कुराहरू तिनीहरूलाई वितरण गरें। त्यसैबेला मैले तिनीहरूलाई दिँदा तिनीहरूका आँखाहरूमा आँसु बहन लागे। एक स्त्रीले भन्न लागिन्, ''मलाई आउन … मलाई आउन'' भनी कराइन। मैले भने, ''एक सोमबारको रात हामीहरूको घरमा बाइबल अध्ययन छ, म तपाईंहरूलाई निमंत्रणा दिन्छु।'' तिनीहरूले भने, हामी आउनेछौं। तर मैले तिनीहरूलाई भने, ''म तपाईंहरूलाई आएको चाँहदिन, कारण म तपाईंहरूलाई उपहार दिनेछु। तिनीहरूले भने, ''होइन, हामी तपाईंहरूलाई मित्रहरूलाई भेट्न आउनेछौं।''

तर त्यहाँ आवतजावतको सुविधा थिएन। मैले तिनीहरूलाई लिन आएँ र मेरो घरमा लगे। योभन्दा पूर्व परमेश्वरले तिनीहरूलाई स्पर्श गर्न शुरू गरे। तिनीहरूले ठीक रूपले अंग्रेजी बोल्न सक्दैनथे। हामीहरूले जब प्रार्थना गर्‍यौं, परमेश्वरले उनीहरूलाई स्पर्श गर्न थाल्नुभयो। तिनीहरूले परमेश्वरलाई प्रेम गरेको प्रकटीकरण भयो। योभन्दा अघि हामीले एक रोमानियन दम्पतिलाई पनि भेटेका थियौं। अनि हामीहरूले पहिलो दम्पतिलाई भनेका थियौ, ''तपाईहरूले मलाई अर्को रामकानियन दम्पतिलाई भेट्न सहायता गर्नुहुन्छ? तिनीहरू राजी भए। मैले तिनीहरूबाट केही दिन पछि एउटा निम्तो पाएँ – ''श्रीमान डन, हामीले तपाईको बारेमा सुन्यौं। हामी एकान्तमा दुखित छौं। हामी तपाईसँग भेट्न चाहन्छौ। ''तब मैले मेरा रोमानियन साथीहरूलाई लिएर उसँग भेट्न गयौं। मैले तिनीहरूका लागि

केही उपहार, खानाहरू अनि तिनीहरूका लागि केही समानहरू लगिदिएँ। मैले यसरी गर्दै तिनीहरूसँग भेटघाट गरे। सबै कुरा महान नै भए। एक रोमानियन दम्पतिले भने, ''तपाईले बाइबल अध्ययनमा लानुहुन्छ। त्यहाँ येशूको बारेमा चर्चा गर्नुहुन्छ। यो आनन्ददायक हो। तिनीहरूले भने, केही समय पर्खनुहोस्। हामी कम्युनिष्ट देशबाट आएका हौं, हामी यदि ईश्वर छ भन्ने कुरालाई जान्दैनौं। हामी येशूको बारेमा कोचारिएको चाहँदैनौं।

मैले तिनलाई भने, ''हामी साथीहरू झैं हौं। मैले हप्ताहमा लगी तिनीहरूलाई लुगा, कोटहरू अनि आवश्यक वस्तुहरू तिनीहरूलाई किनिदिएँ। तिनीहरू हड़बड़ाए अनि अनिच्छुक भए। ''ठीकै छ, के तपाईंले कोट चाहनुहुन्न?'' ''ठीकै छ, म चाहन्छु .. तर ...।'' ''यसैले तपाईंको लागि यो कोट हो, लिनुहोस्।'' मैले प्रेमलाई कार्यमा परिणत गरें। तर तिनीहरू हाम्रो बाइबल अध्ययनमा आएनन्। तबसम्म तिनीहरू आएनन्, जब मैले यसरी भने, ''सम्भवत केही अमेरिकीहरू यहाँ छन्, जो तपाईंहरूलाई रोजगार दिन, सहयोग दिनेछन्।'' तब तिनीहरू झट्टै आए। बाइबल अध्ययनको त्यस रातमा मैले परमेश्वरतिर मूर्खतापूर्वक भने, ''प्रभु मलाई साँचो रूपले भाषा बोल्ने वरदान दिनु हुनेछ, कारण हामीहरूले एकाअर्कालाई राम्ररी आदान–प्रदान गर्न असमर्थ छौं। यस बाइबल अध्ययनमा एक अमेरिकीले रातमा आफ्नो जीवन साक्षी बाँड़े। जब म बोल्न लागें, त्यसबेला दोस्रो रोमानियन दम्पति प्रफुल्लित भए। मैले थाह गरें, यहाँ केही घटना हुनेछ। अध्ययन पछि मैले भने, 'म तपाईंको लागि प्रार्थना गर्नेछु।' अनि हामी प्रार्थना गर्न लाग्यौं, परमेश्वरले तिनीहरूलाई स्पर्श गर्नुभयो। तब सम्पूर्ण कोठालाई परमेश्वरको प्रेमको वातावरण देखियो। तब त्यस स्त्रीले भनी, ''तपाईलाई थाह छ, जब त्यस अमेरिकनले बोलिरहनु भएको थियो उनले के भनिरहेको थियो मैले बुझिँन। तर जब तपाईं उठीकन येशूको बारेमा बोल्नुभयो, उहाँको प्रेम, उहाँले हामीप्रति के गर्नुभयो? उहाँसँगको हाम्रो सम्बन्ध, तपाईले भन्नु भएको प्रत्येक शब्दको अर्थलाई बुझे। मैले सबै ठीक बुझे। परमेश्वर हुनुहुन्छ। परमेश्वर हुनुहुन्छ। यसको प्रतिफलमा केवल रोमानियन भएर होइन। हाम्रा सम्पूर्ण जीवन परिवर्तन भयो।

मेरो भवन सोमबार रातहरूमा विश्वव्यापी मानिसहरू रोमानियन, बल्गेरियन अनि रशियाली मानिसहरूको भेला हुन्थे। परमेश्वरले तिनीहरूका जीवनलाई परिवर्तन गर्न भयो। तिनीहरूले थाह पाएँ – हामीहरूले तिनीहरूलाई प्रेम गर्छौं। हामीहरूमाझमा अफ्रिकाका मानिसहरू पनि थिए। यद्यपि हामीहरू स्पष्ट रूपले एकाअर्कामा जानेका कुराहरू व्यक्ति गर्न सक्दैनथे। जब हामीले प्रार्थना गर्‍यौं, परमेश्वर उनीहरूका बीचमा उपस्थित हुनुभयो। तिनीहरूले जान्दथे, म तिनीहरूका लागि केही गरिदिनेछु, म तिनीहरूलाई प्रेम गर्दछु। परमेश्वरले तिनीहरूका जीवनलाई परिवर्तन गरिदिनु भयों अनि अरू मानिसहरूका जीवनलाई परिवर्तन गरिदिनु भयो। यी सबै घटनाहरू एकदिन पार्कमा भएको कुराले हो। मैले धेरै बेग्लाबेग्लै रंग, बेग्लै राष्ट्रीयताका मानिसहरूलाई देखें। मेरो उनीहरूप्रति जिउँदो भावना र स्नेह थिएन। तर मैले जाने प्रेम यही हो। अरूबाट तिमी के चाहन्छौं, त्यही पहिला तिनीहरूलाई गर। मैले प्रथमतः केही पनि नसोची तिनीहरूका भलाइ र फायदाहरू हेरें। तपाईंले जान्नुहुन्छ – तब के भयो? तिनीहरूले गुणगान गरे। तब तिनीहरू मप्रति आकृष्ट भए – केवल फिलिया प्रेमको कारणले भयो। त्यो प्रेममा संवेग थियो, अनि तिनीहरूले मलाई भन्न लागे, ''म तिमीलाई प्रेम गर्छु।'' तिनीहरूले मलाई अँगालो हाली चुम्बन गरे। मलाई के गरे, तिनीहरूमाझ एक प्रकारका संवेगको भाव जागृत भएको थियो। यदि तपाईंमा पनि प्रेम तथा तपाईंको जीवनमा संवेग छ भने अगापे प्रेमलाई व्यवहार गर्नुहोस्। तपाईंले केही पनि नसोची अरूको भलाइ र फायदालाई खोज्नुहोस्। तपाईंले के सोच्नु हुन्छ, त्यसले प्रेम जहाँ संवेग पनि छ, त्यसलाई जगाउनेछ।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| १. | १ यूहन्ना ५:३ पढ्नुहोस्।<br>परमेश्वरको प्रेम उहाँको —— प्रदर्शित भएको छ। | १ यूहन्ना ५:३<br>किनभने हामीले उहाँको आज्ञा पालन गर्नु नै परमेश्वरप्रति प्रेम हो, र उहाँका आज्ञाहरू कड़ा छैनन्।'' |

| | | |
|---|---|---|
| २. | रोमी १३:९–१० पढ्नुहोस्।<br>कसरी यी पदहरूमा भएका आज्ञाहरूमा प्रेम दर्शाइएको छ? | रोमी १३:९–१०<br>''किनभने तैले व्यभिचार नगर, तैंले लोभ नगर, औ अर्को केही आज्ञा छ भने, ती सबैको सारांश यसै कुरामा पाइन्छ, अर्थात् तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर। प्रेमले छिमेकीको खराबी हुने काम गर्द्रैन। यसकारण प्रेम गर्नु नै व्याख्या पूरा गर्नु हो।'' |
| ३. | रोमी १२:१९–२१ पढ्नुहोस्।<br>हामीले मन नपरेका शत्रुहरूलाई पनि कसरी प्रेम गर्नु पर्छ? | रोमी १२:१९–२१<br>''हे प्रिय हो, बदला नलेओ, तर परमेश्वरको क्रोधलाई स्थान देऊ, किनभने लेखिएको छ, बदला लिने काम मेरो हो, 'परमप्रभु भन्नुहुन्छ, 'म बदला फेर्नेछु, तर तिम्रो शत्रु भोकाउँछ भने, त्यसलाई खुवाउ, तिर्खाउँछ भने पियाउ, किनभने त्यसो गर्नाले तिमीले त्यसलाई औधी लज्जित तुल्याउनेछौं। खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित।'' |
| ४. | तीतस २:४ पढ्नुहोस्।<br>यस पदले प्रेमलाई कसरी झल्काएको छ? | तीतस २:४<br>''कि तिनीहरूले तरूणीहरूलाई आफ्ना–आफ्ना पतिलाई स्नेह गर्नु, आफ्ना बाल–बच्चाहरूलाई माया गर्न सिकाऊन।'' |
| ५. | १ कोरिन्थी १३:४–८ पढ्नुहोस्।<br>प्रेमका सिद्धान्तलाई क्रमवद्ध व्याख्या गर्नुहोस्। | १ कोरिन्थी १३:४–८<br>''प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, प्रेमले आफै सेखी गर्दैन, र घमण्डले फुल्दैन, आफै बेकायदासँग चल्दैन, आफ्नै भलाइ खोज्दैन, रिसाउँदैन, खराबीको वास्ता गर्दैन। अधर्ममा खुशी हुँदैन, तर सत्यमा खुयाी हुन्छ। सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ। सबै कुराको आशा गर्छ, सबै कुरामा स्थिर रहन्छ। प्रेम कहिल्यै टल्दैन। |
| ६. | १ यूहन्ना ३:१८ पढ्नुहोस्।<br>हामीले व्यवहारिक रूपमा प्रेमलाई कसरी प्रयोग गर्छौं? | १ यूहन्ना ३:१८<br>''हे मेरा साना केटा केटी हो, वचन र मुखले मात्र हामी प्रेम नगरौं तर कामले साँचो प्रेम गरौं। |

## उत्तर–व्याख्या

१. प्रश्न : १ यूहन्ना ५:३ पढ्नुहोस्।
परमेश्वरको प्रेम उहाँको – प्रदर्शित भएको छ।
उत्तर : आज्ञाहरू।

२. प्रश्न : रोमी १३:९–१० पढ़नुहोस्।
कसरी यी पदहरूमा भएका आज्ञाहरूमा प्रेम दर्शाइएको छ?
उत्तर : प्रेमले छिमेकीको खराबी गर्दैन। प्रत्येक आज्ञाले प्रेमलाई दर्शाउँछ–हाम्रा छिमेकीहरूप्रति हामीले कस्तो व्यवहार गर्नुपर्छ?

३. प्रश्न : रोमी १२:१९–२१ पढ़नुहोस्।
हामीले मन नपरेका शत्रुहरूलाई पनि कसरी प्रेम गर्नु पर्छ?
उत्तर : तिम्रो शत्रु भोकाउँछ भने, त्यसलाई खुवाऊ, तिर्खाउँछ भने पियाऊ। हामीले अरूको भलाइ र फायदा खोज्नु पर्छ। हामीले जस्तै सम्झे पनि गर्नुपर्छ।

४. प्रश्न : तीतस २:४ पढ़नुहोस्। यस पदले प्रेमलाई कसरी झल्काएको छ?
उत्तर : प्रेम सिक्नपर्छ। यो केवल संवेग मात्र होइन।

५. प्रश्न : १ कोरिन्थी १३:४–८ पढ़नुहोस्।
प्रेमका सिद्धान्तलाई क्रमवद्ध व्याख्या गर्नुहोस्।
उत्तर : ‘‘प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, प्रेमले आफै सेखी गर्दैन, र घमण्डले फुल्दैन, आफै बेकाइदासाथ चल्दैन, आफ्नो भलाइ खोज्दैन, रिसाउँदैन, खराबीको वास्ता गर्दैन। अधर्ममा खुशी हुँदैन। तर सत्यमा खुशी हुन्छ। सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुराको आशा गर्छ, सबै कुरामा स्थिर रहन्छ। प्रेम कहिल्यै टल्दैन।

६. प्रश्न : १ यूहन्ना ३:१८ पढ़नुहोस्।
हामीले व्यवहारिक रूपमा प्रेमलाई कसरी प्रयोग गर्छौं?
उत्तर : वचन र मुखले मात्र हामीले प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं।

# स्तर – २

# पाठ – १३

# परमेश्वरको दयालु प्रेम – भाग २

## डोन क्रो

आजसम्म संसारमा येशू ख्रीष्ट महान् प्रेमका प्रकटीकरण हो। जो आज बाइबलमा वर्णन गरिएको छ। उहाँले यो शब्दहरू कहिल्यै भन्नु भएन, ''म तिमीलाई प्रेम गर्छु।'' के यो अचम्भ होइन र? तपाईंले जान्नुहुन्छ किन?'' किनकि प्रेम चाहिँ शब्दहरूभन्दा ठूलो हो। सम्झनुहोस् – म मेरी स्वास्नीलाई भन्छु, ''म तिमीलाई प्रेम गर्छु। अनि बाहिर गई उनको विरूद्धमा व्यभिचार गर्छु के उनले मेरा वचनहरूमा विश्वास गर्छिन्? अथवा मेरा कामहरूमा उनले विश्वास गर्लिन? उनले मेरा कामहरूद्वारा विश्वास गर्छिन्। कारण ९५ प्रतिशत प्रेमहरू वचनविहिन छन्। तपाईंले बोलेका कुराहरूमा होइन तर तपाईंले गरेका कार्यहरूमा छ।

१ यूहन्ना ३:१८ मा छ, ''हे मेरा साना केटा–केटी हो, वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं।'' प्रेम कार्यमय वचन हो। मत्ती २५:३५–३६ मा छ, ''किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौं। म तिर्खाएको थिएँ तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई तिमीहरूकहाँ लग्यौ। नाङ्गो थिएँ तिमीहरूले मलाई पहिरायौ। बिरामी थिएँ, तिमीहरूले मेरो हेरचाह गर्‍यौ। झ्यालखानमा थिएँ तिमीहरू मकहाँ आयौ।'' यहाँ ४० पदमा उहाँले भन्नुभयो, 'म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानो एउटालाई जे जति गर्‍यौं, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।'' तपाईंले देख्नु हुन्छ। प्रेम एउटा कार्य हो। तपाईले केही गर्नु भएको हो। हिब्रू ६:१० मा छ ''किनकि तिमीहरूको काम र त्यो प्रेम, जो उहाँको नाउँतर्फ र पवित्र जनको सेवा गरेको, र गर्दै रहेकोमा तिमीहरूले देखाएका छौ, सो बिर्सनालाई परमेश्वर अधर्मी हुनुहुन्न।'' मत्ती २२ मा येशूले सबैभन्दा महान आज्ञा के हो भनी प्रश्न गर्नुभयो। उहाँले भन्नुभयो, परमेश्वरलाई प्रेम गर्नु अनि आफ्नो छिमेकीलाई प्रेम गर्नु हो। यी दुवै आज्ञाहरू एकाअर्कामा एउटै हो। यदि तपाईंले सानाभन्दा सानालाई प्रेम गर्नु। येशूले भन्नुभयो तिमीले साँचो रूपमा उहाँलाई देखाउनु हो। बाइबलको शिक्षा छ – यो एउटा अति नै अचम्भको अवसर छ कि येशू ख्रीष्टलाई व्यवहारिक रूपमा प्रेम गर्नु चाहिँ अरूलाई प्रेम गर्नु हो।

मैले पछिल्लो पाठमा मैले पार्कमा भेटेको रोमानियनको बारेमा बताएको थिँ। तिनीहरूका जीवन परिवर्तन भयो। कारण मैले केही नसम्झी तिनीहरूको भलाइ र उपकार खोजेको थिए। तिनीहरूका बेग्लाबेग्लै रंग तथा राष्ट्रीयता थियो। तर मैले जानेका थिए, परमेश्वरको प्रेम प्रकटीकरण हुन्छ, जब हामी उनीहरू बीच पुगी येशू प्रभुले झैं उनीहरूको भलाइ र उपकार चाहन्छौं। उहाँले क्रूशमा जानु भएका कुराको अनुभव गर्नु भएन। उहाँले भन्नुभयो, ''पिता, केही कारणहरू छ भने, त्यस्तै होस्। मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा होस्। येशूले हाम्रा भलाइ र उपकार खोज्नु भयो, उहाँले जे सुकै अनुभव गरे पनि।

एकदिन मैले रोमानियनबाट टेलिफोन खबर पाएँ। तिनीहरू शोकमा थिए। तिनीहरू अमेरिकामा साढ़े सात वर्षसम्म बसोबासो गरेका थिए। तिनीहरू अब कान्सासमा बसोबासो गरी कामहरू गर्न लागे। तिनीहरूले भने, अब हामीहरूले सरकारबाट अन्तमा शरणार्थी पत्रहरू पायौं। तिनीहरूले तीस दिनभित्रमा अपील पत्र बुझाउनु पर्नेछ, त्यसपछि निवार्सित हुनेछ। त्यहाँ साधारण रूपमा दुइ अथवा पाँच प्रतिशत मात्र यो देशमा राजनैतिक शरण पाउने मौका थियो। तिनीहरू रोमानियन वकीलकहाँ गए। उसले साधारण रूपमा भने, तिनीहरूले शरण पाउने कुनै अवसर छैन। मैले तिनीहरूलाई भने, हामी प्रार्थना गर्नेछौ, अनि उनीहरूलाई सहायता गर्नेछौं। कसरी? मैले जानिन। मैले

संझे, यो अति नै ठूलो अन्याय हुनेछ – तिनीहरूलाई फर्काइयो भने। विशेषत तिनीहरूका नानीहरूमाझ रोमानियन भाषा शून्य भएका थिए।

मेरा एकजना मित्र कोलोराडोका कांग्रेसी थिए, उनले भने सांसद सामब्राउनवेग, कान्साससँग सम्पर्क गर्नुहोस्। किनभने अहिले रोमानियनहरू कान्सासमा बस्थे। यो मेरो लागि असल भयो, मेरो एकजना साथी कीम सांसद ब्राउनवेगसँग चाकरी गर्थे। मैले कीमलाई सम्पर्क गरे। उनले चार व्यक्तिहरू जो वाशिन्टन डी. सी. कहाँ यी विषयहरूमा कार्य गर्थे। सबलेटी, कान्सासका समुदायले आफ्ना हस्ताक्षर गरी रोमनियनहरूका पक्षमा तिनीहरूलाई हामी चाहन्छौ। तिनीहरू असल व्यक्तिहरू छन्, तिरोहरू तिर्छन्, परिश्रमी छन् यिनीहरू यही बसोबासो गरेको हामी चाहन्छौ भन्ने अर्जी पत्र चढ़ाए। तब के भयो भन्ने समाचार पत्रमा प्रकाशित भयो। यो एउटा आश्चर्य कर्म थियो। तब हाम्रा सरकारका वरिष्ठ अधिकारीहरूले के भइरहेको छ भन्ने बुझें। तब रोमानियनहरूले पत्र पाए। सरकारको आदेश परिवर्तन भएको थियो। तब तिनीहरू अमेरिकामा बस्ने अनुमति प्राप्त गरे।

म सबलेटी, कन्सासमा गएँ। म त्यहाँ आइरहेको छु, मेरा साथीलाई थाह थिएन। जब म त्यहाँ गएँ – तिनीहरू टेलिफोनमा बातचीत गर्दै थिए – सांसद ब्राउनवेकलाई तिनीहरूलाई राजनैतिक शरण दिएकोमा धन्यवाद दिए। उनी व्यक्तिगत रूपमा त्यहाँ थिएनन्। किनभने त्यसदिन राष्ट्रपति क्लिनटनको दोषारोपणको फैसलाको अन्तिम दिन थियो। त्यहाँ क्यामारासहित 'ए बी सी' अनि 'एन बी सी' समाचारहरू थिए। झट्टै तिनीहरू मतिर आई मलाई अँगालो मारे। क्यामारा मतिर थिए। तिनीहरूले भने, तिमी को हौ? यी मानिसहरूलाई कसरी चिन्दछौं?'' मैले तिनीहरूलाई सबै कथा सुनाए। मैले कसरी तिनीहरूलाई भेटें, तिनीहरूको भलाइ र उपकार खोजें, जसरी मत्ती ७:१२ पद अनुसार परमेश्वर ख्रीष्टले भन्नु भएको थियो।

हामीहरू व्यायामशालामा गयौं, जहाँ सेतो, निलो रंगका बलुनहरू झुण्डिएको थियो। अनि देशभक्ति गीतहरू गाइरहेको थियो। जब मेरा साथी आउनुभयो, सबैजना चित्कार गर्न लागे, रून थाले। शहरका मेयरले भने, ''आज फरवरी १२ तारीख जुकन परिवारको जन्मदिन हो, यी रोमानियमहरूको आदर दिन हो। तिनीहरूले अमेरिकन राष्ट्रीय झण्डालाई उठाए। जुन चाहिँ सेनिटरले वाशिङ्टन राजधानी डी सी मा फर्काएका थिए। तिनीहरूको सन्मानकालागि प्रदान गरे। उनले तिनीहरूलाई प्रमाण पत्र पनि दिए। जो अब जीवनभरि संवैधानिक रूपमा बस्ने अधिकार दिइयो। तिनीहरूलाई अझ प्रमाण पत्र दिए, अनि मलाई प्रार्थना गर्न निवेदन गरे। मैले भने, ''यहाँ एकजना व्यक्ति छ, जो हामीहरूले धन्यवाद आजसम्म पनि दिएका छैनौं। त्यो व्यक्ति परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ। कोलोराडोको स्प्रीङ सी. ओ. मा आजभन्दा साढ़े सातवर्ष अघि मैले परमेश्वरसँग भनिरहेको थिए – मैले त्यसदिनमा परमेश्वरको प्रेमलाई कसैलाई साझा गर्नु र यी रोमानियनहरूलाई डोहोऱ्याउनु भयो। मैले त्यही कथालाई दोहोऱ्याएँ अनि भने, ''परमेश्वरले तपाईलाई सहयोग दिन चाहनु हुन्छ – अमेरिकामा स्वागत छ।''

यी सबै आश्चयकर्म भयो। मैले थाह पाएँ – ठीक व्यक्तिहरू ठीक ठाउँहरूमा अनि ठीक समयमा भयो। मेरा साथी कीमले एन्ड्र वुकमेक सेवकाइमा यी सबै घटनाहरू हुनभन्दा पूर्व सांसद ब्राउनवेगलाई आउनलाई प्रबन्ध गरेकी थिईन। उनले भनिन् ''तपाईंले डन क्रोलाई भेट्न आवश्यक छ।'' किन? मैले केही पनि जानिन, म अति नै बेचैन भए। मैले केही मात्र जानेको थिए – परमेश्वरले ती परिवारलाई सहयोग दिन मिलाइदिनु भएको थियो। उ आफैमा तथा आफ्नो प्रेममा प्रकट हुनुभयो – केवल ख्रीष्टको आज्ञाको कारण थियो। अरूको लागि तपाई के गर्न चाहनुहुन्छ – तपाईले गर्नुहोस्। यो आश्चर्यकर्म थियो। तिनीहरूले कहिल्यै पनि भुलेनन्। तिनीहरूले आज पनि भन्छन्, यी सबै कारण परमेश्वरबाट भएको हो। अन्का एक रोमानियन स्त्रीले भनिन्, ''मेरा विश्वास तलमाथि भयो, तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले हामीलाई संयुक्तराष्ट्र अमेरिकामा बस्ने अवसर दिनुभयो।''

आज धेरै मानिसहरू प्रेमको लागि चिच्याइरहेका छन्। एउटै उपाय छ तिनीहरूले प्राप्त गर्नेछन् — जब तपाईं र मैले निर्णय गरी परमेश्वरको प्रेमको सिद्धान्तलाई बुझ्न्छौ। प्रेम दयालु हुन्छ, अरूको भलाइ खोज्दछ — जसरी खीष्टले हाम्रा भलाइका लागि क्रूसमा जानुभयो। परमेश्वरले तपाईंलाई आशिष आज दिनुहुन्छ, जब हामीले यस सिद्धान्तलाई हेर्छौं। जब हामीले वास्तवमा परमेश्वरको प्रेमलाई प्रेम गर्छौं।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | मत्ती ७:१२ पद पढ्नुहोस्।<br>तपाईंले आफ्नै शब्दहरूमा भन्नुहोस् —<br>कुन सुनौलो नियम हो? | मत्ती ७:१२<br>''यसकारण मानिसहरूले तिमीहरूलाई जे जसो गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई त्यसै गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षा हुन्। |
| २. | प्रेमलाई प्राप्त गर्नुलाई धेरै मानिसहरूलाई ठीक व्यक्तिलाई खोज्दछन्। के तपाईं पनि ठीक व्यक्तिलाई खोज्नु अथवा ठीक व्यक्ति बनिनु हुन्छ? | १ यूहन्ना ५:३ ''किनभने हामीले उहाँका आज्ञा पालन गर्नु नै परमेश्वरप्रति प्रेम हो, र उहाँका आज्ञाहरू कड़ा छैनन्।'' |
| ३.<br><br><br><br>४. | १ यूहन्ना ३:१८ पढ्नुहोस्।<br>के प्रेम भावना मात्र हो, अथवा प्रेम<br>चाहिँ केही गर्नु हो?<br><br>१ यूहन्ना ३:१८ पढ्नुहोस्।<br>यदि तपाईंले आफ्ना पति/पत्नीलाई भन्नुहुन्छ म तिमीलाई प्रेम गर्छु। तर गइवरी व्यभिचार गर्नु हुन्छ।<br>के तपाईंका पति/पत्नीले तपाईंको वचन वा काममा विश्वास गर्नुहुन्छ? | १ यूहन्ना ३:१८ ''हे मेरा साना केटाकेटी हो, वचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं।'' |
| ५. | रोमी ५:६—८ पढ्नुहोस्<br>के मेरा प्रभुले मृत्यु मात्रलाई अनुभव गर्नुभयो? | रोमी ५:६—८<br>''किनकि हामी कमजोर छँदा खीष्ट भक्तिहीनहरूका निम्ति ठीक समयमा मर्नुभयो। किनभने भक्त कसैले आफ्ना मानिसको निम्ति ज्यान देला, असल मानिसको निम्ति कसैले मर्ने आँट गरिहाल्ला। तर परमेश्वरले हामीतर्फको उहाँको आफ्नो प्रेम उहाँमा यसैमा प्रमाणित गर्नुहुन्छ कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो। |
| ६. | गलाती ५:२२ पढ्नुहोस्<br>के हामीले जीवनमा परमेश्वरलाई केन्द्रित बनाएनौ भने प्रेम गर्न सक्छौ? | गलाती ५:२२ ''तर आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता हुन्। |
| ७. | १यूहन्ना ४:८ पढ्नुहोस्। यो कारण हो कि हामी अरूलाई साँचो प्रेम गर्नलाई परमेश्वरको सहायता चाहिन्छ। किनभने उहाँमात्र हुनुहन्छ, जो —— हो। | १ यूहन्ना ४:८<br>''प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।'' |
| ८. | १कोरिन्थी १३:५ पढ्नुहोस्।<br>यी शब्दहरू छान्नुहोस् जो प्रेम शब्दमा प्रयोग भएको छैन — निष्ठुर स्वार्थी अनि अक्षमाशील। | १ कोरिन्थी १३:५<br>आफै बेकाइदासाथ चल्दैन, आफ्नै भलाइ खोज्दैन, रिसाउँदैन। खराबीको वास्ता गर्दैन। |

| | | |
|---|---|---|
| ९. | १ कोरिन्थी १३:८ पढ्नुहोस्।<br>तपाईंले यस जीवनमा अर्को जीवनमा, तथा चिहानसम्मको जीवनमा कुन कुरा लैजानु हुन्छ? | १कोरिन्थी १३:८ ''प्रेम कहिल्यै टल्दैन, तर चाहे अगमवाणीहरू होऊन्, ती टली जान्छन्, चाहिँ भाषाहरू होऊन् ती बन्द हुन्छन्।'' |
| १०. | हितोपदेश १०:१२ अनि १ को. १३:५ मा पढ्नुहोस्।<br>''प्रेमले कुनै दोषहरूलाई हेर्नुहुन्न।'' प्रेमले कति पापहरूलाई मेटिदिन्छ? | हितोपदेश १०:१२ ''घृणाले सधैँ झगड़ा उत्पन्न गराउँछ, तर प्रेमले (परमप्रभु) चाहिँ कुनै दोषलाई हेर्नु हुन्न। |

## उत्तर–व्याख्या

१. प्रश्न : मत्ती ७:१२ पढ्नुहोस्।
तपाईंले आफ्नै शब्दहरू भन्नुहोस्। कुन सुनौलो नियम हो?
उत्तर : तपाईले अरूहरूबाट जे जसो गरून् भनी तपाईं चाहनुहुन्छ, तपाईंले पनि अरूहरूलाई त्यसै गर्नुहोस्।

२. प्रश्न : प्रेमलाई प्राप्त गर्नुलाई धेरै मानिसहरूले ठीक व्यक्तिलाई खोज्दछन्। के तपाईं पनि ठीक व्यक्तिलाई खोज्नु अथवा ठीक व्यक्ति बनिनु हुन्छ?
उत्तर : ठीक व्यक्ति बनिनु।

३. प्रश्न : १ यूहन्ना ३:१२ पढ्नुहोस्।
के प्रेम भावना मात्र हो, अथवा प्रेम चाहिँ केही गर्नु हो?
उत्तर : तपाईंको कार्यहरू शब्दहरूभन्दा कार्यहरू नै जोड़ले बोल्छन्।

४. प्रश्न : १ यूहन्ना ३:१८ पढ्नुहोस्। यदि तपाईंले आफ्ना पति/पत्नीलाई भन्नुहुन्छ 'म तिमीलाई प्रेम गर्छु।' तर गइवरी व्यभिचार गर्नुहुन्छ। के तपाईंका पति/पत्नीले तपाईंको वचन वा काममा विश्वास गर्नुहुन्छ?
उत्तर : विश्वास गर्दैन।

५. प्रश्न : रोमी ५:६–८ पढ्नुहोस्। के येशू प्रभुले मृत्यु मात्रलाई अनुभव गर्नुभयो?
उत्तर : होइन उहाँले केही पनि पर्वाह नगरी हाम्रो लागि भलाइ र फायदाहरू खोज्नु भयो।

६. प्रश्न : गलाती ५:२२ पढ्नुहोस्।
के हामीले जीवनमा परमेश्वरलाई केन्द्रित बनाएनौ भने प्रेम गर्न सक्छौ?
उत्तर : सक्दैनौं।

७. प्रश्न : १ यूहन्ना ४:८ पढ्नुहोस्।
यो के कारण हो, कि हामी अरूहरूलाई साँचो प्रेम गर्नलाई परमेश्वरको सहायता चाहिन्छ।
किनभने उहाँ  मात्र हुनुहुन्छ जो – हो।
उत्तर : प्रेम।

८. प्रश्न : १ कोरिन्थी १३:५ पढ्नुहोस्।

यी शब्दहरू छान्नुहोस्, जो प्रेम शब्दमा प्रयोग भएको छैन –।

निष्ठुर स्वार्थी अनि अक्षमाशील।

उत्तर : यी सबै शब्दहरू (निष्ठुर, स्वार्थी, अक्षमाशील) वर्णन गरिएकाहरूमा जसमा प्रेम छैन।

९. प्रश्न : १ कोरिन्थी १३:८ पढ्नुहोस्।

तपाईंले यस जीवनमा, अर्को जीवनमा तथा चिहानसम्मको जीवनमा कुन कुरा लैजानु हुन्छ?

उत्तर : प्रेम, अनन्तसम्म रहन्छ।

१०. प्रश्न : हतोपदेश १०:१२ अनि १ को. १३:५ मा पढ्नुहोस्।

''प्रेमले कुनै दोषहरूलाई हेर्नुहुन्न।' प्रेमले कति पापहरूलाई मेटिदिन्छ?

उत्तर : सबै पापहरूलाई।

# स्तर – २
# पाठ – १४
# अर्थ व्यवस्था – भाग १
## एन्ड्रू वॉमक

येशूले तपाईंलाई धनमा पनि सफल भएको चाहनुहुन्छ। यो प्रत्येकको लागि एकदमै मुख्य विषय हो। जीवन व्यतित गर्नलाई धन चाहिन्छ, हाम्रो आवश्यक पूर्ण गर्नलाई पनि रूपियाँ चाहिन्छ। अरूलाई आशिष पुऱ्याउनलाई पनि चाहिन्छ। परमेश्वरले यस क्षेत्रमा पनि हामीलाई त्याग्नु भएको छैन। उहाँले भन्नुभएको छ, ''म तिम्रो आत्मिक क्षेत्रलाई याद गर्छु, तर तिम्रो आर्थिक अंशलाई वास्ता गर्दिन। यो तिम्रो आफ्नै हो। होइन। उहाँले तपाईंको आत्मा, प्राण र शरीरलाई प्रेम गर्नु हुन्छ। तपाईंको लागि सबै निर्माण गरिदिनु भएको छ। धेरै मानिसहरूले यस विषयलाई केही थाह गरेका छन्, तर धर्मले यसको प्रशस्तपनप्रति विरोध जनाएको छ।

परमेश्वरको वचनले लोभको विरोधमा धेरै प्रकारले शिक्षा दिएको छ। अर्को सरल र स्पष्ट रूपमा धन चाहिँ आशिष भनेको छ। ३ ३ यूहन्ना २ मा प्रेरित यूहन्नाले भनेका छन्, ''हे प्रिय जसरी तिम्रो आत्माको उन्नति भएको छ, त्यसरी सबै कुरामा तिम्रो उन्नति होस्, र कुशल रह भनी म प्रार्थना गर्छु।'' यो कति प्रबल भनाइहरू थियो। यूहन्नाले भनेका छन् – सबै कुरामा उनको भनाइ थियो – चंगाइ, भावनाहरू, सम्बन्धहरूमा तथा धनहरूमा। परमेश्वरले तपाईंलाई सफल, स्वास्थ्य अनि अरू थोकहरूमा सफल चाहनुहुन्छ। तपाईं आत्मा, शरीर एंव प्राणमा सफल भएको चाहनुहुन्छ। यही उहाँको इच्छा हो।

धेरै धार्मिक मानिसहरूले वास्तवमा भन्छन्, परमेश्वरले तपाईंलाई गरीब भएको चाहनुहुन्छ। गरीब हुनु नै ईश्वरीय थोक हुन्। तपाई जति गरीब हुनुहुन्छ उति धार्मिक तपाईं हुनुहुन्छ। म यस्तै प्रकारका विचारमा हुर्केको थिए। प्रचारकहरूमा धेरै प्रशस्तपन हुनु हुँदैन। ईसाईहरू ती व्यक्तिहरू हुन् – केही नभईकन कार्य गर्नु आवश्यक छ। यी विषयहरूले वास्तविक रूपमा बाइबललाई सिद्ध गर्दैन। अब्राहाम त्यस समयमा एक नामी धनी व्यक्ति थिए। तिनलाई राजाहरूले भनेका थिए – त्यहाँबाट जाने आदेश दिएका थिए – किनकि तिनको धन–दौलतले देशको अर्थ व्यवस्थालाई प्रभाव पारेको थियो। उसरी नै इसहाक, याकूब, यूसुफहरू प्रशस्त सफल व्यक्तिहरू थिए अनि प्रचुर मात्रामा थिए। दाऊदले आफ्ना व्यक्तिगत खजानाबाट प्रायः २.५ विलियन डलर लागतका सून र चाँदी परमेश्वरलाई मन्दिर निर्माण गर्न दिएका थिए। दाऊदका छोरा सुलेमान अहिलेसम्मको संसारमा एक धनी व्यक्ति थिए जो अरू कोही थिएन। जब हामी हेर्छौं, ती आत्मिक व्यक्तिहरू जसले वास्तविक रूपमा परमेश्वरका सेवा गर्छन्, उनीहरू आर्थिक रूपमा आशीषमय भएका छन्।

ती व्यक्तिहरूका उदाहरण छन् – जो धनविनानै धेरै संघर्ष गरे। पावलले फिलिप्पी ४:१३ मा लेखेका छन् – उसले ख्रीष्टमा सबै कुरा गर्न सक्छन्। अनि जुनसुकै परिस्थितिमा पनि उ त्यसैमा सन्तुष्ट रहन सिकेका थिए। उ घट्न पनि जान्दथे, बढ्न पनि जान्दथे। त्यस्ता समयहरू थिए, जब परमेश्वरका दास दुःख र संकष्टहरूमा पनि हिँड्न सकेका थिए। तर बाइबलमा हामीले पाउन सक्दैनौं, तपाईं गरीब हुनुहुन्छ अनि तपाई अति नै धर्मी हुनुहन्छ। यो सत्य होइन। तपाईं बाहिर गइ सड्कमा हेर्नुहोस् – यहाँ प्रमाण सिद्ध गर्नु सक्नुहुन्न। यहाँ सत्यता पाइन्छ – लोभ गर्नु भूल हो। १ तिमोथी ६:१० मा छ, ''किनभने रूपियाँ पैसाको प्रेम नै सबै किसिमको खराबीको जरा हो, जसको पछि लाग्ने कुनै कुनै विश्वासबाट कुमार्गमा तर्केका हुन्छन्। कति मानिसहरूले भन्छन् रूपियाँ पैसाको लोभ नै खराबीको जरा हो। यहाँ मानिसहरू जो रूपियाँ पैसाको लोभ गर्छन्, उनीहरूमा दशांश पनि हुँदैनन्, तर कतिपय मानिसहरूमा धेरै रूपियाँ पैसा छन् – तर तिनीहरूले प्रेम गर्दैनन्। तिनीहरू केवल चलाउँछन् मात्र।

व्यवस्था विवरणमा अध्याय ८:१८ मा आर्थिक सफलताको साँचो उद्धेश्य देखाइएको छ। परमेश्वरले ती इस्राएलीहरू जो प्रतिज्ञाको देशमा पस्नै लागेको बेलामा, जो अब धन सम्पत्तिको अनुभव गर्न लागेका थिए। जो उनीहरूले पहिला अनुभव गरेका थिएनन् — लाई भन्नुभयो, ''तर परमप्रभु हाम्रा परमेश्वरलाई सम्झ, किनकि उहाँले नै तिमीहरूलाई धन—सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ। उहाँले तिमीहरूका पुर्खाहरूसति बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छँदैछ। ''बाइबलका यस पदले बताउँछ कि आफ्ना स्वार्थका लागि प्रशस्त थोकहरू आफ्नै लागि होइन, तर परमेश्वरका करारहरू यस पृथ्वीमा स्थापित गर्नु हो। अर्को शब्दमा छ परमेश्वरले तपाईंलाई आशिष दिनुहुनेछ, जो तपाईंमा आशिषहरू फर्केर आउनेछन्। उत्पति १२:२ मा अब्राहामलाई परमेश्वरले भन्नुभयो, ''म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु। म तँलाई आशिष दिनेछु, र तेरो नाउँ प्रसिद्ध गराउनेछु। तँ आशिषको मूल भइस्।'' अरूलाई आशिष पुऱ्याउनभन्दा पहिला आफै आशिषित हुनपर्छ।

तपाईंलाई कुनै वस्तुहरू तथा आवश्यक्ताहरूको खाँचो हुन्छ। परमेश्वरले ती सबै आवश्यक्ताहरू पुऱ्याउनुहुन्छ। तर यो स्वार्थबाट पर जानुपर्छ। २ कोरिन्थी ९:८ मा छ ''किनभने सबै कुरामा हर समय तिमीहरू प्रशस्त भएर प्रत्येक असल काममा भरपुरी भई बढ्दै जाओ'' भनेर परमेश्वरले तिमीहरूलाई सबै अनुग्रह प्रशस्त गरी दिनु सक्नुहुन्छ।'' यहाँ बताएको छ, किन परमेश्वरले तपाईंलाई प्रशस्त बनाउनु हुन्छ। प्रशस्तपन के हो? यसको अर्थ सुन्दर भवन, सुन्दर वाहन, दामी लुगाहरू अनि टेबलभरि खानाहरू? यो पद अनुसार तपाईंको खाँचामा भरपुरी प्राप्त गर्नु, अति असल कार्यका लागि भरपुरी हुनु हो। यदि तपाईंले अनुभव गरे झैं दिनुहुन्न, परमेश्वरले तपाईंको हृदयलाई स्पर्श गर्नुहुन्छ। यदि तपाई अरूको लागि आशीषको कारण बन्न चाहनुहुन्छ, तर असमर्थ हुनुहुन्छ, तपाईं बाइबलले बताए झैं आर्थिक रूपमा तपाईं असफल हुनुहुन्छ। परमेश्वरले आशीष दिनुहुनेछ — तपाईंको खाँचो स्तरमा, अनि असल कामको लागि प्रशस्त हुनुहुनेछ।

बाइबलीय प्रशस्तता केवल तपाईंको आवश्यक्तालाई मात्र पूरा गर्ने होइन, तपाईं अरूको निम्ति पनि आशीषीत हुनुपर्छ। ती व्यक्तिहरू केवल आफैलाई मात्र विचार्छन्— उनीहरू वास्तवमा स्वार्थीहरू हुन्। यदि कसैले भन्छन्, 'म प्रशस्तताको परमेश्वरमा विश्वास गर्छु। अरूहरूले सम्झन्छन् तिनीहरू लोभी अथवा स्वार्थी हुन्। तर उद्देश्यमाथि निर्भर गर्छ। यदि तपाईंले परमेश्वरसँग धेरै कुराहरू माँग्नु भयो। तपाईले विश्वााल भवन, असल वाहन पाउनुभयो, यी उचित बाइबलीय धारणा होइन। तर यदि तपाईं परमेश्वरलाई विश्वास गरी आफूले चाहेका आवश्यक्ताभन्दा अरूलाई आशीष पुऱ्याउनु माँग्नु हुन्छ भने उहाँले दिनुहुन्छ। तपाईं सफल भएको चाहनुहुन्छ। तपाई सफल भएको उहाँको इच्छा छ।

मत्ती ६ अध्यायमा भनिएको छ — यदि हामीहरूले पहिला परमेश्वरको राज्य र धार्मिकतालाई खोज्छौं, परमेश्वरले हामीलाई सबै कुराहरू थपिदिनु हुनेछ। यदि हामीले परमेश्वरलाई प्रथम राख्छौं, उहाँले सबै थोकहरू थपिदिनुहुन्छ। तपाईंका सबै आवश्यक्ताहरू पुऱ्याउनु हुनेछ। तपाई अरूको लागि पनि आशीषका कारण हुनेछ। परमेश्वरले तपाईंलाई सफल बनाउनु हुनेछ। यस क्षेत्रमा तपाईंको उद्देश्यमाथि निर्भर गर्दछ ।

तपाईंको लागि प्रार्थना गर्दछु। यो तपाईंको लागि चुनौति हो। उहाँको उत्तम वस्तुको लागि परमेश्वरमा विश्वास गर्नुहोस्। यो चाहिँ तपाईंको उन्नति हो।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| १. | २ कोरिन्थी ८:७—८ पढ्नुहोस्।<br>जब तपाईंले अरूको खाँचोमा दिनुहुन्छ तपाईंले एक तरिकाले के प्रमाणित गर्नुहुन्छ? | २ कोरिन्थी ८:७—८<br>''तर जसरी सबै कुरामा तिमीहरू प्रशस्त भइरहेछौ, त्यसरी विश्वासमा बोली वचनमा, |

| | | |
|---|---|---|
| | | ज्ञानमा, सब उत्साहमा, र हामीप्रतिको तिमीहरूको प्रेममा र तिमीहरू यस शुभ काममा पनि प्रशस्त होओ। आज्ञाको रूपमा ता होइन, तर अरूहरूको उत्साहद्वारा तिमीहरूको प्रेमको सत्यता पनि जाँच गरेर म बोल्दछु।'' |
| २. | २ कोरिन्थी ८:१३ मा पढ़नुहोस्। जब दिनका लागि सबैजना भेला हुन्छन्, परमेश्वरले कुन प्रकारको के चाहनुहुन्छ? | २ कोरिन्थी ८:१३–१४<br>''किनभने अरूहरूलाई सुबिस्ता र तिमीहरूलाई चाहिँ दु:ख होस् भनेर म यो भन्दिन्। तर समानताको विचारले, यस वर्तमान समयमा तिमीहरूका बढ़ती तिनीहरूका अभावको निम्ति होस् र सबैमा समानता होस्।'' |
| ३. | २ कोरिन्थी ८:१३–१४ मा पढ़नुहोस्।<br>कसरी सबैजनाको खाँचोलाई पूर्ण गर्न सकिन्छ? | |
| ४. | एफिसी ४:२२ पढ़नुहोस्।<br>त्यो व्यक्ति जो चोर छ, अब उप्रान्त नचोरोस्। बरू त्यसले परिश्रम गरी आफ्नो जीविकालाई चलाओस्।<br>एफिसी ४:२८ बमोजिम उसले अझ के गर्न आवश्यक छ? | **एफिसी ४:२८**<br>''बरू त्यसले परिश्रम गरोस्, जे असल छ, सो आफ्नै हातले काम गरेर दरकार पर्नेहरूलाई केही दिनलाई त्यससँग होस्।'' |
| ५. | उत्पति १३:२, अनि १२:२ पढ़नुहोस्।<br>परमेश्वरले धनसम्पत्ति सहित अब्राहामलाई विश्वास गरे। किनकि अब्राहामले आफैलाई मात्र सम्झेनन्। उनले अरूको ........ संझे। | उत्पति १३:२<br>''पाल्तु पशु सुन र चाँदी भएकाले अब्राम अति धनाढ्य थिए।<br>उ. १२:२ म तँबाट एउटा ठूलो जाति खड़ा गर्नेछु। म तँलाई आशीष दिनेछु, र तेरो नाउँ प्रसिद्ध गराउनेछु। |
| ६. | १ तिमोथी ६:१७–१८ पढ़नुहोस्।<br>धनीहरूले आफ्ना रूपियाँहरूबाट तीनवटा कुराहरू के गर्नुपर्छ? | १ तिमोथी ६:१७–१८<br>''यस वर्तमान संसारका धनीहरूलाई कड़ा आज्ञा देऊ, कि तिनीहरू घमण्डी नहोऊन्, र अनिश्चित सम्पत्तिमा होइन, तर हामीलाई सबै चीज प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि नै आशा गरून्। कि तिनीहरूले असल गरून्, तिनीहरू असल काममा उदारचित्त भएर धनवान होऊन्। बाँड़चुड़ गर्नामा तत्पर होऊन्। |
| ७. | के परमेश्वरले तपाईलाई रूपियाँ पैसामा विश्वास गर्नुहुन्छ? | |

# उत्तर–व्याख्या

१. प्रश्न : २ कोरिन्थी ८:७–८ पढ़नुहोस्।
जब तपाईंले अरूको खाँचोमा दिनुहुन्छ, तपाईंले यही तरिकाले के प्रमाणित गर्नु हुन्छ?
**उत्तर : यो तपाईंको प्रेम सत्य हो।**

२. प्रश्न : २ कोरिन्थी ८:१३ पढ़नुहोस्।
जब दिनाकालागि सबैजना भेला हुन्छन्, परमेश्वरले कुन प्रकारको के चाहनु हुन्छ?
**उत्तर : समानतामा, तिनीहरूले आफ्नो ल्याकत अनुसार निश्चय नै देऊन्।**

३. प्रश्न : २ कोरिन्थी ८:१३–१४ पढ़नुहोस्।
कसरी सबैजनाको खाँचोलाई पूर्ण गर्न सकिन्छ?
उत्तर : तपाईंले के दिन चाहनु हुन्छ, कहिले दिनु हुन्छ? बाट।

४. प्रश्न : एफिसी ४:२८ पढ़नुहोस्।
त्यो व्यक्ति जो चोर छ, अब उप्रान्त नचोरेर, बरू त्यसले परिश्रम गरी आफ्नो जीविकालाई चलाओस्। एफिसी ४:२८ बमोजिम उसले अझ के गर्न आवश्यक छ?
उत्तर : तिनीहरू जसलाई आवश्यक छ, ती गरीबहरूलाई देऊन्।

५. प्रश्न : उत्पत्ति १३:२ अनि १२:२ पढ़नुहोस्।
परमेश्वरले धनसम्पत्तिसहित अब्राहामलाई विश्वास गरे। किनकि अब्राहामले आफैलाई मात्र सम्झेनन्। उनले अरूको ................ सम्झे।
उत्तर : आशीष।

६. प्रश्न : १ तिमोथी ६:१७–१८ पढ़नुहोस्।
धनीहरूले आफ्ना रूपियाँबाट तीनवटा कुराहरू के गर्नुपर्छ?
उत्तर : असल गर्नुहोस्। खाँचोमा परेकाहरूलाई उदारतापूर्वक देऊ। परमेश्वरले जे दिनुभएको छ – एकाअर्कामा साझा गर्नुहोस्।

७. प्रश्न : के परमेश्वरले तपाईलाई रूपियाँ पैसामा विश्वास गर्नुहुन्छ?

# स्तर – २
# पाठ – १५
# अर्थ व्यवस्था – भाग २
## एन्ड्रू वॉमक

विगत पाठमा मैले व्याख्या गरेको थिएँ – परमेश्वरले तपाईलाई सम्पन्न भएको चाहनु हुन्छ। यो रहस्यहरू छ, यो कसरी कार्यमा हुन्छ। लूका ६:३८ मा छ, ''देओ, र तिमीहरूलाई दिइनेछ। पूरा नाप खाँदी बेसरी हल्लाएर पोखिने गरी तिमीहरूको पोल्टामा दिइनेछन्। किनकि जुन नापले तिमीहरू नाप्तछौं, त्यसरी तिमीहरूका निम्ति पनि नापिनेछ।'' यसमा धेरै सिद्धान्तहरू समावेश छन्। तर तपाईं सम्पन्नताको मात्र चर्चा गर्नुहुन्छ। दिने कुराका गर्नुहुन्न।

जब तपाईं आर्थिक सम्पन्नताको चर्चा गर्नुहुन्छ, धेरै मानिसहरूले भन्छन्, ''ठीकै छ, परमेश्वरले मलाई सम्पन्न बनाउनु हुन्छ, तर मसँग दिने केही पनि छैन। तपाईंले बाइबलमा हेर्नुहोस्। जहाँ येशूले त्यस विधवाको बारेमा भन्नुभयो। त्यस विधवाले भेटीमा दुइ माइट मात्र लगाइन। उहाँले हेरिरहनुभएको थियो – धनीहरूले धेरै रूपियाँहरू लगाए। तब उनले चेलाहरूलाई भन्नुभयो, त्यस विधवाले अरू सबैभन्दा अधिक दिइन। उहाँले भन्नुभयो, तिनीहरूले तिनीहरूका प्रशस्तपनले गर्दा दिए। तर उनले आफ्नो गरीबी अवस्थाबाट भेटी चढ़ाइन। परमेश्वरले तपाईंको उपहारको आकारलाई धनसँग दजाउनु हुन्न। तर तपाईंले दिनपर्ने प्रतिशतलाई हेर्नु हुन्छ? जब मानिसले भन्छन्, ''मसँग दिनलाई केही पनि छैन।'' यो सत्य होइन। यदि तपाईंसँग केही पनि छैन भने, तपाईंमा भएको एकटुक्रा लुगालाई लिनुहोस्, अनि दिनुहोस्। प्रत्येककोमा दिने केही हुन्छ। यो तर्कबाट यो कार्य गर्नुहोस्। तब तपाईंकोमा दिने केही वस्तु हुँदैन। यद्यपि समयमा तपाईंको केही सानो वस्तु; जब तपाईंले दिनुहुन्छ, अरू समयभन्दा यसको प्रतिशत महान हुनेछ। एकजना व्यक्तिले जसकोमा दश डलर थियो, उसले पाँच डलर दियो, यो उनको महान् भेटी थियो – जसकोमा मिलियन मिलियन डलर भएर पनि एक मिलियन डलर थियो। परमेश्वरको प्रबन्ध छ, प्रत्येक एक व्यक्तिले पनि दिन सक्छ।

परमेश्वरले दिनु भनी हामीहरूलाई किन भन्नुभयो? यस बारेमा धेरै विषयहरू संलग्न छन्। एउटा मुख्य उद्देश्यहरू छ – तपाईंको जीवनको प्रत्येक पक्षमा उहाँमाथि भरोसा गर्नु हो। यदि परमेश्वर हुनुहुन्न, तथा उहाँको वचन सत्य छैन भने, जब उहाँले भन्नुभयो, देऊ तिमीलाई दिइनेछ।'' यदि तपाईले आफूमा भएका हिस्सालाई लिईवरी नराम्रा थोकलाई तपाईंले दिनुहुन्न। यो मूर्ख काम तपाईंले कहिले पनि गर्नुहुन्न। मेरा खाँचोहरू सबै पूरा गरिदिनुहुन्छ भन्ने उद्देश्यबाट तपाईं अलग हुनु हुँदैछ। के तपाईंलाई आशिष दिनेछु भनी परमेश्वरले प्रतिज्ञा गर्नु भएको छैन र? परमेश्वरले प्रतिज्ञा गर्नुभएको विषयमा विश्वास गर्नुहोस्। उहाँले आज्ञा गर्नुभएको कामलाई तपाईंले पालन गर्नुपर्ने यही कारण हो।

लूका १६ अध्यायमा एउटा दृष्टान्त छ। एकजना भण्डारी थियो, जसले आफ्नो मालिकलाई छलिरहेको थियो। मालिकले अन्तमा बोलाई त्यसलाई भन्यो ''यदि तँ यदि तँ अधार्मिक सम्पत्ति (रूपियाँहरू) मा विश्वासी छैन भने साँचो धनहरूमा तँलाई कसले विश्वास गर्ने र? यदि तपाई सानो विषयहरू विशेषत: रूपियाँमा परमेश्वरप्रति विश्वास गर्नु हुन्न भने तपाई महत्वपूर्ण विषयहरू विशेषत: आत्मिक मूल्यहरू कसरी प्राप्त गर्नु हुन्छ? बाइबलले बताए अनुसार धन–सम्पत्ति सबैभन्दा सानो स्तरको भण्डारीपन हो। तपाईंले कसरी वास्तविक रूपमा येशू प्रभुले मेरा पापहरू क्षमा गर्नुभयो, अनि अनन्त जीवन स्वर्गमा बिताउनेछु भनी विश्वास गर्नु हुन्छ? आत्मिक विषयहरूमा हामी परमेश्वरप्रति विश्वास राख्छौं, जो तुलनामा धन दौलत भन्दा महत्वपूर्ण हो। धन दौलत सानो विषय हो। तर

परमेश्वरप्रति विश्वास शुरू गर्ने धरातल रेखा हो। हितोपदेश ११:२४ मा छ, ''कोही मानिसले उदार हातले दिन्छ, र अझ बढ़ी पाउँछ अर्कोले दिन सक्ने पनि दिँदैन, र दरिद्रतामा पर्छ।''

यदि तपाईंले पहिला उहाँको राज्य र धामिर्कता खोज्नुभयो भने, उहाँले तपाईंलाई सबै कुराहरू थपिदिनु हुनेछ। यदि तपाई आफ्नो आर्थिक व्यवस्थामा परमेश्वरको सहयोगको लागि भन्नुहुन्छ भने, अनि उहाँको सहयोगको लागि प्रार्थना गर्नुहुन्छ भने, तर पहिला परमेश्वरको राज्यलाई खोज्नुहुन्न भने, तपाईंले विश्वासको पाइलालाई सार्नु भएको छैन। उहाँलाई विश्वास गर्नुभएको छैन। तपाईंले धन सम्पत्तिले विश्वास गर्नु भएको छैन, उहाँलाई दिनु भएको छैन। यसैले तपाईंले साँचो रूपमा उहाँलाई विश्वास गर्नु भएको छैन।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | यूहन्ना ३:१६ पढ़नुहोस्।<br>परमेश्वरले के दिनुहुने अभिप्राय छ? | यूहन्ना ३:१६<br>''किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।'' |
| २. | १कोरिन्थी १३:३ पढ़नुहोस्।<br>हाम्रो दिने अभिप्राय पछि के आवश्यक छ? | १ कोरिन्थी १३:३<br>''यदि मैले आफ्ना सारा सम्पत्ति गरीबहरूलाई खुवाउनलाई दिएँ, र मेरो शरीर जलाइदिएँ, तर मसित प्रेम छैन भने, मलाई केही पनि लाभ हुँदैन।'' |
| ३. | याकूब २:१५—१६ पढ़नुहोस्।<br>यी पदहरूका व्याख्या गर्नुहोस्। | याकूब २:१५—१६<br>''यदि कोही भाइ वा बहिनी झुत्रे—झाम्रे छ, त्यसलाई दिनहुँको खानालाई अपुग छ, र तिमीहरूमध्ये कसैले तिनीहरूलाई ''शान्तिसित जाओ, तातो भएर पेटभरि खाओ भनेर मात्र भन्दछ तर त्यसको शरीरलाई चाहिने कुराहरू चाहिँ तिमीहरू दिदैंनौ भने यसबाट के लाभ छ र?'' |
| ४. | लूका ६:३८ पढ़नुहोस्।<br>यस पदले तपाईंलाई के भनेको छ? | लूका ६:३८<br>''देऊ, र तिमीहरूलाई दिइनेछ। पूरा नाप खाँदी खाँदी बेसरी हल्लाएर पोखिने गरी तिमीहरूको पोल्टामा दिनेछन्। किनकि जुन नापले तिमीहरू नाप्तछौ, त्यसरी तिमीहरूका निम्ति पनि नापिनेछ।'' |
| ५. | एफिसी १:७ पढ़नुहोस्।<br>के परमेश्वरले हामीलाई उहाँका धनहरूबाट तथा उहाँका धनहरू अनुसार दिनुहुन्छ? | एफिसी १:७<br>''जसमा हामीलाई उहाँको रगतबाट उद्धार अर्थात उहाँको अनुग्रहको धन अनुसार अपराधहरूको क्षमा हुन्छ।'' |
| ६. | हितोपदेश १९:१७ पढ़नुहोस्।<br>जब तपाईंले गरीबहरूलाई दिनुहुन्छ, तपाईंले के गरिरहनु भएको छ? | हितोपदेश १९:१७<br>''उदार चित्तले गरीबलाई जो दिन्छ, त्यसले परमेश्वरलाई दिन्छ, उहाँले त्यसलाई भरिपूर्ण प्रतिफल दिनुहुन्छ।'' |
| ७. | भजनसंग्रह ४१:१—३ पढ़नुहोस्। जब तपाईंले गरीबहरूलाई दिनुहुन्छ, उको जीवनमा परमेश्वरले पाँचवटा कुराहरू गर्नुहुन्छ। ती पाँचवटा कुराहरू बताउनुहोस्। | भजनसंग्रह ४१:१—३<br>''त्यो धन्यको हो, जसले निर्धाहरूको चिन्ता गर्दछ। परमप्रभुले त्यसलाई विपत्तिको दिनमा छुटकारा दिनुहुनेछ। परमप्रभुले त्यसलाई रक्षा गरेर जीवित राख्नु हुनेछ। र त्यो पृथ्वीमा आर्शीवादी हुनेछ। तपाईंले त्यसलाई रक्षा गरेर जीवित |

| | | |
|---|---|---|
| | | राख्नुहुनेछ, र त्यो पृथ्वीमा आर्शीवादी हुनेछ। तपाईंले त्यसलाई त्यसका शत्रुहरूको इच्छामा नछोड्नुहोस्। परमप्रभुले त्यसलाई त्यसको बिरामी अवस्थामा पलङैमा सम्हाल्नु हुन्छ। त्यसलाई रोग लाग्दा तपाईंले त्यसको ओछयान बनाइदिनुहुन्छ।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : यूहन्ना ३:१६ पढ्नुहोस्।
परमेश्वरको के दिनु हुने अभिप्राय छ?
उत्तर : उहाँको प्रेम।

२. प्रश्न : १ कोरिन्थी १३:३ पढ्नुहोस्।
हाम्रो दिने अभिप्रायपछि के आवश्यक छ?
उत्तर : प्रेम केही पनि नसोची अरूको भलाइ र फायदा खोज्नु (मत्ती ७:१२) ।

३. प्रश्न : याकूब २:१५–१६ पढ्नुहोस्।
यो पदहरूका व्याख्या गर्नुहोस्।
उत्तर : ९५ प्रतिशत सबै प्रेम शब्दरहित हुन्छन्। यो हामीले बोलेकामा होइन, तर काममा हुन्छन्।

४. प्रश्न : लूका ६:३८ पढ्नुहोस्।
यस पदले तपाईंलाई के भनेको छ?
उत्तर : जुन नापले तपाईंले नाप्नु हुन्छ (धेरै वा कम्ति) त्यही नापले तपाईंलाई पनि नापी दिइने छ।

५. प्रश्न : एफिसी १:७ पढ्नुहोस्।
के परमेश्वरले हामीहरूलाई उहाँको धनहरूबाट तथा उहाँको धनहरू अनुसार दिनुहुन्छ?
उत्तर : उहाँको धनहरू अनुसार। हामीलाई छुटकारा दिनलाई सबै कुरा हामीलाई दिनु भयो। उहाँको एक्लो पुत्रलाई पनि दिनुभयो।

६. प्रश्न : हितोपदेश १९:१७ पढ्नुहोस्।
जब तपाईंले गरीबहरूलाई दिनु हुन्छ तपाईंले के गरिरहनु भएको छ?
उत्तर : परमेश्वरलाई दिइरहनु भएको छ। के तपाईंले फेरि पाउनुहुनेछ? उत्तर : हजूर।

७. भजनसंग्रह ४१: १–३पढ्नुहोस्।
जब तपाईंले गरीबहरूलाई दिनुहुन्छ, उसको जीवनमा परमेश्वरले पाँचवटा कुराहरू गर्नुहुन्छ। ती पाँचवटा कुराहरू बताउनुहोस्।
उत्तर : परमप्रभुले त्यसलाई विपत्तिको दिनमा छुटकारा दिनुहुनेछ। उसलाई रक्षा गर्नु हुनेछ। उसलाई सम्पन्न बनाउनु हुनेछ। उसलाई शत्रुहरूबाट छुटकारा दिनुहुनेछ। उसलाई चंगाइ दिनुहुनेछ – उसलाई स्वास्थ्यका लागि सम्हाल्नु हुनेछ।

# स्तर – २

# पाठ – १६

# जब तपाईंका प्रार्थनाहरू उत्तरहीन भए, तपाईं के गर्नुहुन्छ?

एन्ड्रू वॉमक

म तपाईंसँग बाँड़चुड़ गर्न चाहन्छु कि जब तपाईंका प्रार्थनाहरू उत्तरविहिन देखा पर्‍यो भने तपाईं के गर्न चाहनु हुन्छ? म यस विषयमा जोड़ दिन चाहन्छु कि तपाईंका प्रार्थनाहरू ''उत्तरहीन'' देखा परेको छ। यो सत्य हो कि विश्वाससहित उहाँको वचनमा परमेश्वरले सबै प्रार्थनाको उत्तर दिनुहुन्छ। १ यूहन्ना ५:१४–१५ मा छ, ''औ उहाँमा भएको हाम्रो हिम्मत यही हो, कि उहाँको इच्छा बमोजिम हामीले उहाँसँग  जे कुरा मागे पनि उहाँले हाम्रो बिन्ती सुन्नुहुन्छ। औ हामीले जे सुकैकुरा मागे पनि उहाँले सुन्नु हुन्छ, भन्ने हामीले थाह  भएपछि उहाँसँग मागेका कुरा हामीले पाएकाछौं भन्ने हामीलाई थाह हुन्छ।'' यो हाम्रो लागि प्रशस्तै भरोसा हो। परमेश्वरले सधैं हाम्रो प्रार्थनालाई उत्तर दिनु हुन्छ। तर कतिपय कुरामा प्रार्थनाको उत्तर प्राप्त भएको छैन जस्तो देखा पर्छ। मत्ती ७:७–८ पदमा छ ''माग तिमीहरूलाई दिइनेछ, खोज तिमीहरूले भेटाउनेछौं, घचघच्याऊ, तिमीहरूका निम्ति उघारिनेछ। ''यी पदहरूले परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुनेछ। हामी आफ्नो जीवनकालमा सबैजनाले सम्झन्छन् कि हामीले कुनै कुरा मागेकाहरू सबै असल छन्, ठीक छन् अनि स्वार्थ तथा परमेश्वरको इच्छा विपरीत छैनन्। तर यसका उत्तर हामीले देख्दैनौं।

परमेश्वरको वचनले भन्छ, 'माग, तिमीहरूलाई दिइनेछ। तर हाम्रो अनुभव यो छ कि हामीले माग्छौं, तर पाउँदैनौं। कुन चाहिँ सत्य हो? यसको उत्तरमा तपाईं छक्कै पर्नुहुन्छ? यो सत्य हो कि संभवतः दुवै सत्य हो।  धेरै मानिसहरूले सम्झन्छन् ''अब, केही क्षण पर्खौं, परमेश्वरको वचनले भन्छ – उहाँले उत्तर दिनु हुन्छ। तर मैले भएको देखिन।'' यूहन्ना ४:२४ मा छ, ''परमेश्वर आत्मा हुनुहुन्छ, औ उहाँलाई पुज्नेहरूले आत्मा र सत्यतामा पुज्नुपर्दछ।'' परमेश्वर आत्मिक सत्यतामा  हाम्रो प्रार्थनाको उत्तरदिन काम गर्नुहुन्छ। तर हाम्रो पक्षबाट प्रकटीकरण हुनलाई विश्वास चाहिन्छ। विश्वासले आत्मिकी संसारबाट वस्तुहरूले लिएर जान्छ, अनि शारीरिक संसारमा प्रकट हुन्छ। यो हिब्रू ११:१ मा छ, ''अब विश्वास चाहिँ आशा राखेका कुराको निश्चयता र नदेखेका कुराको प्रमाण हो।'' यो भन्नु सकिंदैन विश्वास  ती वस्तुहरूको प्रमाण हो – जसको अस्तित्व छैन। त्यसको अस्तित्व छ, तरत्यसलाई देख्न सकिंदैन – शारीरिक संसारमा। तर यो अदेखको आत्मिक सत्यतामा हुन्छ। विश्वास आत्मिक सत्यमा पुग्छ, अनि शारीरिक संसारमा ती वस्तुहरूलाई खिँचेर ल्याउँछ।

यो रेडियोको सूचना जस्तो हो। रेडियो तथा टेलिभिजनका स्टेशनहरूले लगातारप्रसारण गरिरहन्छ। तपाईं कोठामा हुनुहुन्छ तपाईंले  सूचनालाई देख्नु वा सुन्नु हुन्न। यसको अर्थ त्यहाँ छैन भन्न होइन। तपाईंले रेडियोलाई रागमा बारबार चलाई के सुन्नुहुन्छ खोज्नुहोस्। तब रेडियोले ती सूचनालाई लिन्छ जो सत्यतालाई हामीले स्पर्श गरेको छैनौं। अनि त्यही सत्यतामा पुनः प्रसारण हुन्छ। जो तपाईंले आफ्नो मानव कर्णले सुन्दछ। परमेश्वरले हाम्रा प्रार्थनाहरू पनि यही प्रकारले उत्तर दिनुहुन्छ। उहाँले हामीलाई आत्मिक सत्यता विश्वासबाट दिनुहुन्छ। तपाई त्यहाँ पुग्नुहोस् अनि आत्मिकी संसारमा ल्याउनुहोस्। आत्मिकी तथा सांसारिक संसारहरू एकाअर्कामा समान्तर भई हिँड़छन्। परमेश्वर गतिशील भई तपाईंका प्रार्थनाहरूका उत्तर दिनुहुन्छ। तर तपाईंले शारीरिकता प्रकटीकरण भएको कहिल्यै देख्नु हुन्न। जब हामीमा रहेका आत्मिक अदेख सत्य र शारीरिक संसार माझमा विश्वासको पूलले जोड़ेको हुँदैन।

एउटा उदाहरण छ, ‘‘दानिएल एक परमेश्वरका मानिस, उसले प्रकाशका लागि परमेश्वरसँग बिन्ती गरिरहेका थिए। कम समय भएकोले मैले यस कथालाई छोटयाउँदैछु। परमेश्वरले तिनीकहाँ गाब्रियल दूतलाई पठाइदिनु भयो, अनि प्रार्थनाको उत्तर दिनुभयो। दानिएल ९:२२—२३ मा छ, ‘‘स्पष्टसित बोलेर तिनले मलाई भने, ‘‘हे दानियल, अहिले म  तिम्रो समझ खोलिदिनलाई आएको छु। जब तिमीले आफ्नो बिन्ती शुरू गरिरहेका थियौ तब एउटा वचन निस्क्यो। त्यही म तिमीलाई दिनुलाई आएको छु, किनभने तिमी अति प्रिय मानिस छौ। त्यो वचन राम्ररी विचार गर, त्यस दर्शनलाई विचार गर। यहाँ एउटा कुरा छ — गाब्रियलले दानिएलको प्रार्थनामा भने परमेश्वरको आज्ञा तिनलाई उत्तरदिनका लागि आए। यदि तपाईले पढ्नुभयो भने उत्तरदिनलाई कति समय लाग्यो, केवल तीन मिनट मात्र लाग्यो। केवल परमेश्वरको आज्ञा अनि शारीरिक प्रकटीकरणमा केवल तीन मिनट मात्र लाग्यो।

हामीहरूमा धेरै प्रमाणहरू छ, यदि परमेश्वर यथार्थका अनि उहाँको इच्छामा केही छ भने हातको औंला भाँचेको झैं हुन्छ। तर यो सत्य होइन। यस उदाहरण छ — परमेश्वरले उनलाई आज्ञा दिनुभयो,  तब दानियललाई त्यस दूरत्वलाई ढाक्न केवल तीन मिनटहरू मात्र लाग्यो। यसको लागि मसँग केही कारणहरू छैन। यसको वास्तवमा खाँचो पनि छैन। यो विषय हो कि परमेश्वरले तिनलाई त्यस समय भित्र आज्ञा दिनु भयो। त्यहाँ प्रकट हुनभन्दा अलिपछि प्राय: तीन मिनट मात्र लाग्यो। यदि हामी प्रार्थनाको उत्तर ढिलो हुन्छ भनी विश्वास गर्छौं प्राय: हामी यसैमा  अड्न्छिौं। तर संधै भरि यस्तो हुँदैन।

दानिएल दश अध्यायमा हामी पाउँछौं त्यही व्यक्तिले अर्को प्रार्थना गरे। त्यस समय तिनले प्रार्थनाको उत्तर पाउन तीन हप्ताह लाग्यो। धेरै मानिसहरूले यो पढ़ी भन्ने गर्छन्, ‘‘किन दानियलले गरेको प्रार्थनाको उत्तर तीन मिनटमा प्राप्त भयो, अनि अर्को प्रार्थनाको उत्तर पाउन तीन हप्ताहरू लाग्यो?’’ दानियल १०:११—१२ मा छ, ‘‘तिनले मलाई भने, हे दानियल अति प्रिय मानिस, मैले तिमीलाई भनिरहेको वचनहरूमा ध्यान देऊ र जहाँ तिमी छौं, त्यही खड़ा होऊ, किनकि अहिले म तिमीकहाँ पठाइएको छु।’’ जब तिनले यी कुरा भनिसके तब म थरथर काम्दै खड़ा भएँ, र तिनले मलाई भने, ‘‘हे दानियल, नडराऊ किनकि बुझ्नलाई तिमीले मन दिएको र आफ्ना परमेश्वरको सामने दीन भएको पहिलो दिनदेखि नै तिम्रो प्रार्थनाहरू सुनाइ भएको छ, र म तिनीहरूकै जवाफमा आएको छु।’’ यहाँ देखाउँछ कि पहिलो दिनको दानियलको प्रार्थनामा नै परमेश्वरले समाचारवाहकलाई आज्ञा दिनुभयो। यसको प्रकटीकरणको उत्तरको लागि तीन हप्ताह लाग्यो। तर परमेश्वर विश्वास योग्य हुनुहुन्छ। बाइबलले बताउँछ उहाँ हिज आज अनि सँधै भरि एक समान हुनुहुन्छ। (हिब्रू १३:८)।

यदि तपाईं ९ अनि १० अध्यायहरूलाई एक साथमा लिनुहुन्छ, म विश्वास गर्छु — दुवै प्रार्थनाहरूलाई परमेश्वरले झट्टै उत्तर दिनु हुनेछ। एक प्रार्थनालाई तीन मिनट लाग्यो, अनि अर्को प्रार्थनालाई तीन हप्ताह लाग्यो। तर परमेश्वर परिवर्तनशील हुनुहुन्न। यहाँ विशेष कुरा छ — हाम्रा प्रार्थनाहरूका परमेश्वरले उत्तर दिनुहुन्छ। उहाँले कार्यहरू गर्नु हुन्छ। तर कतिपय समयको कारण परिवर्तन हुन्छ। उहाँले प्रार्थनाका उत्तरहरू दिनुहुन्छ, अनि उत्तरमा प्रकटीकरण भएका देखिन्छ। तपाईंले विश्वास गर्नुपर्छ, विश्वास चाहिँ आत्मिक सत्यतामा पुग्नुपर्छ, अनि शारीरिक सत्यमामा उत्तर ल्याउनेछ। विश्वास चाहिँ दोषग्राही मिसावट हो।

तपाईंले दानिएल १०:१३ मा हेर्नुहोस् ‘‘तर फारस राज्यको कुमार दूतले एक्काइस दिनसम्म मसँग युद्ध गरिरहयो, र त्यसपछि मैले त्यसलाई रोकिराखेको देखेर मुख्य कुमारहरूमध्येका एकजना फारसको राज्यको कुमारको विरूद्धमा मलाई सहायता गर्न माइकल आए।’’ यो शारीरिक व्यक्तिलाई होइन तर शैतानिक वाधाहरूको विषयमा भनिएको हो। शैतान यस क्रममा चञ्चल हुन्छ। कोही बेला परमेश्वरले हाम्रा प्रार्थनाको उत्तर दिनुहुन्छ। तर शैतानले अरू व्यक्तिहरूद्वारा वाधा ल्याउँछ। एउटा उदाहरण छ तपाईं अर्थ व्यवस्थामा विश्वास गर्नु हुन्छ, परमेश्वरले व्यक्तिगत रूपमा तपाईंलाई धन दिनुहुन्न। तपाईंलाई संयुक्त राष्ट्रको मुद्रा दिनु हुन्न, अथवा अरूदेशका मुद्रा पनि दिनुहुन्न। उहाँले रूपियाँ बनाउनु सक्नु हुन्न, पानी पनि स्वर्गबाट पठाउनु सक्नु हुन्न। तपाईंको गोजीमा पनि लगाउनु सक्नु

हुन्न।  लूका ६:३८ मा छ, ‘‘देओ, र तिमीहरूलाई दिइनेछ। पूरा नाप खाँदी खाँदी बेसरी हल्लाएर पोखिने गरी तिमीहरूको पोल्टामा दिनेछन्। किनकि जुन नापले तिमीहरू नाप्तछौं, त्यसरी तिमीहरूका निम्ति पनि नापिनेछ।’’ परमेश्वरले काम गर्नु हुनेछ तपाईंको प्रार्थना सुन्नुहुनेछ। कुनै व्यक्तिबाट यो हुनेछ। कति मानिसहरू लोभले बाँधिएका हुन्छन्। अनि तिनीहरू तपाईंप्रति रिसाउनेछन्। किनकि तिनीहरूलाई रीस उठाउनलाई तपाईंले यी कामहरू गर्नुहुन्छ। शैतानले तपाईंको प्रार्थना प्रकटीकरण नहोस् भनी ती व्यक्तिहरूबाट वाधा ल्याउनेछ। जब तपाईं विशेष गरी रूपियाँको लागि प्रार्थना गर्नुहुन्छ, तिनीहरूको माध्यमबाट तपाईंको प्रार्थना मान्य होस। तिनीहरू पनि तपाईंको आर्थिक आश्चर्यकर्ममा भागीदार बन्न सकोस्। यसैले उनीहरूको लागि तपाईंले प्रार्थना गरिदिनुहोस्।

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँ कहिल्यै असफल हुनुहुन्न। हाम्रा प्रार्थनाहरू उहाँको वचनमा आधारित अनि विश्वास पूर्वक प्रार्थनाको उत्तर दिनु हुन्छ। उहाँले सँधै दिनुहुन्छ। तर तपाईंले प्रकटीकरण देख्नु हुन्न, जब अरू चञ्चलतामा भरोसा गर्छौं। म तपाईंको लागि प्रार्थना गर्नेछु जसको लागि तपाईंको विश्वास निर्माण होस् अनि परमेश्वरले तपाईंको प्रार्थनालाई सुन्नुहुनेछ भनी तपाईंले जान्न सकून्।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | मत्ती ७:७–८ पढ्नुहोस्।<br>यदि हामीले परमेश्वरसँग माग्यौ भने के कुराको आशा गर्छौं? | मत्ती ७:७–८<br>‘‘माग, तिमीहरूलाई दिइनेछ, खोज, तिमीहरूले भेट्टाउनेछौं, घचघच्याऊ तिमीहरूको निम्ति उघारिनेछ। किनकि जसले माग्दछ, त्यसले पाउँछ, जसले घचघच्याउँछ त्यसको निम्ति उघारिनेछ।’’ |
| २. | मत्ती ७:७–८ पढ्नुहोस्।<br>हामी खोज्छौ भने परमेश्वरबाट के कुराको आशा गर्छौं? | |
| ३. | मत्ती ७:७–८ पढ्नुहोस्।<br>जब हामी घचघच्याउछौं, तब हामी के कुराको आशा गर्छौं? | |
| ४. | यूहन्ना १०:३५ पढ्नुहोस्।<br>परमेश्वरले आफ्नो वचनमा प्रतिज्ञा गर्नु<br>भए अनुसार केही कुरा कम्ति दिनु हुन्छ? | यूहन्ना १०:३५<br>‘‘जसकहाँ परमेश्वरको वचन आयो, तिनले तिनीहरूलाई देवहरू भनेका छन् (धर्मशास्त्र भङ्ग हुनेछैन।) |
| ५. | याकूब ४:१–३ पढ्नुहोस्।<br>किन ती व्यक्तिहरू परमेश्वरबाट प्राप्त गर्नलाई वाधा बनेका छन्? | याकूब ४:१–३<br>‘‘तिमीहरूमा लड़ाइँ कहाँबाट आउँछ? औ झगड़ा कहाँबाट आउँछ? तिमीहरूको अङ्गमा संग्राम गर्ने तिमीहरूका सुख विलासबाटै होइन? तिमीहरू इच्छा गर्दछौं, र तिमीहरूले पाउँदैनौं। तिमीहरू हत्या गर्दछौं, र लोभ गर्दछौं र पाउन सक्दैनौं। तिमीहरू झगड़ा र लड़ाइं गर्दछौं तर तिमीहरूलाई केही मिल्दैन किनकि तिमीहरू माग्दैनौ। तिमीहरू माग्दछौ, तर पाउँदैनौ, किनकि आफ्नो सुख विलासमा खर्च गर्नालाई बेठीक सँग माग्दछौं। |

| | | |
|---|---|---|
| ६. | १ पत्रुस ३:७ पढ्नुहोस्।<br>यदि तपाईंले आफ्ना सहयोगीलाई दुर्व्यवहार गर्नु हुन्छ तब तपाईंको प्रार्थनाको जीवन कस्तो हुन्छ? | १ पत्रुस ३:७<br>"हे पति हो, त्यसैगरी जीवनको अनुग्रहको सजिया हकदारसमेत भएको निर्बल पात्रलाई जस्तो स्त्री जातिलाई आदर दिई बुद्धिमानी साथ तिम्रो पत्नीसँग बस, र तिमीहरूको प्रार्थना नरोकिओस्। |
| ७. | १ यूहन्ना ५:१४–१५ पढ्नुहोस्।<br>तपाईंको प्रार्थनाको उत्तर पाउने रहस्य के हो? | १ यूहन्ना ५:१४–१५<br>"औ उहाँमा भएको हाम्रो हिम्मत यही हो, कि उहाँको इच्छा बमोजिम हामीले उहाँसँग जे कुरा मागे पनि उहाँले हाम्रो बिन्ती सुन्नुहुन्छ। औ हामीले जे सुकै कुरा मागे पनि उहाँले सुन्नुहुन्छ भन्ने हामीलाई थाह भएपछि उहाँसँग मागेका कुरा हामीले पाएकाछौं भन्ने हामीलाई थाह हुन्छ।" |
| ८. | मर्कूस ११:२४ पढ्नुहोस्।<br>जब तपाईंले प्रार्थना गर्नुहुन्छ, तब तपाईं के गर्नुहुन्छ? | मर्कूस ११:२४<br>"यसकारण म तिमीहरूलाई भन्दछु, सबै कुरा जेको निम्ति तिमीहरू प्रार्थना गर्दछौं र माग्दछौ सो पाएका छौ भन्ने विश्वास राख, र त्यो तिमीहरूले पाउनेछौं।" |

## उत्तर–व्याख्या

१. प्रश्न : मत्ती ७:७–८ पढ्नुहोस्।
यदि हामीले परमेश्वरसँग माग्यौ भने के कुराको आशा गर्छौं?
उत्तर : हामीलाई दिनु हुन्छ भनी आशा गर्छौं।

२. प्रश्न : मत्ती ७:७–८ पढ्नुहोस्।
यदि हामी खोज्छौं भने परमेश्वरबाट के कुराको आशा गर्छौं?
उत्तर : पाउँछौं।

३. प्रश्न : मत्ती ७:७–८ पढ्नुहोस्।
जब हामी घचघच्याउँछौं, तब हामी के कुराको आशा गर्छौं?
उत्तर : हाम्रो लागि उघारिनेछ।

४. प्रश्न : यू. १०:३५ पढ्नुहोस्।
परमेश्वरले आफ्नो वचनमा प्रतिज्ञा गर्नु भए अनुसार केही कुरा कम्ति दिनु हुन्छ?
उत्तर : होइन।

५. प्रश्न : याकूब ४:१–३ पढ्नुहोस्।
किन ती व्यक्तिहरू परमेश्वरबाट प्राप्त गर्नलाई वाधा बनेका छन्?
उत्तर : तिनीहरू अभिप्रायहरू र हृदय गलत छन्। सबै थोक आफ्नै लागि अनि आफूलाई मात्र र तिनीहरूका अभिप्रायहरू पूर्णरूपले स्वार्थ छन्।

६. प्रश्न : १ पत्रुस३:७ पढ्नुहोस्।

यदि तपाईंले आफ्ना सहयोगीलाई दुर्व्यवहार गर्नुहुन्छ, तब तपाईंको प्रार्थनाको जीवन कस्तो हुन्छ?

उत्तर : तपाईंको प्रार्थनामा वाधा आउँछ।

७. प्रश्न : १ यूहन्ना ५:१४–१५ पढ्नुहोस्।

तपाईको प्रार्थनाको उत्तर पाउने रहस्य के हो?

उत्तर : उहाँको इच्छा अनुसार माँग्नु हो।

८. प्रश्न : मर्कूस ११:२४ पढ्नुहोस्।

जब तपाईंले प्रार्थना गर्नुहुन्छ तब तपाईं के गर्नुहुन्छ?

उत्तर : तपाईंले पाउनुभयो, अनि तपाईंकोमा छ भनी विश्वास गर्नुहोस्।

# सम्पूर्ण चेलापन

# स्तर ३

# स्तर – ३
# पाठ – १
# स्वर्गीय प्रवाह
## एन्ड्रू वॉमक

तपाईंबाट अरूप्रति सेवकाइ गर्दा परमेश्वरको प्रवाह बगेको तपाईंबाट शुरू गर्नुहोस्। तपाईंमा परमेश्वरको शक्ति र अभिषेक छ, अरू व्यक्तिहरूका लागि तपाईंले कसरी प्राप्त गर्नुहुन्छ? यहाँ धेरै बाइबलीय पदहरू शुरू गर्नुछ। फिलेमोन ६ मा पावलले प्रार्थना गरेको छ, ''अबलाई कमारा जस्तो गरेर होइन, तर कमाराभन्दा पनि बढ़ता प्रिय भाइ जस्तो गरेर खास गरी मेरो निम्ति, तर झन् बढ़ी शरीरमा र प्रभुमा समेत, तिम्रै निम्ति'' पहिला कुरा यो हो कि जब तपाईंबाट परमेश्वरको प्रवाह तपाईंबाट अरू मानिसकहाँ बगाउनु हो भने पहिला तपाईंभित्रका असल थोकलाई थाहा पाउनुहोस्। तपाईंमा नभएका थोकहरू अरूलाई दिन सक्नु हुन्न। तपाईंमा भएका असल थोकहरू जब तपाईंले जान्नुहुन्छ, यो तुरन्तै भइहाल्नेछ। तपाईंले अरूहरूलाई तपाईंको उत्साह परमेश्वरले मेरो जीवनमा गर्नुभएको साक्षीहरूलाई साझा गर्नुहोस्। तब केही मानिसहरूले सहजै सहयोग पाउनेछन्।

१यूहन्ना ४:७–८ मा छ, ''हे प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाटको हो। प्रेम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ, र परमेश्वरलाई चिन्छ। प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।'' कोहीबेला तपाईंबाट प्रवाह अरूतिर बगेको अनुभव गर्नुहुन्छ, तब तपाईंबाट अरूकहाँ परमेश्वर प्रवाहित भइरहनु भएको हुन्छ। ग्रीक भाषामा चारवटा मुख्य शब्दहरू 'प्रेम' बारेमा पाइन्छ। सबैभन्दा उच्च रूपचाहिँ 'अगापे' हो। तपाईले 'आकर्षण' र 'इच्छा' शब्दको भिन्नता थाहा पाउनुपर्छ, जो अरूप्रति हुन्छ, अनि परमेश्वरको अद्वितीय प्रेमको भिन्नता जान्नुपर्छ। जब तपाईले परमेश्वरको प्रेमको प्रवाह कसैको माध्यमबाट तपाईकहाँ बग्दैछ, यो छुट्याउनुपर्छ। यो स्वार्थी हुँदैन। यसलाई १ कोरिन्थी १३:४–८ बाट छुट्याउनु सकिन्छ। यसबाट परमेश्वरको प्रेमको भिन्नता, योग्यता थाहा पाइन्छ। यो डाही, स्वार्थी आफैलाई मात्र हेर्ने, रिसाउने आदि हुँदैन। तपाईंले मीमासा गर्नुपर्छ – तपाईले प्रेम भन्नुभएको के हो? अनि तपाईं आफ्नै निश्चय हुनुहोस् – के यो वास्तविक परमेश्वरको प्रेम हो। यो स्वार्थी, आफैलाई मात्र हेर्ने, अरूलाई प्रेम नगर्ने, किनभने तपाईंलाई तिनीहरूले के गरेको छ? जब तपाईं शब्द शब्दमा बढ़नु हुन्छ, अनि उहाँको प्रेमको छानबीन गर्नुहुन्छ, जब तपाईंले अरूको लागि तपाईंबाट प्रवाह बगेको अनुभव गर्नुहुन्छ, यो चाहिँ परमेश्वर संचालन हुनुभएको हो। यदि तपाईले एकपल्ट तपाईंको माध्यमबाट परमेश्वर प्रवाहित हुनुभएको छानवीन गर्नु भयो भने, तपाईंले तिनीहरूलाई उत्साहको वचन बमोजिम अगुवाइ गर्नुहोस्। केही गर्न उत्साह दिनुहोस्। केही गर्नुहोस्।

जब म एक समय प्रार्थना त्यस व्यक्तिको बारेमा गरिरहेको थिए – जसको सम्झना मेरो मस्तिष्कमा आयो। त्यसप्रति परमेश्वरको प्रेम र सहानुभूति मेरो थियो। यो किन भयो त्यसको कारण नै थिएन। यो अभूतपूर्ण थियो। मैले त्यस व्यक्तिलाई बोलाउने पत्र लेख्न अथवा सम्पर्क गर्न थाह गरे। केही समयमा भने, ''केटो, मबाट परमेश्वर तिमीसँग बोल्नु हुँदैछ। उहाँले यसैबाट मेरो जीवनलाई समात्नु भयो। ''के तिमीले जान्दछौ, यी कसरी भयो?'' यो भयो, मैले यो प्रेमलाई स्पर्श गरे। यो परमेश्वरको सहानुभूति मबाट त्यस व्यक्तिकहाँ प्रवाहित भयो। जब मैले अनुभव गरें, यो जाने कि यो मबाट होइन, तर परमेश्वरबाट भएको हो। परमेश्वर प्रेम हुनुहन्छ, अनि जब म अरू व्यक्तिलाई प्रेम गर्छु, मबाट उहाँले अरू व्यक्तिलाई प्रेम गर्नुहुन्छ। यही नमूनामा येशूले सेवकाइ गर्नुभयो। मत्ती १४:१४ मा छ, ''औ निस्केर एउटा ठूलो भीड़लाई देखी उहाँले तिनीहरूलाई टिठाउनु भयो, र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो। परमेश्वरको शक्ति येशू प्रभुबाट प्रेम र सहानुभूतिबाट प्रवाह

हुनुभयो। उहा मानिसहरूप्रति टिठाउनुभयो। उहाँ सेवकाइ गर्नुभयो। मत्ती ८:२—३ मा छ ''एउटा कोरी, जो अशुद्ध अनि यहूदी कानून अनुसार उसलाई स्पर्श गर्न मनाही थियो (कुनै पनि व्यक्ति उसँग स्र्पक गर्न पाइदैनथ्यो। तिनीहरूलाई पनि अशुद्ध अनि अपवित्र हुन्थ्यो) उसले येशू टाड़ामा हुनुहुँदा जोड़ले कराए, ''हे प्रभु, तपाईंको इच्छा भए मलाई शुद्ध गर्न सक्नुहुन्छ।'' औ तुरन्तै त्यसको त्यसको कोर शुद्ध भइहाल्यो। उहाँ अति नै टिठ्याउनु भयो, त्यसलाई छुनुभयो। तब जब वचनलाई पढ़नुहुन्छ, यस प्रकारका सहानुभूति, धेरै ठाउँमा परमेश्वरीय प्रेम पाउनुहुन्छ। यो केवल भावनात्मक होइन, तर करूणा जो हामीमार्फत प्रवाहित हुन्छ।

जब येशू क्रूसमा झुण्डिरहनु भएको थियो, उहाँका वरिपरिका मानिसहरूलाई धेरै प्रेम गर्नुभयो। उहाँले भन्नुभयो, ''हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि तिनीहरूलाई के गरिरहेछन् ती जान्दैनन्।'' (लूका २३:३४)। तिनै व्यक्तिहरू थिए, जसले उहाँलाई क्रूसमा टाँगेका थिए। तर पनि उनीहरूप्रति उहाँको करूणा थियो अनि परमेश्वरले क्षमादिऊन् भनी उहाँलाई भन्नुभयो। उहाँमा धेरै होहल्ला चिच्याहट थिएन। केवल भावना तथा संवेदन थिएन। तर यो निश्चयता थियो तर पनि उहाँले अनुभव गर्नुभयो, अनि अरू व्यक्तिलाई प्रदान गर्नुभयो। तपाईंहरूमध्ये जुनै पनि नयाँ जीवन पाउनुभएको छ, तपाईंभित्र परमेश्वरले वास गर्नुहुन्छ। यो वचन हामी शुरू गर्छौं, १यूहन्ना ४:८ मा छ, परमेश्वर प्रेम हुनुहुन्छ, तपाईंबाट परमेश्वर अरू व्यक्तिहरूमाझ प्रवाह हुन चाहनुहुन्छ। यो गर्नलाई यी करूणा दिनुहुन्छ। तपाईंले अनुभव गर्नुहोस् — तपाईंको माध्यमबाट अरू व्यक्तिहरूमाझ उहाँ बहनु चाहनुहुन्छ, जब तपाईले गर्नु हुन्छ, तपाईंले उत्तर दिन आवश्यक छ।

तपाईंले सधैंभरि कुनै विशेष कार्य गर्नुहुन्न। यो परमेश्वरले भन्नुभयो — कामहरू होइन। कोही बेला तपाईंभित्र कुनै व्यक्तिप्रति करूणाको भावना होला, तब त्यहाँ जानुहोस् अनि आफ्नो हात पसारीकन भन्नुहोस् ''तपाईंलाई परमेश्वरले प्रेम गर्नुभएको छ, म पनि प्रेम गर्नेछु।'' मलाई थाहा छ — यही कार्य गर्दा अति नै कठिन परिस्थितिको अन्तमा म पुगेको थिएँ। म मण्डलीबाट बाहिर दौड़न पनि लागेको थिएँ। मप्रति मानिसहरूले असत्य बोले। एक व्यक्तिले मलाई मार्ने धम्की समेत दिए। म अति नै निराशा भई परमेश्वरले भने, ''परमेश्वर, के फायदा भयो र?'' मैले के गरिरहेको छु कसैले पनि मलाई प्रशंसा गरेनन्। मैले यस विषयमा शैतानसँग युद्ध गरिरहेको थिएँ। मेरा साथीले टाड़ाबाट मसँग बातचीत गरे। मसँग तिनले केही क्षण् बोले, अनि मैले तपाईंले मसँग के विषयमा बोल्नु भयो? उसले भने, ''म तिमीलाई यही कारण बोल्न चाहेको थिएँ, तिमीले यो जान कि म तिमीलाई प्रेम गर्छु। म प्रार्थना गरिरहेको थिएँ, तिमीप्रति परमेश्वरको प्रेमको अनुभव गरें। म तिमीलाई प्रशंसा गर्छु। यही हो, उसले भने। मेरा जीवनमा कस्तो स्थिति भइरहेको छ, उसले जानेका थिएनन्। परमेश्वरले प्रयोग त्यो गर्नुभयो। मैले थाह गरें, त्यो व्यक्तिबाट परमेश्वरले मलाई प्रेम गर्नुभयो। यसले मेरो सेवकाइमा सहयोग पुऱ्यायो, अनि मेरो जीवनलाई परिवर्तन गऱ्यो।

कुनै काम गर्नलाई ठूला शब्दहरूको आवश्यक पर्दैन। परमेश्वर प्रेम हुनुहुन्छ। जब तपाईंले त्यो प्रेमलाई छानबीन गर्नुहुन्छ, तपाईंबाट प्रेमको प्रवाह बग्नेछ। यो स्वर्गीय प्रवाह हो। यो स्वर्गीय परमेश्वरको जीवन हो। जब तपाईंले यो थाहा पाउनुहुन्छ, यसलाई तपाईले अघि बढ़ाउनु आवश्यक छ। तपाईंले केही गर्नुहोस्, केही भन्नुहोस्, केही व्यक्तिको लागि आशिषको कारण बन्नु होस्। परमेश्वरले उहाँको वचन तपाईको मुखमा लगाइदिनुहुन्छ। उहाँले तपाईंलाई प्रयोग गर्नु हुन्छ। जब तपाईं करूणामय अनि आफ्ना सेवकाइलाई अघि बढ़ाउनु हुन्छ परमेश्वरले ती व्यक्तिहरूलाई स्वतन्त्र गर्नुहुनेछ।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| | सूचना — यो पाठबाट परमेश्वरले हामीबाट अरूका लागि कसरी प्रवाहित गर्नुहुन्छ? हामी जाँच गर्नेछौं। | |

| | | |
|---|---|---|
| १. | फिलेमोन ६ पढ़नुहोस्। हामीबाट परमेश्वरले कसरी अरूकालागि प्रवाहित गर्नुहुन्छ, यसको पहिलो कदम के हो? | फिलेमोन ६<br>''कि तिम्रो विश्वासको संगति तिमीमा भएका सबै असल कुराहरूका ज्ञानमा ख्रीष्टका निम्ति प्रमाणित होस्।'' |
| २.<br><br><br>३. | १यूहन्ना ४:७–८ पढ़नुहोस्।<br>अरूलाई प्रेम पुऱ्याउनका लागि यसको मूल स्रोत के हो?<br><br>एन्ड्रूले भनेका छन् ''जुनै समयमा पनि तपाईंबाट प्रेम बगिरहेको थाह पाउनु भयो, यो परमेश्वरले तपाईंको माध्यमबाट बहाउनु भएको हो। १यूहन्ना ४:७ मा यस सत्यलाई के प्रमाणित गरेको छ? | १यूहन्ना ४:७–८<br>''हे प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाटको हो। प्रेम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ, र परमेश्वरलाई चिन्छ। प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।'' |
| ४. | १ कोरिन्थी १३:४–८ पढ़नुहोस्।<br>परमेश्वरको प्रेमका केही गुणहरू के के हुन्? | १ कोरिन्थी १३:४–८<br>''प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले डाह गर्दैन प्रेमले आफ्नै सेखी गर्दैन, र घमण्डले फुल्दैन, आफै बेकाइदासँग चल्दैन। आफ्नै भलाइ खोज्दैन, रिसाउँदैन, खराबीको वास्ता गर्दैन। अधर्ममा खुशी हुँदैन। तर सत्यमा खुशी हुन्छ। सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुराको आशा गर्छ। सबै कुरामा स्थिर रहन्छ। प्रेम कहिल्यै टल्दैन, तर चाहे अगमवाणीहरू होऊन, ती टली जान्छन्, चाहे भाषाहरू होऊन् ती बन्द हुन्छन्। चाहे बुद्धि होस् त्यो रद्दी हुन्छ। |
| ५. | मत्ती १४:१४ पढ़नुहोस्।<br>येशू अरूको सेवकाइमा कसरी हिँड़नु भयो? | मत्ती १४:१४<br>''औ निस्केर एउटा ठूलो भीड़लाई देखी उहाँले तिनीहरूलाई टिठ्याउनुभयो र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो।'' |
| ६. | मत्ती २५:३७–४० पढ़नुहोस्।<br>जब हामी अरूहरूकहाँ प्रेम र करूणा पुऱ्याउँछौं। वास्तवमा कसले प्रेम र वास्ता गरिरहेको हुन्छ? | मत्ती २५:३७–४०<br>''तब धार्मिकहरूले उनलाई यसो भन्दै जवाफ दिनेछन्, हे प्रभु कहिले हामीले तपाईलाई भोकाउनु भएको देख्यौं, र तपाईलाई खान दियौं? अथवा तिर्खाउनुभएको र तपाईलाई पिउन दियौं? औ कहिले हामीले तपाईलाई परदेशी देख्यौं, र तपाईलाई हामीहरू कहाँ ल्यायौं? अथवा नाङ्गो र पहिरायौं? र कहिले हामीले तपाईलाई बिरामी पर्नु भएको अथवा झ्यालखानमा देख्यौं, र तपाईकहाँ आयौं? तब राजाले तिमीहरूलाई जवाफ दिएर भन्नेछन्, म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानो एउटालाई जे जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।''<br>हिब्रू ६:१० ''किनकि तिमीहरूको काम र त्यो प्रेम जो |

| | | |
|---|---|---|
| | | उहाँको नाउँतर्फ र पवित्र जनहरूको सेवा गरेको र गर्दै रहेकामा तिमीहरूले देखाएका छौ, सो बिर्सनलाई परमेश्वर अधर्मी हुनुहुन्न।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : फिलेमोन ६ पढ्नुहोस्।
हामीबाट परमेश्वरले कसरी अरूहरूका लागि प्रवाहित गर्नुहुन्छ। यसको पहिलो कदम के हो?
उत्तर : यो थाह गर्नुपर्छ प्रत्येक असल थोकहरू परमेश्वरले ख्रीष्ट येशूबाट हामीलाई दिनुहुन्छ।

२. प्रश्न : १ यूहन्ना ४:७–८ पढ्नुहोस्।
अरूलाई प्रेम पुऱ्याउनका लागि यसको मूल स्रोत के हो?
उत्तर : परमेश्वर, परमेश्वरनै प्रेम हो (१यूहन्ना ४:७)।

३. प्रश्न : एन्ड्रूले भनेका छन्, ''जुनै समयमा पनि तपाईंबाट प्रेम बगिरहेको थाह पाउनुभयो भने, यो परमेश्वरले तपाईंको माध्यमबाट बहाउनु भएको हो। यूहन्ना ४:७ मा यस सत्यलाई के प्रमाणित गरेको छ?
उत्तर : प्रेम परमेश्वरबाट को हो (उहाँनै स्रोत हुनुहुन्छ)।

४. प्रश्न : १ कोरिन्थी १३:४–८ पढ्नुहोस्।
परमेश्वरको प्रेमका केही गुणहरू के के हुन्?
उत्तर : ''प्रेम धीरजी र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, प्रेमले आफै सेखी गर्दैन, र घमण्डले फुल्दैन, आफै बेकाइदा साथ चल्दैन, आफ्नै भलाइ खोज्दैन रिसाउँदैन खराबको वास्ता गर्दैन। अधर्ममा खुशी हुँदैन, तर सत्यमा खुशी हुन्छ। सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा गर्छु, सबै कुरामा स्थिर रहन्छ। प्रेम कहिल्यै टल्दैन, तर चाहे अगमवाणीहरू होऊन्, ती टली जान्छन्, चाहे भाषाहरू होऊन् ती बन्द हुन्छन्। चाहे बुद्धि होस्, त्यो रद्दी हुन्छ।''

५. प्रश्न : मत्ती १४:१४ पढ्नुहोस्।
येशू अरूको सेवकाइमा कसरी हिँड्नुभयो?
उत्तर : उहाँ अरूप्रति करूणा र प्रेमपूर्वक हिँड्नुभयो। शब्दकोषमा 'करूणा' सहानुभूतिलाई, करूणामय संवेग अनि दया, कृपा वर्णन गरिएको छ।

६. प्रश्न : मत्ती २५:३७–४० पढ्नुहोस्।
जब हामी अरूहरूकहाँ प्रेम र करूणा पुऱ्याउँछौं। वास्तवमा कसले प्रेम र वास्ता गरिरहेको हुन्छ?
उत्तर : येशू स्वंयले।
हिब्रू ६:१० पढ्नुहोस्।

# स्तर – ३
# पाठ – २
# सेवकाइमा वरदानहरूको प्रयोग
## एन्ड्रू वॉमक

तपाईंले परमेश्वरको प्रेमलाई कसरी लिएर ग्रहण गर्नु हुन्छ, अनि अरू व्यक्तिहरूलाई बाँट्नु हुन्छ? तपाईं अरूहरूको लागि कसरी प्रभावशाली सेवकहरू हुनुहुन्छ? १ पत्रुस ४:११ मा छ, ''यदि कोही बोल्छ भने परमेश्वरको वाणी जस्तै गरी, कसैले सेवा गर्छ भने, परमेश्वरले दिनुभएको बलले, कि सबै कुरामा परमेश्वरको महिमा येशू खीष्टद्वारा गरिओस्, जसको सदा महिमा र पराक्रम छ। अमिन। यही परमेश्वरको वाणी पुरानो करारमा बताएको छ। जब तिनीहरूका पवित्र स्थानमा करारको सन्दूकमा वचन लिन्थे। यसलाई ''परमेश्वरको वाणी'' भनिन्छ। यसको अर्थ हुन्छ 'परमेश्वरको मुख पात्र झैं बोल्नु हो। यो पदले अझ बताउँछ, यदि कोही बोल्छ भने परमेश्वरको वाणी जस्तै गरी, कसैले सेवा गर्छ भने, परमेश्वरले दिनुभएको बलले कि सबै कुरामा परमेश्वरको महिमा येशू खीष्टद्वारा गरिओस्।'' यसले के तपाईं भने तपाईंले अरू मानिसहरूका सेवकाइ गर्न आवश्यक छ, तपाईंको आफ्नै शक्ति र प्रतिभाले होइन, तर त्यो प्रतिभा जो परमेश्वरले तपाईंलाई दिनुहुनेछ।

यो ईसाई जीवनको महत्वपूर्ण ठूला विषयहरू तपाईं र मैले केवल अरूलाई भन्नु वा सुनाउनु मात्र आफ्नो योगयताले होइन। तर परमेश्वर स्वंय हामीमाझमा, हामीभित्र आउनुहुनेछ। उहाँहामीहरूको माध्यमबाट बोल्नु हुन्छ, हामीहरूबाट प्रवाहित हुनुहुन्छ। हामीहरूमा शाब्दिक अर्थमा परमेश्वर पस्नु हुन्छ अनि हामीबाट परमेश्वरको आत्मा प्रवाहित हुनुहुन्छ। जब हामी अरूहरूलाई साझा गर्न शुरू गर्छौं, त्यसबेला हामीले आत्माका वरदानहरूको याद गर्नुपर्छ। यसको उपयोगितालाई सम्झना गर्नुपर्छ। परमेश्वरले प्रत्येक व्यक्तिलाई खीष्टको शरीरमा लिनुहुन्छ, अनि तिनीहरूलाई विशेष वरदानहरू दिनुहुन्छ। १ कोरिन्थी १२ अध्यायमा छ, उहाँको अभिप्राय अनुसार उहाँले प्रत्येकलाई बेग्लाबेग्लै वरदानहरू दिनुभएको छ। ४:६ पदहरू मा छ ''अब वरदान किसिम किसिमका छन्, तर आत्मा ता उही हो। औ सेवाहरू किसिम किसिमका छन्, तर प्रभु ता उही नै। औ कामहरू किसिम किसिमका छन्, तर परमेश्वर ता उही, जसले सबैमा सबै काम गर्नुहुन्छ। ''परमेश्वरले सबै कामहरू हामीमा गर्नुहुन्छ भन्ने अर्थ लाग्छ। पद ७ मा बताउँछ, ''तर सबैको फायदाको लागि ता आत्माको प्रकाश हरेकलाई दिइएको छ।'' सबैलाई फायदाको लागि हो।

यी पदहरूले बताउँछ कि परमेश्वरले अद्वितीय प्रतिभाहरू हामी सबैको भित्र प्रदान गर्नुभएको छ। तपाईंले यसलाई अनुभव गर्नु भएको छैन होला, यस बारेमा तपाईं सचेतक हुनु भएको छैन होला, तर यो परमेश्वरको वचनको प्रतिज्ञा हो। तपाईं यस चेलापन प्रचारको क्रममा टाढ़ाबाट आउनुभएको छ होला, तपाईंले पहिले नै येशूलाई तपाईंको प्रभु बनाउनु भएको छ होला, तपाईंले आफ्नो जीवनमा परमेश्वरबाट कसरी प्राप्त गर्नु भनी सिकिसक्नु भएको छ होला अनि आफ्नो जीवनमा प्रयोग पनि गर्नुभएको होला, तब म प्रयोग पनि गर्नुभएको होला, तब म प्रतिज्ञा गर्छु कि पवित्र आत्माको शक्ति तपाईंभित्र काम गर्दै हुनुहन्छ। कसैको लागि काम गर्दै हुनुहुन्छ। अरूका आश्चर्यकर्म तपाईंभित्र छ। तपाईंभित्र अरू कसैको आश्चर्यकर्मको लागि परमेश्वरले बीउ छरिदिनु भएको छ। यो तपाईंसँग निर्भर गर्छ, यसलाई तपाईंले निकाल्नुहोस्, अनि उनीहरूको जीवनलाई प्रदान गर्नुहोस्। बाइबलले बताएको छ प्रत्येकलाई आत्माले दिनु भएको छ। कुनै पनि एक व्यक्तिलाई छोड़नु भएको छैन। १ कोरिन्थी १२ अध्यायमा पाँचवटा बेग्लाबेग्लै परमेश्वरले वरदानहरू दिनु भएको छ। यी वरदानहरू ज्ञानको कुरा, बुद्धिका कुरा, कसैलाई आत्मा छुट्याउने, आश्चर्यको काम, निको पार्ने कामहरू आदि। उसरी नै रोमी बाह्र अध्यायमा अरू वरदानहरूको पनि वर्णन छ। तपाईंले अध्ययन गर्न आवश्यक छ, अनि तपाईं सचेत हुनुपर्छ कि तपाईंभित्र पवित्र आत्माले विशेष

रूपमा बेग्लै योग्यतामा अरूको सेवकाइकालागि अभिषेक गर्नु भएको छ। एउटा उदाहरणसहित मैले गरेको सेवकाइ अनुरूप अरूले गर्नु सक्नु हुन्न। तपाईंमा शिक्षण वरदान छैन। तर पनि प्रत्येक ख्रीष्टको शरीरमा भएका प्रत्येक सदस्यले कुनै व्यक्तिलाई आफ्नै विश्वासका साक्षीहरू बाँड्दै सिकाउन सक्छन्। ती व्यक्तिहरू जुनहरूलाई विशेष शिक्षक रूपमा बोलाइएका हुन्छन्, तिनीहरू प्रचार र मण्डलीका पास्टरहरू हुन सक्छन्। अरू वरदानहरू जो रोमी बाह्र अध्यायमा वर्णन गरिएको छ, जो सेवा गर्ने वरदान छ। धेरैजनामा योग्यता तथा वरदानहरू छन्, तर तिनीहरूमा सचेतता छैन। तर तपाईंमा यो केवल इच्छा हुनुपर्दछ – अरूहरूमाझ आशीषमय बन्ने। तपाईं त्यस प्रकारका व्यक्ति हुनुपर्दछ जब तपाईं कमारामा जानु हुन्छ, त्यस व्यक्ति बिरामी छ भने उसलाई उठाउनु पर्छ, तिनलाई विशेषता दिनुहोस्। तपाईले जान्नुहुन्छ, तिनीहरूले यसबाट के गरिरहेका छन्। तपाईंमा त्यो इच्छा हुनुपर्छ – तिनीहरूले सहज अनुभव गरोस्, अनि तिनीहरूको सेवकाइ गर्नुहोस्। तपाईंले जान्नुहुन्छ? यो परमेश्वरको अद्बितीय वरदान हो?

रोमी १२ अध्यायमा छ कतिपय मानिसहरूमा दिने वरदान छ, कतिपय मानिसहरूमा धन–कमाउने योग्यता छ, अनि प्रचारकको कार्यमा उनीहरूले सहयोग पुऱ्याउँछ। तिनीहरूको यो वरदान हो। यो उनीहरूको जीवनमा छ। कतिलाई यस प्रकारको बोलावट छ। कतिलाई उत्साह दिने वरदान छ। कतिलाई शासन चलाउने वरदान छ। कतिलाई अरूलाई सहयोग पुऱ्याउने मण्डलीमा वरदान छ। यी सबै विषयहरू छन्, यी केवल मण्डलीमा मात्र होइन, तर दिनप्रतिदिन मानिसहरूसँग व्यवहारमा प्रयोग गर्न पर्छ। कतिमा अरूलाई उत्साहदिने योग्यता छ कतिमा कतिपय कुरामा निराशा बनाउने छ। केवल परमेश्वरको वचनले मात्र यो सकिंदैन। तपाईंमा अघि बढ्नलाई परमेश्वरको अद्बितीय शक्तिको खाँचो पर्दछ। कसैमाथि तपाईंले आफ्नो हात राखिदिनुहोस् तपाईंले आशिष दिनोस्। तिनीहरूलाई योग्य बनाउनुहोस्। यो मेरो भनाइ हो – यो केवल स्वाभाविक रूपमा नहेर्नोस्, तपाईंले भन्नुहुन्छ – 'ठीकै छ, यो मेरो व्यक्तित्व ढङ्गमा छ'' तपाईंले स्वंयलाई यस प्रकारका व्यक्तिमा विभाजन गर्नुहुँदैछ। तर तपाईंले जान्नुहुन्छ। तपाईंलाई परमेश्वरले तपाईंभित्र यी वरदानहरू दिनुभएको छ। योग्यताहरू अनि दर्शनहरू दिनुभएको छ। तपाईंले गम्भीरतापूर्वक कुनै ठोस कार्यको लागि हो।

जब तपाईंले अरूकालागि सेवकाइ गर्नु हुन्छ, बाइबलले बताए बमोजिम परमेश्वरले तपाईंभित्र हालिदिनु बमोजिम गर्नुपर्दछ। हामी सबै सेवकहरू हुनु आवश्यक छ। जब हामी पूर्ण व्यवसायमा हाम्रा रोजगारहरूमा जहाँ हामीहरू छौं। जब तपाईं आफ्ना छिमेकीहरू अनि अरूहरू भण्डारतिर भए परमेश्वरले दिनुभएको योग्यता अनुसार सेवा गर्नुहोस्। आफ्नै योगयतामा होइन। म तपाईंलाई उत्साह दिन्छु, परमेश्वरलाई खोज्नु होस्। उहाँको वरदानहरूलाई खोज्नुहोस्। तपाईंभित्र उहाँले दिनु भएको छ। यसलाई छुट नगर्नुहोस्। यदि तपाईं सेवकाइको वरदानमा अर्थात व्यवसायमा छैन भने पनि तपाईंले थाह गर्नुपर्छ, प्रत्येकमा पवित्र आत्माले तपाईंलाई अद्बितीय योग्यता दिनु भएको छ, अनि अरूको सेवकाइका लागि परमेश्वरले वरदानहरू तपाईंभित्र हालिदिनु भएको छ। तपाईंले समय लिई यसलाई अभ्यास गर्नुहोस्।

तपाईं पहिलोपल्ट सिद्ध हुनु हुने छैन। तर नडराउनुहोस्, तपाईंले गल्ती गर्नुभयो भने, परमेश्वर आफ्नो सिंहासनबाट तल ओह्लनु हुन्न। तपाईंलाई मानिसहरूले तपाईंको हृदयको इमान्दारिता देख्नु हुन्छ। तपाईंले सबै कुरा सिद्धतामा गर्नु भएन पनि उनीहरूलाई प्रेमपूर्वक सेवकाइ गर्नु भएको थाह हुन्छ। अरूहरूको लागि सेवकाइ गर्नुहोस्। तपाईंले थाह गर्नुहोस् – परमेश्वरले मलाई वरदान दिनु भएको छ। तपाईंलाई दिनु भएको योग्यता, जो अरूको लागि हो, यो अद्बितीय प्रतिभालाई बाँड्चुड् गर्नुहोस्।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| १. | १पत्रुस ४:११ पढ्नुहोस्।<br>हाम्रो कसको योग्यताले सेवकाइ गर्छौं? | १ पत्रुस ४:११ ''यदि कोही बोल्छ भने परमेश्वरको वाणी जस्तै गरी कसैले सेवा गर्छ भने, परमेश्वरले |

| | | |
|---|---|---|
| | | दिनुभएको बलले, कि सबै कुरामा परमेश्वरको महिमा येशू खीष्टद्वारा गरियोस्, जसको सदा महिमा र पराक्रम छ। आमिन'' |
| २. | १ कोरिन्थी १२:६ पढ्नुहोस्।<br>यहाँ धेरै विभिन्न प्रकारका अनि बेग्लाबेग्लै थरिका आत्मिक वरदानहरू छन्। तर यी सबैको श्रोत चाहिँ को हो? | १ कोरिन्थी १२:४<br>''अब वरदान किसिम किसिमका छन्, तर आत्मा ता उही हो।'' |
| ३.<br><br><br>४.<br><br><br><br>५. | १ कोरिन्थी १२:७ पढ्नुहोस्।<br>यहाँ ठीक भनाइलाई छान्नुहोस्।<br><br>१ कोरिन्थी १२:८–१० पढ्नुहोस्।<br>अरूका भलाइका लागि पवित्र आत्माको उपस्थिति अनि आत्मिक वरदानहरू प्रत्येकलाई प्रदान गरिएको छ।<br><br>१ कोरिन्थी १२:८–१० पढ्नुहोस्।<br>परमेश्वरले मानिसलाई प्रदान गर्न भएको केही आत्मिक वरदानहरूका परिभाषा भन्नुहोस्। | १ कोरिन्थी १२:६–१०<br>''औ कामहरू किसिम किसिमका छन्, तर परमेश्वर ता उही जसले सबैमा सबै काम गर्नुहुन्छ। तर सबैको फायदाको लागि ता आत्माको प्रकाश हरेकलाई दिइएको छ। किनभने एउटालाई आत्माद्वारा ज्ञानको कुरो दिइएको छ, अर्कोलाई त्यही आत्माद्वारा बुद्धिको कुरो, र कसैलाई उही आत्मामा विश्वास र कसैलाई एउटो आत्मामा निको पार्ने वरदान, कसैलाई आश्चर्यकर्मको काम, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्याउने, कसैलाई किसिम किसिमका भाषा बोल्ने, र कसैलाई भाषाको अर्थ लाउने।'' |
| ६.<br><br><br><br>७. | रोमी १२:६–८ पढ्नुहोस्।<br>यहाँ वर्णन गरिएका परमेश्वरले मानिसहरूलाई प्रदान गर्नुभएको आत्मिक वरदानहरू बताउनुहोस्।<br><br>तपाईंमा यी वरदानहरूले काम गरिरहनु भएको छ भनी थाहा पाउनु भएको छ? यदि छ भने कुन वरदान हो? | रोमी १२:६–८<br>''औ कामहरू किसिम किसिमका छन्, तर परमेश्वर ता उही जसले सबैमा सबै काम गर्नु हुन्छ। तर सबैको फायदाको लागि ता आत्माको प्रकाश हरेकलाई दिइएको छ। किनकि एउटालाई आत्माद्वारा ज्ञानको कुरा दिइएको छ, औ अर्कोलाई त्यही आत्मा अनुसार बुद्धिको कुरो।<br><br>२ तिमोथी ४:११<br>''लूका मात्र मसंग छन्। मर्कूसलाई लिएर तिम्रो साथैमा ल्याऊ, किनभने तिनी सेवाको कामको निम्ति मलाई उपयोगी छन्।''<br><br>प्रेरित १३:१<br>''एन्टिओकमा भएका मण्डलीमा कोही अगमवक्ताहरू र शिक्षकहरू थिए, अर्थात वर्णाबास र काला भन्ने सिमिओन, देशको चौथाइको शासक हेरोदसँग हुर्केका मनेन र शावल।<br>प्रेरित १३:१५<br>''अब व्यवस्था र अगमवक्ताका पुस्तकको पाठ भएपछि सभाघरका शासकहरूले तिनीहरूलाई यसो भनी पठाए, ''ए भाइ हो, |

| | | |
|---|---|---|
| | | तपाईहरूसित मानिसहरूको निम्ति केही अर्तीको कुरो छ भने भन्नुहोस्। हितोपदेश २२:९ ‘‘दयालु मानिस आशीषित हुन्छ, किनभने त्यसले आफ्नो खानेकुरा गरीबलाई बाँड्छ।’’ प्रेरित २०:२८ ‘‘यसकारण तपाईहरू आफै र पवित्र आत्माले परमेश्वरका मण्डलीलाई चराउनलाई तपाईहरूलाई धर्माधिकारी तुल्याउनुभएको र बगालसमेत उहाँले आफ्नै रगतले किन्नुभएकोले होशियारी हुनुहोस्। मत्ती ५:७ ‘‘धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्।’’ |
| ८. | १ कोरिन्थी १२:७ पढ्नुहोस्।<br>यी वरदानहरूबाट कसको फायदा भइरहेको छ? | १ कोरिन्थी १२:७ ‘‘तर सबैको फायदाको लागि ता आत्माको प्रकाश हरेकलाई दिइएको छ।’’ |

## उत्तर—व्याख्या

१. प्रश्न : १ पत्रुस ४:११ पढ्नुहोस्।
हामी कसको योग्यताले सेवा गर्छौं?
उत्तर : परमेश्वरको योग्यताले।

२. प्रश्न : १कोरिन्थी १२:४ पढ्नुहोस्।
यहाँ धेरै विभिन्न प्रकारका अनि बेग्ला बेग्लै थरिका आत्मिक वरदानहरू छन्। यी सबैको श्रोत चाहिँ को हो?
उत्तर : परमेश्वर/पवित्र—आत्मा।

३. प्रश्न : १ कोरिन्थी १२:६ पढ्नुहोस्।
यहाँ ठीक भनाइलाई छान्नुहोस्।
उत्तर : ‘‘बी. परमेश्वरले विभिन्न प्रकारले मानिसहरूबाट कार्य गर्नु हुन्छ।

४. प्रश्न : १ कोरिन्थी १२:७ पढ्नुहोस्।
अरूका भलाइका लागि पवित्र—आत्माको उपस्थिति अनि आत्मिक वरदानहरू प्रत्येकलाई प्रदान गरिएको छ।
उत्तर : ज्यू।

५. प्रश्न : १ कोरिन्थी १२:८—१० पढ्नुहोस्।
परमेश्वरले मानिसलाई प्रदान गर्नु भएको आत्मिक वरदानहरू बताउनुहोस्।
उत्तर : एक अद्बितीय परमेश्वरबाटको प्रकाश उहाँको विचार र उद्देश्य ( प्रेरित ९:११—१२) ज्ञानको वाणी — एक अद्बितीय परमेश्वरको प्रकाश कुनै सत्यता वा घटना (प्रेरित ९:११:१२) विश्वासको वरदान परमेश्वरप्रति कुनै शंकाविहिन तथा तर्करहित अद्बितीय विश्वास (१कोरिन्थी १३:२)।

निको पार्ने वरदान — अद्वितीय योग्यता विरामीहरूलाई निको पार्नु कुनै पनि मानिसहरूको तथा दवाइहरूको सहयोग बिना (मर्कूस १६:१८)।
आश्चर्यकर्महरू गर्नु — प्राकृतिक नियमहरूको विपरीत, अद्वितीय हस्तक्षेप बिना आश्चर्यकर्महरू हुनु। (हिब्रू २:३—४) अगमवाणी — अद्वितीय वचनहरू, परमेश्वरबाट प्रेरित वक्ताले अरू भाषा बोल्नु (हेर प्रेरित ११:२७—२८, १ कोरिन्थी १४:३)।
आत्मा छुट्याउनु — एक अद्वितीय परमेश्वरबाट प्रकाश, वर्तमान तथा क्रियाशील आत्माहरू (प्रेरित १६:१६—१८)
बेग्ला बेग्लै भाषाहरू एक अद्वितीय बोली, जो परमेश्वरबाट प्रेरणा (अन्य भाषा) (अर्थ — बोल्ने वक्ताको लागि अर्को भाषा) (प्रेरित —२:४—११)
बोलीहरूको उल्था एक अद्वितीय बोली, जो परमेश्वरबाट प्रेरित। अन्य भाषालाई उल्था (१ कोरिन्थी १४:१३—१४)।

६. प्रश्न : रोमी १२:६—८ पढ़नुहोस्।
यहाँ वर्णन गरिएका परमेश्वरले मानिसहरूलाई प्रदान गर्नु भएको आत्मिक वरदानहरू बताउनुहोस्।
उत्तर : अरूको सेवकाइ गर्नु, व्यवहारिक सेवा। (२ तिमोथी १३:१)
शिक्षा दिनु—बुझाउनु विस्तार गर्नु, सर—सल्लाह दिनु (प्रेरित १३:१) अरूलाई उत्साह दिनु सम्झाउनु, सल्लाह दिनु, प्रोत्साहन दिनु, बिन्ती गर्नु, जनाउनु, सान्त्वना दिनु, चेताउनी दिनु। (प्रेरित १३:१५)
दिनु —परमेश्वरले दिनु भएको वरदानहरूलाई दयापूर्वक परमेश्वर तथा अरूलाई साझा गर्नु। (हितोपदेश २२:९)। शाषण गर्नु — अगुवाइ गर्नु तथा नेतापन (प्रेरित २०:२८)।
दया — अपराधी तथा कष्टितहरूलाई दया (मत्ती ५:७)।

७. प्रश्न : तपाईंमा यी वरदानहरूले काम गरिरहनु भएको छ, भनी थाहा पाउनु भएको छ, यदि छ भने कुन वरदान हो?

८. प्रश्न : १ कोरिन्थी १२:७ पढ़नुहोस्।
यी वरदानहरूबाट कसको फायदा भइरहेको छ?
उत्तर : सबैको यी वरदानहरूको प्रयोगले अरूहरूलाई सहयोग पुऱ्याउँछ। तपाईंको जीवनबाट परमेश्वरले कार्य गर्नुहुन्छ।

## बाइबलबाट सहायक पाठहरू

प्रेरित २७:२१—२५ ''औ तिनीहरूले धेरै दिनसम्म नखाई बसेका हुनाले पावलले तिनीहरूका बीचमा उभिएर भने, ''हजूर हो, तपाईंहरूले मेरो कुरा सुनेर क्रेटबाट जहाज नचलाएको भएता यो खतरा र नोक्सानीबाट फायदा उठाउन सक्नु हुन्थ्यो। अब म तपाईंहरूलाई सल्लाह दिन्छु कि प्रसन्न चित्तको हुनुहोस्, किनभने जहाज बाहेक अरू तपाईंहरूमा कुनै मानिसको ज्यानमा केही हानि हुनेछैन, किनभने जुन परमेश्वरको म हुँ, र जसको सेवा गर्दछु, उहाँकै एकदूत आज राती मलाई यसो भनेर मेरो नजीक खड़ा भए।'' हे पावल, नडराऊ, तिमी सिजरको सामु अवश्य खड़ा हुनु पर्छ र हेर, तिमीसँग जहाजमा चढ़ने जति सबैलाई परमेश्वरले तिमीलाई बक्सनेछ।''
प्रेरित ९:११—१२ ''तर प्रभुले तिनलाई भन्नुभयो, ''उठ, र सीधा भन्ने गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा टार्ससको शावल नाउँ भएको मानिसको खोजी गर। किनभने हेर, तिनी प्रार्थना गर्दछन्। औ तिनले हननिया नाउँ भएको एकजना मानिसलाई भित्र तिनको दृष्टि पाओस्, भगेर आफूमाथि उनको हात राखेका देखे।''

१ कोरिन्थी १३:२
''यदि मलाई अगमवाणी बोल्ने शक्तिको वरदान छ, र म सबै रहस्यहरू र सबै बुद्धि जान्दछु, औ डाँड़ाहरू हटाउन सम्मको विश्वास मसित छ, तर ममा प्रेम चाहिँ छैन भने, म केही पनि होइन।''
मर्कूस १६:१८
तिनीहरूले सर्पहरू समात्नेछन्, र कुनै विषालु कुरो पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्, र तिनीहरू निको भइजानेछन्।''
हिब्रू २:३—४
''यदि हामीले यति ठूलो मुक्तिको वास्ता नराखे हामी कसरी उम्कौंला? जो पहिले प्रभुलाई कहिएको हो, र हामीलाई चाहिँ सुन्ने मानिसहरूद्वारा निश्चय भयो। परमेश्वर पनि चिन्हहरू, अनौठा कामहरू, नाना प्रकारका शक्तिहरू र पवित्र आत्माको वरदानबाट उहाँको आफ्नै इच्छाबमोजिम तिनीहरूको गवाही हुनुभयो।''
प्रेरित ११:२७—२८
''त्यस बेला कोही अगमवक्ताहरू यरूशलेमबाट एन्टिओकमा आए। औ तिनीहरूमध्ये एकजना अगाबस नाउँ भएकाले खड़ा भएर सारा संसारमा ठूलो अनिकाल पर्नआँटेको छ भन्ने आत्माद्वारा सूचना दिए। त्यो अनिकाल क्लौडियसका शासनकालमा भएको थियो।''
१ कोरिन्थी १४:३
''तर अगमवाणी बोल्नेले मानिसको सुधार, साहस, शान्ति र सान्त्वनाका कुरा बोल्दछ।''
प्रेरित १६:१६—१८
''औ जब हामी प्रार्थनाको ठाउँमा गइरहेका थियौं, तब जोखना हेर्ने विद्या भएकी एउटी दासीसँग हाम्रो भेट भयो, जसले जोखनाबाट त्यसका मालिकहरूका निम्ति धेरै पैसा कमाएर ल्याइदिने गर्थी। त्यही चाहिँ पावल र हाम्रा पछिपछि लागीकन यसो भन्दै चिच्याई, यी मानिसहरू परमेश्वरका सेवकहरू हुन्। यिनीहरूले तिमीहरूलाई मुक्तिको बाटो बताउँछन् औ त्यसले यस्तो धेरै दिनसम्म गरिरहे। तब पावलले वाक्क भएर फनक्क फर्की त्यस दुष्टत्मालाई भने, ''येशू ख्रीष्टको नाउँमा, म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दैछु। अनि त्यो त्यही घड़ी निस्किहाल्यो ।
प्रेरित २:८—११ ''अनि तिनीहरू सबै पवित्र आत्माले भरिए, र आत्माले तिनीहरूलाई उच्चारण गर्नदिए, बमोजिम तिनीहरू अरू भाषामा बोल्न लागे। अब स्वर्गमुनि भएका हरेक जातिबाट कैयौं भक्त यहूदीहरू यरूशलेममा बसेका थिए। तब यो शब्द सुनेर भीड़ जम्मा भएर आयो र अकमक्क पऱ्यो, किनकि हरेकले आफ्नो—आफ्नो भाषामा तिनीहरूलाई बोलिरहेका सुन्यो। औ तिनीहरू सबै छक्क परे, र यसो भन्दै अचम्भ माने, ''हेर के यी सबै बोल्नेहरू गालीली होइनन् र? त कसरी तिनीहरू हरेकले हाम्रा मातृभाषामा बोलेको हामी सुन्छौं? पार्थीहरू, मेदीहरू र एलामीहरू औ मेसोपोटामिया, यहूदिया, कपोदिसियाका, पोन्टस र एशियाका बासिन्दा, र फ्रिगिया, प्याम्फिलिया, मिश्र र लिबिया देश, र साइरिनियाका आसपासका जिल्लामा बस्नेहरू, रोमबाट आएका परदेशीहरू यहूदी र यहूदीमत मान्नेहरू दुवै औ क्रेटीहरू र अरबीहरू तिनीहरूले हाम्रो भाषामा परमेश्वरका महाकार्यहरूका विषयमा बोलिरहेका हामी सुन्छौं।''
१ कोरिन्थी १४:१३—१४
''यसकारण अन्यभाषामा बोल्नेले त्यसको अर्थ खुलाउनलाई प्रार्थना गरोस्।

# स्तर – ३

# पाठ – ३

# आश्चर्यकर्महरूबाट परमेश्वरको महिमा

## एन्ड्रू वॉमक

हामीहरूले परमेश्वरको शक्तिसँगै हिँड्दै अनि अरूहरूको सेवकाइ उहाँले दिनु भएको वरदानबाट गर्नु बारेमा बातचीत गर्‍यौं। म, केही विषयमा आज चर्चा गर्न चाहन्छु। कसरी वास्तविक रूपमा परमेश्वरलाई महिमा दिनु, अनि कसरी उहाँको अद्वितीय योग्यता हामीले प्रयोग गरेको उहाँले अपेक्षा गर्नुहुन्छ। यस विषयमा बाइबलीय पदहरू धेरै छन्, तर पनि केही अंशलाई मात्र छुनेछु। मत्ती ९ अध्यायमा प्रभुले एकजना पक्षपातीलाई निको पार्न भयो। म यही विषयलाई मर्कूस २ अनि मत्ती ९:८ लाई  लिनेछु। मत्ती ९:८ मा छ ''जब भीड़हरूले यो देखे, तब तिनीहरू डराए र मानिसहरूलाई यस्तो शक्ति दिने परमेश्वरको प्रशंसा गरें। तपाईंले जान्नुहुन्छ। यो आत्माको वरदान हो –आश्चर्य कर्महरू हो। परमेश्वरको प्रशंसा भएको कारण हो। के हामीहरूलाई आश्चर्यकर्महरूका योग्यता दिनुभएको छैन?

जब तपाईंले अरूहरूलाई प्रचार गरिरहनुहुन्छ, त्यसबेला उनीहरूमा स्वाभाविक शंकाहरू हुन्छ, अनि प्रश्नगर्न शुरू गर्छ, ''तपाईले यो कसरी जान्नु हुन्छ? के यो सत्य हो? मैले एकपल्ट सुनेको थिएँ, टी. एस. ओसर्वन एक प्रसिद्ध प्रचारक जसले लाखौं मानिसहरूलाई प्रभुमा ल्याए; उनले यसरी आफ्ना अनुभवहरू बारेमा चर्चा गरेका थिए। जब उनी पहिलोपल्ट विदेशी मिशन क्षेत्रमा थिए, उनले मानिसहरूलाई साक्षी दिने प्रयास गरे। तर उनले भनेका कुराहरूलाई मानिसहरूले विश्वास गरेनन्। अन्तमा उनले एकजना मानिससँग बातचीत गरी भने, ''बाइबलले भन्दछ।'' त्यो मान्छेले उनलाई भने, ''यो कालो पुस्तक र अरू कालो पुस्तकमा के भिन्नता छ?'' तब टी. एस. ओस्वनले सम्झे ''यी मानिसहरूले बाइबल चाहिँ सत्य हो भनी कसरी बुझाउनु?'' बाइबल परमेश्वरको वचन हो भनी विश्वास गर्छु? तर तिनीहरूलाई कसरी विश्वास गराउनु?''

उसले मिशन क्षेत्रमा हार खाए, निराशा भए, अनि घर फर्के। उसले परमेश्वरलाई खोज्न थाले। परमेश्वरले 'म तँलाई प्रयोग गर्नेछु' भनी भन्नुभयो। उहाँको शक्तिशाली योग्यताले चलाउनु भन्नुभयो। परमेश्वरको वचनको सत्यमाको ध्येयको लागि चिन्ह र चमत्कारहरू हुन्। जसले मानव जीवनलाई परिवर्तन गर्दछन्। पत्रुस १:२३ मा छ ''परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन, तर अविनाशी वीर्यबाट फेरि जन्मिएका हौं।'' परमेश्वरको वचनले मानव जीवनलाई परिवर्तन गर्दछ। तर तपाईंले कसरी प्राप्त गर्न सक्छौ, कि वास्तवमा परमेश्वर बोल्नु भएको भनी कसरी  विश्वास गर्नु हुन्छ? ठीकै छ, यी आश्चर्यकर्महरूको उद्देश्य हो। जब हामीले प्रचार गर्छौं कि निको हुनेछ ''भन्ने परमेश्वरको योजना हो।यसलाई हामीहरूले येशू प्रभुको नाउँमा देखाउनु पर्दछ। तिनीहरूका आँखाहरू खोलिए, कानहरूले सुने यो परमेश्वरको सत्यता हो। आचर्श्य कर्महरूले मानिसलाई परिवर्तन गर्दैन, तर यो कारण हो जब तिनीहरूले विश्वास गर्छन् कि तपाईंले बोल्नुभएको वचन चाहिँ परमेश्वरको वचन हो।

मर्कूस २:१–९ मा बाइबलीय उदाहरण छ ''केही दिन पछि फेरि उहाँ जब कफर्नहुममा पस्नुभयो, तब उहाँ घरमा हुनुहुन्छ भन्ने सुनियो। औ यति धेरै मानिसहरू जम्मा भए कि तिमीहरू त्यहाँ अटाएनन्। यहाँसम्म कि, ढोकाको वरिपरि समेत ठाउँ थिएन। औ उहाँले तिनीहरूलाई वचन सुनाउनु भयो। औ चारजनाले बोकेको एकजना पक्षवातीलाई लिएर मानिसहरू उहाँकहाँ आए।  भीड़को कारणले उहाँको नजीक आउन नसक्दा  तिनीहरूले उहाँ हुनु भएको ठाउँ माथिको छाना उघारे, र उघारिसकेपछि त्यो पक्षवाती सुतिरहेकै खाट त्यहाँबाट तल ओह्राले। येशूले तिनीहरूको विश्वास देखेर त्यस पक्षवातीलाई भन्नुभयो, ''ए छोरा, तिम्रा पाप क्षमा भए।'' तर त्यहाँ कोही

शास्त्रीहरू बसिरहेका थिए, र आफ्ना आफ्ना हृदयमा यसो भनेर विचार गरिरहेका थिए, ‘‘किन यस मानिसले यसरी बोल्दछ?’’ यसले ता परमेश्वरको निन्दा पो गर्दछ किसफ एक अर्थात परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ? अनि तिनीहरू आपसमा यसरी विचार गर्दछन्, भन्ने येशूले तुरून्तै आफ्नो आत्मामा थाह पाएर तिनीहरूलाई भन्नुभयो, ‘‘किन तिमीहरू आफ्ना–आफ्ना हृदयमा यस्तो कुराको विचार गर्दछौं? पक्षवातीलाई तिम्रो पाप क्षमा भए भन्नु कि उठ, तिम्रो खाट उठाएर हिँड भन्नु, कुन चाहिँ सजिलो छ?’’ सत्य चाहि यो हो कि दुवै प्राविधिक ढंगमा असम्भव छ। किनकि मानिसलाई पापहरू क्षमा गर्न असम्भव छ। अनि पक्षवाती विरामीलाई एक व्यक्तिले अर्को व्यक्तिलाई निको पनि असम्भव छ। यदि परमेश्वरले एउटा गर्नुभयो भने, उहाँले निश्चय नै अर्को गर्नु हुनेछ।

येशूले १०–१२ पदमा भन्नुभयो, ‘तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सक। (उहाँले पक्षवातीलाई भन्नुभयो,) म तिमीलाई भन्दछु, ‘‘उठ, तिम्रो खाट उठाऊ, र तिम्रो घरमा हिँड्हाल। औ त्यो उठयो, र तुरन्तै खाट उठाएर सबैको सामुन्नेबाट गइहाल्यो, यहाँसम्म कि, सबैजना आश्चर्यले चकित भए, र हामीले यस्तो त कहिले देखेका थिएनौं भनी तिनीहरूले परमेश्वरको महिमा गरे।’’ येशूले स्पष्टसँग भन्नुभयो, ‘‘तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सक।’’ उहाँले त्यस पक्षवातीलाई भन्नुभएको थियो। उहाँले त्यहाँ आश्चर्यकर्म सृष्टि गर्नुभयो। किनकि मानिसहरूले जान्न सकुन कि उहाँले शारीरिक स्तरमा आश्चर्य कर्म गर्नुहुँदा उहाँको वचनमा पनि भएको मानिसहरूले देख्नेछन्। तब आत्मिक विषयहरू जस्तै पापहरूबाट क्षमा पनि प्राप्त गर्नेछन्। येशू प्रभुले आफ्नो वचनलाई सत्य प्रमाणित गर्नलाई आश्चर्य कर्महरू गर्नुभयो।

यही कुरा हिब्रू २:२–३ मा पाउन सक्छौं। किनभने यदि स्वर्गदूतहरूद्वारा बोलिएका वचन दृढ़ प्रमाणित भयो भने, र हरेक अपराध र अनाज्ञाकारिताले ठीक ठीक बदला पाए भने, यदि हामीले यति ठूलो मुक्तिको वास्ता नराखे, हामी कसरी उम्कौला? जो पहिला प्रभुबाट कहिएको हो, र हामीलाई चाहिँ सुन्ने मानिसहरूद्वारा निश्चय भयो।’’ परमेश्वरले यो वचन पवित्र आत्माबाट निश्चय गर्नुभयो। मर्कूस १६:२० पदलाई मिलान गरौं ‘‘प्रभु तिनीहरूका सहकर्मी हुनुभयो, र साथसाथै भएका चिन्हहरूद्वारा वचनलाई सुदृढ़ पार्नु भयो।’’ यो प्रमाण म गर्न चाहन्छु कि परमेश्वरले तपाईलाई उहाँको अद्वितीय योग्यता र शक्तिबाट अरूको सेवकाइ गर्नुभएको चाहनुहुन्छ। पवित्र आत्माको वरदानबाट उहाँ तिनीहरूसंग बोल्नु हुन्छ भन्ने सत्यतालाई देखाउनलाई उहाँले आश्चर्यकर्महरू गर्नुहुन्छ। अंतमा उहाँले मानिसहरूलाई उनीहरूका हृदयबाट छुटकारा दिन चाहनुहुन्छ। किनभने कतिपल्ट मानिसहरूका हृदय उनीहरूका शरीर र भावनाहरूबाट हुन्छ। यदि तपाईले यी विषयहरूमा व्यवहार गर्नुहुन्छ भने, मानिसहरूले स्वतन्त्र पाएको तपाईले देख्नुहुन्छ, अनि तिनीहरूले परमेश्वरलाई उनीहरूका सम्पूर्ण जीवनलाई स्पर्श गरिदिनु हुने मौका दिनेछन्। शाब्दिक अर्थमा चाहिँ तिनीहरूले सम्पूर्ण जीवनमा उहाँमा समर्पण गर्नेछन्।

१ कोरिन्थी २:१ मा छ, ‘‘ए भाइ हो, जब म तिमीहरूकहाँ आएँ, तब बात र ज्ञानको सर्वश्रेष्ठतामा परमेश्वरको रहस्य सुनाउन म आएको थिइन। मैले किनभने मैले तिमीहरूको बीचमा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेको कुरा बाहेक अरू केही नजानेको हुने नै अठोट गरेको थिए। औ म कमजोरी भएर डराउँदै र ज्यादै कम्पमा तिमीहरूसंग रहें। औ मेरो वचन र मेरो प्रचार मानिसको ज्ञानमा लोभ्याउने कुराहरूमा होइन, तर आत्मा र शक्तिको प्रदर्शनमा थियो।’’ यहाँ उहाँले स्पष्टसंग भन्नुभएको छ, कारण यो छ कि उहाँ वचन भन्नु र प्रयोग गर्नुमा आउनु भएन, तर उहाँ आत्मा र शक्तिको प्रदर्शन गर्नलाई आउनुभयो। यसैले उनीहरूको विश्वास परमेश्वरको शक्तिमा आधारित होस्, तर मान्छेको ज्ञानमा होइन।

ईसाई मतमा अचम्भको तर्क छ (जब तपाईंले एकपल्ट सत्य देख्नुहुन्छ, तपाई अचम्भित हुनु हुनेछ यो कसरी गुमाउन सकौं। अनि किन प्रत्येकले यसलाई अप्नाउन सक्दैन? तर ईसाईमत केवल तर्क मात्र होइन। यो साँचो

अनुभवको साँचो परमेश्वर हो। उहाँ आज पनि जीवित हुनुहुन्छ। उहाँ आफै शक्तिमा स्वंय प्रकट गर्न चाहनुहुन्छ। त्यही अनुरूपमा आफ्नो वचनमा प्रकट हुनुहुन्छ। हिब्रू १३:८ मा छ, ''येशू ख्रीष्ट हिज आज अनि संधैभरि एक समान हुनुहुन्छ।'' येशू आउनुभयो, अनि उहाँ परमेश्वरको मान्यतामा मान्छे हुनुभयो, अनि हाम्रो बीचमा चिन्हहरू चमत्कारहरू तथा आश्चर्यकर्महरू गर्नुभयो। प्रेरित १०:३८ मा भनिएको छ, ''कि कसरी परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र शैतानबाट पेलिएका सबैलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो।'' उहाँमा उहाँको वचन सत्य थियो। तब उनका आश्चर्यकर्महरू घण्टी बजेका झैं थियो, जसले उनका वचनमा धेरै मानिसहरूलाई खिँचेर ल्याउँथे। उनीहरूले परमेश्वरलाई प्रशंसा दिए। बाइबलका धेरै पदहरूले बताएका छन् कि आश्चर्यकर्महरूले परमेश्वरको प्रशंसा गरे। यदि येशूले धेरै मानिसहरूका जीवन परिवर्तन गर्नलाई सेवकाइ गर्दा पवित्र आत्माका शक्तिलाई प्रयोग गर्नुभयो भने उहाँ भन्दा हामी अझ उत्तम गर्नेछौं भनी हामीले कसरी भन्नसक्छौ? यदि येशूले आश्चर्यकर्महरूबाट धेरै मानिसहरूलाई आफूकहाँ वचन ग्रहण गर्नलाई खिँच्नुभयो, भने हामीहरूले पनि कसरी सम्भव छ भने सम्झन्छौं कि परमेश्वरको शक्तिशाली आत्माको कार्य विना मानिसहरूलाई कसरी विश्वास गराउन सक्छौं? यो सत्य हो कि आश्चर्यकर्मले परमेश्वरको प्रशंसा गर्दछ। यो एउटा घण्टी जस्तो हो जसले मानिसहरूलाई तान्दछ। यो एउटा खानाको घण्टी हो, यो खाना हो जसले हामीलाई तृप्त पार्छ। तर यो घण्टी तपाईको सावधानीको पनि हो। यो घण्टी बिना केही मानिसहरूले खानालाई चुकाउँछ। परमेश्वरको आश्चर्यकर्मको शक्ति बिना धेरैले परमेश्वर सत्य अनि जसले उनीहरूका हृदयलाई परिवर्तन गरी तिनीहरूको पापहरूलाई क्षमा गर्नु हुन्छ सत्यलाई हराइपठाउँछ।

म उत्साह दिनु चाहन्छु अनि विश्वास गर्नुहोस्, परमेश्वरले प्रत्येकबाट प्रवाहित हुन चाहनु हुन्छ। यी आश्चर्यकर्महरू हाम्रा जीवनबाट अरूकहाँ कार्य भएको चाहनुहुन्छ। तपाई कतिले भन्नुहुन्छ, ''तपाईंलाई डर देखाउनु हुन्छ। के हुन्छ? जब मैले प्रार्थना गरेर पनि बिरामीहरू निको भएनन् भने म जान्दछौ, तब कस्तो घटना घटनेछ। तपाईंले यो जान्न आवश्यक छ कि यो तपाईंले गर्नु भएको आश्चर्यकर्म होइन, यो परमेश्वरले गर्नुभएको हो। यो तपाईंले उत्तरदायित्व नलिनुहोस्। यदि त्यहाँ आश्चर्यकर्म भयो, अनि मानिसले छुटकारा पाए। तपाईंले यसको दोष नलिनुहोस् – जहाँ कुनै कार्यहरू भएन। तपाईले त्यहाँ केवल प्रार्थना गरिदिनु होस्। परमेश्वर जो एक्लो हुनुहुन्छ उहाँले आश्चर्यकर्म गर्नुहुन्छ। तर यो तपाईंको माध्यमबाट प्रवाहित हुन चाहनु हुन्छ। तपाईंलाई परमेश्वरले आश्चर्यरूपले चलाउनु चाहनुहुन्छ। कसरी तपाईंको माध्यमबाट अरूका लागि उहाँले कार्य गर्नु हुन्छ। तपाईंले यी विषयहरूलाई गर्नुहुन्छ। तपाईंले यी विषयहरूलाई जीवनमा प्रयोग गर्नुहोस्। अनि आज नै परमेश्वरका आश्चर्यकर्महरू अद्वितीय परमेश्वरको शक्ति तपाईंबाट प्रवाहित हुनेछन्।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | आश्चर्यकर्म के हो?<br>मर्कूस २:१०–१२ पढ्नुहोस्। | मर्कूस २:१०–१२ ''तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सक। उहाँले पक्षवातीलाई भन्नुभयो। म तिमीहरूलाई भन्दछु, 'उठ, तिम्रो खाट उठाऊ, र तिम्रो घरमा हिँड्हिाल। औ त्यो उठयो, र तुरून्तै खाट उठाएर सबैको सामनेबाट गइहाल्यो, यहाँसम्म कि सबैजना आश्चर्यले चकित भए, र हामीले यस्तो त कहिले देखेका थिएनौं, भनी तिनीहरूले परमेश्वरको महिमा गरे।'' |
| २. | येशू ख्रीष्टका आश्चर्यकर्म जो मर्कूस २:१०–१२ मा छ।<br>यहाँ उहाँले के गर्ने अधिकार दर्शाएको छ? | |
| ३. | मर्कूस १६:१५ पढ्नुहोस्<br>हामी एक विश्वासी भएर के गर्नु पर्दछ? | मर्कूस १६:१५–१८ ''अनि उहाँले तिनीहरूलाई भन्नुभयो, सारा जगतमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर |

| | | |
|---|---|---|
| | | अविश्वास गर्ने दोषी ठहरिनेछ। औ विश्वास गर्नेहरूसित यी चिन्हहरू हुनेछन् – मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, र नयाँ भाषाहरू तिनीहरूले बोल्नेछन्। तिनीहरूले सर्पहरू समात्ने छन्, र कुनै विषालु कुरो पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूलाई हानि गर्नेछैन, र तिनीहरूले रोगीहरूमाथि हात राख्नेछन्, र तिनीहरू निको भई जानेछन्।'' |
| ४. | प्रेरित ८:५–८,१२ पढ्नुहोस्।<br>मानिसहरूले के देखे?<br>तब तिनीहरूले के गरे? | प्रेरित ८:५–८, १२ पद।<br>''औ फिलिप चाहिँ सामरियाको एउटा शहरमा ओर्लेर तिनीहरूलाई ख्रीष्टको प्रचार गरे। अनि फिलिपले बोलेका वचन सुनेर, औ तिनले गरेका चिन्हहरू देखेर, एक मनका भई तिनका कुराहरूमा भीड़हरूले ध्यान दिए। किनकि अशुद्ध भूत लागेका धेरै जनाहरूबाट भूतहरू ठूलो सोर गरेर चिच्याउँदै निस्कनलागे, र धेरैजना पक्षवात भएका र लङ्गड़ाहरू पनि निको पारिए, त्यस शहरमा ज्यादै आनन्द भयो।<br>तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपलाई विश्वास गरे, तब पुरूष र स्त्रीहरू दुवैले बप्तिस्मा लिए। |
| ५. | प्रेरित ३:१२ पढ्नुहोस्।<br>प्रेरित पत्रुसले मानिसहरूलाई के भने, के आफ्नै पवित्रताले आश्चर्यकर्महरू प्रदर्शन भइरहेको छ? | प्रेरित ३:१२<br>''औ पत्रुसले यो देखेर मानिसहरूलाई भने, ''हे इस्राएली हो, यस कुरोमा तपाईंहरू किन अचम्भ मान्नुहुन्छ? अथवा हाम्रो आफ्नै शक्ति कि भक्तिले यसलाई हिँड़ने तुल्याएको जस्तै किन वाल्ल परेर हामीलाई हेर्नुहुन्छ।'' |
| ६.<br><br>७. | प्रेरित ३:१६ पढ्नुहोस्।<br><br>आश्चर्यकर्महरू कसरी हुन्छ?<br>यहाँ नयाँ करारमा आश्चर्य कर्महरूका घटनाहरू घटेका छन्। के त्यो प्रेरितहरूबाट भएको होइन? | प्रेरित ३:१६<br>औ उहाँका नाउँमा विश्वास गरेकोले गर्दा उहाँकै नाउँले तपाईंहरूले देखेको र जानेको यस मानिसलाई बलियो तुल्यायो। उहाँबाट पाएको विश्वासले यसलाई तपाईंहरू सबैका सामने पूर्ण आरोग्य दिलायो। |
| ८. | १ कोरिन्थी १:७ पढ्नुहोस्।<br>कहिले आश्चर्यकर्महरूका वरदान हराउनेछ? | १ कोरिन्थी १:७ यहाँसम्म कि हाम्रा प्रभु येशू ख्रीष्टको प्रकाश पर्खिरहँदा तिमीहरूमा कुनै वरदानको अभाव छैन।'' |

## उत्तर–व्याख्या

१. प्रश्न : आश्चर्यकर्म के हो?

उत्तर : असामान्य तथा असाधारण घटना हो। यसमा स्वर्गीय शक्तिको प्रदर्शन हुन्छ। यो अद्वितीय परमेश्वरको शक्तिको प्राकृतिक नियमहरूमाथि हस्तक्षेप हो।

२. प्रश्न : मर्कूस २:१०–१२ पढ्नुहोस्।
येशू ख्रीष्टका आश्चर्यकर्म जो मर्कूस २:१०–१२ मा छ। यहाँ उहाँले के गर्ने अधिकार दर्शाएको छ?
उत्तर : पापहरू क्षमा गर्ने।

३. प्रश्न : मर्कूस १६:१५ पढ्नुहोस्।
हामी एक विश्वासी भएर के गर्नु पर्दछ?
उत्तर : परमेश्वरको वचन प्रचार गर्नु परिवर्तन भएकालाई बप्तिस्मा दिनु, भूतात्माहरूलाई निकाल्नु, भाषाहरू बोल्नु अनि बिरामीहरूलाई निको पार्नु।

४. प्रश्न : प्रेरित ८:५–८,१२ पढ्नुहोस्।
मानिसहरूले के देखे? तब तिनीहरूले के गरे?
उत्तर : तिनीहरूले आश्चर्यकर्महरू देखे (पद ७) येशूलाई विश्वास गरे, अनि पानीको बप्तिस्मा लिए। ( पद १२)

५. प्रश्न : प्रेरित ३:१२ पढ्नुहोस्।
प्रेरित पत्रुसले मानिसहरूलाई के भने, के आफ्नै पवित्रताले आश्चर्यकर्महरू प्रदर्शन भइरहेको छ?
उत्तर : यो उसको आफ्नै पवित्रता र शक्तिले होइन, जसले बिरामी मान्छेलाई निको पार्‍यो। तर परमेश्वरले निको पार्नुभयो।

६. प्रश्न : प्रेरित ३:१६ पढ्नुहोस्।
आश्चर्यकर्महरू कसरी हुन्छ?
उत्तर : उहाँमा विश्वास गरेर तथा येशूको नाउँको मार्फत हुन्छ।

७. प्रश्न : यहाँ नयाँ करारमा आश्चर्य कर्महरूको घटना घटेका छन्। के त्यो प्रेरितहरूबाट भएको होइन?
उत्तर : ज्यू, एक बेनामी प्रभुलाई पछ्याउने बाट (मर्कूस ९:३८–३९), फिलिप (प्रेरित ८:५–७) हननिया (प्रेरित९:१०–१८)

८. प्रश्न : १ कोरिन्थी १:७ आश्चर्यकर्मको वरदान कहिले बन्द हुन्छ ?
उत्तर : प्रभु येशूको आगमनमा; जब उहाँ दोस्रो चोटी आउनुहुन्छ ।

## बाइबलबाट सहायक पाठहरू

मर्कूस ९:३८–३९

''यूहन्नाले उहाँलाई भने, गुरूज्यू एकजनाले तपाईंको नाउँमा भूतहरू निकालिरहेको हामीले देख्यौं, औ हामीले त्यसलाई मनाई गरयौं, किनकि त्यो हाम्रो पछि लाग्दैन थियो। तर येशूले भन्नुभयो, त्यसलाई मनाई नगर किनकि मेरो नाउँमा शक्तिको काम गर्नेले तुरून्तै बदख्वाइ गर्नसक्ने छैन।''

प्रेरित ९:१०—१८

''दमीशकमा हननिया नाउँ भएका एकजना चेला थिए। तिनलाई प्रभुले सपनामा 'ए हननिया' भन्नुभयो। अनि तिनले भने, ''हे प्रभु, हाजिर छु। तब प्रभुले तिनलाई भन्नुभयो, उठ, र 'सीधा' भन्ने गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा टार्ससको शावल नाउँ भएको मानिसलाई खोजी गर। किनभने हेर, तिनी प्रार्थना गर्दछन्। औ तिनले हननिया नाउँ भएको एकजना मानिसलाईभित्र आएर तिनले दृष्टि पाओस् भनेर आफूमाथि उनले हात राखेको देखे। तर हननियाले भने, 'हे प्रभु, मैले धेरैजनालाई यी मानिसको विषयमा सुनेको छु, तिनले यरूशलेममा तपाईंका भक्तजनलाई कतिको खराबी गरेका छन्। यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध ने अधिकार मुख्य पूजारीहरूबाट तिनीसँग छ अरे।'' तर प्रभुले तिनलाई भन्नुभयो, 'जाऊ, किनकि अन्यजातिहरू राजाहरू र इस्राएलका सन्तानका सामु मेरो निति चलाउनलाई तिनी एक छानिएका पात्र हुन्, किनकि मेरो नाउँको खातिर तिनले अवश्य कस्तो कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।'' तब हननिया गएर त्यस घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, ''ए भाइ शावल, जुन प्रभु, अर्थात् येशू, तिमी यसतर्फ आउँदा बाटोमा सामने देखा पर्नुभएको थियो, उहाँलेनै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर होऊ भनी मलाई पठाउनु भएको छ। अनि तुरन्तै तिनका आँखाबाट चिप्राजस्तो केही खसे, र तिनले दृष्टि पाईकन उठेर बप्तिस्मा लिए। औ तिनले खानेकुरो खाएर बल पाए।''

## स्तर – ३
## पाठ – ४
# ईश्वरीय सम्बन्धहरूमा शक्ति
## डोन क्रो

आज हामी ईश्वरीय सम्बन्धहरूमा शक्ति बारेमा चर्चा गर्नेछौं। जब यी विषयहरूलाई सम्झनुहुन्छ, सम्पूर्ण बाइबलभरि नै यस विषयमा चर्चा गरिएको छ। एउटा उदाहरण छ, ''मण्डली'' शब्द ग्रीक शब्द 'एक्लेसिया' बाट लिएको हो। यसको अर्थ छ – बोलाइएका झुण्ड।'' जब तपाईंले परमेश्वरको वचनलाई हेर्नु हुन्छ, तपाईंले मण्डलीलाई देख्नु हुन्छ अथवा ईश्वरका जनलाई देख्नुहुन्छ। एकाअर्काको संगति गर्नलाई प्रोत्साहन दिनुहुन्छ। तिनीहरू एकाअर्कामा प्रार्थना गर्नलाई उत्साह दिन्छन्, अनि एकाअर्कालाई दिनप्रति दिन उत्साह दिन्छन्। तिनीहरूले ईश्वरीय संगति, बारेमा प्रोत्साहन दिन्छन्। तिनीहरू एकाअर्कामा सँगै हिँड्छन्। तपाईंले अर्को शब्द बाइबलमा धेरैपल्ट प्रयोग गरिएको छ। यसलाई कसलाई पाको, को चाहिँ, प्रौढ़, को चाहिँ ख्रीष्टको जीवन अनुरूप छ, को चाहिँ आफ्नो परिवार, वैवाहिक सम्बन्धमा सफल छ, अर्थहरूमा वर्णन गरिएको छ। यदि मेरो वैवाहिक सम्बन्धमा केही समस्याहरू छ भने, म ती ईश्वरीय व्यक्तिकहाँ जान चाहन्छु, जसले धेरै वर्षदेखि ईश्वरीय ज्ञान प्राप्त गरेको छ।

हामीहरूले यो पनि थाहा गरेको हुनपर्छ, बाइबलमा ख्रीष्टको देह भनी वर्णन गरेको शारीरिक अङ्ग वा शरीर पनि हो। यसर्थ हातहरू, आँखाहरू, कानहरू अनि अरू विभिन्न अङ्गहरू हुन्छन्। हामीहरू एकाअर्काको अङ्ग हौं। यदि हामीहरू एकाअर्काको अङ्गहरू हौं भने, हामीहरूले एकाअर्काबाट शक्ति पनि प्राप्त गर्छौं। प्रत्येक बन्धनमा प्रत्येक शरीरको अङ्गमा उसको आफ्नै वरदानहरू अनि आफ्नै योग्यता छ। उसको आफ्नै प्रदान गर्ने शक्ति र ज्ञान छ।

बाइबलले याकूब ५:१६ मा बताएको छ, ''यसकारण तिमीहरू एउटाले अर्कोसँग आफ्नो पाप स्वीकार गर, र तिमीहरू निको होओ भनी एउटाले अर्कोको निम्ति प्रार्थना गर। धार्मिक मानिसको निवेदनले धेरै ठूलो काम हुनसक्दछ। यहाँ बाइबलको एउटा नमूना छ – ईश्वरीय सम्बन्धहरूमा शक्ति। यहाँ परमेश्वरको शरीरमा हराएको छ। म सम्झन्छु हामी विश्वासीहरूमा पुजारीगिरीलाई मान्यता दिन्छौं। हामी सोझैं परमेश्वरकहाँ जान्छौं, एकाअर्कामा होइन। हामीहरूले केही हराइरहेकाछौं। बाइबलले बताएको छ, एकाअर्काको आफ्ना भूलहरू स्वीकार गर्नु पर्छ। मेरो एकजना मित्र थिए जसको नाउँ डाक्टर लोरेन लिविस थिए। उहाँ वयोवृद्ध सज्जन थिए। हामीहरू एकाअर्कामा धेरै समयहरू बिताउँथ्यौं। उ ग्रीक भाषाबाट पढ़थे। जब बाइबलमा कतिपय विषयहरू, म बुझ्न असमर्थ थिएँ, म उहाँ जान्थे, ग्रीकबाट यसको अर्थहरू के हो भनी उनलाई प्रश्नहरू गर्थे। मैले उनलाई ग्रीक भाषाका कालहरूको बारेमा प्रश्न गर्थे। उनले मलाई मेरो बाइबलीय अध्ययनमा धेरै विषयहरूको सहयोग गर्थे। मैले त्यस व्यक्तिसँग धेरै घण्टौं सम्म बिताउँथे। उनी ज्ञानी व्यक्ति थिए। उनी ईश्वरीय व्यक्ति थिए। उनको वैवाहिक जीवन पनि सफल थिए। उनको पारिवारिक जीवन पनि सफल थिए। समयहरू आउँछ, जब हामीहरूले एकाअर्कामा आफ्ना भूलहरू स्वीकार गर्नुपर्छ। अब म जान्दछु, बाइबलले बताएको छ, हामीहरूले आफ्ना पापहरू परमेश्वरमा स्वीकार गर्नुपर्छ। म तपाईंलाई भन्दिन् कि तपाईंले कसैसँग आफ्नो पापहरू स्वीकार गर्नु आवश्यक छ यदि तिनीहरूले क्षमादिए भने किनकि हामी सोझै परमेश्वरकहाँ जानुपर्छ। तर हामीले आफ्ना जीवनहरूको हिसाब दिन आवश्यक छ।

ईश्वरीय सम्पर्कको शक्ति चाहिँ त्यो शक्ति हो, जसको लेखाजोखाको हामीलाई आवश्य छ, अनि अरूलाई परमेश्वर खोज्नुलाई प्रोत्साहन दिनु हो। बाइबलको हिब्रूमा हामीलाई बताएको छ – एकाअर्कालाई प्रतिदिन भेला

हुनालाई नछोड्ने प्रोत्साहन देऊ। एकाअर्कालाई प्रेरणा देऊ, एकाअर्कालाई चेतावनी पनि देऊ — ताकि कुनै पनि शैतानको छलकपटले उ कठोर नबनोस्। यी सबै कुराहरू परमेश्वरीय संगतिहरूको विशेषतालाई बताउँछ। अर्को नकारात्मक पक्षमा, बाइबलले चेताउनी दिएको छ कि धेरै समयहरूमा  परमेश्वरहीन संगति पनि छ, जुन परमेश्वरहीन संगतिले कसरी हाम्रा मन, मस्तिष्कहरूलाई प्रभाव पार्न सक्छ। यी जान्नभन्दा पहिला, हामीले मन नपराएका कुराहरूले नै हामीलाई दोहोऱ्याउँछ किनभने हामी आफैमा सुरक्षित छैनौं, अनि हामी ईश्वरीय सल्लाहले घेरेका छैनौं। (हितोपदेश ११:१४, १३:२० अनि १ कोरिन्थी १५:३३) बाइबलले बताएको छ, ‘‘विश्वास हलोमा नजोतियौं, किनकि धर्म र अधर्मको के संसर्ग हुन्छ? कि अँध्यारोसित उज्यालोको के संगति?’’ (२ कोरिन्थी ६:१४)।

तपाईं ईसाई जीवनमा हिँड्नु हुन्छ भने आफैलाई ईश्वरीय सम्पर्कहरूमा घेरेर राख्नुहोस्। आफैलाई नकारात्मक बाटोबाट भाग्नुहोस्। यो आवश्यक छ कि हाम्रो जीवनमा ईश्वरीय विश्वासीहरू आवश्यक छ, जसले हाम्रो जीवनलाई तिखार्छ (हितोपदेश २७:१७) यसको लेखा जोखा हुनेछ। परमेश्वरले तपाईंलाई आशिष देऊन अनि यी विषयहरूमा सम्झनुहोस्, अनि लगातार रहनुहोस्।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | १कोरिन्थी १५:३३ पढ्नुहोस्।<br>यो पदले सम्बन्धहरू बारेमा हामीलाई के सिकाउँछ? | १कोरिन्थी १५:३३ ‘‘नठगियौं, खराब संगतले भला चाललाई बिगार्दछ।’’ |
| २.<br><br>३. | १ कोरिन्थी १२:१२ पढ्नुहोस्।<br>यो पदले हाम्रो ईसाई जीवन बारेमा के सिकाउँछ?<br>हिब्रू १०:२४ पढ्नुहोस्।<br>हिब्रू १०:२४ बाट हामीहरूले ईश्वरीय संगतिको बारेमा के शिक्षा लिन सक्छौं? | १कोरिन्थी १२:१२<br>‘‘किनकि जस्तो शरीर एउटै हो, तर त्यसका धेरै अंगहरू हुन्छन्, र शरीरका सबै अंगहरू धेरै भए तापनि एउटै शरीर हो, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ।’’ |
| ४. | हिब्रू १०:२५ पढ्नुहोस्।<br>हिब्रू १०:२५ बाट हामीहरूले सम्बन्धको बारेमा के शिक्षा लिनसक्छौं? | हिब्रू १०:२४:२५ ‘‘औ प्रेम र सुकर्ममा उत्तेजित गराएर एउटाले अर्कोको विचार राख्ने गरौं। कसै कसैको बानी भएझैं हामी एक ठाउँमा भेला हुनालाई नछोड़ौं। तर दिन नजीक नजीक आइपुगेको तिमीहरूले देखेकै हुनाले एउटाले अर्कोलाई झन् बढ़ता गरेर अर्ती दिँदै गरौं।’’ |
| ५. | हितोपदेश ५:२२—२३ पढ्नुहोस्।<br>किन हामीले आफ्ना हृदयहरूलाई दुष्ट सम्बन्धहरूबाट जोगाउनु पर्छ? | हितोपदेश ५:२२—२३ ‘‘दुष्ट मानिस आफ्नै अधर्ममा पक्राउपर्छ, र आफ्नै पापको पासोमा जेलिन्छ। अनुशासनको अभावले त्यो नाश हुनेछ, आफ्नो असीम मूर्खता त्यसको कात्रो हुनेछ।’’ |
| ६. | २ तिमोथी २:२२ पढ्नुहोस्<br>हामीहरूले कसको लागि धार्मिकता, विश्वास, प्रेम अनि शान्तिको पछि लाग्नु? | २ तिमोथी २:२२<br>‘‘तर जवानीका अभिलाषाहरूबाट भाग, र शुद्ध हृदयले प्रभुका नाउँ लिनेहरूका साथ—साथै धार्मिकता, विश्वास, प्रेम, शान्तिका पछि लाग। |

| | | |
|---|---|---|
| ७. | हिब्रू १३:७ पढ्नुहोस्।<br>हामीहरूले कसलाई सम्झनु अनि हाम्रो जीवनमा नमूना बनाउनु? | हिब्रू १३:७<br>''तिमीहरूलाई परमेश्वरको वचन सुनाउने र तिमीहरूका अगुवाहरूलाई सम्झ र तिमीहरूका जीवनको नतीजालाई विचार गरेर तिनीहरूको विश्वासको देखासिकी गर।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : १ कोरिन्थी १५:३३ पढ्नुहोस्।
यो पदले सम्बन्धहरू बारेमा हामीलाई के सिकाउँछ?
उत्तर : खराब संगतले भला चाललाई बिगार्दछ।

२. प्रश्न : १ कोरिन्थी १२:१२ पढ्नुहोस्। यो पदले हाम्रो ईसाई जीवन बारेमा के सिकाउँछ?
उत्तर : हाम्रा शारीरिक अंगहरू जस्तै हामीपनि परमेश्वरको शरीरको अरू अंगहरू हौं।

३. प्रश्न : हिब्रू १०:२४ पढ्नुहोस्।
हिब्रू १०:२४ बमोजिम हामीहरूले ईश्वरीय संगतको बारेमा के शिक्षा लिन सक्छौं?
उत्तर : ईश्वरीय संगतले अरूप्रति प्रेम, असल कार्यहरू गर्नलाई प्रेरणा दिन्छ।

४. प्रश्न : हिब्रू १०:२५ पढ्नुहोस्।
हिब्रू १०:२५ बाट हामीहरूले सम्बन्धको बारेमा के शिक्षा लिन सक्छौं?
उत्तर : हामीहरू एकाअर्कामा भेला हुनु खाँचो छ। अनि संगति तथा एकाअर्कालाई उत्साह दिन पर्दछ।

५. प्रश्न : हितोपदेश ५:२२–२३ पढ्नुहोस्।
किन हामीले आफ्ना हृदयहरूलाई दुष्ट सम्बन्धहरूबाट जोगाउनु पर्छ?
उत्तर : आफ्नै असीम मूर्खता त्यसको कात्रो हुनेछ। (२३ पद)।

६. प्रश्न : २ तिमोथी २:२२ पढ्नुहोस्।
हामीहरूले कसको लागि धामिर्कता, विश्वास, प्रेम अनि शान्तिको लागि पछि लाग्नु?
उत्तर : जुनहरू शुद्ध हृदयले प्रभुलाई स्वीकारेका छन्।

७. प्रश्न : हिब्रू १३:७ पढ्नुहोस्।
हामीहरूले कसलाई सम्झनु अनि हाम्रो जीवनमा नमूना बनाउनु?
उत्तर : तपाईका अगुवाहरूलाई जसले तपाईको लागि परमेश्वरको वचन बोल्नुहुन्छ।

# स्तर — ३
# पाठ — ५
# सतावट
## डोन क्रो

मत्ती १०:१६—२३ मा येशूले आफ्ना चेलाहरूलाई विरोधको सामना गर्नलाई तयारी रहने अपेक्षा राख्नुभएको थियो। ती विरोधहरू आउनेछन्, त्यसलाई थाहा भएको हुनपर्छ भन्ने उहाँको अभिप्राय थियो। उनीहरू जो ईश्वरीय खीष्ट केन्द्रित जीवन बिताउँछन्, उनीहरू सतावटमा पर्नेछन्। (२ तिमोथी ३:१२)। तपाईंले यसलाई साधारणत: गाली गरेर हुँदैन। यसको पछि शत्रु हुन्छ। तर सतावट चाहिँ धार्मिकताको लागि उभिनुको एउटा अंश हो। बाइबलले बताएको छ, जो ईश्वरीय जीवन खीष्टमा बिताउँछ, उसले सतावट सहनेछ। येशूले आफ्ना चेलाहरूलाई तयारीका लागि यसरी भन्नुभयो, ''हेर, म तिमीहरूलाई ब्वाँसाका बीचमा भेड़ाझैं गरी पठाउँछु, यसकारण तिमीहरू सर्पझैं चनाखो र ढुकुर झैं सोझो होओ।'' (मत्ती १०:१६)। यो शब्द ''हेर'' ले भन्दछ, ''केटाहरू मलाई सुन। म यो बताउन चाहन्छु — म तिमीहरूलाई ब्वाँसाको बीचमा भेड़ाझैं गरी पठाउनेछु।'' भेड़ाहरू सबैभन्दा असुरक्षित हुन्छन्। अरूप्रति भरोसा राख्ने पशुहरू हुन्। भेड़ाको कुनै विषालु दाँत तथा सर्पको झैं विष हुँदैन। उसकोमा जुनै अवस्थामा पनि रक्षा गर्ने हुँदैन। उसको रक्षा गर्ने केवल भेड़ानै हो।

गोठालाको उत्तरदायित्व भेड़ाहरूको बथानलाई ब्वाँसाबाट बचाउनु हो। तर येशूले त्यसको विपरीत भन्नुभयो, ''म तिमीहरूलाई ब्वाँसाको बीचमा भेड़ाझैं गरी पठाउँछु।'' के यो अचम्भ लाग्दो होइन? यसको कारण हो उहाँले बताइरहनु भएको छ; उहाँले विरोधको लागि तिनीहरूलाई तयारी गरिरहनु भएको थियो। एफिसी ६:१२ मा छ।'' किनकि हाम्रो यो लड़न्त मानिसहरूका विरूद्धमा होइन, तर प्रधानताहरू, अधिकारहरू, यस अन्धकारका सांसारिक शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टाइँका आत्मिक सेनाहरूका विरूद्धमा हो।'' यहाँ विरोधहरू हुन्छन्। खीष्टियन जीवनको एउटा अंश विरोध हो। चोरले यस बारेमा तपाईलाई जानेको चाहनुहुन्छ। तपाईं यसका लागि तयारी भएको उहाँ चाहनुहुन्छ। यसैमा उहाँले भन्नुभएको छ, ''यसकारण सर्प जस्तो चनाखो होओ।'' (मत्ती १०:१६) यो शब्द चनाखो को अर्थ हुन्छ, जुनै परिस्थितिमा उत्तेजित हुनुहोइन, तर तपाईंको ज्ञानसहित त्यसलाई ग्रहण गर्नु हो। यसैले सर्प झैं चनाखो अनि ढुकुर झैं सोझो होओ।

उहाँले भन्नुभयो, मानिसहरूबाट होशियारी बस।'' (मत्ती १०:१७)। शत्रुले मानिसहरूलाई प्रयोग गर्छ। एफिसी २:२ मा वर्णन गरिएको छ, ''जसमा यस प्रकारको रीति अनुसार, आकाशको शक्तिको मालिक अनुसार, अनाज्ञाकारिताका सन्तानमा काम गर्ने आत्मा अनुसार तिमीहरू अघि एकपल्ट चल्दथियौ। शैतानले तपाईंको विरोध गर्नलाई मानिसहरू प्रयोग गर्दछ। येशू खीष्टका उद्देश्यहरूलाई विरोध गर्छ। अनि परमेश्वरको वचनलाई विरोध गर्छ। ''तर मानिसहरूदेखि होशियार होओ। किनभने तिनीहरूले तिमीहरूलाई अदालतमा सुम्पिदिनेछन्, र तिनीहरूका सभाघरहरूमा कोर्रा लाउनेछन्। (मत्ती १०:१७)। पावलले यसरी भनेका छन्, ''के तिनीहरू खीष्टका सेवक हुन्? (म सन्केर बोल्दछु), म झन् बढ़ता गरी हुँ, परिश्रममा झन् प्रशस्तगरी, कैदमा झन् प्रयास्त गरी, कोर्राबाजीमा अनगन्ती, मृत्युमा वारंवार। येशूले भन्नुभएको छ, तपाईंलाई अधिकारीहरूको अघि ल्याउनेछ। कुनै बेला सरकारलाई पनि येशू प्रभुको उद्देश्यलाई विरोध गर्नलाई प्रयोग गरिन्छ। तपाईंलाई सर्कारहरू तथा राजाहरूको अघि येशूको खातिर ल्याउनेछ। तिनीहरूलाई साक्षी दिनुहुनेछ कि विरोध गर्नु हुनेछ?

मैले प्रचारीपनको पाठ्यक्रमलाई पढ़ाइरहेको थिएँ। मैले विद्यार्थीहरूलाई कसरी हराएकाहरूलाई प्रचारी पत्र र व्यक्तिगत साक्षीका पत्रहरू पठाई प्रयोग गर्न सकिन्छ बताइरहेको थिएँ। मैले सबैभन्दा पहिला एक सयजना

व्यक्तिहरूको माझमा पचास जनालाई पत्रहरू पठाए। केही समयपछि मलाई एक शहरबाट मेरी आन नामक स्त्रीबाट फोन आयो। उसले भनी, ''तपाईंले यो प्राप्त गर्नुहुन्न। मलाई येशू प्रभुको नाउँमा केही नबताउनुहोस्। तपाईंले यो पाउनु हुन्न। कहाँबाट तपाईंले यो नाउँ पाउनुभयो? ठीकै छ। मैले भने, ''मैले भने, ठीकै छ, यो नाउँ फोनको सूचिकाबाट प्राप्त गरेको हुँ। उसले भनी, ''तपाईं झूटो हुनुहुन्छ। मेरो नाउँ र ठिगाना फोन पुस्तकमा छैन।'' मैले भने, ''ठीकै छ,'' ''त्यहाँ थियो, र मैले प्राप्त गरें।'' उसले भनिन्, ''भोलि तपाईंलाई पुलिसले सम्पर्क राख्नेछ। म आफैलाई प्रश्न गरें, के बाइबल वास्तविक सत्य हो? अनि भोलिपल्ट पुलिसले मलाई सम्पर्क गरे। तिनीहरूले मलाई प्राय दुइ घण्टा जति सोधपुछ गरे।

तपाईंले यहाँ देख्नु हुँदैछ, मैले के भन्न खोजिरहेछु। अपराधीहरू खुल्ला सड़कहरूमा हिँड़िरहेका छन्। पुलिसले व्यर्थमा दुइ घण्टा जति समय नाश गरिरहेको छ। किन? केवल ख्रीष्टको कारण, सुसमाचारको निम्ति। के परमेश्वरको वचन वास्तवमा सत्य छ? यदि तपाईं साक्षी दिनलाई साहसी हुनुहुन्छ? यदि तपाईं येशूलाई प्रचार गर्न साहसी हुनुहन्छ, यदि मानिसहरूको अघि धार्मिक जीवन बिताउनलाई साहसी हुनुहुन्छ, त्यहाँ विरोधहरू हुनेछ। त्यहाँ शैतानका शक्तिहरू हुनेछ। त्यहाँ असलपनका शक्तिहरू छ। येशूले आफ्ना चेलाहरूलाई तयारीपनका इच्छा गर्नुभएको छ।

येशूले मत्ती १०:१९ मा भन्नुभएको छ, ''तर जब तिनीहरूले तिमीहरूलाई सुम्पिदिन्छन्, तब कसरी र के बोलौंला भनी फिक्री नगर। किनभने तिमीले के बोल्नपर्ने हो, त्यहीबेला तिमीहरूलाई बताइनेछ।''
परमेश्वरको आत्माबाट स्टीफनमा आत्मा भएझैं, तपाईमा पनि आत्मा हुनुहुन्छ। उहाँले बोल्नु भए झैं मानिसहरूले ज्ञानलाई चलाउन जानेन। प्रभुले २२–२३ पदमा भन्नुभयो '' औ मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ। तर आखिरसम्म सहने चाहिँले उद्धार पाउनेछ। तर जब तिनीहरूले तिमीहरूलाई यस शहरमा खेदछन्, तब अर्कोमा भाग।'' धार्मिकताको विरोधमा येशू ख्रीष्टको उद्देश्यमा, यो वास्तविक हो कि तपाईं सुन्ने मात्र होइन तर गर्ने हो भने विरोध आउनेछ।

केही समय अघि म पार्कमा गएको थिए। एक वृद्धा औरत पीडमा बसिरहेकी थिईन। मैले सम्झे उ हानिहीन वृद्धा हुन्। मलाई केही हानि पुऱ्याउँदिन। मैले उनलाई भने, यदि म पनि तपाईंसँग पीडमा बस्न पाएँ म पनि बसी उसँग बातहरू गर्नेछु। मैले उनको नाउँ जेनी भनी जाने। मैले तिनलाई भने, ''जेनी तपाईं के गर्नु हुन्छ?'' उसले भनी, ''म वृद्धा औरत हुँ। म केही काम अब गर्दिन। म अवकाशप्राप्त हुँ। तब उसले भनिन्, ''तिमी के गर्दै छौ? मैले भने, म मण्डलीको एक अंशको प्रचारी संस्थामा कार्य गर्छु। उसको धारणा नै परिवर्तन भयो। उसले भनी, ''मलाई परमेश्वरको विषयमा बताउनुहोस्। तर येशूको बारेमा नबताउनु होस्।'' मैले भने, ''ओ जेनी, तिमीले यस प्रकारले नबोल।'' अनि तिनले भनिन्, ''यदि येशू ख्रीष्ट मेरो अघि उभिनुभएको छ भने, म उसको अनुहारमा थुकिदिनेछु।'' मैले भने, जेनी तिमीले यस प्रकारले नबोल। तिमीसँग धेरै मानिसहरू मण्डलीमा छन्, तिमीले यसरी बोले उनीहरूलाई आघात पुग्नेछन्। जेनी तिमीले यस प्रकारले नबोल। अब म तिमीलाई मेरो परिवारको बारेमा बताउनेछु। उसले भनिन्, ''होइन, म तिमीलाई भन्दछु, मसँग तिमी नबोल।'' म तिमीलाई येशू ख्रीष्टको बारेमा बताउनेछु, अनि तिम्रो परिवारलाई उहाँले के गर्नुभयो।'' म तिमीलाई जान दिँदिन। तिमी नबोल। मैले भने, ''जेनी कृ पया म तिमीलाई येशूको बारेमा बताउँछु।'' उसले भनी, ''होइन, म तिमीलाई भनिरहेछु, चुप लाग।''

उसँग सानो बाँधेको कुकुर थियो। उसले त्यस कुकुरलाई तानिन अनि त्यहाँ बसिन् र 'आह' भन्दै उठिन् र गईन। त्यस स्त्री नियन्त्रणहीन थिईन, उनमा आत्मा उत्रेका थिए। त्यो आत्मा अटेरी आत्मा थियो। उसलाई शत्रुले नियन्त्रण गरेको थियो। म आफै सम्झे, ''ती चिच्याहट गरिरहेका मानिसहरू प्रति मेरो केही थिएन। तिनीहरू जसले मलाई हेरिरहेका थिए, म प्रयोगमा थिइन। ममा केही थिएन। तर ममा सहानुभूति जेनीप्रति प्रेम थियो।

उनी बेकाबुमा थिइन, तर म पूर्ण रूपले काबुमा थिए। म घरमा गएँ अनि भने, ''प्रभु के भयो तपाईंले जान्नुहुन्छ। ठूलो आश्चर्यकर्म यही  हो म काबुमा थिएँ। जसले मलाई मेरो मुहारमा हेरिरहेका थिए – ममा केही थिएन केवल प्रेम र सहानुभूति थिए। जब हामी  येशूको नाउँमा जान्छौं, हाम्रो जीवनमा सतावट र विरोध आउँछ। जब हामीहरू हेलित भएका हुन्छौं, परमेश्वरको त्यही आत्माले हामीलाई साहस, ख्रीष्टको प्रचार गर्नलाई दिनुहुनेछ। उहाँको नाउँको कारण यो साहस दिनुहुनेछ। यही आत्माले हामीलाई जुनै पनि परिस्थितिमा आराम र बल दिनु हुनेछ।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | २ तिमोथी ३:१२ पढ्नुहोस्<br>ख्रीष्ट येशूमा भक्तिसँग जीवन बिताउनेहरूले के को अनुभव गर्दछन्? | २ तिमोथी ३:१२ ''ख्रीष्ट येशूमा भक्तिसँग जीवन बिताउने इच्छा गर्नेहरू ता सबैजना खेदोमा पर्नेछन्।'' |
| २. | तपाईंले 'सतावट' लाई कसरी परिभाषा दिनुहुन्छ? | |
| ३. | मर्कूस ४:१६–१७ पढ्नुहोस्।<br>बेदना वा सतावट कुन कारणले आउँछ? | मर्कूस ४:१६–१७ औ त्यसैगरी ढुंगेनी ठाउँमा छरिएकाहरू यिनै हुन, जसले जब वचन सुन्छ, तब खुशी साथ तुरून्तै त्यो ग्रहण गर्छ। तिनको आफैमा जरा हुँदैन, र ती थोरै बेर टिक्छन्, तर जब वचनको कारण संकष्ट वा खेदो आइपर्छ, तब तुरून्तै ठक्कर खान्छन्। अरूहरू चाहिँ ती हुन्।'' |
| ४. | प्रेरित ८:१ पढ्नुहोस्।<br>यरूशलेममा भएको सतावटबाट के परिणाम भयो? | प्रेरित ८:१ ''औ त्यसदिन यरूशलेममा भएको मण्डलीको विरूद्धमा  ठूलो अत्याचार उत्पन्न भयो, र प्रेरितहरू बाहेक तिनीहरू सबैजना यहूदा र सामरिया देशभरि तितर–बितर भए।''<br>प्रेरित ८:४ ''तब ती तितर–बितर भएकाहरूले जताततै गएर वचनको सुसमाचार सुनाउन लागे। |
| ५. | मत्ती ५:१०–१२ पढ्नुहोस्।<br>त्यो धन्यको हो, जो सताइनेछन् । | ''धन्य धार्मिकिताका निम्ति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूकै हो। धन्य हौं, तिमीहरू जब मानिसहरूले तिमीहरूलाई मेरो खातिर निन्दा गर्नेछन्। र मेरो खेदो गर्नेछन्, र हरेक किसिमको खराबी कुरा तिमीहरूको विरूद्धमा बोल्नेछन्। तब रमाओ, र अत्यन्त खुशी होओ। किनभने स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ। किनभने यसरी नै तिमीहरूका अघिका अगमवक्ताहरूलाई तिनीहरूले खेदो गरेथें।'' |
| ६. | मत्ती ५:१२ पढ्नुहोस्। | |
| ७. | प्रेरित ९:४–५ पढ्नुहोस्<br>वास्तवमा शावलले कसलाई सताइरहेका थिए? | प्रेरित ९:४–५<br>''र तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, ''हे शावल, हे शावल तिमी किन मेरो खेदो गर्दछौं? तिनले भने, 'हे प्रभु, तपाईं को हुनु हुन्छ? अनि उहाँले भन्नु भयो? 'म येशू हुँ, जसको खेदो तिमी गर्छौं? |

| | | |
|---|---|---|
| ८. | प्रेरित ९:१ पढ्नुहोस्।<br>वास्तवमा शावलले कसलाई सताइरहेका थिए? | प्रेरित ९:१<br>''तब शावल अझै पनि प्रभुका चेलाहरूका विरूद्धमा धम्की र हत्याको धुनमा सास ुफलाउँदै प्रधान पूजाहारी कहाँ गए।'' |
| ९. | गलाती ६:१२ पढ्नुहोस्।<br>यहूदीहरूले गलातीको पुस्तकमा तिनीहरूले सुसमाचारमा धार्मिक व्यवस्थाहरूलाई पनि जोड़ने कोशिश गरेका थिए।<br>यसो गर्दा तिनीहरूले के हटाएका थिए? | गलाती ६:१२<br>''जतिले शरीरमा सुन्दर रूप देखाउने इच्छा गर्दछन्, केवल ख्रीष्ट येशूको क्रूसको कारण खेदोमा नपरौं भनी तिनीहरूले तिमीहरूलाई खतना गर्नलाई कर लगाउँछन्। |

## उत्तर—व्याख्या

१. प्रश्न : २ तिमोथी ३:१२ पढ्नुहोस्।
खीष्ट येशूमा भक्तिसँग जीवन बिताउनेहरूले के को अनुभव गर्दछन्?
उत्तर : सतावटको।

२. प्रश्न : तपाईंले 'सतावट' लाई कसरी परिभाषा दिनुहुन्छ?
उत्तर : कष्ट दिनु, यातनाका कारणहरू विश्वास गरेकोले।

३. प्रश्न : मर्कूस ४:१६—१७ पढ्नुहोस्। वेदना वा सतावट कुन कारणले आउँछ?
उत्तर : वचनको कारणले। वचनलाई लिएर गएको कारण।

४. प्रश्न : प्रेरित ८:१,४ पढ्नुहोस्। यरूशलेममा भएको सतावटबाट के परिणाम भयो?
उत्तर : तिनीहरू परमेश्वरको वचन प्रचार्दै चारैतिर छरिए।

५. प्रश्न : मत्ती ५:१०—१२ पढ्नुहोस्। त्यो धन्यको हो, जो ..... सताइनेछन्।
उत्तर : धार्मिकताको लागि।

६. प्रश्न : मत्ती ५:१२ पढ्नुहोस्।
जब विश्वासीहरू धार्मिकताको लागि सताइनेछन्, उनीहरूले भविष्यमा के को आशा गरेका छन्?
उत्तर : एक महान इनाम स्वर्गमा।

७. प्रश्न : प्रेरित ९:४—५ पढ्नुहोस्। शावलले कसलाई सताइरहेका थिए?
उत्तर : येशूलाई।

८. प्रश्न : प्रेरित ९:१ पढ्नुहोस्। वास्तवमा शावलले कसलाई सताइरहेका थिए?
उत्तर : परमेश्वरका चेलाहरू (ईसाईहरूलाई)।

९. प्रश्न : गलाती ६:१२ पढ़नुहोस्।
यहूदीहरूले गलातीको पुस्तकमा तिनीहरूले सुसमाचारमा धार्मिक व्यवस्थाहरू जोड़ने कोशिश गरेका थिए। यसो गर्दा तिनीहरूले के हटाएका थिए?

उत्तर : खीष्टको क्रूशको सतावटका वेदनाहरू, अर्को शब्दमा सतावटहरू, जो येशू प्रभुमा मात्र उद्धार छ, जो अनुग्रहबाट प्राप्त हुन्छ, भनी प्रचार गर्दा आएका थिए। त्यसलाई हटाउन खोजेका थिए।

# स्तर – ३

## पाठ – ६

# राजा अनि उहाँको राज्य

**डोन क्रो**

पुरानो नियममा अरू राष्ट्रहरूभन्दा बेग्लै इस्राएल थियो, किनकि इस्राएल ईश्वरतन्त्र राष्ट्र थियो। अर्को शब्दहरूमा छ – यसलाई प्रत्यक्ष रूपमा परमेश्वरले राज्य गर्नु हुन्थ्यो (यशैया ४३:१५) पछि इस्राएलको इतिहासमा छ – तिनीहरूले पनि अरू इस्राएलको इतिहासमा छ – तिनीहरूले पनि अरू राष्ट्रहरू जो संसारमा थिए, उनीहरूझैं हुने इच्छा गरे, अर्थात् सांसारिक राजाहरूले शाषण गरेको इच्छा गरे। अर्थात सांसारिक राजाहरूले शाषण गरेको इच्छा गरे (१शामुएल ८:५–१९)। तब परमेश्वरले तिनीहरूको निवेदन सुन्नु भयो, तब तिनीहरूले शावल नाउँ भएको राजालाई छाने (१ शामुएल १०:२४–२५) तर पछि शावलको अनाज्ञाकारिताको कारणले राजाको लागि परमेश्वरले दाऊदलाई उठाए, जो उहाँको हृदय अनुसारको मान्छे थिए। (प्रेरित १३:२१–२२ अनि १ राजा १५:३)।

राजा चाहिँ देखिने प्रतिनिधि, अदेख परमेश्वरको हो (व्यवस्था १७:१४–२०) जब राजाले परमेश्वरलाई पछ्याउँछ, तब उ र उसका राज्यमा सफलता आउँछ। जब राजाले परमेश्वरलाई पछ्याउन असफल भए, तब राजा र राज्य कैदमा परे अनि घ्वंश भए। ( १ शामुएल १५:२२–२३)।

जब परमेश्वरले राजालाई चुन्नुभयो। उहाँले राजालाई अभिषेक गर्नलाई तेलसँग अगमवक्तालाई पठाउनुभयो। यसले पवित्र आत्मा आउनुभएको नमूना दिन्छ। जसबाट सञ्चालन गर्नलाई उसलाई अभिषेक अनि शक्ति दिनुहुन्छ। त्यस बेलामा जब पवित्र आत्मा आउनु भएपछि उसको हृदयको परिवर्तन भई धार्मिकताको राज्य गर्नु पर्थ्यो, किनभने परमेश्वर उनीसँग हुनुहुन्थ्यो। (१शामुएल १०:१,६–७ अनि ९)। यो अभिषेक राज्य चलाउनलाई थियो। (अथवा राजा हुनलाई)। यो धारणाले 'मशायाह' आउने बताउँछ। यो शब्द 'अभिषेक' ले हिब्रूमा 'मासिय' (मशायाह) बताउँछ, अनि अनुवादमा 'खीस्टो' (खीष्ट) ग्रीक भाषामा बताउँछ। पुरानो करारका अगमवक्ताहरूले भविष्यमा मशायाह (अभिषेक) आउनुहुनेछ, अनि स्वर्गका परमेश्वरले राज्य कायम गर्नुहुनेछ, जुन राष्ट्र कहिल्यै नाश हुनेछैन (दानिएल २:४४, ७:१४, २७) बाइबलमा, तपाईंले याद गर्नुभएको छ भने येशूले यहूदीहरूलाई उहाँले भन्नुभएको राज्यको बारेमा बताउनु भएन। यो पुरानो करारको धारणा थियो, जो यसैको प्रतीक्षामा थियो ( यशैया ९:६–७, ११:१–६, दानिएल २:४४, ७:१३–१४, १८ अनि २७)।

| | | सारालाई चाहिँ ‘ तिनी ता मेरी बहिनी हुन्’ भनेका थिए । यसैकारण गरारका राजा अबीमेलेकलोरालाई झिकाएर ल्याए । तर राती सपनामा बीमेलेककहाँ आएर परमेश्वरले भन्नुभयो, ‘ , त्यस स्त्री लाई झिकाएर ल्याएको हुनाले तँ र्नेछस्, किनभने त्यो अर्काकी स्वास्नी हो ।’ ‘ बीमेलेक अहिलेसम्म साराको नजीक गएका थिएनन् । यसैकारण तिनले भने — हे परमप्रभु के तपाईं निर्दोषजनलाई पनि मार्नुहुन्छ ? तिनी बहिनी हुन भनी त्यस मानिस आफैले मलाई भनेका थिएनन् र ? औ ती स्त्रीले पनि ‘ तिनी मेरा दाज्यू हुन्, भनी भनेकी थिइनन् र ? ले ता यो काम आफ्नो शुद्ध विवेक र निर्दोष हातलेनै गरेका हुँ । अनि परमेश्वरले तिनलाई पनामा भन्नुभयो, ‘ हो, मलाई यो कुरा थाह कि तेरो शुद्ध विवेकले यो तैंले गरेको छस्, मेरो विरुद्धको पापबाट तँलाई जोगाउने पनि म हुँ । यसैले ता त्यसलाई छुन मैले तँलाई दिइनँ । अब त्य मानिसकी स्वास्नी फर्काइदे , किनभने त्यो एक अगमवक्ता हो । त्यसले तेरो म्ति प्रार्थना गरिदिनेछ, र तँ बाँच्नेछस् । तर सलाई फर्काइदिनोस् भने, यो कुरा याद राख, कि तँ र तसँग भएका सबै निश्चय मर्नेछन् । न अबीमेलेक सबेरै उठेर आफ्ना सबै ारादारहरूलाई बोलाएर यी सबै कुरा बताइदिए तब ती मानिसहरू साह्रै डराए । औ अबीमेलेकले अब्राहामलाई बोलाएर भने तपाईंले हामीलाई के गर्नु भयो ? मैले तपाईंको के गार गरेको थिँए, र तपाईंले म र मेरो राज्यमा यति बेला पाप ल्याउनुभयो ? तपाईंले मसित गर्नु नहुने काम गर्नुभयो ।’ बीमेलेकले फेरि अब्राहामलाई भने, ‘ के संझेर तपाईले मसित यस्तो काम गर्नुभयो ? ब्राहामले भने, ‘ किनभने मैले ता सोचेको थिँए, यस ठाउँमा परमेश्वरको डर कसैलाई छैन, मानिसहरूले मलाई मेरी स्वास्नीको कारण र्नेछन्—होला । यी कुरा सत्य पनि हो, कि साँच्चैनै तिनी मेरी बहिनी हुन् । औ तिनी मेरी ामा, आमाकी छोरी ता होइनन् । औ तिनी मेरी स्वास्नी भईन् । औ जब |

| | | |
|---|---|---|
| | | परमेश्वरले मलाई आफ्ना पिताको घर छोड़ेर परदेशी भएर यताउता घुमिहिँड़ने तुल्याउनुभयो, तब मैले सारालाई भनेको थिएँ, ‘ दया गरेर तिमीले मलाई यिनी मेरा दाज्यू हुन् भन्नू है ! ‘तब अबीमेलेकले भेड़ा-बाख्रा, गाई-गोरू, कमारा-कमारीहरूल्याएर अब्राहामलाई दिए र तिनकी स्वास्नी सारालाई पनि फिर्ता गरिदिए । अनि अबीमेलेकले भने, ‘ हेर्नुहोस् मेरो देश तपाईं कै सामुन्ने छ । तपाईंलाई जहाँ मन लाग्छ, त्यहाँ बस्नुहोस् । औ तिनले सारालाई भने, ‘ हेर तिम्रा दाज्यूलाई मैले एक हजार टुक्रा चाँदी दिएको छु । त्यो चाहिँ तिमीसित हुनेहरू सबैका नजरमा शिर उठाइदिएको हुँ, र सबैका सामने तिमीसित न्यायसंगत व्यवहार गरिएको छ । अब अब्राहामले परमेश्वरतिर प्रार्थना गरे, र परमेश्वरले अबीमेलेक र तिनकी स्वास्नी र तिनका कमारीहरूलाई निको पारिदिनुभयो , र तिनीहरूले जन्माउनलागे । किनभने अब्राहामकी स्वास्नी साराको कारणले गर्दा परमेश्वरले अबीमेलेकका जहानका जम्मैको कोख बन्द गरिदिनुभएको थियो ।’ |
| ९. | उत्पति २०:२ अनि ५ पढ़नुहोस् । त्यो व्यक्ति को थियो जसले असत्य बोल्यो, अनि यस कथामा छल गरेको थियो ? | उत्पति २०:२ ‘ अब्राहामले आफ्नी स्वास्नी सारालाई चाहिँ ‘ तिनी ता मेरी बहिनी हुन्’ भनेका थिए । यसैकारण गरारका राजा अबीमेलेकले सारालाई झिकाएर ल्याए ।’<br><br>उत्पति २०:५ ‘तिनी मेरी बहिनी हुन्’ भनी त्यस मानिस आफैले मलाई भनेका थिएनन् र ? औ ती स्त्रीले पनि ‘तिनी मेरा दाज्यू हुन्’ भनी भनेकी थिइनन् र ? मैले ता यो काम आफ्नो शुद्ध विवेक र निर्दोष हातलेनै गरेको हुँ ।’ |
| १०. | उत्पति २०:७ पढ़नुहोस् । मलाई निश्चय छ परमेश्वरले अब्राहामको मान्याता दिएन । तर अब्राहाम अथवा अबीमेलेक को चाहिँ परमेश्वरको पक्षमा थियो ?<br>किन ? पढ़नुहोस् ७ उत्पत्ति १५:१, अनि<br>याकूब २:२३ । | उत्पति २०:७ ‘ अब त्य मानिसकी स्वास्नी फर्काइदे , किनभने त्यो एक अगमवक्ता हो । त्यसले तेरो निम्ति प्रार्थना गरिदिनेछ, र तँ बाँच्नेछस् । तर त्यसलाई फर्काइदिनोस् भने, यो कुरा याद राख, कि तँ र तँसँग भएका सबै निश्चय मर्नेछन् ।’ |

| | | |
|---|---|---|
| | | उत्पत्ति १५:१ ' त्यसपछि दर्शनमा अब्राम कहाँ परमप्रभुको यो वचन आयो, ' अब्राम त नडरा । तेरो ढाल मनै हुँ; र तेरो इनाम अन्यन्त ठूलो हुनेछ ।'<br>उत्पति १५:१८ ' त्यसैदिन परमप्रभुले अब्रामसित यसो भनेर करार बाँध्नुभयो, ' तेरा सन्तानहरूलाई मिश्र देसको नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु ।<br>याकूब २:२३ ' पवित्र धर्म शास्त्रको यसो भन्ने वचन पूरो भयो, ' अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो । र उनी परमेश्वरका मित्र कहलिए । |
| ११. | उत्पति २०:७ अनि १७–१८ पढ़नुहोस् । तथापि अब्राहाम भूलमा थियो, परमेश्वरले कसलाई अरूको लागि प्रार्थना गर्नु भन्नुभयो ?<br>क. अब्राहामले अबीमेलेको लागि प्रार्थना गरे ।<br>ख. अबीमेलेकले अब्राहामको लागि प्रार्थना गरे ।<br>ग. तिनीहरू एकाअर्काको लागि प्रार्थना गरे । | उत्पत्ति २०:७ ' अब त्य मानिसकी स्वास्नी फर्काइदे , किनभने त्यो एक अगमवक्ता हो । त्यसले तेरो निम्ति प्रार्थना गरिदिनेछ, र तँ बाँच्नेछस् । तर त्यसलाई फर्काइदिनोस् भने, यो कुरा याद राख, कि तँ र तसँग भएका सबै निश्चय मर्नेछन् ।'<br>उत्पत्ति २०:१७–१८ ' अब अब्राहामले परमेश्वरतिर प्रार्थना गरे, र परमेश्वरले अबीमेलेक र तिनकी स्वास्नी र तिनका कमारीहरूलाई निको पारिदिनुभयो, र तिनीहरूले जन्माउनलागे । किनभने अब्राहामकी स्वास्नी साराको कारणले गर्दा परमेश्वरले अबीमेलेकका जहानका जम्मैको कोख बन्द गरिदिनुभएको थियो ।' |
| १२. | रोमी ८:३१ पढ़नुहोस् । यद्यपि कोही बेला हामी असफल हुन्छौ, हाम्रो पक्षमा को छ ? | रोमी ८:३१ ' अब हामीले यी कुराहरूलाई के भनौं ? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने हाम्रा विरूद्ध को हुनसक्छ ?' |
| १३. | रोमी ४:८ पढ़नुहोस् । यद्यपि हामी भूलहरू गर्छौ, परमेश्वरले के भन्नुभएको छ– उहाँले के गर्नु हुने छैन ? | रोमी ४:८ : ' त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमेश्वर लिनुहुन्न ।' |
| १४. | हिब्रू ८: १२–१३ पढ़नुहोस् ।<br>नयाँ करारमा उहाँले के प्रतिज्ञा गर्नुभएको छ, उहाँले के गर्नु हुनेछैन ? | हिब्रू ८:१२–१३<br>' किनभने तिनीहरूका अधर्म तर्फ म कृपालु हुनेछु, र तिनीहरूका पाप म फेरि संझने छैन । नयाँ करार भन्नु भएकोले नै पहिलो चाहिँलाई पुरानो तुल्याउनु भयो । तर जुन चाहिँ पुरानो भएर थोत्रो हुँदै जान्छ, त्यो विलाएर नै जान तयार छ ।' |

| | | |
|---|---|---|
| १५. | एफिसी २:५ अनि ८–९ पढ़नुहोस् । हामीहरू कसरी बाँच्न सक्दैनौ ? | एफिसी २:५ ‘ हाम्रा अपराधद्वारा हामी मरेका थियौं, तापनि हामीलाई ख्रीष्टको साथसाथै सजीव पार्नु भयो ( अनुग्रहबाट तिमीहरू उद्धार पाएका छौ ) । |
| | | एफिसी २:८–९ ‘ किनभने तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ, र यो ता तिमीहरू आफैमा होइन, यो परमेश्वरको वरदान हो । कामबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ । किनभने हामी उहाँका सृजना हौं ।’ |
| १६. | तितस ३:५ पढ़नुहोस् । किन हामीहरूले उद्धार पाएका छैनौं ?<br>हामीहरूले कसरी उद्धार पाउँछौ ? | तितस ३:५ ‘ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको कृपा अनुसार नयाँ सृष्टिको स्नान र पवित्र आत्माद्वारा पुर्नजीवनले नै उहाँले उद्धार गर्नुभयो ।’ |
| १७. | एफिसी १:६ पढ़नुहोस् ।<br>हामीले परमेश्वरलाई अनन्तकालसम्म धन्यवाद दिनपर्छ । हामीलाई उहाँको _____बाट बचाउनुभयो । उहाँले हामीलाई उही प्रियमा_______गर्नुभयो । | एफिसी १:६ ‘कि उहाँको अनुग्रहको महिमाको प्रशंसा निम्ति जो उहाँले हामीलाई उही प्रियमा सित्थैंमा प्रदान गर्नुभयो ।’ |

# उत्तर–व्याख्या

१. प्रश्न : त्यस व्यक्तिको परिवारसँग कस्तो प्रकारको सम्बन्ध थियो, जब यस्ता घटना भइरहेको थियो ?
उत्तर : अक्षमाशीलको सम्बन्ध, तितोपन अनि झगड़ाको थियो ।

२. प्रश्न : हिब्रू १०:१ पढ़नुहोस् । व्यवस्थाले के गर्न सक्दैन ?
उत्तर : बलिदानहरूले शुद्ध पार्नसक्दैन ( निष्कंलक दाग ) ।

३. प्रश्न : हिब्रू १०:१ पढ़नुहोस् । यो पदले हामीलाई के संकेत गर्छ भने पुरानो करारको बलिदानहरूले हामीहरूलाई सिद्ध गर्न सक्दैन ?
उत्तर : तिनीहरूले लगातार दोहोऱ्याइरहन्छन् – प्रतिदिन, हप्ताभरि, महीनावरी । यो सत्य हो कि– लगातार गरिरहनाले यो प्रमाणित गर्छ कि पापका समस्याहरूलाई यसले कार्य गर्दैन ।

४. प्रश्न : हिब्रू १०:२ पढ़नुहोस् । यस बलिदानले वास्तविक रूपमा पापसँग वर्ताव गर्छ भने, तब आराधकहरूले के गर्नुपर्छ ?
उत्तर : यसको कारण हुन्छ कि अब पापप्रति सचेतता हुँदैन । ( असफलताले सँधै आघात बनाउँछ ।)

५. प्रश्न : त्यस मद–सेवन गर्ने चालकलाई के गर्न वाध्य गराइयो ?
उत्तर : उसका पापहरू संधै संझना गर्ने वाध्य गराइयो ।

६. प्रश्न : हिब्रू १०:१४ पढ़नुहोस् । परमेश्वरले आफ्ना मानिसहरूलाई सिद्ध यसरी बनाउनुहुन्छ ।
उत्तर : येशूलाई अर्पण (बलिदान) गरेर ।

७. प्रश्न : हिब्रू १०:१४ पढ़नुहोस् । येशूको वलिदानले (विश्वासबाट ग्रहण) विश्वासीहरूलाई सिद्ध यसरी गराउँछ ____________ ।
उत्तर : ग. अनन्तसम्म ।

८. प्रश्न : उत्पति २०:१–१८ पढ़नुहोस् । यस कथामा दुइ व्यक्तिहरूका नाउँहरू वर्णन गरिएका छन् । ती व्यक्तिहरू को को हुन् ?
उत्तर : अब्राहाम र अबीमेलेक ।

९. प्रश्न : उत्पति २०:२ अनि ५ पढ़नुहोस् । त्यो व्यक्ति को थियो जसले असत्य बाल्यो, अनि यस कथामा छल गरेको थियो ?
उत्तर : अब्राहाम ।

१०. प्रश्न : उत्पति २०:७ पढ़नुहोस् । मलाई निश्चय छ परमेश्वरले अब्राहामको मान्यता दिएन । तर अब्राहाम अथवा अबीमेलेक को चाहिँ परमेश्वरको पक्षमा थियो ?
उत्तर : अब्राहाम ।

किन ? पढ़नुहोस् उत्पत्ति १५:१, अनि याकूब २:२३ ।
किनकि परमेश्वरसँग अब्राहामको करार थियो, अनि परमेश्वरको मित्र थियो ।

११. प्रश्न : उत्पति २०:७ अनि १७–१८ पढ़नुहोस् । तथापि अब्राहाम भूलमा थियो, परमेश्वरले कसलाई अरूको लागि प्रार्थना गर्नु भन्नुभयो ?
उत्तर : क. अब्राहामले अबीमेलेको लागि प्रार्थना गरे ।

१२. प्रश्न : रोमी ८:३१ पढ़नुहोस् । यद्यपि कोही बेला हामी असफल हुन्छौ, हाम्रो पक्षमा को छ ?
उत्तर : परमेश्वर ।

१३. प्रश्न : रोमी ४:८ पढ़नुहोस् । यद्यपि हामी भूलहरू गर्छौं, परमेश्वरले के भन्नुभएको छ– उहाँले हामीलाई क्षमादिनु हुनेछैन ?
उत्तर : परमेश्वरले हाम्रा दोषहरूलाई क्षमा दिनुहुनेछ ।

१४. प्रश्न : हिब्रू ८: १२–१३ पढ़नुहोस् । नयाँ करारमा उहाँले के प्रतिज्ञा गर्नुभएको छ, उहाँले के गर्नु हुनेछैन ?
उत्तर : परमेश्वरले हाम्रा पापहरू संझनुहुनेछैन । हाम्रो विरोधमा राख्नु हुनेछैन ।

१५. प्रश्न : एफिसी २:५ अनि ८–९ पढ़नुहोस् । हामीहरू कसरी बाँच्न सक्दैनौ ?
उत्तर : उहाँको अनुग्रहबाट । उहाँका तिर्न नसकिने दया र कृपा हामीमा भएको कारणले ।

१६. प्रश्न : तितस ३:५ पढ़नुहोस् । हामीहरू कसरी बाँच्न सक्दैनौ?
उत्तर : हामीहरूले गरेका धार्मिक कार्यहरूबाट ।

१७. प्रश्न : एफिसी १:६ पढ़नुहोस् । हामीले परमेश्वरलाई अनन्तकालसम्म धन्यवाद दिनपर्छ । हामीलाई उहाँको … ..बाट बचाउनुभयो । उहाँले हामीलाई उही प्रियमा____________गर्नुभयो ।
उत्तर : येशू ख्रीष्ट/ अनुग्रह/ग्रहण ।

## स्तर – ३

## पाठ – ११

# म प्रेमिलो छु, म सुन्दर छु

## डोन क्रो

एकदिन माइकल मेरो कार्यलयमा आईवरी उनका सहपाठीहरूमध्ये एकजनाको विषयमा गोपनीय सूचना मलाई दिए। म चार्ल्स बाइबल विद्यालयमा व्याख्या दिइरहेको बेलामा पेट्रिकले आफ्ना वैधानिक नोटमा केही लेखिरहेकी थिइन्। उनका नोटका विषय थियो– ''म प्रेमिलो छु, सुन्दर छु'' इत्यादि। पेट्रिका यस प्रकारका व्यक्ति थिइन उसले जहिले पनि आफूलाई आकर्षक गर्ने लुगाहरू लगाउँथिएन्। यसको मुख्य कारण थियो – उसले यी शब्दहरू प्रकट गरेकी थिइन्। उ स्वंयलाई प्रेमिलो अनि सुन्दर अनुभव गर्दिन थिइन्। आफैलाई त्यागिएकी अनि निष्प्रेमको अनुभव गर्थिन्।

हामीहरू मानिसजाति भएर हामीलाई पनि साधारणतः यही आवश्यक्ता पर्दछ। प्रेमको इच्छा, ग्रहणयोग्यता, महत्व अनि स्वंय मूल्यता, अनि परमेश्वरको समक्षमा आफैलाई सिद्धता भएको जान्नु चाहन्छौं। आज कतिपय धर्महरूले हामीहरूलाई निष्प्रेम अनुभव, मूल्यरहित, इन्कार आदि बनाउँछ। आज शैतानको ठूलो शक्ति छ – जसले दोषपनको भावनातिर लैजान्छ। यी विषयहरूमा हामी आत्मिक रूपमा अनुभव गरिरहेका हुन्छौं।

यहाँ एउटा प्रश्न छ – तपाईंहरूमध्ये कतिजना हुनुहुन्छ, जब तपाईं पहिलो चोटि प्रभुमा आउनुभयो, येशू प्रभुको बारेमा बताउनु भयो, कि जब तपाईंले प्रभुलाई स्वीकार गर्नुभयो। उहाँले तपाईंलाई प्रेम मात्र गर्नुभएन, तर उहाँ तपाईंको सिद्ध, धार्मिकता पनि हुनुभयो? यो सत्य हो कि त्यो धामिर्कता, तपाईंलाई खाँचो परेका सबै धार्मिकता तपाईंलाई प्रदान गर्नुहुनेछ। १ कोरिन्थी १:३० मा छ ''तर उहाँद्वारा तिमीहरू ख्रीष्ट येशूमा भएकाछौं, जो हाम्रो निम्ति परमेश्वरबाट आएका ज्ञान, धार्मिकता, पवित्रता र उद्धार हुनुभएको छ।'' (१ कोरिन्थी १:३०)। यो सुसमाचारको असल सन्देश हो। ''किनकि सुसमाचारसँग म शर्माउँदिन, किनभने विश्वास गर्ने हरेकको निम्ति पहिले यहूदीलाई अनि ग्रीकलाई पनि मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो।'' (रोमी १:१६)। ''औ काम नगर्ने तर अधर्मीलाई धर्मी ठहराउनेमाथि विश्वास गर्नेलाई चाहिँ, त्यसको विश्वास धार्मिकता ठहरिन्छ।'' (१:१६–१७) ''औ काम नगर्ने, तर अधर्मीलाई धर्मी ठहराउनेमाथि त्यसको धार्मिकता ठहरिन्छ।'' (रोमी ४:५)। परमेश्वरले हामीहरूलाई विश्वास भित्र विश्वास, तथा वस्तुमाथि विश्वासको लागि बोलाउनु भएन। तर निश्चयता, निर्भरता, तथा उहाँमाथि भरोसा राख्ने विश्वास हो।

परमेश्वरले अब तपाईंलाई प्रेम गर्नुहुन्न, किनकि तपाईंलाई प्रेम गरिसक्नु भएको छ। किनकि उहाँ प्रेम हुनुहुन्छ (१यूहन्ना ४:८)। तर तपाईंले अधिक मात्रामा लिनुहोस्। धेरै अनुभव गर्नुहोस्। जति तपाई विश्वास गर्नुहुन्छ, उति तपाईंले प्रेमिलो परमेश्वरलाई प्राप्त गर्नु हुनेछ। परमेश्वरको वचनले भनेको छ, ''हामी उहाँलाई प्रेम गर्छौं किनकि उहाँले हामीलाई पहिला प्रेम गर्नुभयो।'' (१यूहन्ना ४:९)। यो विषयमा तपाईंले सम्झनुहोस्, विश्वास गर्नुहोस् अनि ग्रहण गर्नुहोस्।

| | चेलापनका प्रश्नहरू | प्रश्नहरू बाइबलीय पदमा प्रयोग |
|---|---|---|
| १. | रोमी ८:३८–३९ पढ्नुहोस्।<br>प्रेरित पावलले कसरी बुझाउने कोशिश गरे? | रोमी ८:३८–३९<br>''किनकि म यो निश्चय जान्दछु, नता मृत्युले, न जीवनले, न स्वर्गदूतहरूले, न प्रधानताले न |

| | | |
|---|---|---|
| २. | जब म बाइबल कलेजमा प्राध्यापक थिएँ केही पाठहरू यस प्रकारका वर्णन गरिएको थियो। | वर्तमानका कुराहरूले, न पछि हुने कुराहरूले, न शक्तिहरूले, न उँचाइले, न गहराइले, न अरू कुनै सृष्टिले हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्‍वरको प्रेमबाट हामीलाई अलग गर्नसक्नेछ।'' <br>रोमी ५:१९ ''किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरैजना पापी ठहरिए, त्यसैगरी एकैजनाको आज्ञाकारिताद्वारा धेरैजना धार्मिक ठहरिनेछन्। |
| ३. | २ कोरिन्थी ५:२१ पढ्नुहोस्। <br>''उहाँले (परमेश्‍वरले) हाम्रा निम्ति (येशू ख्रीष्ट) पाप तुल्याउनुभयो। (जसले पाप गर्नुभएको थिएन) हामी उहाँमा — हुन पाऔं। | २ कोरिन्थी ५:२१ <br>''हामी उहाँमा परमेश्‍वरको धार्मिकता हुन पाऔं भनेर पापै थाह नपाउनु हुनेलाई पनि उहाँले हाम्रो निम्ति पाप तुल्याउनुभयो। |
| ४. | कलस्सी १:२१—२२ पढ्नुहोस्। <br>येशू प्रभु संसारमा हाम्रा पापका लागि मर्नुभयो। कारण हामी परमेश्‍वरको अघि पवित्र—जाति, दोषरहित, अनि निर्दोषी हुनसकौं। | कलस्सी १:२१—२२ <br>''औ अघि बितेका समयहरू तिमीहरू आफ्ना खराब काममा एकातिर लागेका र तिम्रा मनका शत्रु भएका थियौ। तापनि अब ता उहाँको मासुको शरीरमा मृत्युद्वारा उहाँकै सामने तिमीहरूलाई पवित्र र निष्कलंक निन्दारहितका उपस्थित गराउनलाई।'' |
| ५. | एफिसी १:६ पढ्नुहोस्। हामीले अनन्तसम्म परमेश्‍वरलाई महिमा, उहाँको अनुग्रहको लागि दिनुपर्छ। किनभने उहाँले हामीलाई — — बनाउनुभयो। | एफिसी १:६ <br>''कि उहाँको अनुग्रहको महिमाको प्रशंसा निम्ति, जो उहाँले हामीलाई उही प्रियमा सित्थैमा प्रदान गर्नु भयो।'' |
| ६. <br><br><br><br>७. | हिब्रू १०:१४ पढ्नुहोस्। <br>ख्रीष्ट येशूको क्रूसको बलिदानबाट हामीलाई कहिले सम्म सिद्ध बनाउनु भएको छ? <br><br>हिब्रू १०:१५—१७ पढ्नुहोस्। <br>यो नयाँ करारमा परमेश्‍वरले हाम्रा पापहरूको सम्झना गर्नुहुन्छ। | हिब्रू १०:१४—१७ <br>''किनकि एउटै बलिदान पवित्र भएकाहरूलाई उहाँले सधैंको निम्ति सिद्ध गराउनु भएको छ। औ पवित्र आत्मा पनि हामीलाई गवाही दिनुहुन्छ। किनभने पहिले यसो भनेपछि, 'तिनीहरूसँग मैले बाँध्ने करार यही हो परमप्रभु भन्नुहुन्छ, ती दिनपछि, तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, तिनीहरूका मनमा पनि म ती लेखिदिनेछु। अनि उहाँ भन्नुहुन्छ, ''औ तिनीहरूका पाप र तिनीहरूका अधर्म म फेरि सम्झनेछैन।'' |
| ८. | रोमी ६:१—२ पढ्नुहोस्। <br>परमेश्‍वरको अनुग्रह हाम्रा पापहरूभन्दा पनि विशाल छ।यसकारण अनुग्रह यति विशाल छ भनेर हामी पापमा लागिरहनु? | रोमी ६:१—२ <br>''तब हामी के भनौं, के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं? त्यसो नहोस्। हामी जो पापको लेखि मर्‍यौं, अझ कसरी त्यसैमा जिउने? |
| ९. | हिब्रू ९:१२ पढ्नुहोस्। <br>कस्तो प्रकारको छुटकारा (पापका दण्डहरूबाट स्वतन्त्रता) ख्रीष्टबाट हामीले प्राप्त गर्न सक्यौं? | हिब्रू ९:१२ <br>''बोकाहरू र बाछाहरूको रगत होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरेर एकैचोटि पवित्र—स्थानभित्र पस्नुभयो।'' |

| | | |
|---|---|---|
| १०. | रोमी ८:३३ पढ़नुहोस्।<br>परमेश्वरका चुनिएका व्यक्तिहरूलाई अभियोग लगाउने कुनै मानिसहरूको नाउँ बताउनु होस्। | रोमी ८:३३<br>''परमेश्वरका चुनिएकाहरूको विरूद्धमा कसले अभियोग लाउन सक्छ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने।'' |
| ११. | रोमी ८:३४ पढ़नुहोस्।<br>परमेश्वरका मानिसहरूलाई दोष लगाउने (न्याय गर्ने) कुनै व्यक्तिको नाउँ भन्नु होस्। | रोमी ८:३४–३५<br>''दण्डको आज्ञा दिने को हो?<br>ख्रीष्ट येशू, जो मर्नुभयो, औ बरू मुर्दाबाट बिउँतनु पनि भयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र जसले हाम्रा निम्ति अन्तर बिन्ती पनि गर्नुहुन्छ।'' |
| १२. | रोमी ८:३५ पढ़नुहोस्।<br>ख्रीष्टको प्रेमबाट अलग गराउने कुनै व्यक्तिको नाउँ भन्नुहोस्। | |
| १३. | रोमी ८:३१ पढ़नुहोस्।<br>चेलापनका पाठको सारांश के हो? | रोमी ८:३१<br>''अब हामीले यी कुरालाई के भनौं, यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने हाम्रा विरूद्ध को हुन सक्छ?'' |

## उत्तर–व्याख्या

१. प्रश्न : रोमी ८:३८–३९ पढ़नुहोस्।
प्रेरित पावलले कसरी बुझाउने कोशिश गरे?
उत्तर : उसले यसरी बुझाउने कोशिश गरे कि परमेश्वरको प्रेमबाट हामीहरूलाई कसैले पनि अलग गर्न सक्नेछ। नता मृत्युले नता जीवनले, न स्वर्गदूत वा आत्माहरूले, न वर्तमानका कुराहरूले, न पछि हुने कुराहरूले, न शक्तिहरूले, न उँचाइले, न गहराइले, न अरू सृष्टिले हाम्रा प्रभु ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्नसक्नेछ।

२. प्रश्न : जब म बाइबल कलेजमा प्राध्यापक थिएँ, केही पाठहरू यस प्रकारका वर्णन गरिएको थियो –
''धार्मिकता चाहिँ परमेश्वरको न्यायिक कार्य हो, जो कोही उहाँमाथि विश्वास गर्छ, परमेश्वरले उसलाई धार्मिक भनी घोषणा गर्नुहुन्छ। धार्मिकता बनाउन सकिँदैन। ''मैले जब मैले बाइबल अध्ययन गर्न थाले। मलाई निश्चय भयो कि यो ग्रहणयोग्यता चाहिँ धार्मिकताको वरदान हो, जसले परमेश्वरको दृष्टिमा तपाईंलाई धार्मिक बनाउँछ। रोमी ५:१९ पढ़नुहोस्। ख्रीष्टको आज्ञाकारिताले आज्ञाहरूलाई पालन गर्दै, क्रूसमा जानु धेरैलाई – –।
उत्तर : धार्मिकता बनायो।

३. प्रश्न : २ कोरिन्थी ५:२१ पढ़नुहोस्।
''उहाँले (परमेश्वरले) हाम्रो निम्ति (येशू ख्रीष्ट) पाप तुल्याउनुभयो। (जसले पापै गर्नु भएको थिएन) हामी उहाँमा –हुन पाऔं।
उत्तर : परमेश्वरमा ख्रीष्ट येशूमा धार्मिकता हुन पायौं।

४. प्रश्न : कलस्सी १:२१–२२ पढ़नुहोस्। येशू प्रभु संसारमा हाम्रा पापका लागि मर्नुभयो। कारण हामी परमेश्वरको अघि पवित्रजाति, दोषरहित, अनि निर्दोषी – – – हुनसक्यौं।

उत्तर : परमेश्वरको दृष्टिमा।

५. प्रश्न : एफिसी १:६ पढ़नुहोस्।

हामीले अनन्तसम्म परमेश्वरलाई महिमा, उहाँको अनुग्रहको लागि दिनुपर्छ। किनभने उहाँले हामीलाई – – बनाउनु भयो।

उत्तर : प्रेममा (ख्रीष्टमा)।

६. प्रश्न : हिब्रू १०:१४ पढ़नुहोस्। ख्रीष्ट येशूको क्रूसको बलिदानबाट हामीलाई कहिलेसम्म सिद्ध बनाउनुभएको छ?

उत्तर : अनन्तसम्म।

७. प्रश्न : हिब्रू १०:१५–१७ पढ़नुहोस्। यो नयाँ करारमा परमेश्वरले हाम्रा पापहरूको सम्झना गर्नु हुन्छ?

उत्तर : गर्नु हुँदैन।

८. प्रश्न : रोमी ६:१–२ पढ़नुहोस्। परमेश्वरको अनुग्रह हाम्रा पापहरूभन्दा विशाल छ। यसकारण अनुग्रह यति विशाल छ भनेर हामी पापमा लागिरहनु?

उत्तर : परमेश्वरले क्षमा गरून। यो होइन।

९. प्रश्न : हिब्रू ९:१२ पढ़नुहोस्।

कस्तो प्रकारको छुटकारा (पापका दण्डहरूबाट स्वतन्त्रता) ख्रीष्टबाट हामीले प्राप्त गर्नसक्यौं?

उत्तर : अनन्तताको छुटकारा।

१०. प्रश्न : रोमी ८:३३ पढ़नुहोस्।

परमेश्वरका चुनिएका व्यक्तिहरूलाई अभियोग लगाउने कुनै मानिसहरूको नाउँ बताउनुहोस्।

उत्तर : कोही छैन।

११. प्रश्न : रोमी ८:३४ पढ़नुहोस्।

परमेश्वरका मानिसहरूलाई दोष लगाउने (न्याय गर्ने) कुनै व्यक्तिको नाउँ भन्नुहोस्।

उत्तर : कोही छैन।

१२. प्रश्न : रोमी ८:३५ पढ़नुहोस्।

ख्रीष्टको प्रेमबाट अलग गराउने कुनै व्यक्तिको नाउँ भन्नुहोस्।

उत्तर : कोही छैन।

१३. प्रश्न : रोमी ८:३१ पढ़नुहोस्।

चेलापनका पाठको सारांश के हो?

उत्तर : परमेश्वर हामीहरूसँग हुनुहुन्छ। हाम्रो विरोधमा कोही पनि छैन।

# स्तर – ३

# पाठ – १२

# मुक्तिको फलहरू – भाग १

## डोन क्रो

एकै समयको विश्वासको कार्यले 'बाँच्नेछ', जब यसलाई त्यागिदिन्छौं? यसलाई हराएर फेरि करारहरू प्राप्त गरिन्छ? अब्राहामले परमेश्वरलाई विश्वास गरे, अनि उनी धर्मी गनिए (उत्पति १५:६)। यदि अब्राहामको विश्वास हराएको (रोकिनु) भए के उनको धार्मिकता हराउँथे?

बाइबलबाट हामी जान्दछौं, विश्वास सम्पूर्ण एकैपल्टको कार्य हो। (अनिश्चित भूतकाल)। तर मसीही जीवनमा लगातार हुन्छ। जो ग्रीक वर्त्तमान कालबाट निकालिएको छ। यसलाई वर्त्तमानमा निर्देश दिएको छ, अनि लगातार, पुनारावृत्त प्रयोगमा हुन्छ। जब हामीहरूले यी शब्दहरू अनि वाक्यांशहरू बाइबलका पाठकहरूलाई प्रदान गर्छौं, तब उनीहरूका बाइबल पदहरूमा समझ अझ विकास भएर जानेछ। यी शब्दहरू हुन् – पुनारावृत्त, त्यसको अर्थ हुन्छ **– घरिघरि, लगातार, निरन्तरता, प्रथानुसार, आदत झैं अथवा जीवन शैली अथवा व्याख्या नगरिएको।**

यी तलका पदहरूलाई हेर्नुहोस्, ग्रीक वर्तमानकाल कसरी प्रभावित भएको छ –

यूहन्ना ३:१६''किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्नेहरू (वर्तमान काल – विश्वास अनि निरन्तर विश्वास)।
प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।'' (बन्धनी – मेरो)

हिब्रू १०:१४ ''किनकि एउटै बलिदानले पवित्र भएकाहरूलाई उहाँले सधैंको निम्ति सिद्ध गराउनुभएको छ।'' (वर्तमान काल – तिनीहरू जसलाई सिद्ध गराएको छ, अनि निरन्तर सिद्ध गराइएको छ।
एकपल्टको बलिदानले अनन्तसम्म सिद्ध गराइएको छ। नयाँ किङ्स् भर्सनमा'' पवित्र गरिएको छ। (बन्धनी मेरो)

१यूहन्ना ३:९ ''जो परमेश्वरबाट जन्मेको छ, त्यसले (वर्तमान काल – उसले निरन्तर पाप गर्दैन, यो उसको जीवन–शैली हो, यहाँ पछिलो नभएको हृदय देखाउँछ) पाप गर्दैन, किनकि स्वाभाव (वर्तमान काल – परमेश्वरको स्वभाव रहन्छ, अनि निरन्तर रहन्छ। उसमा रहन्छ। अनि उसले (वर्तमान काल – उसको जीवन शैली अथवा व्याख्या नगरिएको) पाप गर्दैन। किनभने उ परमेश्वरबाट जन्मिएको हुन्छ। (बन्धनी मेरो)।''

मर्कूस १:१५ ''र भन्नुभयो, ''समय पूरा भएको छ, औ परमेश्वरको राज्य नजीक आइपुगेको छ। पश्चताप गर।'' (वर्तमान काल – पश्चताप गर, निरन्तर पश्चताप गर, बारंवार पश्चताप गर, जुनै परिस्थिति अथवा खाँचोमा) अनि विश्वास (वर्तमान काल – विश्वास अनि निरन्तर विश्वास) सुसमाचारमा गर। (बन्धनी मेरो)।

यूहन्ना ५:२४ ''साँचो साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो बात सुन्छ र विश्वास (वर्तमान काल – निरन्तर – विश्वास) मलाई पठाउनेलाई विश्वास गर्छ, उसमा अनन्त जीवन छ, औ त्यो इन्साफमा आउँदैन, तर मृत्युदेखि जीवनमा सरिहालेको हुन्छ। (बन्धनी मेरो)

लूका १५:७ ''म तिमीहरूलाई भन्दछु, यसरी पश्चताप गर्न नपर्ने वर्तमान काल – पश्चतापमा निरन्तरता) उनान्सय धार्मिकजनप्रतिभन्दा पश्चताप गर्ने एकजना पापीप्रति स्वर्गमा आनन्द हुनेछ। (बन्धनी – मेरो)

प्रेरित १७:३० ''यसकारण अज्ञानका समयलाई परमेश्वरले वास्ता गर्नुभएन, तर अब सबै ठाउँमा (वर्तमान काल– सबै ठाउँमा निरन्तरता सबै ठाउँमा) सबै मानिसहरूलाई पश्चताप गर्ने आज्ञा दिनुहुन्छ (वर्तमान काल–निरन्तरता पश्चताप)। (बन्धनी–मेरो)

यूहन्ना ६:४७ ''साँचो साँचो म तिमीहरूलाई भन्दछु, विश्वास (वर्तमानकाल – निरन्तरता – विश्वास) गर्नेलाई अनन्त जीवन छ।'' (बन्धनी मेरो)।

रोमी ४:५ ''औ काम नगर्ने, तर अधर्मीलाई धर्मी ठहराउनेमाथि विश्वास (वर्तमान काल – निरन्तरता – विश्वास) गर्नेलाई चाहिँ, त्यसको विश्वास धार्मिकता ठहरिन्छ।''

प्रेरित २६:२० ''तर पहिले दमीशकमा, औ यरूशलेममा र यहूदियाका सारा देशभरि रहनेहरूलाई, र अन्यजातिहरूलाई समेत पश्चताप (वर्तमान काल अनि निरन्तरता पश्चताप) गरेर परमेश्वरतिर फर्क (वर्तमानकाल – निरन्तरता – योग्यताको काम, तपाईंको पश्चतापको प्रमाण) पश्चतापको लागि काम गर)। (बन्धनी – मेरो)।

**निष्कर्ष –** वर्तमान काल बाइबलमा सयौंपल्ट प्रयोग भएको छ। यो मेरो अभिप्राय सबै बाइबलका पदहरू यस विषयमा मिलाउनलाई होइन।
यो सत्य हो कि बचाउने विश्वास चाहिँ निरन्तर छ, अनि आर्मानियमवादी र केल्भिनवादी धर्मविज्ञान दुवैमा जो विभिन्न दृष्टिमा आएको छ।

केल्भिनवादीले दावी गर्दछ कि अनन्त सुरक्षाको लागि, साँचो विश्वासीहरू ठेस तथा लोट्न सक्छन्, तर तिनीहरू ईसाई विश्वासबाट कहिले पनि हल्लिन्दैनन् ( १ कोरिन्थी १:८)। ती व्यक्तिहरू जसले अनन्तताको सुरक्षामाथि विश्वास गर्छन्, तिनीहरू साँचो ईसाईहरू हुन्, तिनीहरूले मृत्युका पापहरूका अनुभव गरेका छन्, अनि त्यसैमा निरन्तर हुँदैनन् (रोमी ६:१–३)। तिनीहरू जो पछिबाट पूर्ण रूपले ख्रीष्टबाट टाड़ो हुन्छन्, तिनीहरूले देखाउँछन् कि तिनीहरूले नयाँ जीवन प्राप्त गरेका हुँदैनन् ( १ यूहन्ना २:१९)।

अर्मानियमवादी धर्मविज्ञानले शिक्षा दिन्छ कि साँचो विश्वासीहरू पनि ईसाई विश्वासबाट पतित हुन्छन्। तिनीहरूको धारणा छ,  विश्वास अनि शिक्षा छ – जो पतन हुन्छ उसले मुक्ति गुमाउँछ अनि हराउँछ। यस सिद्धान्त ईसाईहरूको (नामधारी ईसाई), जोहरू लगातार विरोध अथवा पाप गरिरहन्छन्। तिनीहरूको पश्चतापले पनि केही फल फलाउँदैन।

प्रेरित यूहन्नाले लेखेका छन् ''यदि हामीले आफ्ना पापको स्वीकार गर्‍यौं भने, हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मलाई शुद्ध पार्नलाई उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।'' (१यूहन्ना १:९)। उनले अझ भनेका छन् ''जो परमेश्वरबाट जन्मेको छ, त्यसले पाप गर्दैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, औ त्यसले पाप गर्नै सक्तैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हुन्छ।'' (१यूहन्ना ३:९)। यहाँ विरोधाभास देखिन्छ, तर बाइबलमा कुनै पनि अमिल्दो छैन। सबै ईसाईहरूले पाप गर्छन् (१यूहन्ना १:८)। तर सबै ईसाईहरूले आज्ञा पनि मान्छन् (१यूहन्ना २:३)। पाप र शारीरिकता ईसाईहरूमा छन्, तर उनीहरूमा पाप मालिक हुँदैन अथवा छुटयाउने गुण हुन्छ। (१यूहन्ना ३:९)। साँचो पश्चताप र विश्वासलाई मनको परिवर्तन, हृदयको परिवर्तन, लक्ष्यको परिवर्तन चाहिन्छ। तर पनि यसमा

सिद्धता हुँदैन। (प्रेरित २६:१८ अनि १ यूहन्ना १:८)। 'फल' चाहिँ विश्वासको चाहिँ दृढ़ अद्वितीय निर्णय हो, जसले साँचो विश्वासीलाई सञ्चालन गर्छ, अनि कार्यहरूबाट यसको प्रतिफल देखिन्छ। यसको उदाहरण अर्थात् विश्वासको उदाहरण हिब्रू ११ अध्यायमा देखाइएको छ, त्यहाँ कार्यहरूबाट परिणाम निस्केको छ। यसको अर्थ हुन्छ, जे हामी गर्छौं, त्यो हामीले विश्वास गरेको प्रदर्शन हो। याकूब २:१८ मा छ ''हो कसैले भन्नेछ, ''तँसँग विश्वास छ, र मसँग काम छ,'' तैंले गरेका कामहरू बाहेकको तेरो विश्वास मलाई देखा, र म मेरो विश्वास मेरो कामहरूद्वारा तँलाई देखाउँला।''

जब प्रेरितहरूले कामहरूका बारेमा नकारात्मक रूपमा बोलेका थिए, त्यो ''व्यवस्थाका कामहरू'' थिए। यसको अर्थ कुनै कमाइका लागि काम, तथा आफ्नै उद्धारका लागि थिए।

बाइबलले मुक्तिको फलका बारेमा पनि बताउँछ। जो चाहिँ असल कार्यहरू अथवा विश्वासका कार्यहरू हुन्। ती कार्यहरू हुन् जो पश्चताप अनि विश्वासबाट निस्केका हुन्। (प्रेरित २६:२०)। मत्ती ३:७–१०, १ थिस्सलोनिकी १:३, याकूब २:१४–२६)। यसले उद्धार अथवा मुक्तिका सत्यताहरूलाई दशाउँछन्। यो एकता पश्चताप र दुवै एउटै फल अथवा प्रमाण हो। असल कार्यहरू हुन्। हामीहरू असल कार्यले बाँचेका छैनौं। तर असल कार्यका लागि बाँचेका छौं। (एफिसी २:८–१०) कार्यहरू विश्वासको वास्तविकताको जाँच हो। अनुग्रहले मात्र हाम्रो जीवनलाई तथा कार्यलाई प्रभाव पार्न सक्तैन, जबसम्म हाम्रो जीवनमा परमेश्वरको वास्तविक अनुग्रह हुँदैन। (तीतस २: ११–१२) येशू प्रभुले शिक्षा दिनुभयो फलको बारेमा साँचो विश्वासीहरूलाई उनीहरूका फलहरूबाट चिन्हिन्छ। (मत्ती ३:८, ७:१६–२०, २५:३४–४०, यूहन्ना १३:१५,यूहन्ना १४:२३, प्रेरित २६:२०, रोमी २:१४–१८ अनि १ यूहन्ना ३:१०)।

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १.<br><br><br>२. | वर्तमान कालमा आज्ञाहरू दिए अनुसारकै आशा गर्छौं ...................।<br><br>यूहन्ना ३:१६ पढ़नुहोस्।<br>वर्तमान काल हिब्रूमा भएझैं यू. ३:१६ ले के बताउँछ? | यूहन्ना ३:१६<br>''किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।'' |
| ३. | १ यूहन्ना ३:९ पढ़नुहोस्।<br>जो परमेश्वरबाट जन्मेको छ, त्यसले पाप गर्दैन यसको अर्थ के हो? | १ यूहन्ना ३:९<br>''जो परमेश्वरबाट जन्मेको छ, त्यसले पाप गर्दैन, किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, औ त्यसले पाप गर्नै सक्तैन, किनभने त्यो परमेश्वरबाट जन्मेको हुन्छ।'' |
| ४. | लूका १५:७ पढ़नुहोस्।<br>एकजना पापीप्रति स्वर्गमा आनन्द हुनेछ .........। | लूका १५:७ ''म तिमीहरूलाई भन्दछु,''यसरी पश्चताप गर्न नपर्ने उनान्सय धार्मिकजनप्रति भन्दा पश्चताप गर्ने एकजना पापीप्रति स्वर्गमा आनन्द हुनेछ।'' |
| ५. | प्रेरित १७:३० पढ़नुहोस्।<br>परमेश्वरको आज्ञा छ, सबै मानिसहरू सबै ठाउँमा .........। | प्रेरित १७:३० ''यसकारण अज्ञानका समयलाई परमेश्वरले वास्ता गर्नुभएन, तर अब सबै ठाउँमा सब मानिसहरूलाई पश्चताप गर्ने आज्ञा दिनुहुन्छ।'' |

| | | |
|---|---|---|
| ६. | प्रेरित २६:२० यस पदले के बताउँछ? | प्रेरित २६:२० तर पहिले दमीशकमा, औ यरूशलेममा र यहूदियाका सारा देशभरि रहनेहरूलाई र अन्यजातिहरूलाई समेत, पश्चताप गरेर परमेश्वरतर्फ फर्क, र पश्चताप योग्यको काम गर भनेर प्रचार गरें।'' |
| ७. | १ यूहन्ना २:३ पढ्नुहोस्।<br>परमेश्वरसँग व्यक्तिगत सम्बन्ध भएपछि यसको परिमाण के हुन्छ? अर्थात् उहाँलाई जानेपछि के हुन्छ? | १ यूहन्ना २:३ ''यदि हामीले उहाँका आज्ञा पालन गर्‍यौं भने, यसैबाट हामीले उहाँलाई चिन्दरहेछौं भन्ने हामी थाह पाउँछौं। |
| ८. | याकूब २:१८ पढ्नुहोस्।<br>याकूबले भनेका छन्, ''तैंले गरेका कामहरू बाहेकको तेरा विश्वासहरू मलाई देखा (यो असम्भव छ) र म मेरो विश्वास....................। | याकूब २:१८<br>''हो, कसैले भन्नेछ, ''तसँग विश्वास छ, र मसँग काम छ, तैंले गरेका कामहरू बाहेकको तेरो विश्वास मलाई देखा, र म मेरो विश्वास मेरा कामहरूद्वारा तँलाई देखाउँला।'' |
| ९. | १ थिस्सलोनिकी १:३ पढ्नुहोस्।<br>क्रिया वा कामहरू विश्वासको माध्यमबाट अगाड़ि बढ़छ। जसलाई...................। | १ थिस्सलोनिकी १:३ ''हाम्रा परमेश्वर र पिताको सामने हाम्रा प्रभु येशू ख्रीष्टको विषयमा तिमीहरूको विश्वासको काम र प्रेमको परिश्रम, र आशाको धीरज निरन्तर सम्झदै।'' |
| १०. | गलाती २:१६,२१ पढ्नुहोस्।<br>व्यवस्थाका कामहरूबाट मानिसहरू धर्मी हुनालाई कोशिश गर्छन्। (पद२१)<br>तिनीहरू बाँच्न सक्तैनन्। तिनीहरूमा बचाइने शक्ति हुँदैन .................। | गलाती २:१६<br>''तापनि येशू ख्रीष्टमाथिको विश्वास बाहेक व्यवस्थाको कामबाट मानिस धर्मी ठहरिँदैन भन्ने जानीकन हामीले पनि विश्वासले धर्मी ठहरियौंला भनेर येशू ख्रीष्टमाथि विश्वास गर्‍यौं।''<br><br>गलाती २:२१ ''परमेश्वरको अनुग्रह म व्यर्थमा तुल्याउन्न, किनकि व्यवस्थाद्वारा धार्मिकता हुन्छ भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।'' |
| ११. | रोमी २:७–१० पढ्नुहोस्।<br>यो पद पढ्नुहोस्। यो पदले दुइ प्रकारका मानिसहरूका फलका बारेमा वर्णन गरेका छन्। ती दुइ प्रकारका मानिसहरू को हुन्? | रोमी २:७–१०<br>''धीरजसँग असल काम गरेर महिमा, इज्जत र अविनाश खोज्नेहरूलाई चाहिँ अनन्त जीवन, तर झगड़ालु र सत्यलाई नमानेर अधर्म मान्नेहरूलाई क्रोध र रीस खराब काम गर्ने हरेक मानिसको प्राणमाथि पहिले यहूदीहरूलाई अनि ग्रीकलाई, शारीरिक वेदना र संङ्कष्ट, तर असल काम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि ग्रीकलाई पनि महिमा र इज्जत र शान्ति हुनेछ।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : वर्तमान कालमा आज्ञाहरू दिए अनुसार के आशा गर्छौं?
उत्तर : निरन्तरता, अथवा पुर्नारावृत्ति प्रयोग

२. प्रश्न : यूहन्ना ३:१६ पढ्नुहोस्। वर्तमान काल हिब्रूमा भएझैं यूहन्ना ३:१६ ले के बताउँछ?
उत्तर : "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने (वर्तमान काल) विश्वास गर्ने, लगातार विश्वास गर्ने) प्रत्येक नाश नहोस्, त्यसले अनन्त जीवन पाओस्।"

३. प्रश्न : १ यूहन्ना ३:९ पढ्नुहोस्। जो परमेश्वरबाट जन्मेको छ, त्यसले पाप गर्दैन। यसको अर्थ के हो?
उत्तर : "जो परमेश्वरबाट जन्मेको छ, त्यसले (वर्तमान काल – उसले लगातार पाप गर्दैन, उसको जीवनशैली यस्तो हुन्छ। पश्चताप नगरेको हृदयलाई देखाउँछ) गर्दैन।

४. प्रश्न : लूका १५:७ पढ्नुहोस्। एकजना पापीप्रति स्वर्गमा आनन्द हुनेछ –
उत्तर : पश्चताप अनि निरन्तर पश्चताप।

५. प्रश्न : प्रेरित १७:३०पढ्नुहोस्।
परमेश्वरको आज्ञा छ, सबै मानिसहरू, सबै ठाउँमा – –
उत्तर : पश्चताप अनि निरन्तर पश्चताप गर्नु।

६. प्रश्न : प्रेरित २६:२० पदले के बताउँछ?
उत्तर : "तर पहिले दमीशकमा, औ यरूशलेममा र यहूदियाका सारा देशभरि रहनेहरूलाई र अन्यजातिहरूलाई समेत पश्चताप गरेर (वर्तमानकाल – निरन्तर पश्चताप गर्नु) वर्तमान काल – निरन्तर परमेश्वरतिर फर्कनु) अनि काम गर्नु (वर्तमान काल – निरन्तर काम गर्नु, जसले पश्चतापको प्रमाण गर्छ।) कामले पश्चताप गराउँछ।

७. प्रश्न : १ यूहन्ना २:३ पढ्नुहोस्।
परमेश्वरसँग व्यक्तिगत सम्बन्ध भएपछि यसको परिणाम के हुन्छ? अर्थात् उहाँलाई जानेपछि के हुन्छ?
उत्तर : उहाँले आज्ञा गरे बमोजिम काम गर्नु अथवा उहाँका आज्ञाहरूलाई लिनु।

८. प्रश्न : याकूब २:१८ पढ्नुहोस्।
याकूबले भनेका छन्, "तैंले गरेका कामहरू बाहेकको तेरा विश्वासहरू मलाई देखा (यो असम्भव छ) र म मेरो विश्वास –।
उत्तर : मेरा कामहरूद्वारा तँलाई देखाउँला।

९. प्रश्न : १ थिस्सलोनिकी १:३ पढ्नुहोस्।
क्रिया वा कामहरू विश्वासको माध्यमबाट अगाड़ि बढ्छ। जसलाई – –।
उत्तर : विश्वासको कर्म भनिन्छ।

१०. प्रश्न : गलाती २:१६,२१ पढ़नुहोस्।

व्यवस्थाका कामहरूबाट मानिसहरू हुनालाई कोशिश गर्छन् (पद२१) तिनीहरू बाँच्न सक्तैनन्। तिनीहरूमा बचाइने शक्ति हुँदैनन्।

उत्तर : धार्मिकता।

११. प्रश्न : रोमी २:७–१० पढ़नुहोस्।

यो पद पढ़नुहोस्। यो पदले दुइ प्रकारका मानिसहरूका फलका बारेमा वर्णन गरेका छन्। ती दुइ प्रकारका मानिसहरू को हुन्?

उत्तर : विश्वासीहरू र अविश्वासीहरू।

## स्तर – ३

## पाठ – १३

# मुक्तिको फलहरू – भाग २

### डोन क्रो

यो पदलाई हेर्नोस – ''परमेश्वरको सन्तान र शैतानको सन्तान यसैबाट प्रष्ट हुन्छ, उचित काम नगर्ने र आफ्नो भाइलाई प्रेम नगर्ने हरेक परमेश्वरबाटको हुँदैन। (१यूहन्ना ३:१०) यसरी बताइएको छैन,'' हामी कसरी आफैलाई बचाउँछौं।'' तर यसरी लेखिएकोछ'', हामी कसरी परमेश्वरको सन्तान हौ भनी जान्दछौं।'' (१यूहन्ना ३:१०)।

येशू प्रभुले यसरी भन्नुभएको छ'', ''यसकारण तिनीहरूका फलबाट नै तिनीहरूलाई चिन्नेछौ (मेरोबाट यस पदमा मान्यता)।

परमेश्वरको वचन बमोजिम मुक्ति दुइ प्रकारको हुन्छ १) विश्वासद्वारा अनुग्रहबाट उद्धार (एफिसी २:८–९)। २) असल कार्यहरू जुन उद्धार पाएका व्यक्तिहरूले गर्छन् एफिसी २:१०)। हामीहरू विश्वासीहरूको बाइबलले यस विषयमा बोल्नलाई लजाएको छैन। यहाँ छ – हामीहरू कसरी जान्नसक्छौं कि हामीहरू ख्रीष्टको राज्यमा अनि परमेश्वरको शासनमा छौं?

१ यूहन्ना २:३–५ मा छ, ''यदि हामीले उहाँका आज्ञाहरू पालन गऱ्यौं भने यसैबाट हामीले उहाँलाई चिन्दरहेछौ भन्ने थाह पाउँछौं। ''उहाँ धार्मिक हुनुहुन्छ भन्ने तिमीहरूलाई थाह भएता ठीकठीक गर्ने पनि हरेक उहाँबाट जन्मेको हो भन्ने तिमीहरूलाई थाह हुन्छ। ( १ यूहन्ना २:३–५) त्यो व्यक्ति जसले भन्दछ, 'म उसलाई चिन्दछु, तर पनि उसको वचनलाई पालन गर्दैन, उ झूठो हो। त्यसमा सत्य हुँदैन। यदि कसैले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरको प्रेम साँच्चिनै सिद्ध भएको हुन्छ। यसैले हामी कसरी उहाँलाई जान्दछौ अनि उहाँमा हामी छौं।

''यदि उहाँ धार्मिक हुनुहुन्छ भन्ने तिमीहरूलाई थाह भएता ठीक–ठीक गर्ने पनि हरेक उहाँबाट जन्मेको हो भन्ने तिमीहरूलाई थाह हुन्छ।'' (१यूहन्ना २:३–५)। (यसले बताउँदैन र? परमेश्वर अनि ख्रीष्टको चरित्र धार्मिक हो। यसैले जसले धार्मिकतालाई लिन्छ – तब उहाँको चरित्रलाई दशाउँछ। यूहन्नाले भनेको छ, 'उहाँमा जन्मिएको हो।')

१ यूहन्ना ३:५–१० मा छ, ''पापहरू हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने तिमीहरू जान्दछौ, औ उहाँमा पाप छैन। उहाँमा रहिरहने हरेकले पाप गर्दैन। (ग्रीकमा यो वर्तमानकालमा छ। यसले बताउँछ – निरन्तरता, स्वाभाविक कार्य हो। बाइबलका पाठकहरूले उनीहरूका समझलाई अझ व्यापक बनाउँछ जब यी पदहरू ल्याउनेछन् – लगातार, पुर्नरावृत्ति, घरिघरि, व्याख्यारहित, निरन्तर, लागिरहनु अभ्यास, बानी हुनु, जीवनशैली झैं)'' पाप गर्ने हरेकले उहाँलाई देखेको हुँदैन र उहाँलाई चिन्दैन। हे मेरा साना केटा–केटी हो, कुनै मानिसले तिमीहरूलाई बराल्न नपाओस्। जसले ठीक (वर्तमान काल– निरन्तरता, घरिघरि गर्छ। त्यो धार्मिक हुन्छ, जस्तो उहाँ पनि धार्मिक नै हुनुहुन्छ। जसले पाप गर्छ, (वर्तमानकाल – स्वाभाविकता, तथा जीवनशैली, किनकि त्यो उसको स्वाभाव हो) त्यो शैतानबाट नै हो। किनकि शैतानले ता शुरूदेखि नै पाप गर्दै आएको छ। शैतानका कामहरू नष्ट पार्नालाई नै परमेश्वरको पुत्र प्रकट भएको हुनुभएको छ। औ जो परमेश्वरबाट जन्मेको छ, त्यसले पाप गर्दैन (वर्तमान काल– उनीहरूको जीवनशैली, पश्चतापहीन हृदयको प्रदर्शन)। किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, औ त्यसले पाप गर्दैन (वर्तमानकाल – व्याख्या नगरिएको किनभने त्यो पवरमेश्वरबाट जन्मेको हुन्छ। त्यसैले हामी जान्दछौं

परमेश्वरका सन्तान र शैतानको सन्तान यसैमा प्रष्ट हुन्छ। उचित काम नगर्ने। (वर्तमान काल) र आफ्नो भाइलाई प्रेम नगर्ने (वर्तमान)। (यूहन्नाले लेखेका छन् – यसरी कसरी हामीले परमेश्वरका सन्तान र शैतानका सन्तानलाई चिन्न सक्छौं) जसले असल कार्य तथा प्रेमलाई प्रदर्शन गर्दैन, तिनीहरूमा परमेश्वरको स्वाभाव हुँदैन। यसैले के नयाँ जीवनको खाँचो छैन भनी प्रमाणित गर्दैन र?''

१ यूहन्ना ३:१४ ''हामी जान्दछौ कि हामी ता मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं, किनभने हामी भाइहरूसँग प्रेम गर्छौं।''

१ यूहन्ना ४:६। ''हामी ता परमेश्वरबाट हौं। परमेश्वरलाई चिन्नेले हाम्रो कुरा सुन्छ, र जो परमेश्वरको होइन, त्यसले हाम्रो कुरा सुन्दैन। यसैबाट हामी सत्यको आत्मा र भ्रमको आत्मा चिन्छौं।

१ यूहन्ना ४:८ प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।''

१ यूहन्ना ५:२ ''जब हामी परमेश्वरलाई प्रेम गर्छौं, र उहाँको आज्ञा पालन गर्छौं, तब यसैबाट हामी थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई पनि प्रेम गर्छौं।''

१ यूहन्ना ५:१८–१९ परमेश्वरको बालकले पाप गर्दैन भन्ने हामी जान्दछौं (वर्तमान काल– उसको जीवनशैली क्षमाहीन हृदयको प्रदर्शन) तर परमेश्वरको बालकलाई उहाँले बचाइराख्नुहुन्छ। (बचाइराख्नु हुन्छ, वर्तमान काल, निरन्तरता – बचाइराख्नुहुन्छ) र दुष्टले त्यसलाई छुँदैन। (१९) हामी जान्दछौं, कि हामी परमेश्वरका हौं र सारा संसार त्यस दुष्टको अधीनमा परेको छ।''

किन प्रेरित यूहन्नाले यी सबै विषयहरू हामीहरूसँग किन साझा गर्नु भएको छ?
''यी सबै कुरा मैले तिमीहरूलाई अर्थात् परमेश्वरको पुत्रको नाउँमा विश्वास गर्नेहरूलाई लेखेको छु, कि तिमीहरूलाई अनन्त जीवन छ भन्ने तिमीहरूले जान।'' (१ यूहन्ना ५:१३)

निष्कर्ष – धार्मिकता, पवित्रता, प्रेम परमेश्वरका आतमाका फल चाहिँ नयाँ जीवनको प्रमाण हो। जब तपाईंलाई स्वंयमा म परमेश्वरको हुँ भनी निश्चयता हुँदैन जब तपाई अपवित्र जीवन शैली अप्नाउइरहेको हुनुहुन्छ। विवेकले दोष्याउँछ, अनि परमेश्वरप्रतिको आस्था हुँदैन। प्रेरित पत्रुसले तपाईंलाई उत्साह दिन्छ कि तपाईंको बोलावटलाई निश्चय गर (२ पत्रुस १:१०)। तपाईंको हृदयलाई निश्चय गर्नुहोस्। तपाईंको जीवन शैलीको माध्यमबाट तपाई उहाँको हुनुहुन्छ अनि महिमित सुसमाचारको लागि भनेर। म केही भन्दिन्, 'हामीहरू कसरी बाँच्यौं।'' म भन्दछु, ''हामीहरू कसरी जान्दछौं – कि हामी उहाँका हौं।''

| | **चेलापनका प्रश्नहरू** | **प्रश्नहरू बाइबलीय पदमा प्रयोग** |
|---|---|---|
| १. | प्रेरित ८:१३, १८–२२ पढ्नुहोस्।<br>प्रथम यूहन्नाले साँचो विश्वासीहरूका प्रमाण 'फल' को बारेमा बताएका छन्। यी सबै विषयहरू हृदयबाट नै उम्रनेछन्।<br><br>जब विश्वासीहरूको हृदय सिद्ध हुँदैन (शिमोनको झैं) तब उनीहरूले के गर्नु पर्दछ? | प्रेरित ८:१३<br>''औ शिमोन आफैले पनि विश्वास गऱ्यो। औ बप्तिस्मा लिएर फिलिपसँग लागिरहयो। र चिन्हहरू र ठूलठूला शक्तिका काम गरेका देखेर त्यसलाई आश्चर्य लाग्यो।<br>प्रेरित ८:१८–२२<br>''अब प्रेरितहरूका हात राखेकोले पवित्र आत्मा |

| | | |
|---|---|---|
| | | पाइँदो रहेछ भन्ने शिमोनले देखेर यसो भन्दै तिनीहरूलाई रूपियाँ दिन ल्यायो। 'मलाई पनि यो शक्ति दिनुहोस्, र मैले जो सुकैमाथि हात राखिदिए पछि त्यसले पवित्र आत्मा पाओस्। तर पत्रुसले भने, ''तेरो रूपियाँ तैसँग नष्ट भइजाउन्, किनकि परमेश्वरको वरदान पनि रूपियाँले पाइन्छ भनी तँ विचार गर्छस्।''<br>यस विषयमा नता तेरो केही भाग छ, न हिस्सा नै छ, किनकि परमेश्वरको सामने तेरो हृदय ठीक रहनेछ। यसकारण तेरो यस दुष्टताको निम्ति पश्चताप गरीकन प्रभुमा प्रार्थना गर, सायद तेरो हृदयको विचार क्षमा भइजाला कि?'' |
| २. | २ पत्रुस १:५–११ पढ्नुहोस्।<br>ती व्यक्तिहरू जुनहरू वास्तविक रूपमा परमेश्वरबाट बोलाइएका तथा छानिएका हुन्छन्, उनीहरूका प्रमाण तथा साक्षी कस्ता हुन्छन्? | २ पत्रुस १:५–११<br>यही कारणले तिमीहरूले सबै किसिमका प्रभुत्वले तिमीहरूका विश्वासमा सद्‌गुण, सद्‌गुणमा बुद्धि, बुद्धिमा संयम, संयममा धीरज, धीरजमा भक्ति, भक्तिमा भातृस्नेह, भातृस्नेहमा प्रेम थप। किनकि यो कुराहरूमा प्रशस्तसँग छन् भने हाम्रा प्रभु येशू ख्रीष्ट चिन्ने ज्ञानमा तिनीहरूले तिमीहरूलाई बेकम्मा र निष्फल तुल्याउने छैनन्। किनभने यो कुराहरूमा घटी भएको मानिस चाहिँ पुराना पापहरूको सफाइलाई नजीकका कुराहरू मात्र देख्ने अन्धा हो। यसैकारण हे भाइ हो, तिमीहरूको बोलावट र चुनाव निश्चय गर्नालाई बढ़ता प्रयत्न गर। किनकि यी कुरा गरेमा तिमीहरू कहिल्यै ठेस खाने छैनौं। किनभने यसरी हाम्रा र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई प्रशस्त गरी प्रवेश मिल्नेछ। |
| ३. | मत्ती २५:३४–४० पढ्नुहोस्।<br>यी पदहरूमा विश्वासीहरूका गुणहरू कसरी प्रस्तुत भएका छन्? | मत्ती २५:३४–४०<br>''तब राजाले आफ्ना दाहिने हातपट्टिकाहरूलाई भन्नेछन्, आओ, ए मेरा पिताका धन्यका हो, जो राज्य जगतको उत्पतिदेखि तिमीहरूका निम्ति तयार गरिएको छ, त्यो अधिकार गर। किनभने म भोकाएको थिएँ। तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई तिमीहरूकहाँ लग्यौ। नाङ्गो थिएँ तिमीहरूले मलाई पहिरायौ। बिरामी थिएँ, तिमीहरूले मेरो हेरचाह गर्‍यौ। इयालखानमा थिएँ, तिमीहरू |

| | | |
|---|---|---|
| | | मकहाँ आयौ। तब धर्मिकहरूले उनलाई यसो भन्दै जवाफ दिनेछन्, 'हे प्रभु कहिले हामीले तपाईंलाई भोकाउनु भएको देख्यौं र तपाईंलाई खान दियौं? अथवा तिर्खाउनुभएको र तपाईंलाई पिउनदियौं? औ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई हामीकहाँ ल्यायौं? अथवा नाङ्गो र पहिरायौं? र कहिले हामीले तपाईंलाई बिरामी पर्नु भएको अथवा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं? तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, ''म तिमीहरूलाई साँच्चै भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानो एउटालाई जो जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ। |
| ४. | यूहन्ना १३:३५ पढ्नुहोस्।<br>येशूका चेलाहरू हौ भनी कसरी जान्नेछन्? | यूहन्ना १३:३५<br>''यदि तिमीहरूले आपसमा प्रेम गर्‍यौ भने, तिमीहरू मेरा चेलाहरू हौ भनी यसैबाट सबैले जान्नेछन्।'' |
| ५. | मत्ती ७:२१–२३ पढ्नुहोस्।<br>ती व्यक्तिहरू किन परमेश्वरको राज्यबाट अलग भए? | मत्ती ७:२१–२३<br>''मलाई प्रभु, प्रभु भन्ने सबै स्वर्गको राज्यमा पस्न पाउनेछैन। तर त्यो, जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्दछ। त्यो दिन धेरैले मलाई भन्नेछन्, 'हे प्रभु, हे प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं, र तपाईंको नाउँमा सामर्थ्यका काम गरेनौं र? अनि म तिनीहरूलाई खुल्लम खुल्ला भन्नेछु, मैले तिमीहरूलाई कहिले चिनेको छैन। ए! अधर्म काम गर्ने हो, मबाट दूर होओ।'' |
| ६. | यूहन्ना १४:२३ पढ्नुहोस्।<br>यदि कुनै व्यक्तिले येशूलाई प्रेम गर्छन् भने, उसले के गर्नु पर्छ? | यूहन्ना १४:२३<br>''येशूले तिनलाई जवाफ दिई भन्नुभयो, 'कसैले मलाई प्रेम गर्दछ भने, त्यसले मेरो वचन पालन गर्नेछ, औ मेरा पिताले त्यसलाई प्रेम गर्नु हुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग बास गर्नेछौं।'' |
| ७. | प्रेरित २६:२० पढ्नुहोस्।<br>यस पदले के बताइरहेको छ? | प्रेरित २६:२०<br>''तर पहिले दमीशकमा, औ यरूशलेममा र यहूदियाका सारा देशभरि रहनेहरूलाई र अन्यजातिहरूलाई समेत पश्चताप योग्यको काम गर भनेर प्रचार गरें।'' |
| ८. | याकूब २:१७ पढ्नुहोस्।<br>यदि तपाईंको विश्वास कर्मरहित छ भने यो कस्तो प्रकारको विश्वास हुन्छ? | याकूब २:१७<br>''यसैगरी विश्वास पनि कामरहितको छ भनेता स्वंय मरेको तुल्य हुन्छ।'' |

# उत्तर–व्याख्या

१. प्रश्न : प्रेरित ८:१३, १८–२२ पढ़नुहोस्।
प्रथम यूहन्नाले साँचो विश्वासीहरूका प्रमाण 'फल' को बारेमा बताएका छन्। यी सबै विषयहरू हृदयबाट नै उम्रनेछन्। जब विश्वासीहरूको हृदय सिद्ध हुँदैन (शिमोनको झैं) तब उनीहरूले के गर्नुपर्दछ?
उत्तर : तपाईंले आफ्नो पापको पश्चताप गर्नु होस् (दुष्टता) अनि तपाईंको हृदयका विचारहरू क्षमा गरिदिउन भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

२. प्रश्न : २ पत्रुस १:५–११ पढनुहोस्।
ती व्यक्तिहरू जुनहरू वास्तविक रूपमा परमेश्वरबाट बोलाइएका तथा छानिएका हुन्छन्, उनीहरूका प्रमाण तथा साक्षी कस्ता हुन्छन्?
उत्तर : तिनीहरूले सबै आत्माका गुणहरूसँग तिनीहरूका विश्वासलाई जोड़छन्, नयाँ स्वाभावका गुणहरू हुन्छन्।

३. प्रश्न : मत्ती २५:३४–४० पढ़नुहोस्।
यी पदहरूमा विश्वासीहरूका गुणहरू कसरी प्रस्तुत भएका छन्?
उित्तर : का विश्वासबाट व्यवहारिक कार्यहरू जस्तै भोकाएकाहरूलाई भोजन प्रदान अरूलाई सत्कार, दीनहीनहरूलाई वस्त्र प्रदान बिरामीहरूसँग सेवा, कैदखानमा बसेकाहरूलाई भेटघाट गर्नु इत्यादि गर्नु हो।

४. प्रश्न : यूहन्ना १३:३५ पढ़नुहोस्।
येशूका चेलाहरू हौ भनी कसरी जान्नेछन्?
उत्तर : एकाअर्कालाई प्रेम प्रदर्शन गर्नु।

५. प्रश्न : मत्ती ७:२१–२३ पढ़नुहोस्।
ती व्यक्तिहरू किन परमेश्वरको राज्यबाट अलग भए?
उत्तर : तिनीहरू अधर्मका कर्मीहरू भए। ग्रीकमा – वर्तमानकालको प्रयोग गरिएको छ। जो देखाइएको छ – अधर्म चाहिँ तिनीहरूको जीवनशैली हो। तिनीहरूको स्वभाव हो। उसले तिनीहरूलाई कहिल्यै चिन्हेका छैनन्। तिनीहरूले धार्मिक मानिसहरूलाई गुमाएका छन्। तिनीहरूको हृदय कहिल्यै परिवर्तन हुँदैनन्। परमेश्वरतिर फर्कनलाई तिनीहरूको हृदय कहिले परिवर्तन हुँदैनन्।

६. प्रश्न : यूहन्ना १४:२३पढ़नुहोस्।
यदि कुनै व्यक्तिले येशूलाई प्रेम गर्छन् भने उसले के गर्नु पर्छ?
उत्तर : परमेश्वरका वचनहरू पालन गर्नु, उहाँले भन्नुभएको आज्ञा पालन गर्नु।

७. प्रश्न : प्रेरित २६:२० पढ़नुहोस्।
यस पदले के बताइरहेको छ?
उत्तर : तपाईंको पश्चतापले तपाईंले के गर्नु भएको छ? प्रमाण गर्नुहोस्।

८. प्रश्न : याकूब २:१७ पढ़नुहोस्।
यदि तपाईंको विश्वास कर्मरहित छ भने यो कस्तो प्रकारको विश्वास हो?
उत्तर : मृत विश्वास, उद्धाररहित विश्वास (याकूब २:१४)।

# स्तर – ३
# पाठ – १४
# चेलापनको बोलावट
## एन्ड्रू वॉमक

आज म चेला हुनु अनि अरूहरूलाई कसरी चेला बनाउनु बारेमा चर्चा गर्छु। म तपाईंलाई सचेत गराउन चाहन्छु कि ख्रीष्टले हामीहरूलाई परिवर्तन गराउनलाई मात्र जानू, मानिसहरूलाई येशू प्रभु हो भनी स्वीकार गराउनू, अनि तिनीहरूका पापहरूलाई क्षमा गर्नु मात्र भन्नू भएको छैन, तर तिनीहरूलाई चेला बनाउनू भन्नु भएको छ। तर यी दुइ कुराहरू महत्वपूर्ण हुन्, मैले तिनीहरूलाई निम्न स्तर गर्न खोजेको होइन, नयाँ जीवन प्राप्त गरेर पनि अघि बढ्नुपर्छ, अनि सिद्धान्तमा पुग्नु पर्छ। ईसाईहरूको लक्ष्यचाहिँ जो चेला छ, उ अगि गएर अरू व्यक्तिहरूलाई पनि चेलाहरू बनाउनु पर्छ।

येशूले भन्नुभएको छ, तपाईं गईवरी अरूलाई चेला बनाउनुहोस्, तिनीहरूलाई सिद्धान्तमा ल्याउनु होस्, अनि तिनीहरूलाई उत्पादकहरू बनाउनुहोस्। हाम्रा मण्डलीहरू आज यो गर्दैनन्। आज हामीहरूले यसको जिम्मावार चाहिँ नयाँ जन्मेकाहरूलाई दिन्छौं, जसलाई हामीहरू पुजारी तथा सेवकहरू भन्छौं। हामीहरूमा प्रचारकहरू छन्। जो चारैतिर भ्रमण गर्छन्, तिनीहरूले विशाल सभाहरू गर्छन्, अनि हजारौं मानिसहरूले येशू प्रभुमा निर्णय गरेका हेर्छौं। तिनीहरू कतिपय वास्तवमा नयाँ जीवन पाएका हुँदैनन्, तिनीहरू केवल भावनाका अनुभवहरू मात्र प्राप्त गरेका हुन्छन्। मलाई विश्वास छ, कतिपय चाहिँ नयाँ जीवन अनुभव गरेका छन्, अनि तिनीहरूको सम्बन्ध येशू प्रभुसँग छ। अधिकांश समयहरू तिनीहरू जाँदैनन्, अनि चेलाहरू बनाउँदैनन्। तर परमेश्वरले यस्तो प्रकारले चाहनु भएको होइन।

म तिनीहरूलाई ती व्यक्तिसँग तुलना गर्छु – जसले नानीहरूलाई मन पराउँछन्। कतिपय नानीहरू हुनु चाहिँ जिम्मावारी हो। उसले उत्तेजित पनि पार्छन्, तर उसको जन्मलाई मन पराउँछन्। जब तपाईंको नानी छ भने तपाईंकोमा जिम्मावारी आउँछ, नानीलाई तालिम दिनु, नानीलाई हुर्काउनु–बढ़ाउनु आउँछ। हामी मानिसहरूलाई भन्छौं, ''नयाँ गरी जन्मनुको वास्तविक विषय हुन्छ, येशू प्रभुलाई तपाईंको प्रभु भनी स्वीकार्नु हो। जब त्यो हुन्छ, हामी धाप पछि मारी भन्छौं ''अब तपाईं ईसाई हुनुभयो, परमेश्वरलाई विश्वास गर्नुहोस्, बाइबल पढ़नुहोस्, अनि सबै कुराहरू ठीक हुन्छ।'' यो प्रभुले बनाउनु भएको होइन।

किनकि यो हो कि हामीहरूले मानिसहरूलाई जन्माउनुपर्छ, कतिपय व्यक्तिहरू छ, जसले हृदयबाट नै प्रभुलाई समर्पण गरेका छन्। तर तिनीहरू सिद्धान्तमा छैनन्। तिनीहरूले आफ्ना विश्वासलाई उत्पादन गर्न असमर्थ छन्, किनभने तिनीहरूलाई सहयोग दिने कुनै सामग्रीहरू छैनन्। तिनीहरूमा येशू प्रभुको सकरात्मक साक्षीको विपरीत नकारात्मक साक्षीहरू छन्। परमेश्वरको मनसाय हामीप्रति यस्तो छ कि हामीहरू मानिसहरूकहाँ पुग्नुपर्छ, ताकि तिनीहरू पूर्णरूपले चेला हुनसकोस् अनि तिनीहरूको विश्वासहरूले अरूहरूले फल फलाउन सकोस्।

यदि तपाईंले एक व्यक्तिलाई प्रत्येक ६ महीनामा प्रभुमा दोहोऱ्याउनु हुन्छ भने, आफैलाई अलग गर्नुहोस्, तिनीहरूलाई चेला बनाउनु होस्। तिनीहरू सिद्ध ईसाई हुनेछन्, अनि तिनीहरूले आफ्नो विश्वासलाई फेरि फलदायक बनाउनेछन्। ६ महीनाको अन्तमा केवल दुइजना मसीहीहरू मात्र भए। तब प्रत्येकले एकजनालाई प्रभुमा दोहोऱ्याउनु होस् आफैलाई अलग राख्नुहोस्, अनि ६ महीनामा चेला बनाउनुहोस्। वर्षको अन्तमा चार ईसाईहरू हुनेछन्। यो  अरूसँग तुलना गर्न सकिंदैन, जसले हजार जना मानिसलाई प्रभुमा ल्याउँछ। ठूलो सभामा तिनीहरूले

प्रभुलाई स्वीकार गर्छन् (धेरै मानिसहरूले भन्ने गर्छन्, ''ठीकै छ, उ यो चेलापनको प्रणालीले पहिलो वर्षमा चारजना परिवर्तित व्यक्तिलाई मात्र ल्याउँछन्। अरू प्रणाली बमोजिम हजारौंजना परिवर्तित हुन्छन्। हामीहरू अर्को प्रणालीमा जानुपर्छ।'' त्यो व्यक्ति जसले हजारौं, व्यक्तिलाई परिवर्तन गर्छ, प्रभुमा दोहोऱ्याउँछ, उसले ३५००० हजार व्यक्तिलाई प्रभुमा दोहोऱ्याउँछ। यो असल छ, कसैले यसलाई टिकाटिप्पणी गर्दैन। तर यो विश्वको जनसंख्या सँग तुलना गर्दा बाल्टीको पानीमा एकथोपा पानी झैं हो। प्राथमिकतामा आजका मण्डलीले यस प्रकार कार्यहरू गरिरहेका छन्।

यदि चेलापनलाई मान्यता दियौं भने, त्यो व्यक्ति जसले प्रत्येक ६ महीनामा एक व्यक्तिलाई प्रभुमा दोहोऱ्याउँछ, अनि दोस्रो व्यक्ति जसले त्यही कार्य गर्छ, केही समयपछि साढ़े बाह्र वर्षमा तिनीहरूले संसारको जनसंख्या भन्दा अधिक प्रचार गर्नेछ। कति मानिसहरूले सम्झन्छन् कि यो हुन असम्भव छ। तर म उनीहरूलाई रूपरेखा दिएर चुनौती दिनेछु। म यसलाई गुणा गर्नेछु अनि साढ़े बाह्र वर्षलाई एक व्यक्तिले अर्को व्यक्तिलाई प्रत्येक छ महीनामा चेला बनाउनेछ, तिनीहरूलाई परमेश्वरको शरीरमा फेरि उत्पादन गर्ने सदस्य बनाउनेछु, तब साँढ़े पाँच मिलियन मानिसहरू बनाम साँढ़े बाह्र हजार मानिसहरूमाझ अर्कै प्रणालीले प्रचार हुनेछ।

